# शंखरापुर नगरपालिका

## नगर कार्यालयको कार्यालय

## साँखु ,काठमाडौँ



# नगर शिक्षा योजना

(२०८३/८४ - २०८७/८८)

गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जिवनोपयोगी शिक्षाको आधार निर्माण

## शुभकामना



नगरको विकास र समृद्धि समयको माग हो । नगरको समृद्धिको प्रथम मार्ग नै शिक्षा हो । समय सापेक्ष परिवर्तनलाई आत्मसात गर्दै नगरको विशिष्ट पहिचान कायम राख्नु हाम्रो मुल ध्येय हो जुन शिक्षा क्षेत्रको विकास र सुधारबाट मात्र संभव छ । शिक्षा नगर विकासको आधारस्तम्भ हो । भनिन्छ ' शिक्षा विकासको संवाहक हो' । व्यवहारिक र गुणस्तरीय शिक्षाको प्राप्ति नगरवासीको नैसर्गिक अधिकार हो । सो प्राप्तिको सुनिश्चतता गर्नु स्थानीय सरकारको सामाजिक दायित्व हो । संवैधानिक प्रावधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्पष्ट गरे अनुरुप शंखरापुर नगरपालिकाले नगरवासीहरुको सहज पहुँचमा शैक्षिक अवसर प्रदान गर्ने यात्रामा प्रयासरत रहेको छ । समयको गतिसँगै नगरवासीको चाहाना र आवश्यकतामा परिवर्तन हुन स्वभाविक छ , त्यसको क्रमिक सम्बोधन गर्नु नगरपालिकाको प्रमुख जिम्मेवारी हो । शिक्षा क्षेत्रको समयसापेक्ष विकास र सुधारले त्यो संभव छ र हुन्छ पनि । यसका लागि नगरपालिकाले आवधिक नगर शिक्षा योजना निर्माण र कार्यान्वयनको सोच राखी ५ वर्षे शिक्षा योजना निर्माण गरेको छ ।

यो नगर शिक्षा योजना निर्माण कार्य सम्पन्न भएकोमा म खुशी व्यक्त गर्न चाहान्छु । समतामूलक पहुँच र न्यूनतम सिकाइ अनुकुल वातावरणमा प्रविधिमैत्री शिक्षण सिकाइ सहजीकरणको थालनीसँगै गुणस्तरीय विद्यालय शिक्षाको प्राप्तिको लागि आवश्यक शैक्षिक प्रबन्ध गर्न नगर शिक्षा योजना कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास लिएको छु । योजनाबद्ध कार्य पद्धति र वातावरण नै सफलताको थालनी हो । योजना निर्माणसँगै यसको प्रभावकारी कार्यान्वयन अनिवार्य सर्त हो । उपलब्ध स्रोत र साधन एवम् जनशक्तिको परिचालनमा अपेक्षित लक्ष्य र उद्देश्य हासिल गर्न सक्नु पर्छ । यद्यपि हामीले सिमित साधान र स्रोतको अधिकतम उपयोग गर्दै अन्तर सरकार समन्वय र सहकार्यमा यात्रा जारी राख्यौं भने गन्तव्यमा पुग्न कठिन छैन ।

शिक्षा योजना निर्माणको क्रममा हामी कार्यपालिका र नगर शिक्षा समितिको नेतृत्वदायी भूमिका, अनुगमन तथा मूल्याङ्कन समिति र लेखन कार्यदलको प्राविधिक सहजीकरण, स्थानीय शिक्षाविद र राजनीतिक प्रतिनिधि, विव्यस , शिअसङ्घ, प्रअ, शिक्षक, कर्मचारी र विद्यार्थीबाट प्राप्त राय सुझाव सहितको महत्वपूर्ण योगदान प्रति सबैमा धन्यवाद दिदै योजना कार्यान्वयनको यात्रामा सकारात्मक र रचनात्मक सहयोगको समेत अपेक्षा गरेको छु । अन्तमा, योजनाको सफल कार्यान्वयनको हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

**रमेश नापित**
नगर प्रमुख

# शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल

## शुभकामना



शंखरापुर नगरपालिका काठमाडौ जिल्लाका स्थानीय तहमध्ये एक हो । हाम्रो भुगोल विषम प्रकृतिको रहेको छ । ९ वडामा विभाजित यस नगरपालिकाका नगरवासीहरुमा शैक्षिक अवसरहरु प्रदान गर्न २३ वटा सामुदायिक विद्यालय र १८ वटा संस्थागत विद्यालय सञ्चालित रहेका छन् । सबै वडामा सञ्चालित माध्यमिक र आधारभूत विद्यालयले वडाका सबै बालवालिकाहरुको शैक्षिक आवश्यकता पुरा गर्ने यात्रामा प्रयासरत रहेका छन् । फरक भुगोल र अधिकांश ग्रामीण क्षेत्रमा अवस्थित यस नगरपालिकामा फरक समुदायको बसोबास रहेको छ । फरक रुची चाहाना,संस्कार र संस्कृति रहेको हाम्रो नगरको शैक्षिक आवश्यकताको सम्बोधन गर्नु नितान्त जरुरी छ । साथै विश्व परिवेशमा देखा परेका नवीन सिकाइ अवधारणा र स्थानीय परिवेशका सिकाइ आवश्यकतालाई विद्यालय शिक्षाको माध्यमबाट सम्बोधन गर्न सक्नु पर्छ ।

'जहाँ नवीन सोच र योजना त्यहाँ अपेक्षित कार्य र नतिजा' भन्ने मान्यतालाई आत्मसात गर्दै शंखरापुर नगरपालिकाले नगर शिक्षा योजना निर्माण गरेकोमा खुशी लागेको छ । योजना निर्माणका क्रममा सूचना तथा तथ्याङ्क संङ्कलन र विश्लेषण ,मस्यौदा लेखन तथा सम्पादन ,विविध माध्यमबाट राय र सुझाव प्रवाह लगायतका कार्यहरुमा मेरो उपस्थिति भई नजिकबाट योजना निर्माण कार्यसँग परिचित हुने अवसर प्राप्त भयो । यो योजना वस्तुगत तथ्याङ्क र आवश्यकतामा आधारित रहेको महसुस गरेको छु । यद्यपि कार्यान्वयन एक महत्वपूर्ण पक्ष हो र सोको लागि आवश्यक स्रोत र साधन एवम् जनशक्तिको उपलब्धता जरुरी हुन्छ । योजना तथा कार्यक्रम राम्रो हुँदैमा सफलता हासिल गर्न सकिदैन । उपलब्ध सीमित स्रोतको अधिकतम प्रयोग र योजना कार्यान्वयनका प्रमुख सरोकारवालाहरुको ईच्छाशक्ति र कर्मशक्तिमा भर पर्ने भएकोले त्यस तर्फ हामी सबैको विशेष ध्यान पुग्नु पर्छ भन्ने लाग्छ । हामी र हाम्रो तहबाट हुने सहयोग प्रति विश्वास दिलाउँदै योजना निर्माणको क्रममा जसरी सबै सम्बद्ध पक्ष र समूहबाट साथ र सहयोग प्राप्त भयो, योजना कार्यान्वयनको क्रममा पनि जारी रहोस र रहने छ भन्ने अपेक्षा पनि गर्दछु ।

योजनाको प्रारुप एवम् कार्यकारी सराशंको आधारमा योजनाले १७ वटा अवयवलाई समेटेको ,स्रोतको बाँडफाँटमा बाह्य र आन्तरिक स्रोतको भार तथा बजेट लाग्ने र नलाग्ने क्रियाकलाप समेत स्पष्ट गरेको हुदाँ योजना केवल योजना भन्दा पनि समय सापेक्ष माग अनुसारका कार्यक्रम एवम् क्रियाकलाप लिपिबद्ध बहुआयमिक र पक्षलाई सम्बोधन गर्न सफल रहेकोले क्रमिक र प्रभावकारी र सफल कार्यान्वयनको शुभेच्छा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

**समिता श्रेष्ठ**
नगर उपप्रमुख

## शुभकामना



स्थानीय तह विशेषको मानवीय पूजींको निर्धारण यसपालिकामा बसोबास गर्ने पालिकावासीको शैक्षिक स्थितिले दिशानिर्देश गर्छ । शैक्षिक स्थितिको प्रतिविम्ब नै त्यस पालिकामा सञ्चालित शैक्षिक कार्यक्रम हो । शंखरापुर नगरपालिकाको समग्र विकासमा शिक्षा क्षेत्रको अहम् भूमिका रहेको हुन्छ । नगरपालिकाको शैक्षिक स्थिति ,मौजुदा शैक्षिक अवसरहरुको प्रवाह ,साक्षरता दर,समुदायको संस्कार र संस्कृति ,नगरवासीको बोली व्यवहार लगायतका पक्षहरु नगरवासीको जीवन्त तस्विर हुन् । आवश्यकता नै विकासको जननी हो । विकास निरन्तर चलिरहने प्रक्रिया हो । आवश्यकता परिवर्तनशिल हुन्छ । परिवर्तित आवश्यकतालाई सम्बोधन गर्ने सशक्त माध्यम नै नवीन सिकाइ हो । नवीन सिकाइको अवसर शिक्षा क्षेत्रबाट प्राप्त हुन्छ । शिक्षा प्राप्तिका दुई मार्ग हुन्छन् । संस्थागत सिकाइ र वैयक्तिक सिकाइ । समय सापेक्ष सिकाइका अवसर सुनिश्चित गर्न संस्थागत र योजनाबद्ध प्रयास जरुरी हुन्छ । सोको लागि शंखरापुर नगरपालिकाले चालु आव २०८२।८३ मा ५ वर्षे शिक्षा योजना तयार गरेको छ । यस योजनाले नगरपालिकाको समग्र शैक्षिक विकास र सुधारको क्षेत्रलाई समेट्ने कोशिस गरेको छ । तथापि योजना निर्माणको क्रममा प्राप्त सुझाव र विश्लेषित तथ्याङ्कका आधारमा कार्यक्रम तय गर्दा केही कार्यक्रम एवम् क्रियाकलापहरु छुट र दोहोरिएका हुन सक्छन् । यो शिक्षा योजना आफैमा जीवन्त र आवधिक योजना भएकोले वार्षिक प्रगति सूचकका आधारमा कार्यक्रम थपघट र परिमार्जनको संभावना रहेको हुन्छ ।

योजनाको दूरदृष्टि र लक्ष्य प्राप्तिका लागि समय लाग्नु स्वभाविक छ । यसको लागि स्रोतको व्यवस्था, जनशक्ति परिचालन, जिम्मेवारी वोध र कार्यान्वयनमा सक्रियता ,प्रविधि र साधनको पहुँच र समानुपातिक वितरण र उपयोग तथा नियमित अनुगमन मूल्याङ्कन र प्राविधिक सहायता अनिवार्य हुन्छ । शैक्षिक अवसरको प्रदान र प्राप्ति साझा लक्ष्य र अभियानको क्षेत्र भएकोले सबै पक्ष बीच समन्वय र सहकार्य जरुरी छ । यसको लागि मूलत :सम्बन्धित शाखा ,विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ ,अभिभावक ,शिक्षक, विद्यार्थी ,जनप्रतिनिधि र शिक्षा सरोकारवाला, स्थानीय सङ्घसंस्था र व्यक्ति बीच योजनाकाबारेमा प्रवोधीकरण एवम् जानकारी सहित कार्यान्वयन गर्नुपर्छ । मेरो अनुरोध पनि यही रहन्छ कि योजना निर्माण गर्नु मात्र सफलता होईन कार्यान्वयन गर्नु नै नतिजा प्राप्त गर्नु हो । नतिजामुखी कार्य पद्धति नै संस्थागत सुन्दरता र सौन्दर्यता हो । अत :शिक्षा योजना सूचना र शक्तिपुञ्ज हो । त्यसका संवाहक भनेका हाम्रा विद्यालय ,शिक्षक कर्मचारी र विद्यार्थी हुन् । उनीहरुका अभिभावकीय निकाय भनेका हामी नेतृत्व ,जनप्रतिनिधि र कर्मचारी हौं । अविछिन्न सहयोगी हात, अभिभावक तथा स्थानीय शिक्षाविद् र बुद्धिजीवी हौं । हाम्रो जिम्मेवारी र क्रियाशिलता नै शिक्षा योजना (२०८३/८४ -८७/८८) कार्यान्वयन र उपलब्धि प्राप्ति र साधन स्रोत सदुपयोगको कडी हो । अत :सकारात्मक सहयोगको अपेक्षा सहित सबै प्रति मेरो शुभकामना र धन्यवाद ।

**चुरामणि पन्थी**
प्रमुख प्रशासकीय अधिकृत

## कार्यकारी सारांश



नागरिकको सहज पहुँचमा शिक्षा प्रदान गर्नु राज्यको सामाजिक दायित्व हो । नागरिकको नैसर्गिक अधिकार हो । नेपालको संविधानले शिक्षालाई मौलिक हक र राज्यको निर्देशक सिद्धान्तमा नागरिकको आधारभूत आवश्यकताको रुपमा प्रत्याभूत गरेको छ । आधारभूत शिक्षा प्रदान गर्न राज्यका तर्फबाट समय सापेक्ष शैक्षिक नीति तथा कार्यक्रमहरु जारी भई कार्यान्वयन भईरहेका छन् । यद्यपि ती शैक्षिक नीति तथा कार्यक्रम लागू गरी कार्यान्वयन गर्ने सन्दर्भमा देश सङ्घीयतामा गएसँगै विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको एकल अधिकार क्षेत्र र सङ्घ ,प्रदेश सरकारको साझा अधिकार क्षेत्रभित्र पर्दछ । तीनै तहका सरकार बीच आपसी सहअस्तित्व ,समन्वय र सहकार्यमा शैक्षिक क्षेत्रको विकास र सुधार गर्न आवश्यक छ र हुन्छ पनि । सोही बमोजिम विगत देखि अविरलरुपमा सम्बन्धित निकायहरुबाट स्रोत र साधनको विनियोजन भई कार्यान्वयनका लागि प्रयास भईरहेको छ । तथापि पालिका विशेषको सिकाइ आवश्यकता, विद्यमान अवसर र संभावना, समस्या र चुनौतीको आधारमा शिक्षा नीति तथा कार्यक्रमहरु लागू गर्न आवश्यक हुन्छ र छ पनि । सोही बमोजिम हिजोको शिक्षा, आजको ईच्छा र भोलीको अपेक्षालाई आंकलन गर्दै " **सही र तथ्यगत शैक्षिक सूचना साथमा, वास्तविक आवश्यकतामा आधारित योजना हातमा** " तथा "**कार्यान्वयनयोग्य योजना साथमा, सफलता हातमा**" भन्ने सन्देशलाई कार्यरुप दिन शंखरापुर नगरपालिकाले पाँच वर्षे शैक्षिक योजनाको प्रारुप तयार गर्ने सोच राखी २०८३।८४ देखि २०८७।८८ निर्माण गरेको छ । योजना निर्माणको क्रममा प्राविधिक कार्यदल गठन गरी स्थानीय शिक्षा सरोकारवालाहरुसँगको आपसी अन्तरक्रिया र छलफलबाट उक्त योजना निर्माण भएको छ । शिक्षा योजना निर्माणका क्रममा पालिकाका नेतृत्व, कार्यपालिका पदाधिकारी ,शिक्षा समितिका पदाधिकारी र शिक्षा, युवा तथा खेलकूद शाखासँगको नियमित सम्पर्क र समन्वयमा पालिकाका प्रमुख सरोकारवालाहरुबाट उपलब्ध प्रेरणा, आवश्यक स्रोत र सूचना तथा तथ्याङ्क, विद्यालय शिक्षाको विकास र गुणस्तर सुधार केन्द्रित सुझाव र विज्ञको प्राविधिक सल्लाहका आधारमा योजना निर्माण गरिएको हो । यसको अतिरिक्त समसामयिक शैक्षिक नीति तथा कार्यक्रम ,सङ्घ, प्रदेश र स्थानीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रमा गरेको लगानी, विगतको अनुभव र वर्तमानको आवश्यकतालाई केन्द्रविन्दुमा राखेर योजना निर्माण गरिएको छ ।

यस योजनालाई ८ वटा परिच्छेदमा लिपिबद्ध गरीको छ । परिच्छेद एक :परिचय, परिच्छेद दुई : दूरदृष्टि ,लक्ष्य, उद्देश्य, रणनीति र अपेक्षित उपलब्धि ,परिच्छेद तीन: विद्यालय शिक्षा क्षेत्रका उपक्षेत्र, परिच्छेद चार : शिक्षा क्षेत्रसँग अन्तरसम्बन्धित विषयक्षेत्र ,परिच्छेद पाँच: अन्य उपक्षेत्र ( स्थानीय विशेष), विद्यालय, परिच्छेद छ :सुशासन र व्यवस्थापन ,परिच्छेद सात: लगानी र स्रोतको व्यवस्थापन र परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन पक्षलाई समेटिएको छ । परिचय ,वर्तमान अवस्था, अवसर ,समस्या र चुनौती ,उद्देश्य ,रणनीति र उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा

# शंखरापुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**साँखु, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

बजेटको खाकामा सबै अवयवहरुलाई प्रस्तुत गरिएको छ । यस ५ वर्षे शिक्षा योजनामा अनुमानित कुल बजेट १ अर्व २१ करोड ९९ लाख ८० हजार मध्ये बाह्य स्रोत तर्फ ९४ करोड ७४ लाख ४० हजार (७७.६६ %) र आन्तरिक स्रोत तर्फ २७ करोड २५ लाख ४० हजार ( २२.३४ %) स्रोत आंकलन गरिएको छ । सङ्घ प्रदेश सरकार नियमित तर्फ विनियोजित बजेट रु ७९३८४० हजार (आधार वर्ष २०८३/८४ ) र थप प्रस्तावित कार्यक्रम १५३६०० हजार गरिएको छ । उक्त योजनामा बिना बजेट तर्फ ४६ (१५.५४ %) वटा क्रियाकलाप सहित जम्मा २९६ क्रियाकलाप समावेश गरिएको छ । उक्त क्रियाकलापहरु आन्तरिक स्रोत तर्फ २०६ वटा र बाह्य स्रोत तर्फ ९० वटा (ससर्त) र आन्तरिक र बाह्य साझेदारीमा क्रमश : १० र २९ वटा क्रियाकलाप समावेश गरिएको छ । ती २९६ वटा क्रियाकलापहरु योजनामा रहेका १७ वटा क्षेत्रगत अवयव (प्रारम्भिक बाल विकास र शिक्षा , आधारभूत शिक्षा , माध्यमिक शिक्षा, पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन; शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा र आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक सीप विकास , शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम; विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता; विद्यालयमा भौतिक पूर्वाधार विकास , विद्यालयमा सूचना तथा सञ्चार प्रविधि, संस्थागत विद्यालय र उच्च शिक्षा पूर्व तयारी व्यवस्थापन र शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास , शिक्षा योजना कार्यान्वयनको प्रबन्ध र अनुगमन तथा मूल्याङ्कन प्रस्तुत गरिएको छ ।

योजना कार्यान्वयन एवम् आवश्यक स्रोत र प्राविधिक सहायताका लागि सङ्घ, प्रदेश सरकार र विकास साझेदारसँगको समन्वय र स्थानीय रुपमा लगानी सम्मेलनको परिकल्पना गरिएको छ । विगतमा स्थानीय सरकारले गरेको लगानीको आधारमा आवधिक बजेटमा हुने आनुपातिक वृद्धि हुने तथ्यलाई सुरक्षित राख्दै कार्यक्रम र बजेट प्रस्तावित गरिएको छ । यद्यपि सङ्घ र प्रदेश सरकारबाट प्राप्त स्रोतमा क्रमिक वृद्धिको अपेक्षा र गैरसरकारी निकायसँगको हातेमालो कार्यलाई निरन्तरता दिइएको छ । योजनाको सफलता नै त्यसको प्रभावकारी कार्यान्वयन हो । तसर्थ स्थानीय समुदाय , अभिभावक, शिक्षक र विद्यार्थीहरुबाट प्राप्त हुने सहयोग , सहभागितालाई उच्च सम्मान गर्दै स्थानीय राजनीतिक नेतृत्व , सामाजिक अभियन्ता, सरकारी निकाय र संस्थागत प्रबन्धबाट सकारात्मक सहयोग र आवश्यकता अनुसार सहजीकरणको अपेक्षा पनि यस योजनाले राखेको छ । अन्तमा योजना निर्माणमा महत्वपूर्ण सहयोग गर्नु हुने सबै प्रति आभार प्रकट गर्दछौं । धन्यवाद !

हेमन्तकुमार वुढाथोकी
उपसचिव (अधिकृत दशौं तह)
शिक्षा, युवा तथा खेलकूद शाखा

Web: shankharapurmun.gov.np, E-mail: shankharapur.municipality@gmail.com & infor@shankharapurmun.gov.np
Hello page: www.facebook.com/shankharapurmun Fax No.: ९७७-४४५०३०६, फोन नं. ९७७-४४५०३५५

**"सेवाग्राहीमैत्री नगरपालिका सुशासन हाम्रो प्रतिबद्धता"**

## हाम्रो भनाई

शिक्षा मानव विकासको आधार स्तम्भ हो । शिक्षा विकासको संबाहक मात्र होईन यो समग्र विकासको पूर्वाधार पनि हो । आधारभूत शिक्षा नागरिकको नैसर्गिक अधिकार हो । सोको सुनिश्चित गर्नु राज्यको दायित्व हो । उक्त दायित्व पुरा गर्नका लागि नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सोको प्रत्याभूतिको लागि संविधानमा शिक्षालाई एकल अधिकार र साझा अधिकार सूचीमा सुरक्षित गरेको छ । तदनुरुप स्थानीय सरकारको शिक्षा सम्बन्धी अधिकारको व्यवस्था एकल अधिकार सूचीमा सुस्पष्ट छ । सोको कार्यान्वयनमा सहजताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले थप स्पष्ट गरेको छ । यस पालिकाको शैक्षिक स्थिति विश्लेषण गर्दा विद्यालय शिक्षामा विद्यालय उमेर समूहका बालबालिकाहरुको पहुँचमा अपेक्षित सुधार भए तापनि गुणस्तर र संस्थागत सक्षमताको क्षेत्रमा अपेक्षित सुधार गर्न सकिएको छैन । सोको लागि दीर्घकालीन शिक्षा योजना निर्माण र कार्यान्वयनको थालनी अनिवार्य छ र हुन्छ पनि । समतामूलक पहुँच, प्रविधिमैत्री सिकाइ वातावरण र गुणस्तरीय र जीवनोपयोगी शैक्षिक अवसर बिना शंखरापुर नगरवासीको सामाजिक-आर्थिक विकास सम्भव हुँदैन। नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा दीर्घकालीन ५ वर्षे शिक्षा योजना समय सापेक्ष आवश्यकता हो । सोही अनुरुप यो नगर शिक्षा योजना तयार गरिएको छ ।

शिक्षा योजना निर्माणको क्रममा नगर आवधिक योजना र मध्यकालिन खर्च संरचनालाई मुख्य आधार लिई बजेट समेत प्रक्षेपित गरिएको छ । यद्यपि सबै क्षेत्र र पक्षसँग सम्बन्धित सूचना तथा तथ्याङ्क संकलन र विश्लेषण पश्चात् सर्वपक्षीय सुझावको आधारमा योजना तयार गरिएको छ । योजना निर्माणको थालनीसँगै लेखन, सम्पादन र योजना लेखाजोखाको कार्यमा नेपाल सरकारका पूर्व उपसचिव सुकदेव नेपालबाट प्राविधिक सहयोग र सहायता रह्यो ।

विद्यालय शिक्षाको पहुँचको क्षेत्रमा विस्तार भए अनुरुप गुणस्तर र संस्थागत सक्षमताको क्षेत्रमा थप सुधार गर्न आवश्यक रहेकोले सिकाइ उपलब्धि, गुणस्तर, प्रविधिको उपयोग, शिक्षक पेशागत विकास तथा विद्यालय व्यवस्थापनमा विशेष ध्यान दिइएको छ । यद्यपि भौगोलिक अवस्था, सामाजिक—आर्थिक असमानता, लैङ्गिक तथा अपाङ्गता सम्बन्धी चुनौतीका कारण सबै बालबालिकाले समान रुपमा गुणस्तरीय विद्यालय शिक्षा प्राप्त गर्न सकेका छैनन् । सोको लागि यस शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत र सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारको मार्गचित्र प्रस्तुत गर्ने प्रयास गरेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय पाठ्यक्रम प्रारुपको ढाँचा, दिगो विकास लक्ष्य (SDG–4) तथा प्रदेश/स्थानीय नीतिसँग सामञ्जस्यता कायम गर्दै योजना तयार गरिएको छ । हाम्रो भनाइ स्पष्ट छः शिक्षा केवल विद्यालयसम्म सीमित नभई आजीवन सिकाइको आधार बन्नुपर्छ । बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा सुधार सम्भव छ र हुन्छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि नगर नेत्तृत्व र जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी , विव्यस, शिक्षक अभिभावक सङ्घ, आम अभिभावक तथा स्थानीय समुदाय र निजी क्षेत्र तथा विकास साझेदारबीच समन्वय र सहकार्य

अपरिहार्य छ । साझा प्रतिबद्धता र प्रभावकारी कार्यान्वयन मार्फत हाम्रो शंखरापुर नगरपालिकालाई सिकाइमैत्री, समावेशी र गुणस्तरीय शिक्षाको लागि नमूना स्थानीय तहको रूपमा पहिचान स्थापित गर्न समग्र शैक्षिक विकास र सुधार गर्ने हाम्रो दृढ सङ्कल्प रहेको छ र हामी अपेक्षा पनि गर्दछौं ।

यस शिक्षा योजनाको शुभारम्भको लागि मार्ग प्रशस्त गर्नु हुने कार्यपालिका, नगर शिक्षा समिति, सूचना तथा तथ्य संकलनकर्ता , मस्यौदा लेखनकर्ता , राय र सुझाव सहित योजनाको परिमार्जन कार्यमा प्रत्यक्ष र परोक्ष रुपमा सहभागी हुने सबै प्रति ससम्मान धन्यवाद दिदै योजना कार्यान्वयनमा रचनात्मक सहयोगको अपेक्षा समेत गर्दछौं ।

धन्यवाद !

शिक्षा योजना लेखन कार्यदल
शंखरापुर नगरपालिका

**नगर शिक्षा समितिको मिति २०८२/०९/०३ को निर्णयानुसार स्थानीय शिक्षा योजना निर्माण सम्बन्धी समितिहरुः**

**<u>स्थानीय शिक्षा योजना निर्माण मूल समितिः</u>**

| | |
|---|---|
| श्री रमेश नापित | संयोजक |
| श्री समिता श्रेष्ठ | सदस्य |
| श्री चुरामणि पन्थी | सदस्य |
| श्री विष्णु प्रसाद श्रेष्ठ | सदस्य |
| श्री अर्जुन कारञ्जित | सदस्य |
| श्री किशोर थापा | सदस्य |
| श्री हेमन्त कुमार बुढाथोकी | सदस्य- सचिव |

**<u>स्थानीय शिक्षा योजना लेखन कार्यदलः</u>**

| | |
|---|---|
| श्री हेमन्त कुमार बुढाथोकी | संयोजक |
| श्री गोविन्द प्रसाद अधिकारी | सदस्य |
| श्री राघव कुमार झा | सदस्य |
| श्री प्रल्लाद बास्तोला | सदस्य |
| श्री प्रमिला पुडासैनी | सदस्य सचिव |

**<u>स्थानीय शिक्षा योजना लेखाजोखा तथा मूल्याङ्कन समितिः</u>**

| | |
|---|---|
| श्री चुरामणि पन्थी- प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री निर्जला अधिकारी चुडाल | सदस्य |
| श्री सुकदेव नेपाल | सदस्य |
| श्री राममणि ढकाल | सदस्य |
| श्री सोनी रेग्मी( प्रअ) | सदस्य |
| श्री सुभद्रा पुडासैनी | सदस्य-सचिव |

**<u>स्थानीय शिक्षा योजना निर्माणका लागि प्राविधिक सहयोग नेपाल सरकारका पूर्व उपसचिव श्री सुकदेव नेपालले प्रदान गर्नुभएको ।</u>**

## योजनामा छोटकरीमा लिपिबद्ध शब्दको विस्तारित रुप (Acronyms / Abbreviations )

| | |
|---|---|
| आ वि | आधारभूत विद्यालय |
| मा वि | माध्यमिक विद्यालय |
| नि मा वि | निम्न माध्यमिक विद्यालय |
| प्रा शि | प्राथमिक शिक्षक |
| नि मा शि | निम्न माध्यमिक शिक्षक |
| मा शि | माध्यमिक शिक्षक |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| शिअस | शिक्षक अभिभावक सङ्घ |
| विसुयो | विद्यालय सुधार योजना |
| सा प | सामाजिक परीक्षण |
| ले प | लेखा परीक्षण |
| प्रअ | प्रधानाध्यापक |
| क अ | कम्प्युटर अप्रेटर |
| स का | सहयोगी कार्यकर्ता |
| ईसिडी - ECD | Early childhood Development . |
| ईमिस - IEMIS | Integrated Educational Management Information System |
| BEE वि ई ई | Basic Education Examination |
| SEE- एस ई ई | Secondary Education Examination |
| SLC - एसएलसी | School Leaving Certificate |
| SESP | School Education Sector Plan |
| SDG | Sustainble Development Goal |
| CEHRD | Center for Educational Human Resource Development |
| ICT | Information & Communication Technology |
| NG | Non Graded |
| शि वि स इ | शिक्षा विकास तथा समन्वय इकाइ |
| PMEC | Priotise Mininmum Enabling Conditon |
| ReAL Plan | Recovery & Accelerated Learning Plan |
| गैसस | गैर सरकारी संस्था |
| पि १ र पि२ | प्राथमिकताक्रम १ र प्राथमिकताक्रम २ |

# विषय सूची


**१. योजनाको सारांश ........ २**

१.१. विषय प्रवेश ........ २
१.२. शिक्षा योजना निर्माणको आवश्यकता ........ २
१.३. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य........ ३
१.४. शिक्षा योजना निर्माणका आधार........ ३
१.५. शिक्षा योजना निर्माण प्रक्रिया र चरण ........ ४
१.६. शिक्षा योजना निर्माणको लेखाजोखा ........ ४
१.७. शिक्षा योजनाको प्रारुप एवम् स्वरुप ........ ५

**१. परिच्छेद एक - परिचय........ ६**

१.१. विषय सन्दर्भ ........ ६
१.२. शंखरापुर नगरपालिकाको परिचय ........ ६
१.२.१. भौगोलिक अवस्था ........ ७
१.२.१.१. भौगोलिक स्थिति ........ ७
१.२.१.२. ऐतिहासिक पृष्ठभूमि एवम् नामाकरण ........ ७
१.२.१.३. क्षेत्रफल र भू—उपयोग ........ ७
१.२.१.४. सिमाना ........ ८
१.२.१.५. जलवायु........ ८
१.२.१.६. प्राकृतिक प्रकोप तथा विपद जोखिम क्षेत्र........ ८
१.२.१.७. पर्यटन क्षेत्र एवम् स्थल........ ८
१.३. सामाजिक र सांस्कृतिक अवस्था........ ९
१.३.१. जातिगत विवरण ........ ९
१.३.२. धर्म ........ ९
१.३.३. मातृभाषा........ ९
१.३.४. अपाङ्गता........ ९
१.४. जनसंख्या........ १०
१.५. आर्थिक अवस्था ........ १०
१.६. शैक्षिक अवस्था........ ११
१.६.१. साक्षरता स्थिति ........ ११
१.६.२. तहगत शैक्षिक स्थिति र उपलब्धि विवरण ........ १२
१.६.३. शैक्षिक संस्थाको तहगत विवरण........ १२
१.६.४. अनौपचारिक शिक्षा........ १३
१.६.५. एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन भएका विद्यालयको विवरण ........ १३
१.६.६. शिक्षा क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाको विवरण ........ १३
१.६.७. शैक्षिक जनशक्ति विवरण........ १३
१.७. विद्यमान प्रमुख शैक्षिक समस्या ........ १५
१.८. अवसर........ १७

**२. परिच्छेद दुई - दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यनीति निर्धारण........ १८**

२.१. दूरदृष्टि ....................................................................................................................१८
२.२. लक्ष्य ....................................................................................................................१८
२.३. उद्देश्य ....................................................................................................................१८
२.४. रणनीति ....................................................................................................................१८
२.५. २कार्यनीति....................................................................................................................२०
२.६. अपेक्षित उपलब्धि ....................................................................................................................२२
२.७. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य २०८३।८४ देखि २०८७।८८....................................................................................................................२३

**३. परिच्छेद तीन - शिक्षा क्षेत्रको मुख्य उपक्षेत्र .................................................................................................... ३१**

३.१. प्रारम्भिक बाल विकास र शिक्षा ....................................................................................................................३१
३.१.१. परिचय ....................................................................................................................३१
३.१.२. वर्तमान अवस्था....................................................................................................................३१
३.१.३. अवसर र चुनौती ....................................................................................................................३२
३.१.४. उद्देश्य....................................................................................................................३२
३.१.५. रणनीति एवम् कार्यनीति ....................................................................................................................३३
३.१.६. प्रमुख उपलब्धि र नतिजा....................................................................................................................३३
३.१.७. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ....................................................................................................................३५
३.२. आधारभूत शिक्षा....................................................................................................................३८
३.२.१. परिचय ....................................................................................................................३८
३.२.२. वर्तमान अवस्था....................................................................................................................३८
३.२.३. अवसर र चुनौती ....................................................................................................................३९
३.२.४. उद्देश्य....................................................................................................................४०
३.२.५. रणनीति एवम् कार्यनीति ....................................................................................................................४०
३.२.६. प्रमुख उपलब्धि र नतिजा....................................................................................................................४१
३.२.७. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ....................................................................................................................४२
३.३. माध्यमिक शिक्षा....................................................................................................................४७
३.३.१. परिचय ....................................................................................................................४७
३.३.२. वर्तमान अवस्था....................................................................................................................४७
३.३.३. अवसर ....................................................................................................................४९
३.३.४. समस्या र चुनौती ....................................................................................................................५०
३.३.५. उद्देश्य....................................................................................................................५०
३.३.६. रणनीति ....................................................................................................................५०
३.३.७. प्रमुख उपलब्धि र नतिजा....................................................................................................................५१
३.३.८. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ....................................................................................................................५२
३.४. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास ....................................................................................................................५५
३.४.१. परिचय ....................................................................................................................५५
३.४.२. वर्तमान अवस्था....................................................................................................................५५
३.४.३. समस्या र चुनौती ....................................................................................................................५६
३.४.४. अवसर ....................................................................................................................५६
३.४.५. उद्देश्य....................................................................................................................५७

३.४.६. रणनीति ............ ५७
३.४.७. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ............ ५८
३.४.७.१. उपलब्धि ............ ५८
३.४.७.२. नतिजा ............ ५८
३.४.७.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ............ ५९
३.५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ............ ६१
३.५.१. परिचय ............ ६१
३.५.२. विद्यमान अवस्थाः ............ ६१
३.५.३. अवसर ............ ६३
३.५.४. समस्या र चुनौति ............ ६३
३.५.५. उद्देश्य ............ ६४
३.५.६. रणनीति ............ ६४
३.५.७. प्रमुख उपलब्धि र नतिजा तथा प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............ ६५
३.५.७.१. उपलब्धि ............ ६५
३.५.७.२. नतिजा ............ ६५
३.५.७.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ............ ६६
**४. परिच्छेद चार - अन्तर सम्बन्धित विषय तथा क्षेत्र ............ ६८**
४.१. पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री तथा मूल्याङ्कन ............ ६८
४.१.१. परिचय ............ ६८
४.१.२. वर्तमान अवस्था ............ ६९
४.१.३. अवसर र चुनौति ............ ६९
४.१.४. उद्देश्य ............ ७०
४.१.५. रणनीति ............ ७०
४.१.६. प्रमुख उपलब्धि र नतिजा ............ ७०
४.१.६.१. उपलब्धि ............ ७०
४.१.६.२. नतिजा ............ ७०
४.१.७. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ............ ७२
४.२. शिक्षक व्यवस्थापन र विकास ............ ७५
४.२.१. परिचय ............ ७५
४.२.२. वर्तमान अवस्था ............ ७६
४.२.३. प्रमुख समस्या ............ ७८
४.२.४. अवसर ............ ७८
४.२.५. चुनौती ............ ७९
४.२.६. उद्देश्य ............ ७९

४.२.७. रणनीति ....... ७९
४.२.८. प्रमुख उपलब्धि तथा नतिजा ....... ८०
४.२.८.१. उपलब्धि ....... ८०
४.२.८.२. नतिजा ....... ८०
४.२.८.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ....... ८२
४.३. शैक्षिक समता र समावेशीकरण ....... ८६
४.३.१. परिचय ....... ८६
४.३.२. वर्तमान अवस्था ....... ८७
४.३.३. समस्या ....... ८९
४.३.४. अवसर ....... ८९
४.३.५. चुनौती ....... ९०
४.३.६. लक्ष्य ....... ९०
४.३.७. उद्देश्य ....... ९०
४.३.८. रणनीति ....... ९०
४.३.९. उपलब्धि र नतिजा तथा प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....... ९१
४.३.१०. उपलब्धि र नतिजा ....... ९१
४.३.११. प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य र अनुमानित बजेट ....... ९३
४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ....... ९६
४.४.१. परिचय ....... ९६
४.४.२. वर्तमान अवस्था ....... ९६
४.४.३. प्रमुख समस्या ....... ९७
४.४.४. अवसर ....... ९७
४.४.५. चुनौती ....... ९७
४.४.६. उद्देश्य ....... ९७
४.४.७. रणनीति ....... ९८
४.४.८. उपलब्धि र नतिजा तथा प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....... ९९
४.४.८.१. उपलब्धि ....... ९९
४.४.८.२. नतिजा ....... ९९
४.४.८.३. प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य र अनुमानित बजेट ....... १००
४.५. विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता ....... १०२
४.५.१. परिचय ....... १०२
४.५.२. वर्तमान अवस्था ....... १०२
४.५.३. अवसर र चुनौती ....... १०३
४.५.४. उद्देश्य ....... १०३
४.५.५. रणनीति ....... १०३

४.५.६. प्रमुख उपलब्धि र नतिजा ....... १०४
४.५.६.१. उपलब्धि ....... १०४
४.५.६.२. नतिजा ....... १०४
४.५.६.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ....... १०५
४.६. विद्यालय भौतिक पूर्वाधार विकास ....... १०७
४.६.१. परिचय ....... १०७
४.६.२. वर्तमान अवस्था ....... १०७
४.६.३. अवसर र चुनौती ....... १०७
४.६.४. उद्देश्य ....... १०८
४.६.५. रणनीति एवम् कार्यनीति ....... १०८
४.६.६. प्रमुख उपलब्धि र नतिजा ....... १०९
४.६.६.१. उपलब्धि ....... १०९
४.६.६.२. नतिजा ....... १०९
४.६.६.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ....... ११०
४.७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ....... ११३
४.७.१. परिचय ....... ११३
४.७.२. वर्तमान अवस्था ....... ११३
४.७.३. अवसर एवम् सम्भावना ....... ११५
४.७.४. समस्या र चुनौती ....... ११५
४.७.५. ४.७.४ उद्देश्य ....... ११६
४.७.६. रणनीति / कार्यनीति ....... ११६
४.७.७. अपेक्षित उपलब्धि र नतिजा , प्रमुख कार्यक्रम तथा परिमाणात्मक लक्ष्य र बजेट ....... ११६
४.७.७.१. अपेक्षित उपलब्धि ....... ११६
४.७.७.२. अपेक्षित नतिजा ....... ११७
४.७.७.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ....... ११८

**५. परिच्छेद पाँच - अन्य उपक्षेत्र ....... १२०**

५.१. संस्थागत विद्यालयको नियमन र व्यवस्थापन ....... १२०
५.१.१. परिचय ....... १२०
५.१.२. वर्तमान अवस्था ....... १२०
५.१.३. अवसर ....... १२१
५.१.४. समस्या तथा चुनौती ....... १२२
५.१.५. उद्देश्य ....... १२२
५.१.६. रणनीतिहरु ....... १२२
५.१.७. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ....... १२३

५.१.७.१. उपलब्धि ........ १२३

५.१.७.२. नतिजा ........ १२३

५.१.७.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ........ १२४

५.२. उच्च शिक्षाको पूर्वतयारी तथा व्यवस्थापन ........ १२५

५.२.१. परिचय ........ १२५

५.२.२. वर्तमान अवस्था ........ १२५

५.२.३. उद्देश्य ........ १२६

५.२.४. रणनीति ........ १२६

५.२.५. समस्या र चुनौती ........ १२७

५.२.६. अवसर ........ १२७

५.२.७. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ १२७

५.२.७.१. उपलब्धि ........ १२७

५.२.७.२. नतिजा ........ १२७

५.२.७.३. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ........ १२८

**६. परिच्छेद छ - सुशासन र व्यवस्थापन ........ १२९**

६.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ १२९

६.१.१. परिचय ........ १२९

६.१.२. वर्तमान अवस्था ........ १२९

६.१.३. अवसर र चुनौती ........ १३१

६.१.४. उद्देश्य ........ १३१

६.१.५. रणनीति ........ १३१

६.१.६. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ १३२

६.१.६.१. उपलब्धि ........ १३२

६.१.६.२. नतिजा ........ १३२

६.१.६.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ........ १३३

६.२. शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ १३६

६.२.१. परिचय ........ १३६

६.२.२. वर्तमान अवस्था ........ १३६

६.२.३. अवसर र चुनौती ........ १३७

६.२.४. उद्देश्य ........ १३८

६.२.५. रणनीति ........ १३८

६.२.६. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ १३९

६.२.६.१. उपलब्धि ........ १३९

६.२.६.२. नतिजा ........ १३९

६.२.६.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ........ १४०

**७. परिच्छेद सात - लगानी र स्रोत व्यवस्थापन ........ १४३**

७.१. लगानी र स्रोत व्यवस्थापन ........ १४३

७.१.१. परिचय ........ १४३

७.१.२. वर्तमान अवस्था ........ १४३

७.१.२.१. आ व २०८०।८१ देखि २०८२।८३ को तुलनात्मक विश्लेषण (शिक्षा) रु हजारमा ........ १४४

७.१.२.२. आगामी ५ वर्षको श्रोतको आँकलन (संक्षिप्त ) ........ १४५

७.१.२.३. सङ्घ र प्रदेश ससर्त बजेट प्रवाह स्थिति ( आ. व. २०८० / ८१ देखि २०८२ । ८३ ) ........ १४५

७.२. उद्देश्य ........ १४९

७.३. रणनीति ........ १४९

७.४. उपलब्धि र नतिजा ........ १५०

७.४.१. उपलब्धि ........ १५०

७.४.२. नतिजा ........ १५०

७.५. सङ्घ ससर्त वित्तीय हस्तान्तरण तर्फ कार्यक्रम तथा बजेट प्रक्षेपण (२०८३।८४ देखि २०८७।८८) ........ १५१

७.५.१. क्षेत्रगत प्रस्तावित क्रियाकलाप र बजेट प्रक्षेपण (२०८३।४-२०८७।८८) — विस्तृत ........ १५६

७.५.२. प्रमुख कार्यक्रम एवम् क्रियाकलाप र बजेट प्रक्षेपण तथा स्रोत व्यवस्थापन - संक्षिप्त ........ १६१

**आ व २०८३/०८४ को वार्षिक कार्यक्रम ( योजना कार्यान्वयनको पहिलो वर्ष ) ........ १६२**

**८. परिच्छेद आठ - अनुगमन तथा मूल्याङ्कन ........ १६३**

८.१. परिचय ........ १६३

८.२. वर्तमान अवस्था ........ १६३

८.३. अवसर र चुनौती ........ १६५

८.४. उद्देश्य ........ १६५

८.५. रणनीति ........ १६६

८.६. उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य ........ १६७

८.६.१. उपलब्धि ........ १६७

८.६.२. नतिजा ........ १६७

८.६.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट ........ १६८

**९. अनुसूचीहरु ........ १७४**

९.१. योजनामा छोटकरीमा लिपिबद्ध शब्दको विस्तारित रुप (ACRONYMS / ABBREVIATIONS ) ........ **ERROR! BOOKMARK NOT DEFINED.**

९.२. नगर शिक्षा समितिको नगर शिक्षा योजना निर्माण सम्बन्धी वैठकका प्रतिलिपिहरु र झलकहरु ........ १७४

९.३. नगर शिक्षा योजना निर्माण सम्बन्धी प्रारम्भिक छलफल र राय सुझाव सङ्कलनका झलकहरु ........ १७६

**१०. अनुसूची १० ........ १७१**

आ व २०८३/०८४ को वार्षिक कार्यक्रम ( योजना कार्यान्वयनको पहिलो वर्ष ) ............................................................ १७१

# १. योजनाको सारांश

## १.१. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारीरुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसैगरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनको चरणमा छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए पश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयनमा भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

नेपालमा शिक्षा योजनाको क्रमबद्ध विकासको समय त्यति लामो छैन । वि.सं. २०२० सालको विकेन्द्रीकरणको दस्ताबेजले शिक्षा योजनाको अवधारणा ल्याएको हो । सोही वर्षबाट सुरु भएको जिल्ला शिक्षा योजनाले वि.सं. २०५६ मा पुग्दा व्यापक रुप लियो । खास गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरण लागू भएपछि मात्र जिल्ला शिक्षा योजना निर्माणमा नियमितता आयो । यसै सन्दर्भमा जिल्लाका प्रत्येक विद्यालयले सरोकारवालाहरुको आम सहभागितामा सुक्ष्म योजना प्रक्रियाबाट विद्यालय सुधार योजना, गा.वि.स.ले गाउँ शिक्षा योजना, नगरपालिकाले नगर शिक्षा योजना र तत्कालीन जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा योजना निर्माण गर्ने कार्यले प्राथमिकता पायो । यही प्रक्रियाबाट नै शंखरापुर नगरपालिकाद्वारा वि.सं. २०८३ सालमा पाँच वर्षे नगर शिक्षा योजना निर्माण गरिएको छ ।

## १.२. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन,तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन,कानूनले प्राथमिकतामा राखेका नीति कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को (२)ज ले आधारभूत तथा माध्यमिक शिक्षाका लागि २३ वटा अधिकार तोकिएका छन् । यस ऐनको दफा २४(१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना तर्जुमा गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक, सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न तत्कालिन शिक्षा, विज्ञान

तथा प्रविधि मन्त्रालय (हाल शिक्षा तथा खेलकुद मन्त्रालय)ले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेशस्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी नगर शिक्षा योजना निर्माण तथा विकास गरिएको हो ।

## १.३. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

क. तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न

ख. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

ग. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

घ. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

ङ. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

च. नगरको शिक्षा विकास र सुधारका कार्यक्रमलाई योजनाबद्ध रुपमा सञ्चालन गर्न

छ. शैक्षिक गतिविधिहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न

ज. नगरको शिक्षा नीति तथा कार्यक्रमलाई नतिजा र परिणाममा आधारित प्रभावकारी कार्यान्वयन गर्न

झ. वार्षिक कार्यक्रम प्रगति समीक्षाको जगमा कार्यक्रम सञ्चालन गर्न

ञ. शिक्षा नीति तथा कार्यक्रमको छनोट र स्रोत व्यवस्थाका लागि सहभागितामूलक वातावरण कायम गर्न

## १.४. शिक्षा योजना निर्माणका आधार

यो शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्ताबेजलाई मूल आधार मानिएको छ :

क. नेपालको संविधान

ख. सोह्रौं आवधिक योजना

ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन, नियमावली

च. विद्यालय शिक्षा क्षेत्र योजना, सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना

छ. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६ , शिक्षाको सोचपत्र, २०७९

ज. विद्यालय शिक्षामा समता रणनीति

झ. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र स्थानीय तहको विकास योजना

ट. नगरपालिकाको मध्यमकालीन खर्च संरचना

ठ. नगरपालिकाको आवधिक योजना

ड. नगरपालिकाको आवधिक शैक्षिक नीति तथा कार्यक्रमको प्रगति प्रतिवेदन

ढ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन

ण. बालमैत्री स्थानीय शासन कार्यान्वयन ढाँचा

त. हरित विद्यालय निर्माण कार्यविधि

थ. विद्यालय सुधार योजना र अन्य सरकारी गैह्रसरकारी सङ्घ संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि ।

## १.५. शिक्षा योजना निर्माण प्रक्रिया र चरण

प्रचलित संविधान अनुसार विद्यालय तह सम्मको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी एवम् अधिकार स्थानीय सरकारको मातहतमा रहने संवैधानिक व्यवस्था भए अनुसार उक्त संवैधानिक अधिकार कार्यान्वयन गर्न शिक्षा क्षेत्रको पहिलो योजना निर्माण गर्ने कार्यमा नगरपालिकाले अग्रसरता लिएको छ । विगतमा नगरपालिकाको आवधिक योजना अन्तर्गत शिक्षा क्षेत्रको योजना समावेश गरिएको भए तापनि अलग्गै शिक्षा योजना तयार हुनसकेको थिएन । सोही आवश्यकतालाई महसुस गरी चालू आर्थिक वर्षमा ५ वर्षे शिक्षा योजना निर्माणको थालनी भएसँगै योजना निर्माणका लागि तपसिल बमोजिमको प्रक्रिया तथा संरचनागत व्यवस्था गरेको हो । शिक्षा योजना निर्माणको कार्यक्रम चालु आ व २०८२।८३ मा सङ्घको ससर्त र आन्तरिक स्रोत तर्फको कार्यक्रममा रहेकोले नगर शिक्षा समितिको २०८२ पुस ३ गतेको बैठकबाट स्थानीय शिक्षा योजना निर्माण मूल समिति, योजना लेखन कार्यदल र योजना लेखाजोखा र मूल्याङ्कन समिति गठन र जिम्मेवारी समेत तोकी कार्य थालनी गरिएको हो ।

**क. योजनाको पूर्वतयारी एवम् प्रथम चरणः** यस चरणमा नगर शिक्षा योजनाको औचित्य, आवश्यकता तथा निर्माणका लागि पालिकाका नेतृत्व, जनप्रतिधिहरु, प्रधानाध्यापकहरूसँग नगरकार्यापालिकाको कार्यालयमा नै छलफल तथा अन्तरक्रिया गरी पालिकाका शैक्षिक क्षेत्रमा देखिएका समस्या चुनौती तथा समाधानका सम्भाव्य र आवश्यक उपायहरूको क्षेत्रगत रुपमा विश्लेषण गरी पालिकाको दूरदृष्टी समेत स्थापित गरिएको हो ।

**ख. दोस्रो चरणः** यस चरणमा विद्यालयहरूको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थाको समेत प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी तथा नगरपालिका स्थित शिक्षा, युवा तथा खेलकुद शाखासँग प्रत्यक्ष सम्पर्क पत्राचार र सञ्चार माध्यमहरूबाट जानकारी लिइएको हो ।

**ग. तेस्रो चरणः** यस चरणमा शैक्षिक योजना निर्माणका लागि आवश्यक शैक्षिक सूचनाहरू संकलन विश्लेषण गरिएको छ । नगरपालिकामा रहेको प्रारम्भिक दस्तावेज अध्ययन तथा विश्लेषण गरीनुका साथै नगरपालिकामा सम्पन्न भएका छलफल र गोष्ठीबाट प्राप्त विद्यालय शिक्षासँग सम्बन्धित सबै क्षेत्रको सुझाव तथा प्रतिक्रियाको आधारमा क्षेत्रगत रणनीति तथा आवश्यकता अनुसार कार्यनीति तयार गरी नतिजा खाका विकास आदि कार्यहरू सम्पन्न गरिएका छन् ।

**घ. चौथो चरणः** यस चरणमा शिक्षा क्षेत्रको योजनाको प्रारम्भिक मस्यौदालाई छलफलको लागि नगरपालिका स्थित नगर शिक्षा समितिका पदाधिकारीहरुसँग नगरकार्यपालिकाको कार्यालयमा नै प्रस्तुतीकरण र छलफल भए पश्चात् प्राप्त सुझावलाई टिपोट गरी लेखन कार्य गरिएको हो ।

**ङ. पाँचौ चरणः** यस चरणमा मस्यौदा शिक्षा योजना माथि छलफल योजना निर्माण मूल समिति , योजना लेखाजोखा तथा मूल्याङ्कन समिति सहितको नगरपालिकास्तरमा प्रमुख सरोकारवालाहरुको उपस्थितिमा भएको छलफल र प्राप्त बुँदाहरुलाई योजनामा समायोजन गरी अन्तिम योजनाको प्रारुप एवम् दस्तावेज तयार गरिएको हो ।

## १.६. शिक्षा योजना निर्माणको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरीसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरीनुपर्छ । जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण गरिएको योजनाको लेखाजोखा कार्यलाई नगर शिक्षा समितिको मिति २०८२/९/३ को निर्णय अनुसार आवश्यकतानुसार समितिमा थपघट हुने गरी ५ जनाको नगर

शिक्षा योजनाको लेखाजोखा समिति गठन गरिएको थियो । उक्त समितिले नेतृत्व तथा सहभागिता, पर्याप्तता र सान्दर्भिकता, समता, सक्षमता तथा गुणस्तर, अन्तरसम्बन्ध र तादात्म्यता, सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता, स्रोतको प्रबन्ध, संस्थागत क्षमता, कार्यान्वयनमा तत्परता, तथ्याङ्क विश्लेषण र प्रक्षेपण तथा अनुगमन र प्रतिवेदन जस्ता विषयवस्तुलाई विशेष ध्यान दिइएको छ ।

## १.७. शिक्षा योजनाको प्रारुप एवम् स्वरुप

क.नगर शिक्षा योजनाको लागि विकास गरिएको प्रथम ५ वर्षे योजनालाई विभिन्न ८ परिच्छेदमा सङ्गठित गरिएको छ ।

ख.योजनाको बारेमा भनाइ, कार्यकारी सारांश, विषयसूची, तालिका तथा चित्रहरुको सूची रहेका छन् ।

ग.पहिलो परिच्छेद अगावै योजनाको थालनीसँगै योजनाको पृष्ठभूमि तथा योजना निर्माण प्रक्रिया उल्लेख गरिएको छ ।

घ.पहिलो परिच्छेदमा नगरको भौगोलिक तथा जनसाङ्ख्यिक स्वरुप, सामाजिक तथा साँस्कृतिक सन्दर्भ, समग्र शैक्षिक सन्दर्भ लगायत शिक्षा योजना तर्जुमाको समग्र सन्दर्भ सहितको संक्षिप्त समीक्षा प्रस्तुत गरिएको छ । यसमा विद्यालय शिक्षा योजनाका प्रमुख अवसर र चुनौती समेत पहिचान गरिएको छ ।

ङ.दोस्रो परिच्छेदमा योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य , रणनीति तथा अपेक्षित उपलब्धि र प्रमुख कार्यक्रम प्रस्तुत गरिएको छ ।

च.तेस्रो परिच्छेदमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाको खाका अन्तर्गत प्रमुख उपक्षेत्रहरुमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ रहेका छन् ।

छ.चौथो परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरु समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरुमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य, विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उद्यमशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । त्यस्तै अन्य उपक्षेत्र अन्तर्गत संस्थागत विद्यालयको बारेमा उल्लेख गरिएको छ ।

ज.पाँचौं परिच्छेदमा संस्थागत विद्यालय र उच्च शिक्षाको पूर्वतयारी र व्यवस्थापनका विषयमा उल्लेख गरिएको छ ।

झ.छैटौं परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली समावेश गरिएको छ ।

ञ.सातौं परिच्छेदमा योजनाका लागि लगानीको प्रक्षेपण र आवश्यक स्रोत व्यवस्थापनको सिंहावलोकन प्रस्तुत गरिएको छ ।

ट.आठौं परिच्छेदमा अनुगमन तथा मूल्याङ्कन मार्फत योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरु उल्लेख गरिएको छ ।

ठ.अन्त्यमा, सबै परिच्छेदमा आवश्यक पर्ने तथ्याङ्कहरुलाई अनुसूचीहरुमा समावेश गरिएको छ ।

# १. परिच्छेद एक - परिचय

## १.१. विषय सन्दर्भ

शैक्षिक क्षेत्रको विकेन्द्रीकरण सँगसँगै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरेको छ । सोही अनुसार आधारभूत शिक्षा र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना बनाई सोको कार्यान्वयन गर्नका लागि महत्वपुर्ण रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन,भित्र पर्ने शिक्षा सम्बन्धी २३ वटा अधिकार व्यवस्था गरेको छ । नीतिगत व्यवस्थामा सुधार भएको, निःशुल्क र अनिवार्य शिक्षा लागु, शिक्षामा लगानी वृद्धिले विद्यालयको संस्थागत संरचनामा सुधार भएको देखिन्छ । विश्वको बदलिँदो परिवेश अनुसार नेपालले राष्ट्रियस्तरमा बनाएका योजना र गरेका प्रतिबद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास गुरूयोजनाले महत्वपूर्ण मार्गनिर्देशन बमोजिम नगर शिक्षा योजनाको तयारी गरिएको छ । यसै क्रममा नगरपालिकाका नगर शिक्षा समितिका पदाधिकारीहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्य, शिक्षक अभिभावक सङ्घका अध्यक्ष वा सदस्य तथा प्रधानाध्यापकहरू, शिक्षकहरू, शिक्षा क्षेत्रमा क्रियाशील सङ्घ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, बालक्लबका अध्यक्ष तथा पदाधिकारीहरू लगायत यस विषयसँग सरोकार राख्ने अन्य सरोकारावालाहरूसँगको औपचारिक तथा अनौपचारिक छलफल, कार्यशाला र गोष्ठीको सञ्चालन गरी यो योजना तर्जुमा गरिएको छ । स्थानीय तहमा उपलब्ध स्रोत र साधनको अधिकतम् प्रयोग गरी स्थानीय तहबाट नै सङ्घीयताको मर्म अनुरूप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको योजना निर्माण गर्न वान्छनीय भएकोले यो दस्तावेज तयार पारिएको छ ।

## १.२. शंखरापुर नगरपालिकाको परिचय

बागमती प्रदेशमा अवस्थित काठमाडौं जिल्लामा पर्ने ११ वटा नगरपालिकाहरुमध्ये शंखरापुर नगरपालिका एक हो । काठमाडौं जिल्लाको पूर्वी क्षेत्रमा रहेको यस नगरपालिका २०७१ साल मंसिर १६ गते स्थापना हुँदा १५ वटा वडामा विभाजन गरिएको थियो भने २०७३ सालमा भएको स्थानीय तहको पुर्नसंरचना पश्चात् साविकको इन्द्रायणी, पुखुलाछी, बज्रयोगिनी, लप्सेफेदी, सुनटोल र नाङ्गलेभारे गा.वि.स मिलाएर शंखरापुर नगरपालिका बनेको हो । प्रशासनिक रुपमा नगरपालिकालाई ९ वडामा विभाजन गरिएको छ, भने साँखु बजार प्रशासनिक केन्द्रको रुपमा रहेको छ । कुल ६०.२१ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस नगरपालिकाले काठमाडौं जिल्लाको १४.५५ % र बागमती प्रदेशको ०.२९ % क्षेत्रफल ओगटेको । यस नगरपालिकाको सिमाना पूर्वमा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्ला, पश्चिममा कागेश्वरी मनोहरा नगरपालिका र गोकर्णेश्वर नगरपालिका, उत्तरमा सिन्धुपाल्चोक जिल्ला र दक्षिणमा भक्तपुर र काभ्रेपलान्चोक जिल्ला जोडिएको छ ।

## १.२.१. भौगोलिक अवस्था

### १.२.१.१. भौगोलिक स्थिति

शंखरापुर नगरपालिका समुन्द्री सतहदेखि ८३० मि. देखि २३८० मि. सम्मको उचाईमा अवस्थित छ । नगरपालिका २७° ४२' ५५" देखि २७° ४७' ३२" उत्तरी अक्षांश र ८५° २५' ५१" देखि ८५° ३४' ०६" पूर्वी देशान्तरमा फैलिएको छ ।

### १.२.१.२. ऐतिहासिक पृष्ठभूमि एवम् नामाकरण

शंखरापुर नगरपालिकालाई पहिले ’साँ दयाँ क्वे÷ अर्थात् तिब्बत मुनिको देश भनेर चिनिन्थ्यो । ऐतिहासिक रुपमा यस ठाउँलाई पहिले साँक्व भनिन्थो, पछि बेलायतीहरूले नक्सा बनाउँदा साँखु भनेर बनाए पछी यस ठाउको नाम साँखु रहेको भन्ने मान्यता रहेको छ । तिब्बती सम्राट स्रङचङ गम्पो र भृकुटीको बिहे पनि साँखुको बज्रयोगिनी मन्दिरमा भएको किम्बदन्ती पाइन्छ । छैटौं शताब्दितिर भृकुटीसँग बिहे गरेपछि स्रङचङ गम्पोले बौद्धधर्मबारे यही बुझेर तिब्बतमा पनि प्रचार गरेको मान्यता रहदै आएको छ । सो समयमा स्रङचङ गम्पो तिब्बत जाने क्रममा बाटोमा जहाँ बास बस्यो सोही ठाउमा गुम्बा बनाउँदै गएका थिए भन्ने भनाई छ ।

साँखुलाई स्कन्द पुराणको स्वस्थानी कथामा ’लावण्य देश÷ पनि भनेको छ । साँखुको निर्माण विदुषी बज्रयोगिनीले गरेको जनविश्वास रहिआएको छ । जुन कुरा नेवारी मनिशैल महावदान (बज्रयोगिनीको उत्पत्तिको इतिहास)मा उल्लेख छ । मनिशैल महावदानमा भनिएको छ, ’शंखरापुर बन्नुभन्दा अलिमाथि बज्रयोगिनी विदुषी बस्ने ठाउँमा एक मानसपुत्र जन्मिए । बज्रयोगिनीले राजालाई दिने सबै कुरा दिँदै आइन् र राज्य समृद्ध र मजबुत बनाउने काम पनि भयो ।÷ त्यही समयमा बनेको राजकुलो अहिलेसम्म पनि छ । पृथ्वीनारायण शाहको समयमा कुलो हेर्नेलाई पनेरू भनिन्थ्यो । साँखुमा अहिले पनि कुलो हेर्ने कुलैयाहरु छन् ।

साँखुमा रहेका चार ढोकाको छुट्टै आफ्नै ऐतिहासिक महत्व रहेको छ । हरेक ढोकाको फरक अर्थ र काम छन् । उत्तर पश्चिमको देव ढ्वाखा, यो ढोका देउता ल्याउन र लैजान मात्र प्रयोग हुन्छ विशेषगरी, जात्राको समयमा देवता हिँडाइन्छ । उत्तरपूर्व सिढ्वाखा, यहाँबाट मृत लास लैजानेबाहेक अरू काम गर्न बर्जित छ । दक्षिण पश्चिम भौ ढ्वाखा यसबाट दुलहीलाई स्वागत गरीन्छ र दक्षिणपूर्व म्हे ढ्वाखा यसबाट छोरी अन्माएर पठाइन्छ । साँखुमा आठवटा टोल, आठवटा बाटो, आठवटा कुलो, आठवटा डबली, आठवटा विहार, अष्टभैरव र अष्टविनायक छन् भने बज्रयोगिनीका आठ बहिनी थिए । उनीहरूलाई चारैतिर राखेकाले सबै आठ बनाइएको विश्वास छ । यसरी बज्रयोगिनीले सबै बन्दोबस्त गरेपछि देशको नाम शंखरापुर र राजाको नाम शंखदेव राखिएको मनिशैलमा लेखिएको छ ।

### १.२.१.३. क्षेत्रफल र भू—उपयोग

शंखरापुर नगरपालिकाको विद्यमान भूउपयोग अनुसार नगरपालिकाको कृषि योग्य जमिन १८. ६८ प्रतिशत रहेको छ । त्यसै गरी व्यावसायिक १०.०७ प्रतिशत, साँस्कृतिक तथा पुरातात्विक ०.०६ प्रतिशत, वन ३२.६६ प्रतिशत, नदी, खोला, ताल सिमसार ०.२० प्रतिशत, सार्वजनिक उपयोग २.४८

प्रतिशत, आवसीय क्षेत्र ३५.८४ प्रतिशत रहेको छ । ( शंखरापुर नगरपालिकाको भू उपयोग वर्गीकरण प्रतिवेदन २०८२)

### १.२.१.४. सिमाना

यस नगरपालिकाको चारैतर्फको सिमाना निम्नानुसार छः

- **पूर्वः** सिन्धुपाल्चोक जिल्ला( मेलम्ची नगरपालिका) तथा काभ्रे जिल्ला(मण्डनदेउपुर नगरपालिका)
- **पश्चिमः** कागेश्वरी मनोहरा नगरपालिका
- **उत्तरः** सिन्धुपाल्चोक जिल्ला (मेलम्ची नगरपालिका)
- **दक्षिणः** भक्तपुर जिल्ला(चाँगुनारायण नगरपालिका)

### १.२.१.५. जलवायु

जाडो याममा शंखरापुर नगरपालिकाको माथिल्लो भेगको तापक्रम १° से. सम्म पुग्दछ भने तल्लो भेगमा १७° से. पुग्दछ । यसै गरी गर्मी याममा माथिल्लो भेगको तापक्रम १८° से. सम्म पुग्दछ भने तल्लो भेगमा २६° से. पुग्दछ ।

### १.२.१.६. प्राकृतिक प्रकोप तथा विपद जोखिम क्षेत्र

यस नगरपालिकामा देखिएका मुख्य प्राकृतिक प्रकोपमा चट्याङ्ग, आगलागी, खडेरी, पहिरो र भेल बाढी रहेका छन् । प्राविधिक अध्ययन बिना विस्तार गरिएका सडक र भिरालोपन पहिरोको मुख्य कारकको रुपमा देखिन्छन् । त्यसैगरी नगरका केही स्थानमा वैशाख/ जेठको समयमा आगलागीको समस्या हुने गर्छ । नगरपालिकाको ग्रामीण भेगमा धेरै भिरालो जमिन भएकोले जमिन भासिने समस्या पनि देखिन्छन । (स्थानीय अनुकूल योजना २०८३)

### १.२.१.७. पर्यटन क्षेत्र एवम् स्थल

पर्यटन क्षेत्र शंखरापुर नगरपालिकाको आर्थिक विकासको मुख्य केन्द्रबिन्दु हो । यस नगरपालिकामा रहेका मूर्त तथा अमूर्त सम्पदाहरु, ग्रामीण जनजीवन, प्राकृतिक स्रोत प्रमुक पर्यटकीय सम्भावनाका क्षेत्रहरु हुन् । नगरपालिकामा पर्ने माधव नारायणको मन्दिर, साली नदी र बज्रयोगिनी मन्दिर, साम्तेन छोयालिङ्ग गुम्बा, पाथीभरा मन्दिर, कात्तिके, गणेशमान पार्क, मणिचुड, धार्मिक पर्यटनका लागि प्रमुख स्थलहरू हुन् । हाल अवस्थित बज्रयोगिनी मन्दिर मल्ल कालमा राजा प्रकाश मल्लले १६५५ सालमा स्थापना गरेका थिए । हरेक वर्ष बज्रयोगिनी देवीको नौ दिनसम्म जात्रा गरिन्छ । बज्रयोगिनी देवी लगायत सिन्घनी, बाघिनी र चैत्यको जात्रा चैत्रको पूर्णिमा देखि नौ दिन सम्म मनाइन्छ ।

बज्रयोगिनी मन्दिरबाट जात्रा गरेर साँखुको बस्तीमा ल्याइसकेपछि, वस्तीको चार ढोकाभित्रका विभिन्न ठाउँमा राखिन्छ । जात्राको पाँचौ दिनलाई मुख्य जात्रा भनिन्छ । यस दिन विभिन्न मुखौटा लगाएर नाच गर्छन् ।

यसै गरी सानोगाउँमा अवस्थित इन्द्रयाणी मन्दिरमा रहेको मातृका देवीगण देवीहरूको पाँच दिनसम्म जात्रा गरिन्छ । पहिलो दिनमा बाजाको साथमा खटको जात्रा गरेर मन्दिर परिसरमा लगिन्छ । इन्द्रायणी देवी बज्रयोगिनीको बहिनी पनि मानिन्छ । यस बाहेक नगरपालिका क्षेत्रभित्र विभिन्न ससाना मन्दिरहरू पनि छन् ।

पर्यटकीय सम्भावनाका क्षेत्रहरु

| वडा नं | पर्यटकीय सम्भावनाका क्षेत्रहरु | कैफियत |
|---|---|---|
| १ | माने गहिरो शिवमन्दिर, नाङ्ले बजार गणेश मन्दिर, पिपलबोट शिव मन्दिर, सोती खोला महादेव मन्दिर, भूमीडाँडा भूमे मन्दिर तथा छाप बज्रयोगिनी मन्दिर | |
| २ | देउराली पिकनिक स्पट, कुण्डेश्वर मन्दिर तथा देउराली लिङ्गेश्वर मन्दिर | |
| ३ | गणेशमान सिंह स्मृति पार्क, नारायणेश्वर मन्दिर, नारायणथान देवस्थान तथा महांकाल थान | |
| ४ | गोल्मादेवी मन्दिर, चण्डेश्वरी मन्दिर, सुनदेवी मन्दिर, महाङ्काल थान, झुले—नुवाकोट—चिसापानी मार्ग, मार्पाकाग्यू गुम्बा तथा शिवपुरी—नागार्जुन राष्ट्रिय निकुञ्ज | |
| ५ | विशम्भरा नारायण मन्दिर, नेपाल आमा मन्दिर, पाथीभरा मन्दिर, मुरलीधर नारायण मन्दिर, हरिहर मन्दिर, चन्द्रावती गोमा कुटी, पञ्चकन्या पार्क तथा कुसुम प्राकृतिक पार्क | |
| ६ | सलम्बुदेवी मन्दिर, बाराही मन्दिर, जयबली मन्दिर तथा ऐतिहासिक साँखु सम्पदा बस्ती; | |
| ७ | श्री बज्रयोगिनी माईको मन्दिर, शालीनदी क्षेत्र, साँखु बजार तथा ज्योतिलिङ्गेश्वर मन्दिर परिसर; | |
| ८ | बज्रयोगिनी मन्दिर, मणिचुड कुण्ड, मणिलिङ्गेश्वर मन्दिर, मणिचुड बुद्ध पार्क, बज्रयोगिनी होमडाँडा पार्क, नागचाः पाख/नारायण मन्दिर तथा भागवत धाम | |
| ९ | इन्द्रायणी—ब्रह्मायणी मन्दिर, राम मन्दिर, कालिका भगवती मन्दिर, सेतीदेवी मन्दिर, विन्दवासिनी मन्दिर, पञ्चकन्या मन्दिर तथा मनोहरा नदीस्थित झोलुङ्गे पुल | |

## १.३. सामाजिक र सांस्कृतिक अवस्था

### १.३.१. जातिगत विवरण

शंखरापुर नगरपालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ । ३० भन्दा बढी जातजाति रहेको यस नगरपालिकामा बसोबास गर्ने मुख्य जातजातिहरुमा तामाङ्ग, क्षेत्री, नेवार, ब्राहमण हुन् । यस नगरपालिकामा सबै भन्दा बढी जनसंख्या रहेका १० जातजातिहरुमध्ये तामाङको संख्या ३७.९ % रहेको छ । त्यसैगरी नेवार २२.६ %, क्षेत्री २२.६ %, ब्राहमण १२.५ %, मगर १.४ % , विश्वकर्मा १.३ %, राई १.२ %, परियार १.१ %, गुरुङ् १.० % घर्ती भुजेल ०.९ % रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

### १.३.२. धर्म

पालिकामा सबै भन्दा बढी हिन्दु धर्म मान्नेको संख्या ६१.७ % रहेको छ । त्यसैगरी बौद्ध धर्म मान्नेको संख्या ३५.३ % , क्रिश्चियन धर्म मान्नेको संख्या २.० % र किरात ०.८ % रहेको छ । ईस्लाम तथा प्रकृति धर्म मान्नेको संख्या नगन्य मात्रामा रहेको छ ।

### १.३.३. मातृभाषा

यस शंखरापुर नगरपालिकामा नेपाली र तामाङ भाषा सबै भन्दा धेरै बोलिने भाषा हो । नेपाली र तामाङ् मातृभाषा बोल्ने जनसंख्या दुवैमा ३६.३ प्रतिशत रहेका छन् । नेपाली र तामाङ् पछि क्रमशः नेवारी २१.५ प्रतिशत, मगर धुत (Magar Dhut) १.०२ प्रतिशत, राई १ प्रतिशत, गुरुङ ०.९ प्रतिशत , शेर्पा ०.६ प्रतिशत , याकथुङ् / लिम्वु ०.४ प्रतिशत र भोजपुरी ०.४ प्रतिशत जनसंख्या रहेका छन् । (राष्ट्रिय जनगणना, २०७८)

### १.३.४. अपाङ्गता

शंखरापुर नगरपालिकामा कुल ४८६ जना अपाङ्गता भएका व्यक्ति रहेका छन् । जसमा पुरुष र महिलाको संख्या क्रमशः २३३ र २५३ रहेको छ । शारीरिक अपाङ्गता भएका व्यक्ति सबै भन्दा धेरै १७३ जना

रहेका छन् । त्यसैगरी आँखा कम देख्ने को संख्या ८३ तथा बहु अपाङ्गता भएका व्यक्ति ५९ जना छन् । मानसिक अपाङ्गता भएका व्यक्ति तथा अतिजम भएका व्यक्ति क्रमशः २२ जना र ४ जना रहेका छन् (राष्ट्रिय जनगणना, २०७८)। ०

## १.४. जनसंख्या

शंखरापुर नगरपालिकाको कुल जनसंख्या २९, ३१८ रहेको छ । जसमध्ये महिला र पुरुषको संख्या क्रमशः १४, ४३३ (४९.२%) र १४, ८८५ (५०.८%) रहेको छ । वडागत जनसंख्या निम्नानुसार रहेको छ ।

| वडा नं. | घरधुरी | जनसंख्या | | | प्रतिशत | जनघनत्व | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | |
| १ | ८६७ | ३५४३ | १७५१ | १७९२ | १२.०८ | २.२ | |
| २ | ४२६ | १६८९ | ८१७ | ८७२ | ५.७६ | २.१ | |
| ३ | ५८९ | २३५९ | ११४५ | १२१४ | ८.०५ | २.३ | |
| ४ | ५२३ | २१११ | १०३५ | १०७६ | ७.२० | ४.९ | |
| ५ | ८७६ | ३५४६ | १७१० | १८३६ | १२.०९ | ३.२ | |
| ६ | ११७४ | ४७१३ | २३५८ | २३५५ | १६.०८ | २१.२ | |
| ७ | १०५२ | ४५५८ | २२६४ | २२९४ | १५.५५ | २९.३ | |
| ८ | ५९३ | २४६३ | ११९० | १२७३ | ८.४० | ६.० | |
| ९ | १०४० | ४३३६ | २१६३ | २१७३ | १४.७९ | १५.७ | |
| जम्मा | ७१४० | २९३१८ | १४४३३ | १४८८५ | १०० | ४.९ | |


***स्रोतः राष्ट्रिय जनगणना २०७८***

यस नगरपालिकामा बसोबास गर्ने जातजातिहरुमा सबै भन्दा बढी तामाङ् जातिको संख्या ३७.९ प्रतिशत रहेको छ । त्यसैगरी नेवा : (नेवार) २२.६ प्रतिशत क्षेत्री २०.२ प्रतिशत, ब्राह्मण १२.५ प्रतिशत , मगर १.४ प्रतिशत, विश्वकर्मा १.३ प्रतिशत, राई १.२ प्रतिशत, परियार १.१ प्रतिशत, गुरुङ १.० प्रतिशत र घर्ती / भूजेल ०.९ प्रतिशत रहेका छन् । नगरपालिकामा कुल जनसंख्याको १.७ % अपांगता भएका व्यक्ति रहेका छन् । कुल साक्षरता दर ७९.९ % छ । धर्ममान्ने हिसावले हिन्दुहरु ६१.७ प्रतिशत, बौद्ध धर्मलम्वीहरु ३५.३ प्रतिशत, क्रिश्चियन धर्मलम्वीहरु २.० प्रतिशत र किराँत धर्मलम्वीहरु ०.८ प्रतिशत रहेका छन् । साक्षरताको हिसावले जम्मा ७९.९ प्रतिशत जनसंख्या साक्षर रहेका छन् भने ८७.६ प्रतिशत पुरुष साक्षर र ७२.६ प्रतिशत महिला साक्षर रहेका छन् । ( राष्ट्रिय जनगणना २०७८)

## १.५. आर्थिक अवस्था

शंखरापुर नगरपालिकाको पेशागत अवस्था हेर्दा विद्यार्थीको संख्या सबैभन्दा बढी रहेको र यस पछि कृषि तथा पशुपालनमा आबद्ध भएको देखिन्छ । त्यसपछि निर्माण कार्य, सीपयुक्त काम, घरगृहस्थी, संस्थागत रोजगारी र अन्य पेशामा संलग्न रहेको देखिन्छ । ( राष्ट्रिय जनगणना २०७८)

पेशागत विवरण




## १.६. शैक्षिक अवस्था

### १.६.१. साक्षरता स्थिति

शंखरापुर नगरपालिकामा ५ वर्ष भन्दा माथिको उमेर समूह का ७९.९ % जनसंख्या साक्षर छन् । महिला साक्षरता दर ७२.६ % छ भने पुरुष साक्षरता दर ८७.६ % छ । पालिकामा सोही उमेर समूह को २०.१ % जनसंख्या निरक्षर छन् । त्यसैगरी ५ वर्ष भन्दा माथिको जनसंख्या मध्ये ९३.६ % जनसंख्या पढ्न तथा लेख्न सक्ने छन् जसमा महिलाको संख्या ५१ % छ भने पुरुष ४९ % छ। लेख्न पढ्न दुवै नसक्ने जनसंख्या १९.९५ % रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

### १.६.२. तहगत शैक्षिक स्थिति र उपलब्धि विवरण

यस शंखरापुर नगरपालिकाको विद्यालय उमेर समूहका बालबालिकाहरुमध्ये ३-४ वर्ष उमेरका बालबालिकाहरु प्रारम्भिक बाल विकास र शिक्षामा सहजै भर्ना दर १४४.८८ प्रतिशत र खुद भर्ना दर ७६.५६ प्रतिशत रहेको छ । ५-९ वर्ष उमेरका बालबालिकाहरु आधारभूत तह (कक्षा १-५) मा सहजै भर्ना दर १४१.२ प्रतिशत र खुद भर्ना दर ९९.१० प्रतिशत, १०-१२ वर्ष उमेरका बालबालिकाहरु आधारभूत तह (कक्षा ६-८) मा सहजै भर्ना दर ११७.०३ प्रतिशत र खुद भर्ना दर ९८.०१ प्रतिशत, ५-१२ वर्ष उमेरका बालबालिकाहरु आधारभूत तह (कक्षा १-८) मा सहजै भर्ना दर १३७.४८ प्रतिशत र खुद भर्ना दर ९८.७ प्रतिशत, १३-१४ वर्ष उमेरका बालबालिकाहरु माध्यमिक तह (कक्षा ९-१०) मा सहजै भर्ना दर ९४.१ प्रतिशत र खुद भर्ना दर ७८ प्रतिशत र १५-१६ वर्ष उमेरका बालबालिकाहरु माध्यमिक तह (कक्षा ११-१२) मा सहजै भर्ना दर ५८.७ प्रतिशत र खुद भर्ना दर ४२.०१ प्रतिशत रहेको छ ।(स्रोतः शंनपा शिक्षा शाखा, २०८२ को शैक्षिक तथ्याङ्क) ।

शैक्षिक उपलब्धिको हिसावले शैक्षिक सत्र २०८२ कक्षा ५ र कक्षा ८ को उत्तीर्ण दर शत प्रतिशत रहेको थियो भने एस इ इ मा ९५.२ प्रतिशत बालबालिका उत्तीर्ण भएका छन् । कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमध्ये कक्षा ८ पुरा गर्ने दर ८८.७७ प्रतिशत, कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमध्ये कक्षा १० मा पुग्ने दर ७६.३१ प्रतिशत र कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमध्ये कक्षा १२ मा पुग्ने दर ३८.०७ प्रतिशत रहेको छ । (स्रोतः शंनपा शिक्षा शाखा, २०८२ को शैक्षिक तथ्याङ्क )

### १.६.३. शैक्षिक संस्थाको तहगत विवरण

शंखरापुर नगरपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ४१ वटा शिक्षण संस्थाहरु रहेका छन् । जसमध्ये सामुदायिक तर्फ आधारभूत तहका विद्यालयहरु ( १-३ कक्षा ) ५ वटा , आधारभूत तह (१- ५ कक्षा) ५ वटा , आधारभूत तह ( १- ८ कक्षा) ५ वटा र माध्यमिक तहका विद्यालय ( १-१० कक्षा) ३ वटा र ( १ — १२ कक्षा) ५ वटा रहेका छन् । यस नगरपालिकामा शैक्षिक गुठी अन्तर्गत २ वटा संस्थागत विद्यालय पनि सञ्चालनमा रहेका छन् *(स्रोतः शंखारापुर नगरपालिका शिक्षा शाखा, २०८२)।*

**शिक्षण संस्थाको विवरण**

| स्वमित्वको प्रकार | जम्मा संख्या | माध्यमिक (१-१२) | माध्यमिक (१-१०) | आधारभूत (१-८) | आधारभूत (१-५) | आधारभूत (१-३) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सामुदायिक | २३ | ५ | ३ | ५ | ५ | ५ | शैक्षिक गुठी ४ (निजी - २ र सार्वजनिक — २) |
| संस्थागत | १८ | १ | ८ | १ | ४ | ४ | |
| **जम्मा** | ४१ | ६ | ११ | ६ | ९ | ९ | |

*(स्रोतः शंखारापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, २०८३ )*

**उच्च शिक्षा तर्फ :शिक्षण संस्थाको विवरण**

| क्र.सं | कलेज/क्याम्पसको नाम | वडा | संकाय | तह | मुख्य विषय |
|---|---|---|---|---|---|
| १ | साँखु ( सक्व) क्याम्पस | ६ | व्यवस्थापन | स्नातक | बि.बि.एस |
| २ | भाग्योदय क्याम्पस | ६ | शिक्षा/ व्यवस्थापन | स्नातक | बि.बि.एस र बि.ए |

*(स्रोतः शंखरापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, २०८३)*

नगरपालिकामा प्राविधिक शिक्षाका विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । शंखरापुर बहुप्राविधिक शिक्षालयमा इन्जिनियरिङ तर्फका विभिन्न ५ वटा कार्यक्रममा र सुषमा मेमेरियल नर्सिङ कलेजमा नर्सिङ कक्षा पठनपाठन भईरहेको छ ।

### १.६.४. अनौपचारिक शिक्षा

सामुदायिक ३ वटा सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । यसको अतिरिक्त २ वटा सामुदायिक सिकाइ केन्द्रले नगरपालिकाबाट अनुमति प्राप्त गरेका छन् ।

सामुदायिक सिकाइ केन्द्रको विवरण

| क्र.सं | सामुदायिक सिकाइ केन्द्रको नाम | ठेगाना /वडा | कैफियत |
|---|---|---|---|
| १ | नाङलेभारे सामुदायिक सिकाइ केन्द्र | १ | सङ्घ सरकारबाट अनुदान प्राप्त |
| २ | जनकल्याण सामुदायिक सिकाइ केन्द्र | ३ | |
| ३ | बज्रयोगनी सामुदायिक सिकाइ केन्द्र | ५ | |
| ४ | स्वर्णीमपुर सामुदायिक सिकाइ केन्द्र | २ | नगरपालिकाबाट अनुमति प्राप्त |
| ५ | मेवाथली सामुदायिक सिकाइ केन्द्र | ४ | |

*(स्रोतः शंखरापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, २०८२ )*

### १.६.५. एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन भएका विद्यालयको विवरण

नगरपालिकाका ५ वटा विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन भएको छ । जसको विवरण तालिकामा उल्लेख छ ।

| क्र. सं. | कार्य क्षेत्र विद्यालय | नर्सको नाम |
|---|---|---|
| १ | श्री भाग्योदय मा. वि. | रविना सिंह डंगोल |
| २ | श्री भगवती मा. वि. | प्रमिला श्रेष्ठ |
| ३ | श्री राष्ट्रिय मा. वि. | बर्षा स्याङ्तान |
| ४ | श्री कालिका शरण मा वि | मतिना श्रेष्ठ |
| ५ | श्री चापावोट मा वि | लिला मोक्तान |

*(स्रोतः शंखरापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, २०८२ )*

### १.६.६. शिक्षा क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाको विवरण

नगरपालिकाको समन्वय र सम्पर्कमा रही शिक्षा क्षेत्रको विकास तथा सुधारको लागि विभिन्न गैरसरकारी संस्थाले हातेमालो गरिरहेका छन् । EYE Nepal, RHEST Nepal र नेपाल महिला एकता समाज विद्यालयहरुसँग आपसी सम्झौतामा विद्यालय शिक्षाको मुख्य पहुँच र गुणस्तरको क्षेत्रमा सहयोगका लागि कार्यरत छन् ।

### १.६.७. शैक्षिक जनशक्ति विवरण

नगरपालिकाका शैक्षिक संस्थामा कार्यरत जनशक्तिहरु स्थायी, अस्थायी, राहत तथा निजी स्रोत बाट पदपूर्ति गरिएको देखिन्छ । नगरपालिकाका शैक्षिक संस्थामा कायम एवम् कार्यरत जनशक्तिको विवरण तालिकामा उल्लेख गरिएको छ । जुन शिक्षक दरबन्दी मिलान कार्यविधि अनुसार नगर शिक्षा समितिको २०८३ चैत्र

३० को निर्णय अनुसार कायम गरिएको हो । यद्यपि केही शिक्षकहरु एक विद्यालयबाट अर्को विद्यालयमा काजमा रही कार्यरत रहेको र सङ्घ प्रदेश सरकारबाट माध्यमिक र आधारभूत तहका लागि शिक्षक सहयोग अनुदान कोटा अन्तर्गत थप ७ जना शिक्षकहरु कार्यरत रहेको देखिन्छ ।

### नगरपालिकाको शैक्षिक जनशक्तिको विवरण

| क्र.सं | विद्यालयको नाम | वडा | बाल कक्षा | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा | शिक्षण सहयोग अनुदान | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सङ्घ | प्रदेश | |
| १ | श्री चापाबोट मा. वि | १ | १ | ६ | ३ | ५ | २ | १६ | | | १६ |
| २ | श्री नविनग्राम मा. वि. | १ | १ | ६ | ४ | ३ | | १३ | | | १३ |
| ३ | श्री बालज्योति आ वि | १ | १ | ४ | ३ | | | ८ | | | ८ |
| ४ | श्री रातोमाटे आ वि | १ | १ | १ | | | | २ | | | २ |
| ५ | श्री पोखरीचौर आ वि | १ | १ | १ | | | | २ | | | २ |
| ६ | श्री सुर्यज्योति आ वि | १ | १ | १ | | | | २ | | | २ |
| ७ | श्री शारदा मा. वि. | २ | १ | ५ | ४ | ३ | | १३ | १ मा | | १४ |
| ८ | श्री महेन्द्र रा आ वि | २ | १ | ३ | | | | ४ | | | ४ |
| ९ | श्री कालिका शरण मा.वि | ३ | १ | ६ | ४ | ६ | २ | १७ | | | १७ |
| १० | श्री शिलादेवी आ वि | ३ | १ | ७ | ३ | | | ९ | १ आ | | १० |
| ११ | श्री देवी आ वि | ३ | १ | ३ | | | | ४ | | | ४ |
| १२ | श्री बैर महादेव आ वि | ४ | १ | ७ | | | | ८ | १ आ | | ९ |
| १३ | श्री जागृति आ वि | ४ | १ | १ | | | | २ | | | २ |
| १४ | भुवनेश्वर आ वि | ४ | १ | ३ | | | | ४ | | | ४ |
| १५ | श्री महेन्द्रबाल आ वि | ५ | १ | ६ | १ | | | ८ | | | ८ |
| १६ | श्री क्षितिज जनजागृति | ५ | १ | ३ | | | | ४ | | | ४ |
| १७ | श्री भाग्योदय मा. वि. | ६ | १ | ७ | ४ | ८ | २ | २१ | | | २१ |
| १८ | श्री भगवती मा वि | ६ | २ | १० | ४ | ४ | २ | २२ | | | २२ |
| १९ | श्री साँखु आ वि | ७ | १ | ३ | | | | ४ | | | ४ |
| २० | श्री वनदेवी आ वि | ८ | १ | ७ | | | | ७ | १ आ | | ८ |
| २१ | श्री उग्रतारा मा वि | ८ | २ | ६ | ४ | १ | | १२ | २ मा | १ मा | १५ |
| २२ | श्री मणिचुड आ वि | ८ | १ | १ | | | | २ | | | २ |
| २३ | श्री राष्ट्रिय मा. वि. | ९ | १ | ६ | ४ | ५ | २ | १७ | | | १७ |
| जम्मा | | | २५ | १०३ | ३८ | ३५ | १० | २०१ | ६ | १ | २०८ |

*(स्रोत: शंखरापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, २०८२ )*

## १.७. विद्यमान प्रमुख शैक्षिक समस्या

### क. भौतिक तथा शैक्षिक सुविधातर्फ

- अधिकांश विद्यालयहरूमा बालमैत्री कक्षा कोठा, खानेपानी, लैंगिक तथा अपाङ्गमैत्री शौचालय, र आवश्यक फर्निचरको व्यवस्था नभएको ।
- विद्यालयको सरसफाइ व्यवस्थापनका लागि डस्टबिनको अभाव रहेको ।
- प्रायः विद्यालयहरूमा खेलमैदान र घेराबारको व्यवस्था हुन नसकेको ।
- समुदायमा सञ्चालित बालविकास केन्द्रहरूमा सुरक्षित भवन दराज आदिको अभावका कारण विभिन्न सामग्री र कागजात समेत असुरक्षित रहेको ।
- विद्यालयहरूमा शैक्षणिक सामग्रीहरु न्यून रहेको ।
- आधारभूत तहका विद्यालयहरूमा पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था हुन नसकेको ।
- बालविकास केन्द्रका लागि मापदण्ड अनुसारका पूर्वाधार र सामग्रीहरु अपुग भएको ।
- बालबालिकाका लागि अनुकूल फर्निचर व्यवस्था हुन नसकेको र सबै माध्यमिक विद्यालयहरूमा विद्युत, कम्प्युटर, इन्टरनेट जडान भएको तर आइ.सि.टि. को प्रयोग नियमित हुन नसकेको ।
- केही विद्यालयहरुका पुराना भवनहरु भूकम्प प्रतिरोधी र प्राकृतिक प्रकोपबाट सुरक्षित नरहेको ।
- विद्यालयका संरचनाहरू बालमैत्री र अपाङ्गमैत्री हुन नसकेको ।
- निजी विद्यालयका संरचना तथा सरकारी विद्यालयसँगको दूरी मापदण्ड अनुसार हुन नसकेको ।
- अधिकांश विद्यालयका कक्षा कोठाहरु भूकम्प प्रतिरोधी नभएको ।
- विद्यालयका कक्षा कोठाहरु अपर्याप्त र असुरक्षित रहेको ।
- विद्यालयमा शुद्ध खानेपानीको अपर्याप्त रहेको ।
- सबै विद्यालयमा चमेना गृहको व्यवस्थापन हुन नसकेको ।

### ख. जनशक्ति व्यवस्थापन तर्फ

- वर्तमान अवस्थामा शिक्षक विद्यार्थी अनुपात अनुसार आधारभुत तह कक्षा १-५ मा प्रयाप्त शिक्षक दरबन्दी भएता पनि आधारभुत तह कक्षा ६ -८ र माध्यमिक तह कक्षा ९-१२ मा शिक्षक दरबन्दी अपुग रहेको ।
- अपुग दरबन्दीमा न्युन सेवा सुविधाका कारण तहगत दक्ष विषय शिक्षकको पूर्ति गर्न नसकिएको ।
- प्रस्तावित मावि र आविमा तह अनुसारको योग्यता भएको प्रधानाध्यापक व्यवस्था गर्न नसकिएको ।
- शिक्षकहरुलाई पर्याप्त प्रोत्साहनको कमी रहेको ।
- शिक्षकहरुमा उत्प्रेरणा र सिर्जनशिलताको कमी रहेको ।
- शिक्षकले तालिममा सिकेका ज्ञान सीपलाई कक्षा कोठा भित्रको सिकाइमा उतार्न नसकेको र एकदमै न्यून मात्रमा स्थानान्तरण हुने गरेको ।
- अतिरिक्त क्रियाकलाप / सह-क्रियाकलाप सञ्चालनका लागि प्रशिक्षकको अभाव ।
- कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था प्रभावकारी बनाउन नसकिएको ।
- केही प्रधानाध्यापक तथा शिक्षकहरुमा सूचना प्रविधिको न्यूनतम ज्ञान समेत नरहेको र समयानुकुल आफुलाई अद्यावधिक गर्न समेत उत्प्रेरित नरहने ।
- शिक्षकको पेशागत विकासका लागि प्रयाप्त अवसरहरु तथा कार्यक्रमहरु आयोजना गर्न नसकिएको ।

- शिक्षकहरुलाई शिक्षण सिकाइसँग सम्बन्धित मागमा आधारित तालिम हुन नसकेको ।

**ग. विद्यार्थी र शिक्षण सिकाइ तर्फ**

- सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै जानु ।
- विद्यार्थीको कक्षागत तथा विषयगत सिकाइ उपलब्धि अभिवृद्धिका लागि उदासिन देखिनु ।
- सबै विषयमा सिकाइ उपलब्धि न्यून रहेको र अपेक्षा अनुसार सिकाइ उपलब्धि हासिल नहुनु ।
- सबै विद्यार्थीहरुमा अनुशासित नदेखिनु ।
- विद्यार्थीहरूको कक्षा छोड्ने दर नियमित उपस्थित हुने दर र विद्यालय छोड्ने दरमा अपेक्षित सुधार नहुनु वा शैक्षिक क्षति विद्यमान रहनु ।
- विद्यालयहरूमा सिकाइ उपलब्धिको आधारमा पुरस्कृत र दण्डित गर्न नसक्नु ।
- बिषयविज्ञसहितको विद्यालयको अनुगमन न्यून हुनु ।
- सजायरहित शिक्षा र निरन्तर विद्यार्थी मूल्याङ्कन तथा उदार कक्षोन्नतिले विद्यार्थीको सिकाइ उपलब्धि र अनुशासनमा प्रभाव पर्नु ।
- दैनिक पाठ योजना वा नोट बिना पठनपाठन हुनु ।
- शिक्षण सिकाइ क्रियाकलाप प्रविधिसँग नजोडिनु, प्रयोग नगर्नु ।
- सबै शिक्षकहरुमा शिक्षण कार्य प्रति स्वप्रेरित र पेशागत अनुशासन प्रति सचेतताको वातावरण तयार नहुनु ।
- विद्यालय व्यवस्थापन समितिका बैठकहरुमा शैक्षिक गुणस्तरका एजेण्डाहरु कमै उठ्नु ।
- पाठ्यक्रममा नभई पाठ्यपुस्तकमा मात्रै आधारित पठनपाठन हुनु ।
- पाठ्यक्रमका बिषयबस्तुलाई जीवनउपयोगी सीपका रुपमा उपयोग गर्न नसक्नु ।
- शिक्षक निर्देशिकाको पालना र सन्दर्भ सामग्रीको प्रयोग नहुनु ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति प्रभावकारीरुपमा कार्यान्वयन नहुनु ।

**घ. अभिभावकतर्फ**

- अभिभावकहरुमा विद्यालयप्रति अपनत्व महशुस हुन नसक्नु ।
- अभिभावकहरूमा सचेतनाको कमी ।
- सबै सामुदायिक विद्यालयका शिक्षक, सरकारी कर्मचारी र सार्वजनिक पद धारण गरेका जनप्रतिनिधिका सन्तानहरू सामुदायिक विद्यालयमा नपढ्ने गरेका ।
- विद्यालयका कार्यक्रमहरूमा अभिभावकको न्यून उपस्थिति हुने गरेको ।
- विद्यालयका शैक्षिक गतिविधि प्रति अभिभावकहरूको कम चासो ।
- अभिभावकहरूले बालबालिकालाई घरमा उपयुक्त हेरचाह तथा पढाइमा सहयोग नगरेको ।
- केही अभिभावकले पनि संस्थागत र सामुदायिक विद्यालयमा पठाउने बालबालिकाको बीचमा र छोरा तथा छोरीको बीचमा पनि विभेद गर्ने गरेको ।
- विद्यालयका गतिविधिमा राजनैतिक हस्तक्षेप हुने गरेको जनगुनासो रहेको ।

**ङ. व्यवस्थापन र आर्थिक पक्षतर्फ**

- विद्यालयमा आन्तरिक आर्थिक श्रोतको कमीले व्यवस्थापन पक्षमा कठिनाई भएको ।
- विद्यालयको नियमित र प्रभावकारी अनुगमन हुन नसकेको ।

- सामुदायिक विद्यालयका सबै बालबालिकाका लागि विद्यालयमा दिवा खाजाको व्यवस्था गर्न नसकिएको ।
- धेरै जसो विद्यालयहरूको लेखा प्रणाली र जिन्सी व्यवस्थापन व्यवस्थित रुपमा नरहेको ।
- सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन एवम् पुर्नगठन हुन नसकेको ।

## १.८. अवसर

जहाँ इच्छा त्यहाँ उपाय भने जस्तै शिक्षा विकास गर्न चाहनेका लागि तमाम अवसर पनि देखिन्छन । यस योजना निर्माण र कार्यान्वयनका लागि तपसिलका अवसर विद्धमान रहेको पाइन्छ ।

- हाम्रो संविधानले बालबालिकाको अधिकार र शिक्षालाई बालबालिकाको मौलिक अधिकारका रुपमा स्वीकार गर्नु ।
- सङ्घीय संरचना अनुसार सरकार सञ्चालन हुँदै गर्दा सबै तहमा शिक्षाका नयाँ योजना निर्माण हुनु ।
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभुत शिक्षा अनिवार्य र निःशुल्क हुने गरी व्यवस्थापन गर्नु साथै अनाथ र असहाय बालबालिकाको लागि सम्बन्धित स्थानीय तह तथा वडा जिम्मेवार हुने व्यवस्था गर्नु ।
- नयाँ रीतिथीतिको स्थापनाको काल भएकाले विगतका कमी कमजोरी नदोहोऱ्याउनु ।
- अतिकम विकसित राष्ट्रको सुविधाका रुपमा अन्तर्राष्ट्रिय सहकार्यको सम्भावना रहनु ।
- विभिन्न गैरसरकारी क्षेत्रको लगानी आकर्षित गर्नु ।
- योजना तथा बजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु ।
- नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२)ज मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था हुनु ।
- राष्ट्रिय शिक्षा नीति, २०७६ ले बालविकास र शिक्षालाई प्राथमिकता दिनु ।
- अधिकांश विद्यालयमा सामान्य सुविधा युक्त बालविकास कक्षाहरू सञ्चालनमा रहनु ।
- गुणस्तरीय शिक्षाको लागि सबै अभिभावकहरूको उच्च चाहना रहनु ।
- विभिन्न शैक्षिक योजनाहरु सबैको स्वामित्वमा निर्माण हुनु ।
- आवश्यकता अनुसार आर्थिक स्रोतको व्यवस्था हुनु ।
- साक्षरता दरमा वृद्धि हुनु ।
- माध्यमिक तहसम्मको शिक्षामा पहुँच र निरन्तरतामा वृद्धि हुनु ।
- विद्यालयहरुको संस्थागत संरचनाहरू सन्तोषजनक रहनु ।
- शिक्षकहरूलाई पेसागत क्षमता विकासका लागि तालिमको व्यवस्था हुनु ।
- अधिकांश माध्यमिक विद्यालयमा Computar lab र Library व्यवस्थापन हुनु ।
- विद्यालयहरूमा सूचना र सञ्चार प्रविधिको प्रयोग हुनु ।

# २. परिच्छेद दुई - दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यनीति निर्धारण

जहाँ सोच त्यहाँ स्रोत, समय र जनशक्ति परिचालन भन्ने मान्यतालाई मूर्तरुप दिने प्रयासमा शंखरापुर नगरपालिकाले ५ वर्षे आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याइसकेको सन्दर्भमा शिक्षा क्षेत्रको अलग्गै ५ वर्षे नगर शिक्षा योजनाको आवश्यकता भएको हो । प्रमुख सरोकारवालाको चासो र नेतृत्वको सपनालाई विपनामा क्रमशः बदल्ने अभिव्यक्त भावनाहरुलाई देहाय अनुरसार दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति सहित प्रस्तुत गरिएको छ । उक्त लक्ष्य र उद्देश्य प्राप्तिका लागि प्रमुख सरोकारवाला र सहयोगी सङ्घ संस्थाहरु बीचको हातेमालो जरुरी छ र सोही तथ्यलाई ध्यानमा राखी तहगत सरकार बीचको समन्वय र सहयोगमा स्रोत साधनको व्यवस्था तथा उपलब्ध जनशक्ति परिचालन गरी गराई अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ भन्ने दृढ संकल्प र विश्वासमा संस्थागत प्रबन्ध र पूर्ववत् कार्यक्रमको निरन्तरतामा केही नवीन कार्यक्रम समावेश गरिएको छ ।

## २.१. दूरदृष्टि

"प्राविधिक र व्यवहारिक शिक्षामा जोड, समान पहुँच र गुणस्तरको अठोट"

## २.२. लक्ष्य

गुणस्तरीय, प्रविधिमैत्री तथा रोजगारमूलक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी आवश्यक सक्षम / दक्ष जनशक्ति उत्पादन गर्ने ।

## २.३. उद्देश्य

१. आधार शिक्षा एवम् विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु । - Access
२. विद्यालय शिक्षाका सबै तहमा गुणस्तर सुनिश्चित गर्नु । - Quality
३. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप र रोजगारमूलक शिक्षाको अवसर प्रदान गर्नु । - (Access + Quality)
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर प्रदान गर्नु । -Access
५. शैक्षिक संस्थाहरुलाई न्यूनतम पूर्वाधारयुक्त (भौतिक र शैक्षिक) एवम् स्रोत साधन सम्पन्न बनाउनु ।- (Institutional Capacity + Quality) - Mgmt.
६. शिक्षा क्षेत्रमा समय सापेक्ष सक्षम र दक्ष जनशक्तिको व्यवस्थापन गर्नु । - (Institutional Capacity +Quality) - Mgmt.
७. शैक्षिक क्षेत्रको संरचनागत एवम् संस्थागत सक्षमतामा सुधार गर्नु । - (Institutional Capacity +Quality) -Mgmt.
८. उच्च शिक्षाका लागि न्यूनतम शैक्षिक अवसर प्रदान गर्नु । - Access
९. ५ वर्षे नगर शिक्षा योजना कार्यान्वयनका लागि न्यूनतम स्रोतको व्यवस्थापन गर्नु । - Mgmt.

## २.४. रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्यः १ | १.१ आधारभूत एवम् माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चितताको लागि कार्यक्रम सञ्चालन गर्ने । |
| | १.२ अभिभावक शिक्षा एवम् व्यवहारिक शिक्षालाई प्राथमिकता दिने । |

| | |
|---|---|
| आधार शिक्षा एवम् विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु | १.३ विद्यालयमा शिक्षण सिकाइको लागि बालमैत्री एवम् सम्माजनक सिकाइ पद्धतिलाई संस्थागत गर्ने । |
| | १.४ विद्यार्थीहरुको सिकाइ आवश्यकतामा आधारित न्यूनतम सुविधा र प्रोत्साहन प्रदान गर्ने । |
| | १.५ सिकाइ सहजीकरणको माध्यमको रुपमा मातृभाषामा सामग्री विकास र कार्यान्वयन गर्ने । |
| | १.६ 'लगानी नगरपालिकाको -सुरक्षा लक्षित बालबालिकाको' अभियान सहित छात्रवृत्ति कोषको स्थापना र सञ्चालन गर्ने । |
| उद्देश्य २ : विद्यालय शिक्षाका सबै तहको उच्च सिकाइ उपलब्धि हासिल र गुणस्तर सुनिश्चित गर्नु । | २.१ शिक्षकको व्यवस्थापन (दरबन्दी मिलान) एवम् निश्चित मापदण्डका आधारमा विद्यालय समायोजन गर्ने । |
| | २.२ शिक्षकको पेशागत (क्षमता / दक्षता) विकासका कार्यक्रम सञ्चालन गर्ने । |
| | २.३ विद्यार्थी मूल्याङ्कन पद्धति एवम् प्रक्रियामा सुधार कार्यक्रम सञ्चालन गर्ने |
| | २.४ सिकाइ उपलब्धि सुधारका लागि विद्यार्थी प्रतिबद्धता अभियान सञ्चालन गर्ने । |
| | २.५ सिकाइमा नवीन विधि र प्रविधिको प्रयोगमा प्रोत्साहन गर्ने । |
| | २.६ कमजोर विद्यार्थीहरुका लागि अतिरिक्त सिकाइ अवसरको कार्यक्रम सञ्चालन गर्ने । |
| | २.७ विद्यार्थीहरुको प्रतिभा पहिचान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने । |
| | २.८ नैतिक शिक्षा एवम संस्कार सिकाइ पाठ्यवस्तु सहित स्थानीय पाठ्यसामग्री विकास गर्ने । |
| उद्देश्य ३ : प्राविधिक शिक्षा ,व्यावसायिक सीप एवम् रोजगारमूलक शिक्षा सञ्चालन गर्नु । | ३.१. नगरस्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रम सञ्चालन गर्ने । |
| | ३.२ अनौपचारिक क्षेत्रबाट हासिल गरेको सीप एवम् अनुभवलाई औपचारिक समकक्षकता प्रदान गर्ने । |
| | ३.३ प्राविधिक शिक्षालयसँग समन्वय, साझेदारी र सहकार्यलाई संस्थागत गर्ने । |
| | ३.४ कृषि तथा पशुपालनमा आधारित प्राविधिक शिक्षालय स्थापना र सञ्चालनमा पहल गर्ने । |
| | ३.५ स्थानीय विशिष्टताको आधारमा विद्यालयमा सिक्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने । |
| | ३.६ माध्यमिक विद्यालयलाई स्वरोजगारमूलक प्रशिक्षण डेस्कको रुपमा विकास गर्ने । |
| | ३.७ युवा स्वरोजगार प्रवर्द्धन तथा प्राविधिक सीप विकास कार्यक्रम सञ्चालन गर्ने । |
| उद्देश्य ४ : अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर प्रदान गर्नु । | ४.१ सामुदायिक सिकाइ केन्द्रको विस्तार र सशक्तिकरण गर्ने । |
| | ४.२ अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई समुदायको आयआर्जनसँग जोड्ने । |
| | ४.३ जीवनोपयोगी ज्ञान र सीपमा आधारित अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| | ४.४ नवसाक्षरहरुका लागि डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने । |
| | ४.५ निरक्षरहरुका लागि आय आर्जनमा आधारित साक्षरता कक्षा सञ्चालन गर्ने । |
| उद्देश्यः ५ शैक्षिक संस्थाहरुलाई सुरक्षित र न्यूनतम भौतिक र शैक्षिक पूर्वाधारयुक्त शिक्षण सिकाइ स्थल बनाउनु । | ५.१ 'शंखरापुर नगरपालिकाको प्रण -सामुदायिक विद्यालयको भौतिक सवलीकरण' कार्यक्रम सञ्चालन गर्ने । |
| | ५.२ शैक्षिक संस्थामा आवश्यक एवम् न्यूनतम शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने । |
| | ५.३ शिक्षण सिकाइमा सूचना प्रविधिको पहुँच र प्रयोगको वातावरण तयार गर्ने । |
| | ५.४ न्यूनतम सिकाइ अनुकुल वातावरण विकासका लागि सहभागितामूलक कार्यपद्धतिमा प्राथमिकता दिने । |

| | |
|---|---|
| | ५.५ स्थानीय ज्ञान सीप र प्रविधिलाई शिक्षण सिकाइ सहजीकरण र सहयोग सामग्रीको रुपमा प्रयोग गर्ने । |
| | ५.६ शैक्षिक संस्थाको सौन्दर्य र स्थानीय सम्पदा संरक्षणमा शिक्षण संस्थालाई परिचालन गर्ने । |
| उद्देश्य ६ :<br>शिक्षा क्षेत्र एवम् शिक्षण संस्थाहरुमा समय सापेक्ष सक्षम र दक्ष जनशक्तिको व्यवस्थापन गर्नु । | ६.१. शैक्षिक संस्थामा आवश्यक जनशक्ति एवम् मानव संसाधनको व्यवस्था गर्ने । |
| | ६.२. शिक्षकको पेशागत दक्षता र क्षमता सुदृढका लागि कार्यक्रम सञ्चालन गर्ने । |
| | ६.३ शिक्षक तथा कर्मचारी प्रोत्साहन र उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने । |
| | ६.४ नतिजामा आधारित कार्यसम्पादन एवम् उच्च सिकाइ उपलब्धि हासिल गर्नका लागि कार्यसम्पादन करार सम्झौता गर्ने । |
| | ६.५ प्रत्येक शिक्षण संस्थामा सिकाइ वडापत्रको व्यवस्था गर्ने । |
| उद्देश्य ७ :<br>शैक्षिक क्षेत्रको व्यवस्थापकीय प्रबन्ध र संस्थागत सक्षमतामा सुधार गर्नु । | ७.१ शैक्षिक नेतृत्वको सक्षमता र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । |
| | ७.२ विद्यालयको अनुगमन तथा मूल्याङ्कन संयन्त्र स्थापना र परिचालन गर्ने । |
| | ७.३ शिक्षक सहायता संयन्त्रको स्थापना र परिचालन गर्ने । |
| | ७.४ शैक्षिक संस्था र विद्यालयस्तरमा सुशासन र बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणाली लागू गर्ने । |
| | ७.५ विद्यालय वडापत्र र सरोकारवाला आचारसंहिताको अनिवार्य व्यवस्था र परिपालनामा जोड दिने । |
| | ७.६ "सामुदायिक विद्यालयको व्यवस्थापकीय सुधार – शंखरापुर नगरपालिकाको उपहार" कार्यक्रम सञ्चालन गर्ने । |
| **उद्देश्य ८** :<br>उच्च शिक्षाका लागि न्यूनतम शैक्षिक अवसर प्रदान गर्नु । | ८.१ नगरक्षेत्रमा बहुमुखी प्रकृतिको उच्च शिक्षा शिक्षालय / क्याम्पस सञ्चालन गर्ने । |
| | ८.२ उच्च शिक्षामा अध्ययनका लागि शैक्षिक सहुलियत कार्यक्रम सञ्चालन गर्ने । |
| | ८.३ नगरस्तरमा "उच्च शिक्षा छात्रवृत्ति कोष" को व्यवस्था गर्ने । |
| **उद्देश्य ९** :<br>विद्यालय शिक्षामा लगानी सुनिश्चतताको लागि सरकारी, गैरसरकारी र निजीक्षेत्रसँगको आपसी सहयोग र साझेदारीको वातावरण तयार गर्नु । | ९.१ स्रोत व्यवस्थापनको सम्भाव्य बाह्य र आन्तरिक क्षेत्र पहिचान र विश्लेषण गर्ने । |
| | ९.२ स्रोत व्यवस्थापन एवम् प्रवाहको लागि संस्थागत समन्वय र साझेदारी गर्ने । |
| | ९.३ स्थानीय श्रम र स्रोतको परिचालन र जनसहभागितामा प्राथमिकता दिने । |
| | ९.४ शिक्षा क्षेत्रमा आन्तरिक स्रोतको व्यवस्थाका लागि लगानी सम्मेलन गर्ने । |
| | ९.५ विद्यालयस्तरमा Serving Class & Students तथा कार्यसम्पादनको आधारमा स्रोतको प्रवाहमा प्राथमिकता दिने । |

## २.५. २कार्यनीति

| उद्देश्य | कार्यनीति |
|---|---|
| उद्देश्यः १<br>आधारभूत एवम् विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु | १.१ आधारभूत एवम् विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चितताको लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२ अभिभावक शिक्षा एवम् व्यवहारिक / घर शिक्षालाई प्राथमिकता दिइनेछ । |
| | १.३ विद्यालयमा शिक्षण सिकाइको लागि बालमैत्री एवम् सम्माजनक सिकाइ पद्धति संस्थागत गरिनेछ । |

| | |
|---|---|
| | १.४ विद्यार्थीहरुको सिकाइ आवश्यकतामा आधारित न्यूनतम सुविधा र प्रोत्साहन प्रदान गरिनेछ । |
| | १.५ सिकाइ सहजीकरणको माध्यमको रुपमा मातृभाषामा सामग्री विकास र कार्यान्वयनको नीति लागू गरिनेछ । |
| | १.६ 'लगानी नगरपालिकाको - सुरक्षा लक्षित बालबालिकाको'को लागि छात्रवृत्ति कोषको व्यवस्था मिलाईनेछ । । |
| उद्देश्य २ : विद्यालय शिक्षाका सबै तहको उच्च सिकाइ उपलब्धि हासिल र गुणस्तर सुनिश्चित गर्नु । | २.१ शिक्षक व्यवस्थापन (दरबन्दी मिलान) एवम् निश्चित मापदण्डका आधारमा विद्यालय समायोजनको नीति लागू गरिनेछ । |
| | २.२ शिक्षकको पेशागत (क्षमता / दक्षता) विकासको अवसर प्रदान गरिनेछ । |
| | २.३ विद्यार्थी मूल्याङ्कन पद्धति एवम् प्रक्रियामा समसापेक्ष सुधार गरिनेछ । |
| | २.४ सिकाइ उपलब्धि सुधारका लागि विद्यार्थी प्रतिबद्धता अभियान थालनी गरिनेछ । |
| | २.५ सिकाइमा नवीन विधि र प्रविधिको प्रयोगमा अनिवार्य गरिनेछ । |
| | २.६ कमजोर विद्यार्थीहरुकालागि अतिरिक्त सिकाइ अवसरको कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.७ विद्यार्थीहरुको प्रतिभा पहिचान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.८ नैतिक एवम संस्कार सिकाइ सहित स्थानीय पाठ्यसामग्री विकास गरिनेछ । |
| उद्देश्य ३ : प्राविधिक शिक्षा ,व्यावसायिक सीप एवम् रोजगारमूलक शिक्षा सञ्चालन गर्नु । | ३.१. नगरस्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ३.२ अनौपचारिक क्षेत्रबाट हासिल गरेको सीप एवम् अनुभवलाई औपचारिक समक्षकता प्रदान गरिनेछ । |
| | ३.३ प्राविधिक शिक्षालयसँग समन्वय ,साझेदारी र सहकार्यलाई संस्थागत गरिनेछ । |
| | ३.४ कृषि तथा पशुपालनमा आधारित प्राविधिक शिक्षालय स्थापना र सञ्चालनमा पहल गरिनेछ । |
| | ३.५ स्थानीय विशिष्टताको आधारमा विद्यालयमा सिक्दै कमाउदै कार्यक्रमलाई प्राथमिकता दिइनेछ । |
| | ३.६ माध्यमिक विद्यालयमा स्वरोजगारमूलक प्रशिक्षण डेस्क स्थापना गरिनेछ । |
| | ३.७ युवा स्वरोजगार प्रवर्द्धन तथा प्राविधिक सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ |
| उद्देश्य ४ : अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर प्रदान गर्नु । | ४.१ सामुदायिक सिकाइ केन्द्रको विस्तार र सशक्तिकरण गरिनेछ |
| | ४.२ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई समुदायको आयआर्जनको कार्य श्रृङ्खलासँग आबद्ध गरिनेछ । |
| | ४.३ जीवनोपयोगी ज्ञान र सीपमा आधारित अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनको नीति लिईनेछ । |
| | ४.४ नवसाक्षरहरुका लागि डिजिटल साक्षरता कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ । |
| | ४.५ निरक्षरहरुका लागि आय आर्जनमा आधारित साक्षरता कक्षा सञ्चालन गरिनेछ । |
| उद्देश्यः ५ शैक्षिक संस्थाहरुलाई सुरक्षित र न्यूनतम भौतिक र शैक्षिक पूर्वाधारयुक्त शिक्षण सिकाइ स्थल बनाउनु । | ५.१ 'शंखरापुर नगरपालिकाको प्रण - सामुदायिक विद्यालयको भौतिक सवलीकरण' को नीति लागू गरिनेछ । |
| | ५.२ शैक्षिक संस्थामा न्यूनतम शैक्षिक पूर्वाधारको विकास र शिक्षण सिकाइ अनुकुल बनाइनेछ । |
| | ५.२ शिक्षण सिकाइमा सूचना प्रविधिको पहुँच र प्रयोगको वातावरण स्थापित गरिनेछ । |

| | |
|---|---|
| | ५.३ न्यूनतम सिकाइ अनुकुल वातावरण विकास गर्न सहभागितामूलक कार्यपद्धति लागू गरिनेछ । |
| | ५.४ स्थानीय ज्ञान सीप र प्रविधिलाई सिकाइ सामग्रीको रुपमा विकासमा प्राथमिकता दिइनेछ । |
| | ५.६ शैक्षिक संस्थाको सौन्दर्यकरण र स्थानीय सम्पदा संरक्षणमा शिक्षण संस्था परिचालन गरिनेछ । |
| उद्देश्य ६ :<br>शिक्षा क्षेत्र र शिक्षण संस्थाहरुमा समयसापेक्ष सक्षम र दक्ष जनशक्तिको व्यवस्थापन गर्नु । | ६.१. शैक्षिक संस्थामा आवश्यक जनशक्ति र मानव संसाधनको व्यवस्था गरिनेछ । |
| | ६.२. शिक्षकको पेशागत दक्षता र क्षमतामा सुदृढका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ६.३ शिक्षक तथा कर्मचारी प्रोत्साहन र उत्प्रेरणात्मक कार्यवातावरण विकास गरिनेछ । |
| | ६.४ नतिजामा आधारित कार्यसम्पादन एवम् उच्च सिकाइ उपलब्धि हासिल गर्नका लागि कार्यसम्पादन करार सम्झौता अनिवार्यरुपमा लागू गरिनेछ । |
| | ६.५ प्रत्येक शिक्षण संस्थामा सिकाइ वडापत्रको व्यवस्था गरिनेछ । |
| उद्देश्य ७ :<br>शैक्षिक क्षेत्रको व्यवस्थापकीय प्रबन्ध र संस्थागत सक्षमतामा सुधार गर्नु । | ७.१ शैक्षिक नेतृत्वको सक्षमता र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ७.२ विद्यालयको अनुगमन तथा मूल्याङ्कन संयन्त्र स्थापना र परिचालन गरिनेछ । |
| | ७.३ शिक्षक सहायता संयन्त्रको स्थापना र परिचालन गरिनेछ । |
| | ७.४ शैक्षिक संस्था र विद्यालयस्तरमा सुशासन र बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणाली लागू गरिनेछ । |
| | ७.५ विद्यालय वडापत्र र सरोकारवाला आचारसंहिताको व्यवस्था र परिपालनाको अनिवार्य व्यवस्था गरिनेछ । |
| | ७.६ "विद्यालयको व्यवस्थापकीय प्रबन्धमा सुधार – शंखरापुर नगरपालिकाको उपहार" अभियान /कार्यक्रम सञ्चालन गरिनेछ । |
| उद्देश्य ८ :<br>उच्च शिक्षाका लागि न्यूनतम शैक्षिक अवसर प्रदान गर्नु । | ८.१ नगरक्षेत्रमा बहुमुखी प्रकृतिको उच्च शिक्षा शिक्षालय/क्याम्पस सञ्चालनमा प्राथमिकता दिइनेछ । |
| | ८.२ उच्च शिक्षामा अध्ययनका लागि शैक्षिक सहुलियत कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ८.३ नगरस्तरमा "उच्च शिक्षा छात्रवृत्ति कोष" को स्थापना र परिचालन गरिनेछ । |
| उद्देश्य ९ :<br>विद्यालय शिक्षामा लगानी सुनिश्चतताको लागि सरकारी , गैरसरकारी र निजीक्षेत्रसँगको आपसी सहयोग र साझेदारीको वातावरण तयार गर्नु । | ९.१ स्रोत व्यवस्थापनको सम्भाव्य बाह्य र आन्तरिक क्षेत्र पहिचान र विश्लेषण गरिनेछ । |
| | ९.२ स्रोत व्यवस्थापन/ प्रवाहको लागि संस्थागत समन्वय र साझेदारीको संस्थागत वातावरण कायम गरिनेछ । |
| | ९.३ स्थानीय श्रम र स्रोतको परिचालन र जनसहभागितामा प्राथमिकता दिइनेछ । |
| | ९.४ संस्थागत सुसम्बन्ध र दिगो स्रोत व्यवस्थापनको लागि लगानी सम्मेलनलाई प्राथमिकता दिइनेछ । |
| | ९.५ विद्यालयस्तरमा Serving Class & Students तथा कार्यसम्पादनस्तरको आधारमा स्रोतको प्रवाहको नीति लागू गरिनेछ । |

## २.६. अपेक्षित उपलब्धि

- विद्यालय उमेरका सबै बालबालिकाहरुले विद्यालय प्रवेश गरेका हुनेछन् ।
- आधारभूत तह र माध्यमिक तहको शैक्षिक उपलब्धिमा सुधार भएको हुनेछ ।
- माध्यमिक तहका बालबालिकाहरुले स्वरोजगारमूलक सीप हासिल गरेका हुनेछन् ।

- नवसाक्षरहरुमा जीवनोपयोगी सीप एवम् आयमूलक ज्ञान र सीप हासिल भएको हुनेछ ।
- सबै विद्यालयमा न्यूनतम भौतिक सुविधा र शैक्षिक पूर्वाधार उपलब्ध भएको हुनेछ ।
- विद्यार्थीहरुमा सूचना तथा प्रविधिमा आधारित सिकाइ अवसर प्राप्त भएको हुनेछ ।
- तहगत र विषयगत शिक्षकहरुमा शैक्षणिक दक्षता अभिवृद्धि भएको हुनेछ ।
- प्र.अ. तथा शैक्षिक नेतृत्वमा कार्य सक्षमता र कार्यसम्पादनमा सुधार भएको हुनेछ ।
- उच्च शिक्षाको लागि न्यूनतम शैक्षिक अवसर प्रदान भएको हुनेछ ।
- सरकारी, गैरसरकारी र निजी क्षेत्र बीचको आपसी समन्वय र साझेदारीमा न्यूनतम स्रोत उपलब्ध भएको हुनेछ ।

## २.७. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य २०८३।८४ देखि २०८७।८८

| क्र. सं. | कार्यसम्पादन सूचकहरू | २०८२।८३ आधार वर्ष | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८७।८८ |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर (प्रतिशत) | ७६.५६ | ७९.५ | ८२.५ | ८४.५ | ८७.५ | ९० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर (प्रतिशत) | १४४.८८ | १३५ | १३० | १२५ | १२० | ११५ |
| १.३ | ईसिडीको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिका (प्रतिशत) | ८४.८ | ८७ | ८९ | ९१ | ९३ | ९५ |
| **२** | **आधारभूत शिक्षा** | | | | | | |
| २.१ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (प्रतिशत) | १४१.२ | १३५ | १३० | १२५ | १२० | ११५ |
| २.२ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्नादर (प्रतिशत) | ९९.१० | ९९.२५ | ९९.५० | ९९.७५ | १०० | १०० |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १: ९४ | १:९५ | १:९६ | १:९७ | १:९८ | १:१ |
| २.४ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | ८४.८ | ८६ | ८८ | ९० | ९२ | ९५ |
| २.५ | आधारभूत तह (कक्षा ५) पुरा गर्ने दर (प्रतिशत) | ९३ | ९४ | ९५ | ९६ | ९७ | ९८ |

| क्र. सं. | कार्यसम्पादन सूचकहरू | २०८२।८३ आधार वर्ष | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८७।८८ |
|---|---|---|---|---|---|---|---|
| २.६ | आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (प्रतिशत) | ११७.०३ | ११४ | १११ | १०९ | १०७ | १०५ |
| २.७ | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्नादर (प्रतिशत) | ९८.०१ | ९८.२५ | ९८.५० | ९९.०० | ९९.२५ | ९९.५ |
| २.८ | आधारभूत तह (कक्षा ६-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १: ९० | १:९२ | १:९४ | १:९६ | १:९८ | १: १ |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्नादर (प्रतिशत) | १३७.४८ | १३२ | १२५ | १२० | ११५ | ११० |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर (प्रतिशत) | ९८.७ | ९९.० | ९९.२५ | ९९.५० | ९९.७५ | १०० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १ : ९३ | १:९५ | १:९६ | १:९८ | १:९९ | १:१ |
| २.१२ | आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिका | २९ | २० | १५ | १० | ५ | ० |
| २.१३ | आधारभूत तह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिका | २९ | २० | १५ | १० | ५ | ० |
| २.१४ | आधारभूत तहमा अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षक (प्रतिशत) | ४३.६ | ४५.५ | ४७ | ४८ | ४९ | ५० |
| २.१५ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ७०.५२ | ७२ | ७४ | ७६ | ७८ | ८० |
| २.१६ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ७३.७७ | ७७ | ७९ | ८१ | ८३ | ८५ |
| २.१७ | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ७६.६५ | ७८.५ | ८० | ८२.५ | ८४ | ८५ |

| क्र. सं. | कार्यसम्पादन सूचकहरू | २०८२।८३ आधार वर्ष | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८७।८८ |
|---|---|---|---|---|---|---|---|
| २.१८ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ७३.६० | ७६ | ७८.५ | ८१.५ | ८३.५ | ८५ |
| २.१९ | विज्ञान विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ६८.३७ | ७१.५ | ७३ | ७५ | ७८.५ | ८० |
| २.२० | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ६७.०८ | ७१ | ७४ | ७६ | ७८ | ८० |
| २.२१ | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ७४.८४ | ७६ | ७७ | ७८ | ७९ | ८० |
| २.२२ | १- ५ वटै कक्षामा बुककर्नरको व्यवस्था भएका सामुदायिक विद्यालय (प्रतिशत) | ४३ | ६० | ७५ | १०० | १०० | १०० |
| २.२३ | कक्षा ८ सम्मको Survival Rate | ८९.९८ | ९२ | ९४ | ९६ | ९८ | १०० |
| २.२४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर (प्रतिशत) | ८८.७७ | ९२ | ९४ | ९६ | ९८ | १०० |
| **३** | **माध्यमिक शिक्षा** | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (प्रतिशत) | ९४.१ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (प्रतिशत) | ७८ | ८१ | ८४ | ८६ | ८८ | ९० |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) को कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १: १.०३ | १:१.०२ | | १:१.०१ | | १:१ |
| ३.४ | माध्यमिक तह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (प्रतिशत) | ५८.७ | ६३ | ६६ | ६९ | ७२ | ७५ |
| ३.५ | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (प्रतिशत) | ४२.०१ | ४५ | ४८ | ५१ | ५३ | ५५ |

| क्र. सं. | कार्यसम्पादन सूचकहरू | २०८२।८३ आधार वर्ष | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८७।८८ |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| ३.६ | माध्यमिक तह (कक्षा ११-१२) को कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १: १.०३ | १:१.०२ | | १:१.०१ | | १:१ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (प्रतिशत) | ७६.९ | ७९ | ७१ | ७३ | ७४ | ७५ |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (प्रतिशत) | ५९ | ६१ | ६३ | ६५ | ६७ | ७० |
| ३.९ | माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १: १.०३ | १:१.०२ | | १:१.०१ | | १:१ |
| ३.१० | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (प्रतिशत) | ७६.३१ | ७७ | ७८ | ७९ | ८० | ८० |
| ३.११ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (प्रतिशत) | ३८.०७ | ४१ | ४३ | ४५ | ४७ | ५० |
| ३.१२ | माध्यमिक तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक (प्रतिशत) | २८.२ | ३० | ३५ | ४० | ४५ | ५० |
| ३.१३ | माध्यमिक तह (कक्षा ९-१२) अध्ययनरत विद्यार्थीमध्ये प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी (प्रतिशत) (प्राविधिक धार) | ० | ५ | १० | १५ | २० | २५ |
| **४** | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्षभन्दा माथि) % | ८९.२९ | ९१ | ९२ | ९३ | ९४ | ९५ |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता सूचाङ्क (५ वर्षभन्दा माथि) | १: ०.८२ | १: ०.८६ | १: ०.९ | १: ०.९४ | १: ०.९८ | १: १ |

| क्र. सं. | कार्यसम्पादन सूचकहरू | २०८२।८३ आधार वर्ष | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८७।८८ |
|---|---|---|---|---|---|---|---|
| **५** | **विद्यालयमा सूचना तथा सञ्चार प्रविधि** | | | | | | |
| ५.१ | विद्युत पुगेका विद्यालय/ सोलार (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५.२ | इन्टरनेट पुगेका विद्यालय (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५.३ | कम्तीमा १ ल्यापटप/कम्प्युटर भएको सामुदायिक विद्यालय (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५.४ | सामुदायिक विद्यालयका विद्यार्थी ल्यापटप/कम्प्युटर अनुपात | १ : १८ | १:१६ | १:१४ | १:१२ | १:१० | १:१० |
| ५.५ | कम्तीमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय (प्रतिशत) | ६५.२१ | ७० | ७५ | ८० | ९० | १०० |
| ५.६ | सामुदायिक विद्यालयका विद्यार्थी प्रोजेक्टर अनुपात | १:१२० | १:१०५ | १:९० | १:७५ | १:६० | १:५० |
| ५.७ | सिकाइमा सूचना प्रविधिको प्रयोग गर्ने शिक्षक (प्रतिशत) | १४ | ३० | ४५ | ६० | ७५ | ९० |
| **६** | **विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | | |
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय (प्रतिशत) | ९६.४९ | ९७ | ९८ | ९९ | १०० | १०० |
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (प्रतिशत) | ६७.५४ | ७० | ७५ | ८० | ८५ | ९० |
| ६.३ | स्वच्छ पिउने पानीको सुविधा प्राप्त सामुदायिक विद्यालय (प्रतिशत) | ८३.३३ | ८७ | ८९ | ९२ | ९५ | १०० |
| ६.४ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय (प्रतिशत) | ९५.६१ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ६.५ | अपाङ्गतामैत्री विद्यालय (प्रतिशत) | ६७.५४ | ७० | ७५ | ८० | ८५ | ९० |

| क. सं. | कार्यसम्पादन सूचकहरू | २०८२।८३ आधार वर्ष | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८७।८८ |
|---|---|---|---|---|---|---|---|
| ७ | सुशासन र व्यवस्थापन | | | | | | |
| ७.१ | आधारभूत तह कक्षा १-३ सामुदायिक विद्यालय शिक्षक अनुपाल | १:४.४७ | १:३ | १:३ | १:३ | १:३ | १:३ |
| ७.२ | आधारभूत तह कक्षा १-५ विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:१०.७६ | १:३० | १:३० | १:३० | १:३० | १:३० |
| ७.३ | आधारभूत तह कक्षा ६-८ सामुदायिक विद्यालयमा शिक्षक अनुपात | १:३.१ | १:४ | १:४ | १:४ | १:४ | १:४ |
| ७.४ | आधारभूत तह कक्षा ६-८ सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात | १:१९.३ | १:३० | १:३० | १:३० | १:३० | १:३० |
| ७.४ | आधारभूत तह कक्षा १-८ सामुदायिक विद्यालयमा शिक्षक अनुपात | १:६.२ | १:७ | १:८ | १:८ | १:९ | १:९ |
| ७.५ | आधारभूत तह कक्षा १-८ सामुदायिक विद्यालयमा शिक्षकविद्यार्थी अनुपात | १:१३.२ | १:३० | १:३० | १:३० | १:३० | १:३० |
| ७.६ | माध्यमिक तह कक्षा ९-१० सामुदायिक विद्यालयमा शिक्षक अनुपात | १:४.८ | १:५ | १:५ | १:५ | १:५ | १:५ |
| ७.७ | माध्यमिक तह कक्षा १-१० सामदायिक विद्यालयमा शिक्षक अनुपात | १: १२.१७ | १:१२ | १:१२ | १:१२ | १:१२ | १:१२ |
| ७.८ | माध्यमिक तह कक्षा ९-१२ सामुदायिक विद्यालयमा शिक्षक अनुपात | १: ४.८ | १:७ | १:७ | १:७ | १;७ | १:७ |
| ७.९ | माध्यमिक तह कक्षा ९-१२ सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १: १७.१६ | १: ३० | १:३० | १:३० | १:३० | १:३० |

| क्र. सं. | कार्यसम्पादन सूचकहरू | २०८२।८३ आधार वर्ष | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८७।८८ |
|---|---|---|---|---|---|---|---|
| ७.१० | बालक्लब गठन भएका सामुदायिक विद्यालय (प्रतिशत) | ७३.९ | ९० | १०० | १०० | १०० | १०० |
| ७.११ | रेडक्रस गठन भएका सामुदायिक विद्यालय (प्रतिशत) | ३४.७ | ९० | १०० | १०० | १०० | १०० |
| ७.१२ | स्काउट गठन भएका सामुदायिक विद्यालय (प्रतिशत) | ४३.४७ | ४५ | ४५ | ५५ | ६५ | ७५ |
| ७.१३ | सदन गठन भएका सामुदायिक विद्यालय (प्रतिशत) | ५६.५२ | ७५ | १०० | १०० | १०० | १०० |
| ७.१४ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय (प्रतिशत) | ५६.५२ | ७५ | १०० | १०० | १०० | १०० |
| ७.१५ | गुनासो पेटिकाको व्यवस्था भएका सामुदायिक विद्यालय (प्रतिशत) | ५६.५२ | ६५ | ७५ | ८५ | ९५ | १०० |
| ७.१६ | बाल संरक्षण सम्पर्क बिन्दु भएका सामुदायिक विद्यालय (प्रतिशत) | ३४.७ | ५० | ७५ | १०० | १०० | १०० |
| ८ | **शिक्षामा लगानी एवम् स्रोत व्यवस्थापन** | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(प्रतिशत) (स्थानीय कुल ) | ४.५१ | ६ | ७ | ८ | ९ | १० |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (स्थानीय शिक्षा ) | १८.१३ | १९.५ | २१ | २२.५ | २४ | २५ |
| ८.२ | विद्यालय शिक्षा कक्षा (९-१२) प्रति विद्यार्थी खर्च सरकारी वार्षिक रु हजारमा ( आन्तरिक र बाह्य बजेटका आधारमा ) | ४२ | ४४ | ४६ | ४८ | | ५० |
| ९ | आन्तरिक सक्षमता तथा सिकाइ उपलब्धि | | | | | | |

| क्र. सं. | कार्यसम्पादन सूचकहरू | २०८२।८३ आधार वर्ष | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८७।८८ |
|---|---|---|---|---|---|---|---|
| ९.१ | Graded Grade 5 | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ९.२ | Graded Grade 8 / BEE | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ९.३ | Graded Grade 10 / SEE | ९५.२ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ९.४ | Graded Grade 12 / SLC | ९४ | ९५ | ९६ | ९७ | ९८ | १०० |
| ९.५ | GPA in BEE | २.२१ | २.४ | २.६ | २.८ | ३.२ | ३.२ |
| ९.६ | GPA in SEE | २.९२ | २.९५ | ३.० | ३.१० | ३.१५ | ३.२ |
| ९.७ | GPA in SLC | २.६७ | २.८ | २.९ | ३.० | ३.१ | ३.२ |
| ९.८ | Teacher Attendance Day in Basic Level | २१० | २१२ | २१४ | २१६ | २१८ | २२० |
| ९.९ | Student Attendance Day in Basic Level | १९० | १९२ | १९४ | १९६ | १९८ | २०० |
| ९.१० | Teacher Attendance Day / Rate in Secondary Level | २१०. | २१२ | २१४ | २१६ | २१८ | २२० |
| ९.११ | Student Attendance Day in Secondary Level | २०४ | २०५ | २०६ | २०७ | २०८ | २१० |
| ९.१२ | विद्यालय खुल्ने दिन (औषत) आधारभूत तह | २२७ | २२८ | २२९ | २२९ | २३० | २३० |
| ९.१३ | विद्यालय खुल्ने दिन (औषत) माध्यमिक तह | २२७ | २३० | २३० | २३५ | २३५ | २४० |
| ९.१४ | पठनपाठन दिन (औषत) आधारभूत तह | १९९ | २०२ | २०४ | २०६ | २०८ | २१० |
| ९.१५ | पठनपाठन दिन (औषत) माध्यमिक तह | १९९ | २०५ | २१० | २१५ | २१५ | २२० |

नोट : साविकको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ (परिमार्जन सहित ) अनुसार तहगत न्यूनतम दिन र शिक्षक उपस्थिति दर ९२ % का आधारमा प्रक्षेपित दिन वा प्रतिशत । शंखरापुर वहुप्राविधिक शिक्षालयमा अध्ययनरत स्थानीय विद्यार्थी २ जना मात्र रहेको जानकारी प्राप्त । यद्यपि नगरपालिकामा सञ्चालित सुमदायिक माध्यमिक विद्यालयमा प्राविधिक धार कक्षा ( ९-१२ ) सञ्चालनमा नरहेको ।

# ३. परिच्छेद तीन - शिक्षा क्षेत्रको मुख्य उपक्षेत्र

## ३.१. प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१. परिचय

प्रारम्भिक बाल विकास तथा शिक्षा मानव जीवन कै बलियो आधारशीला हो । प्रारम्भिक बाल विकास कै अवस्थामा बालबालिकाहरुको समूचित विकासमा ध्यान दिनु पर्दछ । बालबालिकाको सन्तुलित रुपमा सर्वाङ्गीण विकास गर्न सक्दा मात्र अपेक्षित उपलब्धिहरु हासिल गर्न सहज वातावरण निर्माण हुन्छ । प्रारम्भिक राष्ट्रिय बाल विकास रणनीति २०७७-८८ अनुसार ८ वर्षका बालबालिकालाई प्रारम्भिक बाल विकास र शिक्षाको उमेर समूह भनेर परिभाषित गरेको छ । अर्थात् ८ वर्ष उमेर समूहका बालबालिकाका लागि प्रारम्भिक बाल विकास र शिक्षाको व्याख्या गरेको छ । जसले पूर्व प्राथमिक कक्षा देखि कक्षा तीनसम्मको शिक्षालाई समेट्दछ । अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ र १६ औं योजना २०८१/८२ - २०८६/८७ ले १ वर्षको पूर्वप्राथमिक शिक्षाको व्यवस्था सुनिश्चित गरी शिक्षाको आधार स्तम्भ र औपचारिक शिक्षाको तयारीको रुपमा लिएको छ । त्यसैले कक्षा १ मा भर्ना हुनु पूर्व प्रारम्भिक बाल विकास तथा पूर्व प्राथमिक कक्षाको अनुभव हासिल गरेको मापनका लागि सूचक विद्यालय शिक्षा क्षेत्र योजनामा आबद्ध गरेको छ । प्रारम्भिक बाल विकास शिक्षाका लागि विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा र समुदायमा आधारित बाल विकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । प्रारम्भिक बाल शिक्षा तथा पूर्व प्राथमिक कक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न विभिन्न पृष्ठभूमिका बालबालिकाहरुको सिकाइ आवश्यक्तानुसारको अनूकुल सिकाइ वातावरणका लागि न्यूनतम पूर्वाधार सुनिश्चित गरेर विभिन्न किसिमका कक्षाहरु सञ्चालन हुदै आएका छन् ।

### ३.१.२. वर्तमान अवस्था

यस शंखरापुर नगरपालिकामा २३ वटा सामुदायिक विद्यालयहरु र १८ वटा संस्थागत विद्यालयहरुमा विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षाहरु सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा ( २० जना भन्दा बढी ) थप कक्षा गरी एक वर्षे कक्षाहरु रहेका छन् भने संस्थागत विद्यालयहरुले उमेर समुहका आधारमा तीन वर्षसम्मका कक्षाहरु सञ्चालनमा रहेका छन् । यस पालिका भित्र शैक्षिक सत्र २०८२ मा पूर्व प्राथमिक कक्षाहरुमा सामुदायिक विद्यालयहरुमा ५६२ जना र संस्थागत विद्यालयहरुमा ११५९ जना बालबालिकाहरु भर्ना भई जम्मा १७२१ जना अध्ययनरत छन् । सामदायिक विद्यालय तर्फ लैंगिक सूचाङ्क ०.९२ र संस्थागत विद्यालय तर्फ ०.८५ रहेको देखिन्छ । विद्यार्थी भर्नाको हिसाबले संस्थागत विद्यालयको पूर्व प्राथमिक कक्षामा विद्यार्थीहरु भर्ना गर्न र अध्ययन गराउन अभिभावकहरु आकर्षित भएको देखिन्छ ।

यस नगरपालिकामा जनगणना २०७८ अनुसार ३-५ वर्ष उमेर समूहका बालबालिकाहरु १२४७ जना रहेका थिए भने उक्त समूहको २०८२ मा प्रक्षेपित जनसंख्या ११५६ जना जसमा बालक ६१३ जना र बालिका ५४३ जना पुगेको अनुमान गर्न सकिन्छ । जनसंख्या र विद्यालयमा भर्ना भएको अनुपात हेर्दा विद्यालयमा भर्ना भएको संख्या अत्याधिक देखिन्छ । जसमा सहजै देखिने भर्ना दर १४४.८८ र खुद भर्ना दर ७६.५६ रहेको देखिन्छ । यो नगरपालिका शहरीकरण तर्फ उन्मुख पालिकाको रुपमा रहेकोले केही वडाहरुमा बाह्य जिल्लाका नागरिकहरुले आफ्ना बालबालिकाहरुलाई अध्ययन अध्यापनको रोजाइमा राखी अस्थायी बसोबास गरिरहेका ले पनि जनसंख्या र विद्यालय भर्ना भएका बालबालिकाहरुको संख्या तुलनात्मक

रुपमा बढी रहेको अनुमान गर्न सकिन्छ ।त्यसै गरी बाल विकास एवं पूर्व प्राथमिक कक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने ८४.८ प्रतिशत बालबालिकाहरु भर्ना हुने गरेको अवस्था छ । जसमा १५.२ प्रतिशत बालबालिका सोझै कक्षा १ मा भर्ना हुने गरेको देखिन्छ । सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिका ५६२ जनाका लागि २८ वटा कक्षाहरु सञ्चालनमा रहेका छन् । बाल सहजकर्ता र विद्यार्थी अनुपात १:२२.४८ रहेको देखिन्छ । २० जना भन्दा बढी बालबालिकाहरु भएका ५ वटा विद्यालयहरुमा थप कक्षाहरु सञ्चालनमा रहेको देखिन्छ ।

### ३.१.३. अवसर र चुनौती

यस नगरपालिकामा प्रारम्भिक बाल विकास उमेर समूहका बालबालिकाहरुको समुचित रुपमा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ । एउटा कक्षामा २० जना भन्दा बढी बालबालिकाहरु नरहने गरी व्यवस्थापन गरिएको छ । बाल विकास सहजकर्ताहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था, न्यूनतम पारिश्रमिकलाई ध्यानमा राखी सङ्घीय सरकारबाट प्राप्त सेवा सुविधामा थप गरी स्थानीय सरकारले सुनिश्चित गरेको छ । नगरपालिका भित्र सञ्चालित गैर सरकारी सङ्घ संस्थाहरुलाई परिचालित गरी बाल विकास एव पूर्व प्राथमिक कक्षाहरुको व्यवस्थापन सुधारमा जोड दिइएकोछ ।

बाल विकास शिक्षालाई व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न बाल विकास सहजकर्ताहरुलाई शिक्षकको रुपमा र विद्यालयको संरचना भित्र पूर्व प्राथमिक कक्षालाई सङ्घीय सरकारले नीतिगत रुपमा स्वीकार नगर्नु मुख्य चुनौतीको रुपमा रहेको छ । यसका अलवा बाल विकास सहजकर्ताहरुलाई न्यून तलबमा काम लगाउनु, सबै सजहकर्ताहरुलाई आधारभूत तहको तालिमको व्यवस्था गर्न नसक्नु, सबै विद्यालयहरुमा कक्षा कोठाहरुको व्यवस्थापन न्यूनत्तम मापदण्ड पुरा भएको नहुनु, पर्याप्त शैक्षिक सामग्रीहरुको व्यवस्था नहुनु र हरेक वर्ष अध्यावधिक गर्ने गरी शैक्षिक सामग्रीहरुको लागि स्रोत साधनको व्यवस्थापन गर्न नसक्नु, अभिभावक शिक्षा एवं परामर्श कार्यक्रमलाई अभिभावक तहसम्म पुर्याउन नसक्नु जस्ता चुनौतीहरु रहेका छन् ।

प्रारम्भिक बाल विकास उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि सङ्घीय सरकारले विषयगत मन्त्रालयहरुलाई यथोचित स्रोतसाधनको व्यवस्था सहित जवाफदेहीपूर्ण बनाउने र प्रदेश सरकारले समेत थप स्रोत साधनको व्यवस्था गरी पहिलो प्राथमिकतामा राख्ने एवं स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बाल विकास शिक्षा उमेर समूहका बालबालिकाहरुका लागि आवश्यक पर्ने बाल विकास केन्द्र एवं पूर्व प्राथमिक कक्षाहरुको नक्शाङ्कन गरी समतामूलक पहुँचको सुनिश्चितता हुने गरी व्यवस्थापन गर्ने र सबै बालबालिकाहरुमा बाल विकास पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता पुरा गरी बाल विकास शिक्षा एवं पूर्व प्राथमिक कक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने वातावरणको सुनिश्चित गर्ने गरी नीति तथा कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्नुपर्दछ ।

### ३.१.४. उद्देश्य

- ४ वर्ष उमेर पुरा गरेका बालबालिकाहरुको सर्वाङ्गीण विकास ( संवेगात्मक, मानसिक, सामाजिक, शारीरिक, आध्यात्मिक तथा नैतिक क्षमता ) गरी प्रारम्भिक बाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु ।
- प्रारम्भिक बाल विकास तथा शिक्षा एवं पूर्व प्राथमिक कक्षाको शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

- प्रारम्भिक बाल शिक्षा एव पूर्व प्राथमिक कक्षा १ वर्षको अनुभव सहित शत प्रतिशत कक्षा १ मा भर्ना हुने वातावरण निर्माण गर्नु ।
- प्रारम्भिक बाल विकास शिक्षाका लागि पूर्व प्राथमिक कक्षाहरु अभिभावकहरुको आकर्षणको केन्द्रको रुपमा विकास गर्नु ।

## ३.१.५. रणनीति एवम् कार्यनीति

- प्रारम्भिक बाल विकास तथा पूर्व प्राथमिक शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी सबै बालबालिकाहरुलाई अनिवार्य गर्ने ।
- बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षा एवं पूर्व प्राथमिक कक्षामा भर्ना हुन पाउने अनिवार्य अधिकारको रुपमा स्थापित गर्न स्थानीय तहका कानूनहरु परिमार्जन गर्ने ।
- नगरपालिका भित्रका ३-४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई भर्ना गर्न अभिभावकहरुलाई अनिवार्य गर्ने ।
- सामुदायिक विद्यालयहरुमा २ वर्षे पूर्व प्राथमिक कक्षाको विस्तार गर्ने ।
- बाल विकास सहजकर्ताहरुको निरन्तर रुपमा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।
- प्रारम्भिक बाल विकास तथा शिक्षाका सक्षमताहरु पूर्णरुपमा हासिल गरी १ वर्षको अनुभव सहित कक्षा १ मा शत प्रतिशत भर्ना हुने सुनिश्चित गर्ने ।
- प्रारम्भिक बाल विकास तथा शिक्षा तथा पूर्व प्राथमिक कक्षालाई प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड बमोजिम व्यवस्थापन गर्ने ।
- प्रारम्भिक बाल विकास तथा शिक्षा / पूर्व प्राथमिक कक्षा व्यवस्थापन, कक्षा सजावट र शैक्षिक सामग्री व्यवस्थापन गर्ने ।
- बाल विकास कक्षामा Fun Corner को स्थापना गर्ने ।
- प्रारम्भिक बाल विकासको सन्दर्भमा नियमित रुपमा अभिभावकहरुसँग अन्तरक्रिया छलफल सहित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- नमूना प्रारम्भिक बाल शिक्षा एवं पूर्व प्राथमिक कक्षाहरु विकास गर्ने ।
- बाल विकास सूचकका आधारमा बाल विकास कक्षा एवं पूर्व प्राथमिक कक्षाहरुको अनुगमन गर्ने ।
- बाल विकास सहजकर्ताहरुलाई कार्य सम्पादनका आधारमा पुरस्कृत र थप प्रोत्साहन भत्ता उपलब्ध गराउने ।
- उत्कृष्ट बाल विकास सहजकर्ताहरुलाई माथिल्लो योग्यता हासिल गर्न उच्च शिक्षाका लागि सहयोग गर्ने ।
- नगरपालिका भित्रका क्रियाशील सङ्घ संस्थाहरुलाई प्रारम्भिक बाल विकास तथा शिक्षालाई प्रवर्द्धन गर्न परिचालन गर्ने ।

## ३.१.६. प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- नगरपालिका भित्र नक्शाङ्कनका आधारमा स्तरीय प्रारम्भिक बाल विकास केन्द्र एवं पूर्व प्राथमिक कक्षाहरुको व्यवस्थापन गरी सम्पूर्ण बालबालिकाहरुको भर्नाको अवसर सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

- यस नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयका २३ वटा पूर्व प्राथमिक कक्षाको स्तरोन्नति भई बालमैत्री कक्षाको रुपमा स्थापित हुनेछ ।
- प्रत्येक वडामा १ वटा नमूना प्राथमिक कक्षाको रुपमा विकास हुनेछ ।
- सामुदायिक र संस्थागत विद्यालयहरुमा कार्यरत ४७ जना बाल विकास सहजकर्ताहरुले आधारभूत तहको तालिम प्राप्त गर्नेछन् ।
- ३-४ वर्ष उमेर समूहका सम्पूर्ण बाललबालिकाहरु (शत प्रतिशत) प्रारम्भिक बाल विकास तथा शिक्षा एवं पूर्व प्राथमिक कक्षामा सहभागी हुनेछन् ।

### ३.१.७. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु (हजारमा) | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | घर दैलो कार्यक्रम (भर्ना अभियान) | पटक | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय | पि२ |
| २ | बाल विकास सहजकर्ताको लागि आधारभूत तालिम | पटक | १ | - | - | - | - | १ | २५० | नगरपालिका | पि२ |
| ३ | प्रारम्भिक बाल विकास केन्द्र सवलीकरण (२० प्लस विद्यार्थी भएका कक्षाका लागि ) | वटा | १ | १ | १ | १ | १ | ५ | १२५० | नगरपालिका | पि२ |
| ४ | अभिभावक शिक्षा –वडास्तर | पटक | १ | | १ | | १ | ३ | १५०० | नगरपालिका | पि२ |
| ५ | प्रारम्भिक बाल विकास कक्षा सजावट र सिकाइ कुना व्यवस्थापन (स्थानीय सामग्रीमा आधारित ) | पटक | आवश्यकता अनुसार | | | | | २३ | ५२५ | नगरपालिका र विद्यालय | पि २ |
| ६ | नमूना कार्यसम्पादन बाल सहजकर्ता पुरस्कार एवम् प्रोत्साहन कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | १२५ | नगरपालिका | पि२ |
| ७ | बाल विकास सहजकर्ताको लागि पुनर्ताजगी तालिम | जना | - | ४५ | ४५ | ४५ | ४५ | १८० | १००० | स्थानीय सङ्घ संस्था र नगरपालिका | पि२ |
| ८ | प्रारम्भिक बाल विकास कक्षा/ केन्द्रको स्तर निर्धारण | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | नगरपालिका | पि२ |
| ९ | उच्च शिक्षा अध्ययनका लागि प्रारम्भिक बाल विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहजकर्ता सहयोग / सहुलियत कार्यक्रम | | | | | | | | | | |
| १० | प्रारम्भिक बाल विकास सूचकका आधारमा अनुगमन तथा सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि२ |
| ११ | प्रारम्भिक बाल विकासका नगर सहजकर्ताको तलब एवम् पारिश्रमिक | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३४६५ | नगरपालिका | पि१ |
| १२ | प्रारम्भिक बाल विकास कक्षाका लागि दिवा खाजा कार्यक्रम (थप सहयोग रु ५ एक जना १८० दिन ) | जना | ६०० | ६५० | ७०० | ७५० | ८०० | ३५०० | ३१५० | नगरपालिका | पि १ |
| जम्मा (आन्तरिक स्रोत) | | | २६२३ | २१६८ | २७१३ | २२५८ | २८०३ | | १२५६५ | | |
| १ | प्रारम्भिक बाल विकास कक्षामा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी इकाई लागतका आधारमा अनुदान | जना | ६०० | ६५० | ७०० | ७५० | ८०० | ३५०० | ० | सङ्घीय ससर्त | पि १ |
| २ | प्रारम्भिक बाल विकास कक्षाका लागि दिवा खाजा कार्यक्रम | जना | ६०० | ६५० | ७०० | ७५० | ८०० | ३५०० | ० | सङ्घीय ससर्त | पि १ |
| ३ | प्रारम्भिक बाल विकासका सहजकर्ताको तलब भत्ता अनुदान | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | सङ्घीय ससर्त | पि १ |
| ४ | बाल विकास कक्षाको स्तरोन्नति एवम् सवलीकरण (सिकाइ क्षेत्र सहित) | वटा | १० | १८ | - | - | - | २८ | १४००० | प्रदेश ससर्त र गैसस | पि२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बाल विकास केन्द्र आया साझेदारी कार्यक्रम (पारिश्रमिक र पोशाक) | जना | २८ | २८ | २८ | २८ | २८ | १४० | १९६०० | गैसस र पालिका | पि २ |
| जम्मा (बाह्य स्रोत ) | | | ८९२० | १२९२० | ३९२० | ३९२० | ३९२० | | ३३६०० | | |
| कुल जम्मा | | | ११५४३ | १५०८८ | ६६३३ | ६१७८ | ६७२३ | | ४६१६५ | | |

## ३.२. आधारभूत शिक्षा

### ३.२.१. परिचय

शिक्षा मानव विकासको महत्वपूर्ण आधार हो । हरेक देशले आफ्नो देश भित्र विभिन्न कानूनहरुको माध्यमबाट शिक्षाको व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरेको हुन्छ । नेपालमा मौलिक हकको रुपमा शिक्षालाई आत्मसात गरी नेपालको संविधानमा मौलिक हक धारा ३१ मा स्पष्ट व्यवस्था गरेको छ । त्यसैगरी राज्यका नीतिहरुमा समेत शिक्षालाई प्राथमिकता दिइएको छ । तीन तहको सरकारको अधिकारहरुमा पनि शिक्षालाई संयुक्त अधिकारको रुपमा रहने गरी व्यवस्था गरेपनि अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको रुपमा आधारभूत तथा माध्यमिक तहको शिक्षाको व्यवस्था गरेको छ । संविधानमा भएको व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्थापनको वारेमा उल्लेख गरिएको छ । त्यस्तै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ जारी गरी आधारभूत तहको शिक्षाको सन्दर्भमा अनिवार्य तथा निःशुल्क हुनु पर्ने कुरा स्पष्टरुपमा व्यवस्था गरेको छ । उक्त ऐनले नेपाल सरहद भित्रका ५-१२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरु आधारभूत तहको शिक्षा प्राप्त गरेको हुने सुनिश्चितता गरेको छ । ऐनमा भएको व्यवस्थालाई कार्यान्वयनमा सहजता प्रदान गर्न अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ जारी गरिएको छ । उक्त ऐन,र नियमावलीले तीनै तहको सरकारको भूमिका स्पष्ट गरेको छ । आधारभुत तहको शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने व्यवस्था गरेको छ । फलतः आधारभूत तहको शिक्षाको व्यवस्थापन स्थानीय तहको पहिलो प्राथमिकता रहेको छ । संविधानमा भएको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्नु, शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच सुनिश्चित गर्नु, शिक्षालाई गुणस्तरीयता प्रदान गर्नु अपरिहार्य रहेको छ ।

### ३.२.२. वर्तमान अवस्था

यस शंखरापुर नगरपालिकाले आधारभूत तहको शिक्षालाई संविधान प्रदक्त मौलिक हकको व्यवस्थालाई कार्यान्वयन गर्न एवं अनिवार्य तथा निःशुल्क शिक्षा ऐन,२०७५ को व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न विभिन्न संयन्त्रहरु परिचालन गरेको छ । विशेष गरी २३ वटा सामुदायिक र १८ वटा संस्थागत विद्यालयहरु क्रियाशील रहेका छन् । २३ वटा सामुदायिक विद्यालयहरुमध्ये पूर्व प्राथमिक कक्षा देखि कक्षा ८ सम्म अध्ययन अध्यापन हुने १३ वटा र अन्य १० वटा विद्यालयहरुमा कक्षा ५ सम्म अध्ययन अध्यापन हुने व्यवस्था रहेको छ । संस्थागत तर्फ १० वटा विद्यालयहरुमा पूर्व प्राथमिक कक्षा देखि कक्षा ८ सम्म र ८ वटा विद्यालयहरुमा पूर्व प्राथमिक कक्षा देखि कक्षा ५ सम्म अध्ययन अध्यापन हुने व्यवस्था छ ।

यस नगरपालिका भित्र २३ वटा सामुदायिक विद्यालयमा आधारभूत तहको १४४ वटा कक्षाहरु सञ्चालित छन् । जसमा कक्षा १-५ मा १०३ जना र कक्षा ६-८ मा ३८ जना शिक्षक गरी जम्मा १४१ जना कार्यरत रहेको देखिन्छ । विद्यालयहरुमा सञ्चालित कक्षाका आधारमा शिक्षक संख्या पर्याप्त रहेको देखिन्छ ।

शैक्षिक सत्र २०८२ मा ७५८१ बालबालिकाहरु विद्यालय शिक्षामा समावेश भएका छन् । जसमा सामुदायिक तर्फ ३३०२ जना र संस्थागत तर्फ ४२७९ बालबालिकाहरु सहभागी छन् । छात्राहरुको सहभागिता सामुदायिक विद्यालय तर्फ ५१.६३ र संस्थागत विद्यालय तर्फ ४५.८७ प्रतिशत रहेको छ । आधारभूत तहमा सामुदायिक विद्यालयमा २४६१ जना र संस्थागत विद्यालयमा २९७५ जना अध्ययनरत छन् । उक्त तहमा छात्रा सहभागिता सामुदायिक विद्यालय तर्फ ४९.५२ अर्थात् लैंगिक सूचक १.०९ र संस्थागत

विद्यालय तर्फ ४६.४३ प्रतिशत सहभागिता अर्थात् लैंगिक सूचक ०.८६ रहेको छ । समग्रमा आधारभूत तहमा लैंगिक सूचक ०.९३ रहेको छ ।

यस नगरपालिकाको जनसंख्या २०७८ को जनगणना अनुसार २९३१८ जसमा महिला १४४३३ र पुरुष १४८८५ जना रहेकोमा २०८२ मा प्रक्षेपित जनसंख्या ३०५५४ जसमा महिला १५५७९ र पुरुष १४९७५ जना रहेको अनुमान गरिएको छ । २०७८ को जन गणना अनुसार विद्यालय (आधारभूत तह) ५-१२ वर्ष उमेर समूहको जनसंख्या ३५८२ जना जसमा बालिका १८५८ जना र बालक १७२४ जना रहेका छन । २०८२ मा प्रक्षेपण अनुसार ३४९७ जना जसमा बालिका १८०७ जना र बालक १६९० जना रहेका छन । शैक्षिक सत्र २०८२ मा विद्यालयमा ४४१५ जना भर्ना भई अध्ययनरत रहेका छन । जसमा छात्रा २१३० जना र छात्र २२८५ जना रहेका छन । यसरी आधारभूत तहमा सहजै देखिने भर्ना दर १२६.२५ र खुद भर्ना दर ९३.७१ रहेको देखिन्छ । फलतः यस नगरपालिकामा आधारभूत तहको विद्यालय शिक्षामा बाहिर जिल्लाका नागरिकहरुको संलग्नता उल्लेखीय रुपमा रहेको देखिन्छ । यसका अतिरिक्त नगरवासीहरुको शिक्षामा सहज पहूँच रहेको र लैंगिक समताको सूचक पनि राम्रै रहेको देखिन्छ ।

शैक्षिक सत्र २०८१ को आधारमा शैक्षिक उपलब्धिको विश्लेषण गर्दा कक्षा ८ को वार्षिक परीक्षाको नतिजा औषत GPA २.७३ रहेको छ भने संस्थागत विद्यालय तर्फ ३.२३ र सामुदायिक विद्यालय तर्फ २.४० रहेको छ । त्यसैगरी कक्षा १-५ मा कक्षा दोहोर्याउने दर ५.५ र कक्षा छाड्ने दर ६.१ रहको छ । यस पालिकाका सामुदायिक विद्यालयहरुको शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न तल्ला कक्षाहरुको व्यवस्थापन र शिक्षकहरुको क्षमता विकास लगायत शैक्षिक गुणस्तर सुधारमा थप कार्य गर्नु पर्ने देखिन्छ ।

### ३.२.३. अवसर र चुनौती

आधारभूत तहको शिक्षामा विद्यार्थी भर्नाको अवस्था राम्रो देखिएको छ । विद्यालय शिक्षामा आफ्ना नानीवावुलाई भर्ना गर्न अभिभावकहरु सचेत भएको देखिन्छ । यसबाट नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चित भएको पालिका घोषणा गर्न सकिने अवस्थामा रहेको देखिन्छ । यसका लागि सूक्ष्म रुपमा घरधुरी सर्वेक्षणबाट तथ्याङ्क विश्लेषण गरी घोषणा प्रक्रिया अघि वढाउन उपयुक्त देखिन्छ। विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या पर्याप्त रहेको देखिन्छ ।

कार्यरत शिक्षकहरु न्यूनत्तम शैक्षिक योग्यता भन्दा उपल्लो तहको शैक्षिक योग्यता हासिल भएको हुनु, सबै शिक्षकहरु तालिम प्राप्त हुनु, सामुदायिक विद्यालयको सवल पक्षको रुपमा लिन सकिन्छ । आधारभूत तहमा शिक्षकसंख्या पर्याप्त भए पनि कक्षा ६-८ का शिक्षकहरु विषयगत रुपमा व्यवस्था नहुनु र संख्यात्मकरुपमा विद्यालय संख्या संस्थागत भन्दा सामुदायिक बढी भए पनि विद्यार्थी संख्या संस्थागत तर्फ बढी हुनु चुनौतीपूर्ण रहेको छ । मुलतः भर्ना भएका बालबालिकाहरुलाई टिकाइ राख्ने, सामुदायिक विद्यालय प्रति अभिभावकहरुको भरोसा बढाउन नसक्नु, सामुदायिक विद्यालयहरुमा प्रभावकारी सिकाइ व्यवस्थापन गर्न नसक्नु, बालमैत्री र प्रविधिमैत्री कक्षा वनाउन नसक्नु, विद्यार्थीको रुची, चाहना र क्षमता अनुसार शिक्षण सिकाइमा सहजता कायम गर्न नसक्नु, नगरका केही वडाहरु शहरीकरण तर्फ उन्मुख भइरहेको सन्दर्भमा जनघनत्वको आधारमा विद्यालय पुनर्वितरण हुन नसक्नु, सुशासनको प्रत्याभूति दिन नसक्नु जस्ता आधारभूत तहका समस्या एवं चुनौतीको रुपमा रहेका छन् ।

### ३.२.४. उद्देश्य

- प्रारम्भिक बाल विकास कक्षा र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी गुणस्तर कायम गर्नु ।
- शिक्षकहरुको क्षमता विकासको क्रममा समसामयिक परिस्थितिमा शिक्षण कला सीपलाई अध्यावधिक गरी बालबालिकाहरुमा सिकाइलाई जीवन्त बनाउन सहयोग गर्नु ।

### ३.२.५. रणनीति एवम् कार्यनीति

- समतामूलक र समावेशी पहुँच सुनिश्चित गरी आधारभूत तहमा शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने ।
- विद्यालय शिक्षा बाहिर रहेका बालबालिकाहरुको विवरण अध्यावधिक गरी विद्यालय भर्नामा जोड दिन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालयमा मापदण्ड बमोजिम कक्षा र विषयगत न्यूनतम शिक्षकको सुनिश्चित गर्ने ।
- न्यूनतम सिकाइ सक्षमता कायम गर्न आवधिक रुपमा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
- आन्तरिक मूल्याङ्कन पद्धतिलाई वस्तुनिष्ट, विश्वसनीय र वैधता कायम गर्न शिक्षकहरुको क्षमता विकासमा जोड दिने ।
- कक्षा ३ सम्मको शिक्षण सिकाइलाई कक्षा शिक्षण गर्ने ।
- विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको व्यवस्थापन गर्ने ।
- कक्षा ३ सम्मको एकीकृत पाठ्यक्रमले निर्दिष्ट गरेका व्यवहार कुशल सीपहरुलाई प्राथमिकतामा राखी शिक्षण सिकाइ क्रियाकलापहरुलाई बढावा दिन शिक्षकहरुको क्षमता विकास गर्ने ।
- विद्यार्थीहरुको सिकाइमा सहयोग गर्न अतिरिक्त कक्षा एवं उपचारात्मक शिक्षणका लागि आवश्यक वातावरण निर्माण गर्ने ।
- विद्यार्थीहरुको पोषण र स्वास्थ्यमा सुधार ल्याउन दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- अभिभावक परामर्श कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।
- विद्यालयमा बालमैत्री, प्रविधिमैत्री र सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने ।
- शिक्षण सामग्रीमा आधारित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिने ।
- अपाङ्गता भएका बालबालिकाहरुका लागि सहायक शिक्षक/सामग्रीको व्यवस्था गर्ने ।
- मातृभाषामा आधारित वहुभाषिक शिक्षामा जोड दिने ।
- विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालनमा जोड दिने ।
- सञ्चालित विद्यालयहरु मध्ये विद्यालयहरुलाई नूमना विद्यालयको रुपमा सञ्चालन गर्ने ।
- शिक्षकका पेशागत विकासका लागि मागमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।
- असल अभ्यास कार्यान्वयन भएका विद्यालयहरुको अवलोकन भ्रमण प्र.अ एवं शिक्षकहरुलाई गराउने ।
- निजी सामुदायिक विद्यालय बीचको अन्तरक्रिया तथा सहकार्य गरी शिक्षाको गुणस्तर अभिवृद्धिमा जोड दिने ।

- उच्च सिकाइ र न्यून सिकाइ उपलब्धि हासिल गर्ने विद्यालय बीच सहकार्यका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- शिक्षण पेसाप्रति दक्ष व्यक्तिहरुको प्रवेशका लागि आकर्षण गर्न थप प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयको थप विकासको सन्दर्भमा नियमित रुपमा अभिभावकहरुसँग छलफल अन्तरक्रिया गर्ने ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरुको क्षमता विकास गर्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालय सुशासन तथा वित्तीय अनुशासनका लागि Clean विद्यालय घोषणा गर्ने कार्यको थालनी गर्ने ।

## ३.२.६. प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क भई सबैको पहुँच र सहभागिता सुनिश्चित र गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

- प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा शत प्रतिशत भर्ना भएको हुनेछ ।
- आधारभूत तहको खुद भर्ना दर (NER) शत प्रतिशत र कक्षा दोहोर्याउने र कक्षा छाड्ने दरमा न्यूनीकरण भएको हुनेछ ।
- कक्षा १-३ को पाठ्यक्रममा निर्दिष्ट व्यवहार कुशल सीपहरुलाई सिकाइ क्रियाकलापहरुमा एकीकृत गरी कार्यान्वयन भएको हुनेछ ।
- विद्यार्थीहरुको सिकाइ उपलब्धि औषत रुपमा हासिल भएको हुनेछ ।
- कक्षा ६-८ मा कम्तीमा अंग्रेजी, गणित र विज्ञान शिक्षकको व्यवस्था भएको हुनेछ ।
- विद्यालयमा बालमैत्री, प्रविधिमैत्री र सुरक्षित सिकाइ वातावरणमैत्री भएको हुनेछ ।
- शिक्षकहरु मागमा आधारित तालिम प्राप्त हुनेछन् ।
- विद्यालयमा पौष्टिक र स्वस्थ दिवा खाजाको प्रबन्ध भएको हुनेछ ।
- विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि विद्यालयमा साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन भएको हुनेछ ।

## ३.२.७. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु (हजारमा) | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | विद्यार्थी भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय | पि २ |
| २ | विद्यालय वाहिर रहेका बालबालिकालाई भर्ना र टिकाउ कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि २ |
| ३ | जोखिम वा असुरक्षित रहेका बालबालिका सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि२ |
| ४ | प्रचलित मापदण्ड अनुसार शिक्षक पदस्थापन एवम् व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ० | नगर पालिका | पि१ |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (कक्षा ३,५ र ८) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका | पि१ |
| ६ | कक्षा १-३ मा अध्यापनरत शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम कार्यान्वयन क्षमता विकास तालिम (पोर्टफोलियो व्यवस्थापन समेत ) | पटक | १ | १ | १ | १ | १ | ५ | १५०० | नगर पालिका | पि१ |
| ७ | विषयगत शिक्षकहरुको मागमा आधारित क्षमता | पटक | १ | १ | १ | १ | १ | ५ | ३००० | नगर पालिका | पि१ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु (हजारमा) | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| | विकास कार्यक्रम (विषयगत) | | | | | | | | | | |
| ८ | मातृभाषामा आधारित बहुभाषिक शिक्षण तालिम (कक्षा १-५) | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | नगर पालिका | पि२ |
| ९ | सूचना प्रविधि सामग्रीको व्यवस्थापन एवम् स्मार्ट कक्षा सञ्चालन कार्यक्रम | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ७५०० | नगरपालिका | पि२ |
| १० | बालमैत्रीयुक्त कक्षा कोठा व्यवस्थापन (कक्षा १-३) | कक्षा | १२ | १२ | १५ | १५ | १५ | ६९ | ६९०० | नगरपालिका | पि१ |
| ११ | विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन - नगरस्तरीय प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगर पालिका | पि२ |
| १२ | दिवा खाजा थप अनुदान (कक्षा १-५) (प्रति एक रु ५ प्रति १८० दिनका लागि) | जना | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | १८०० | नगरपालिका | पि१ |
| १३ | नैतिक र संस्कार शिक्षा सहित स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री परिमार्जन | पटक | १ | - | १ | - | १ | ३ | ४५० | नगरपालिका | पि२ |
| १४ | अभिभावक शिक्षा एवम् अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि२ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु (हजारमा) | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १५ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | गैसस र नपा | पि२ |
| १६ | 'लगानी पालिकाको – सुरक्षा एवम् सिकाइ अवसर (विपन्न एवम् लक्षित) बालबालिकाको' - अर्थात<br>विपन्न बालबालिकाको लागि ड्रेस , स्टेशनरी सामग्री सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | गैसस सङ्घ/संस्था र नगरपालिका | पि१ |
| १७ | विद्यालयस्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन सहयोग – विद्यार्थी मूल्याङ्कन सुधार कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ६२५० | नगर पालिका | पि१ |
| १८ | विद्यालय सञ्चालन र व्यवस्थापन सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | २२५० | नगर पालिका | पि१ |
| १९ | विद्यार्थी प्रतिभा पहिचान - ४ विधा / क्षेत्र | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | नगर पालिका | पि२ |
| २० | उत्कृष्ट शिक्षक पुरस्कार र सम्मान कार्यक्रम - नगरस्तरीय परीक्षा (BEE) | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगर पालिका | पि२ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु (हजारमा) | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| २१ | उत्कृष्ट विद्यार्थी पुरस्कार र सम्मान कार्यक्रम – नगरस्तरीय परीक्षा (BEE) | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगर पालिका | पि२ |
| २२ | कक्षागत विषयगत सिकाइ उपलब्धि विश्लेषण र पृष्टपोषण कार्यक्रम – पालिकास्तर | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ४५० | नगर पालिका | पि१ |
| २३ | NG सुन्यअभियान – BEE फोकस Booster / Treatment / Support Class | पटक | विद्यालय | १३ | १३ | १३ | १३ | ६५ | १६२५ | नगर पालिका | पि२ |
| २४ | शैक्षिक गुणस्तर सुधारका लागि सिकाइ अनुभव विनिमय एवम् निजी र सामुदायिक विद्यालयहरु बीच अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका | पि२ |
| २५ | उच्च सिकाइ र न्यून सिकाइ हासिल गर्ने विद्यालयहरुका बीच सहकार्य – सामुदायिक तर्फ | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका | पि२ |
| २६ | प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP) | निरन्तर | निरन्तर | | | | | | २५०० | गैसस र नगरपालिका | पि२ |
| जम्मा (आन्तरिक स्रोत) | | | ९३७५ | ९२२५ | ९६७५ | ९५२५ | ९६७५ | | ४७४७५ | | |
| १ | विद्यार्थी दिवा खाजा कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | ४५००० | सङ्घ सरकार | पि१ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु (हजारमा) | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| २ | विद्यालय सञ्चालन र व्यवस्थापन खर्च | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | ७५ | १२५० | सङ्घ सरकार | पि१ |
| ३ | शिक्षण सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत (१-५) | पटक | १ | १ | १ | १ | १ | ५ | ४७५० | सङ्घीय सरकार | पि१ |
| ४ | शिक्षण सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत (६-८) | पटक | १ | १ | १ | १ | १ | ५ | १८७५ | सङ्घीय सरकार | पि१ |
| ५ | निः शुल्क पाठ्यपुस्तकको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ११६१० | सङ्घीय सरकार | पि१ |
| ६ | शिक्षकको तलब भत्ता र पोशाक खर्च | जना | १५० | १५० | १५० | १५० | १५० | ७५० | ५१७५५० | सङ्घीय सरकार | पि१ |
| जम्मा बाह्यस्रोत | | | ११६४०७ | ११६४०७ | ११६४०७ | ११६४०७ | ११६४०७ | | ५८२०३५ | | |
| कुल जम्मा | | | १२७३३७ | १२७३३७ | १२७३३७ | १२७३३७ | १२७३३७ | | ६३६६८५ | | |

## ३.३. माध्यमिक शिक्षा

### ३.३.१. परिचय

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हकका रूपमा व्यवस्था गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) तथा दिगो विकास लक्ष्य (SDG—४) ले माध्यमिक शिक्षामा पहुँच, गुणस्तर, समता र सान्दर्भिकता सुनिश्चित गर्ने नीतिगत दिशानिर्देश गरेका छन् । माध्यमिक तहको शिक्षाका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार जिम्मेवार हुने गरी तीनै तहका सरकारको साझा सूचीमा राखिएको छ । यद्यपि माध्यमिक तहसम्मको विद्यालय शिक्षाको व्यवस्थापनको जिम्मेवारी भने स्थानीय सरकारलाई सुम्पेको कुरा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले स्पष्ट गरेको छ ।

आधारभूत शिक्षा प्राप्त गरिसकेका बालबालिकाका लागि कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । यस तहको शिक्षाले मानवीय मूल्यका साथै भाषा, कला , संस्कृति, विज्ञान र प्रविधि क्षेत्रमा आधारभूत मूल्य मान्यताको ज्ञान, सीप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको हुन्छ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीपसहितको नागरिक विकास गर्ने शिक्षा पनि हो । यस तहको शिक्षाले उच्च शिक्षाका लागि आधार पनि तयार गर्छ । माध्यमिक तहको शिक्षा साधारण धार, संस्कृत धार र प्राविधिक धारको हुने व्यवस्था गरिएको छ ।

माध्यमिक शिक्षालाई गुणस्तरीय, समावेशी र जीवनोपयोगी बनाउने स्पष्ट नीतिसँग सामञ्जस्य कायम गर्दै नगरपालिकाको स्थानीय परिवेशमा विद्यार्थीको सिकाइ उपलब्धि सुदृढीकरण, विषयगत दक्षता विकास तथा प्रविधिमैत्री शिक्षण-सिकाइ सुनिश्चित गर्नु आजको अवश्यकता हो ।

### ३.३.२. वर्तमान अवस्था

ग्रामीण क्षेत्रको बाहुल्य रहेको यस नगरपालिकामा ९ वडा रहेका छन् । सबै वडामा बसोबास गर्ने माध्यमिक तह उमेर समूहका बालबालिकाहरुको लागि उनीहरुको आफ्नै घर आँगन एवम् पायक पर्ने स्थानमा १७ वटा माध्यमिक विद्यालय सञ्चालन रहेका छन् । फलस्वरुप विद्यालय उमेरका बालबालिकाहरुले कक्षा ९ देखि १२ सम्मको शिक्षा प्राप्त गरेका छन् । सामुदायिक तथा संस्थागत विद्यालयको रुपमा सञ्चालित विद्यालयहरुले नगरको आधारभूत मानव पूँजी विकासको मेरुदण्डका रूपमा शिक्षा प्रदान गरिरहेका छन् । नगरपालिकाले माध्यमिक तहको शिक्षालाई सहज र सुलभ रुपमा प्रदान गर्ने क्रममा भए गरेका संस्थागत प्रबन्ध र विद्यार्थी सहभागिताको स्थितिलाई विश्लेषण सहित यहाँ प्रस्तुत गरेको छ ।

**<u>सञ्चालित शिक्षण संस्था र विद्यार्थी प्रवाह स्थिति</u>**

शंखरापुर नगरपालिका भित्र रहेका माध्यमिक शिक्षा तह अध्यापन हुने सामुदायिक विद्यालय ८ वटा मध्ये कक्षा ९-१२ अध्यापन हुने विद्यालय ५ तथा संस्थागत विद्यालय ९ मध्ये कक्षा ९-१२ सम्म अध्यापन हुने विद्यालय १ रहेको छ भने कक्षा ९-१० सम्म अध्यापन हुने सामुदायिक विद्यालय ३ र संस्थागत विद्यालय ८ रहेका छन् ।

| किसिम | सञ्चालित कक्षा | सख्या | कैफियत |
|---|---|---|---|
| सामुदायिक | १-१० | ३ | |
| | १-१२ | ५ | |
| | जम्मा | ८ | |

| | | | |
|---|---|---|---|
| संस्थागत | १-१० | ८ | शैक्षिक गुठी ४<br>(निजी - २ र सार्वजनिक — २) |
| | १-१२ | १ | |
| | जम्मा | ९ | |
| | कुल जम्मा | १७ | |

पछिल्ला वर्षहरूमा सामुदायिक विद्यालय विद्यार्थी भर्नादरमा क्रमिक सुधार देखिए पनि गुणस्तर, पहुँच र समावेशिताका दृष्टिले अपेक्षित सुधार गर्न सकिएको छैन

| **किसिम** | **कक्षा ९-१०** | % | **कक्षा ११-१२** | % | **कक्षा ९- १२** | % |
|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | **४७५** | ४९.५८ | **३६६** | ७५.१५ | ८४१ | ५८.२० |
| संस्थागत विद्यालय | ४८३ | ५०.४२ | १२१ | २४.८५ | ६०४ | ४१.८० |
| जम्मा | ९५८ | | ४८७ | | १४४५ | |

तहगत एवम् कक्षागत उत्तीर्णदर , कक्षा छाड्ने दर र सिकाइ उपलब्धि दर

| तह /कक्षा | कक्षा १०-SEE(२०८१) | | | | कक्षा १०–SEE( २०८२) | | | | कक्षा १२ -SLC (२०८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नन् ग्रेडेड | ग्रेडेड | जम्मा | ३.६ GPA भन्दा माथि | नन् ग्रेडेड | ग्रेडेड | जम्मा | ३.६ GPA भन्दा माथि | नन् ग्रेडेड | ग्रेडेड | जम्मा | ३.६ GPA भन्दा माथि |
| संस्थागत | ६ | १८९ | १९५ | ६६ | २ | २२३ | २२५ | १०२ | ० | ६३ | ६३ | ३६ |
| सामुदायिक | ९१ | १२१ | २१२ | १७ | १८ | १७४ | १९२ | १९ | ३० | १६४ | १९४ | १० |
| जम्मा | ९७ | ३१० | ४०७ | ८३ | २० | ३९७ | ४१७ | १२१ | ३० | २२७ | २५७ | ४६ |
| प्रतिशतमा | २३.८३ | ७६.१७ | | २०.३९ | ४.८ | ९५.२ | | २९.०१ | ११.६७ | ८८.३२ | | १७.८९ |

माध्यमिक शिक्षा परीक्षाको नतिजालाई हेर्दा नन्ग्रेडेड करिब २४ % रहेको छ । यो प्रतिशत सामान्य होइन अर्थात् शैक्षिक क्षतिको मात्रा अधिक भएकोले तत्काल सम्बोधन र सुधार गर्न आवश्यक अनिवार्य देखिन्छ ।

**माध्यमिक तह शिक्षक विद्यार्थी अनुपात : सामुदायिक तर्फ**

| कक्षा ९-१० | | | कक्षा ११- १२ | | | कक्षा ९-१२ | | |
|---|---|---|---|---|---|---|---|---|
| शिक्षक | विद्यार्थी | अनुपात | शिक्षक | विद्यार्थी | अनुपात | शिक्षक | विद्यार्थ | अनुपात |
| ३९ | **४७५** | १:१२ | १० | **३६६** | १: ३६ | ४९ | ८४१ | १ : १७ |

शिक्षक विद्यार्थी औषत अनुपात १ : १७ रहेको छ । यद्यपि सबै विद्यालयमा शिक्षक दरबन्दी विषयगत शिक्षकको समानुपातिक वितरण हुन आवश्यक देखिन्छ । कक्षा ११-१२ मा शिक्षक विद्यार्थी अनुपात तुलनात्मक रुपमा अधिक रहे पनि (१: ३०<३६ ) कक्षा ९-१२ लाई हेर्दा शिक्षक विद्यार्थी अनुपात स्वभाविक नै देखिन्छ । न्यूनतम दैनिक पिरियड वा कक्षा र शिक्षकको अनुपातलाई हेर्दा प्रअले समेत दैनिक २/३ पिरियड कक्षाको जिम्मेवारी लिन पर्ने विद्यमान अवस्था रहेको छ ।

लैङ्गिकताको आधारमा विद्यार्थी सहभागिता

| लैङगिक प्रकार | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ९-१० | कक्षा ११-१२ | कक्षा ९-१२ | कक्षा ९-१० | कक्षा ११-१२ | कक्षा ९-१२ | कक्षा ९-१० |
| छात्रा | २६४ | २०७ | ४७१ | २२३ | ४१ | २६४ | ४८७ |
| छात्र | २११ | १५९ | ३७० | २६० | ८० | ३४० | ४७१ |
| जम्मा | ४७५ | ३६६ | ८४१ | ४८३ | १२१ | ६०४ | ९५८ |
| छात्रा (प्रतिशत) | ५५.५७ | ५६.५५ | ५६.०० | ४६.१६ | ५१.२५ | ४३.७० | ५०.८३ |

नगरपालिकामा छात्राको सहभागिता छात्र भन्दा बढी रहेको देखिन्छ, जुन राष्ट्रिय औषत भन्दा निकै राम्रो अवस्था हो । यो सूचकले लैङ्गिक समताको दृष्टिले शंखरापुर नगरपालिका उदाहरणीय अवस्थामा रहेको मान्न सकिन्छ ।

शिक्षकमा कक्षा कोठा ICT प्रयोग सीप , प्रयोगशाला, पुस्तकालय तथा परामर्श सेवाको सुविधा विद्यालयहरूबीच असमानता देखिन्छ । गरीबी तथा विपन्न परिवार, दैनिक श्रम निर्भरता , छिटो विवाह र प्रविधिमा सीमित पहुँचका कारण केही विद्यार्थी विद्यालय छोड्ने (Dropout) जोखिममा रहेका छन् । नगरपालिकाभित्र सञ्चालित माध्यमिक विद्यालयहरूमा भौतिक पूर्वाधार, शिक्षक जनशक्ति तथा विद्यार्थी भर्नामा सुधार देखिए तापनि सिकाइ उपलब्धि, उत्तीर्ण दर र व्यवहारिक सीप विकास सन्तोषजनक अवस्थामा छैन । शंखरापुर नगरपालिकाले आधारभूत तथा निशुल्क शिक्षाको प्रत्याभूति दिन कक्षा ११ तथा १२ मा निःशुल्क भर्ना प्रति विद्यार्थी अनुदानको व्यवस्था गरेको छ । शंखरापुर नगरपालिकामा विद्यार्थी—शिक्षक अनुपात राष्ट्रिय औसत भन्दा निकै राम्रो रहेको छ, जसले कक्षा व्यवस्थापन, व्यक्तिगत सिकाइ गुणस्तर सुधार का लागि अनुकूल अवस्था रहेको देखाउँछ । शंखरापुर नगरपालिकामा माध्यमिक शिक्षाको गुणस्तर सुधारका लागि आधारभूत संरचना राम्रो भए पनि, अब निरन्तरता, पूर्णता र पहुँच विस्तार केन्द्रित हुन आवश्यक देखिन्छ ।

### ३.३.३. अवसर

- नगरपालिकाका सबै माध्यमिक विद्यालयहरूको भौतिक अवस्था राम्रो रहेको
- माध्यमिक र आधारभूत विद्यालयहरूसँगको समन्वय र राम्रो सम्बन्धका कारण विद्यालयका गतिविधिमा आपसी सञ्चार र सुधार गर्नुपर्ने पक्षमा विद्यालयहरू स्वप्रेरित भएको अथवा लिडर फिडर स्कुलको अवधारणा विकसित भएको
- वडास्तरीय अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन हुने गरेको
- खेलकुद सम्बन्धी कार्यक्रम जस्तै : राष्ट्रपति रनिङशिल्ड समयमै सम्पन्न हुने गरेको
- कक्षा ११ र १२ को लागि निःशुल्क भर्नाको व्यवस्था गरिएको
- नगर शिक्षक र कर्मचारीको व्यवस्थाका लागि थालनी गरिएको
- अन्तर विद्यालय असल अभ्यास आदन प्रदानको वातावरण विकास भएको
- प्रसुति अवधिमा सिकाइ निरन्तरताको व्यवस्था भएको
- उच्च सिकाइ उपलब्धि एवम् ग्रेडस्तर हासिल गरेका विद्यालयलाई प्रोत्साहन गरिएको
- शिक्षकको पेशागत विकासमा सहभागिताको अवसर प्रदान गरिएको

### ३.३.४. समस्या र चुनौती

**समस्या**

- विज्ञान प्रयोगशाला तथा ICT ल्याबको कमीले नविनतम शैक्षणिक प्रविधिबाट शिक्षण सिकाइ नहुनु
- विद्यार्थीहरू नियमित रुपमा विद्यालयमा उपस्थित नहुनु
- सबै शिक्षकमा नयाँ नयाँ शैक्षणिक प्रविधिको बारेमा जानकारी कम हुनु
- विषयगत शिक्षकको कमीले पठनपाठन र विद्यार्थीहरूको अपेक्षित शैक्षिक उपलब्धिमा हासिल हुन नसक्नु
- अभिभावकले आफ्ना बालबालिकाहरूको शैक्षिक उपलब्धिको बारेमा कम चासो दिनु
- विद्यालयहरूमा नियमित अनुगमन तथा निरीक्षण हुन नसक्नु
- मोबाइल लगायत आधुनिक प्रविधिलाई विद्यार्थीको पठन पाठनसँग जोड्न नसक्नु
- दैनिक पठनपाठनमा व्यवहारिक ज्ञान र सीप अर्थात् व्यवहार कुशल सीपलाई एकीकरण गर्न नसक्नु
- परम्परागत शिक्षण ढाँचामा अपेक्षाकृत सुधार गर्न नसकिनु

**चुनौती**

- बालबालिकाको सहभागिता तथा कक्षा छाड्ने दर उच्च
- विद्यालयमा भय, विभेद, दुर्व्यवहारमुक्त, बालमैत्री, लैङ्गिकमैत्री सिकाइ वातावरण
- अपाङ्गता/समावेशी संरचना, बालबालिकाको सुरक्षा तथा आपत्कालीन अवस्थामा सिकाइको सुनिश्चितता
- शिक्षक क्षमता विकास, प्रविधिमा पहुँचको असमानता तथा विद्यार्थीको सिकाइ प्रेरणात्मक र वृत्ति निर्देशन
- विद्यालय सञ्चालन व्यवस्थापन तथा कर्मचारी व्यवस्थापन र प्र.अ. प्रोत्साहन लगायत समयसापेक्ष बजेटको बढोत्तरी
- सामाजिक आर्थिक र भौगोलिक असमानताका कारण पहुँच र सिकाइमा अन्तर, माध्यमिक तहमा ड्रपआउट र शिक्षक क्षमता
- आधुनिक शिक्षण विधि र ICT को कक्षाकोठामा प्रभावकारी प्रयोग

### ३.३.५. उद्देश्य

- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु
- माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच , सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
- सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु
- शिक्षकको विषयगत, शिक्षण विधि तथा प्रविधिगत क्षमता विकास गरी गुणस्तरीय शिक्षण सिकाइ प्रवर्द्धन गर्नु
- व्यवहार कुशल सीपलाई विद्यार्थीको सिकाइसँग आबद्ध गरी व्यवहारिक सीप हासिल गर्नु

### ३.३.६. रणनीति

- सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्न विद्यालयमा निष्पक्ष प्रवेश प्रणाली लागू गर्ने
- शिक्षक, विद्यार्थी र अभिभावकबीच सकारात्मक र सहयोगी सम्बन्ध निर्माण गर्ने

- विद्यालयका भवन, कक्षाकोठा, शौचालय तथा अन्य भौतिक सुविधाहरू अपाङ्गमैत्री, लैङ्गिक मैत्री, बालमैत्री अनुकुल हुने गरी सुधार तथा निर्माण गर्ने
- शिक्षक र विद्यालय कर्मचारीहरूलाई समावेशी तथा बालमैत्री शिक्षण विधि तथा क्रियाकलापहरूमा नियमित तालिम दिइने
- शारीरिक, मानसिक र भावनात्मक रूपमा सुरक्षित र सहयोगी विद्यालय वातावरण विकास गर्ने ।
- गरीब र असमर्थ समुदायहरूका विद्यार्थीहरूको लागि आर्थिक अथवा भौतिक सहयोग उपलब्ध गराईने ।
- विद्यालयमा लिङ्ग, जात जाति, धर्म, अपाङ्ग विद्यार्थीहरूका लागि समतामूलक (Equitable) पहुँचको लागि समानता (Equity) र सहिष्णुताको वातावरण सुनिश्चित गरिने ।
- कक्षा कोठामा पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम र दक्ष बनाईने ।
- माध्यमिक विद्यालयहरूमा ICT पूर्वाधार (इन्टरनेट, डिजिटल सामग्री, स्मार्ट कक्षा) क्रमिक रूपमा विस्तार गर्ने ।
- STEAM Education लाई सिकाइ रणनीतिका रूपमा कार्यान्वयन गर्ने ।
- प्रत्येक विद्यार्थीको क्षमता र आवश्यकता अनुसार व्यक्तिगत शिक्षण योजना (IEP) तयार गर्ने ।
- विद्यार्थीहरूको प्रगति नियमित रूपमा मूल्याङ्कन गर्ने र तत्काल सुधारात्मक कदमहरू उठाउने ।
- विद्यार्थी केन्द्रित, खोजमूलक, परियोजनामूलक र सहकार्यात्मक आधुनिक शिक्षण पद्धति अवलम्बन गर्ने ।
- निजी क्षेत्र, उद्योग र समुदायसँग सहकार्य गरी इन्टर्नशिप, कार्य-अनुभव तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने ।

### ३.३.७. प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्ः
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चत भएको हुनेछ ।

**नतिजा**

- माध्यमिक तहका सबै विषयको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।
- सबै विद्यालयहरूमा आवश्यक र न्यूनतम सिकाइ मापदण्ड पूरा भएको हुनेछ ।
- विद्यालयमा पाठ्य सामग्री र शैक्षिक सामग्री विद्युतीय रुपमा उपलब्ध भएको हुनेछ ।
- कक्षा ११ -१२ का विद्यार्थीहरुले निःशुल्क अध्ययनको अवसर प्राप्त गर्नेछन् ।
- महिला, दलित, जनजाति, अपाङ्ग र पिछडिएका वर्गका बालबालिकाहरुको माध्यमिक शिक्षामा पहुँच हुनेछ ।
- माध्यमिक तह उत्तीर्ण विद्यार्थीहरुले व्यवहार कुशल सीप हासिल गरेका हुनेछन् ।

## ३.३.८. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | विद्यार्थी प्रतिभा प्रतियोगिता / प्रदर्शनी (४ विषयक्षेत्र एवम् विधा अन्तर्गत) | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगरपालिका | पि १ |
| २ | NG शून्य अभियान (Booster/Treatment Class) - SEE & SLC परीक्षार्थीका लागि | कक्षा | ८ | ८ | ८ | ८ | ८ | ४० | ८०० | नगरपालिका | पि १ |
| ३ | निःशुल्क भर्ना एवम् अध्ययन सहुलियत कार्यक्रम - कक्षा ११-१२ | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ११००० | नगरपालिका | पि १ |
| ४ | विज्ञान कक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ३००० | नगरपालिका | पि १ |
| ५ | विद्यार्थी मनोपरामर्श / वृत्ति प्रोत्साहन कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८०० | नगरपालिका | पि २ |
| ६ | उत्कृष्ट शिक्षक पुरस्कार एवम् प्रोत्साहन कार्यक्रम | जना | २ | २ | २ | २ | २ | १० | २५० | नगरपालिका | पि २ |
| ७ | STEAM Education सहजीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि २ |
| ८ | व्यक्तिगत शिक्षण योजना (IEP) निर्माण तथा कार्यान्वयन प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि १ |
| ९ | शिक्षण सिकाइ डिजिटल सामग्री व्यवस्थापन एवम् शिक्षण सिकाइमा नियमित प्रयोग | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८०० | नगरपालिका | पि १ |
| १० | विद्यालयमा सदन / बालक्लब/ स्काउट र जुनियर रेडक्रस / ईको क्लव गठन एवम् परिचालन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | १००० | नगरपालिका र विद्यालय | पि २ |
| ११ | सिकाइ उपलब्धि विश्लेषण र पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि १ |
| १२ | अभिभावक शिक्षा एवम् अन्तरक्रिया - वडास्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि २ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १३ | शैक्षिक गुणस्तर वृद्धिका लागि प्रवर्तनात्मक कार्य आधारमा विद्यालय प्रोत्साहन सहयोग कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | २००० | नगरपालिका | पि १ |
| १४ | आवास सहितको मेघा विद्यालय सञ्चालन एवम् कार्यसम्पादन सूचकका आधारमा विद्यालय प्रोत्साहन कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५००० | नगरपालिका | पि२ |
| १५ | कमजोर विद्यार्थी सहायता (डेस्क) प्रोत्साहन एवम् परामर्श कार्यक्रम (लक्षित विद्यार्थी र अभिभावक) | विद्यार्थी | ८ | ८ | ८ | ८ | ८ | ४० | १००० | नगरपालिका | पि १ |
| जम्मा ( आन्तरिक स्रोत ) प्रति वर्ष बजेट | | | ५७३० | ५७३० | ५७३० | ५७३० | ५७३० | | २८६५० | | |
| १ | विद्यालय सञ्चालन र व्यवस्थापन खर्च | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ० | सङ्घ सर्सत | पि १ |
| २ | शिक्षण सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ० | सङ्घ सर्सत | पि १ |
| ३ | शिक्षकको तलब भत्ता र पोशाक खर्च | पटक | १ | १ | ११ | १ | १ | ५ | ० | सङ्घ सर्सत | पि १ |
| ४ | निः शुल्क पाठ्यपुस्तक | पटक | १ | १ | | १ | १ | ५ | ० | सङ्घ सर्सत | पि १ |
| ५ | शिक्षक मेन्टोरिङ् | शिक्षक | १ | १ | १ | १ | १ | ५ | ० | सङ्घीय ससर्त | पि २ |
| ६ | विषयगत/विज्ञान प्रयोगशाला | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ० | सङ्घ र प्रदेश | पि २ |
| ७ | सूचना तथा प्रविधि प्रयोगशाला | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ० | सङ्घ र प्रदेश | पि २ |
| ८ | विषयगत शिक्षक तालिम (५विषय) (सहभागिता) | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | शैक्षिक तालिम केन्द्र | पि २ |
| ९ | STEAM Education सम्बन्धी शिक्षकहरूलाई तालिम (सहभागिता) | शिक्षक | ८ | ८ | ८ | ८ | ८ | ४० | ० | सघं प्रदेश सरकार र गैसस | पि २ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १० | STEAM सँग सम्बन्धित विषयगत प्रयोगशाला स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५०० | सघं प्रदेश सरकार र गैसस | पि ३ |
| ११ | कार्य अनुभव / ईन्टर्नसीप | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र स्थानीय उद्यमी | पि २ |
| जम्मा ( बाह्य स्रोत ) प्रति वर्ष बजेट | | | ६०० | ६०० | ६०० | ६०० | ६०० | | ३००० | | |
| कुल जम्मा | | | ६३३० | ६३३० | ६३३० | ६३३० | ६३३० | | ३१६५० | | |

## ३.४. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास

### ३.४.१. परिचय

शिक्षा विकासको संवाहक मात्र नभई पूर्वाधार विकासको पनि पूर्वाधार हो । त्यस्तै वर्तमान समयमा विकासको मूल आधार नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो भन्न कठीनाई छैन । रोजगार एवम् स्वरोजगारको मेरुदण्डको रुपमा प्राविधिक तथा व्यावसायिक सीप विकासलाई लिने गरिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाले बालबालिकाहरुमा आत्मनिर्भर र स्वरोजगार बन्न सहयोग गर्छ । बोली खाने शिक्षा भन्दा पनि गरी खाने शिक्षा प्रति अभिभावकको चासो र विद्यार्थीहरुको रुचीलाई सम्बोधन गर्न नेपाल सरकारले सामुदायिक विद्यालयहरुमा माध्यमिक तह देखि प्राविधिक धारको रुपमा कक्षा ९ देखि १२ सम्म प्राविधिक तथा व्यावसायिक शिक्षालाई समावेश गरेको छ । उक्त तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत कृषि, पशु, ईन्जिनियरिङ लगायतका प्राविधिक विषयहरुमा अध्ययनको अवसर प्रदान गरिएको छ । " एक पालिका एक प्राविधिक विद्यालय" को नीतिगत व्यवस्था भए अनुसार शिक्षा तथा मानवश्रोत विकास केन्द्रबाट प्रत्येक वर्षका लागि निश्चित संख्यामा विद्यालयको माग र सम्बन्धित पालिकाको सिफारिसमा उक्त प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रमका लागि तोकिएको मापदण्ड र सूचकका आधारमा विद्यालय छनोट हुने गरेको छ । यद्यपि यस प्रकार शैक्षिक कार्यक्रम लागू हुन पूर्व सि.टि.ई.भि.टि. अन्तर्गत विभिन्न विद्यालयहरुमा अध्ययनको अवसर प्रदान गरिएकोमा सो कार्यक्रम पनि निरन्तर रुपमा सञ्चालनमा रहेको छ । कतिपय पालिकाहरुले उक्त कार्यक्रमको सीमितता र फरक विषयमा कक्षा सञ्चालन गर्न सि.टि.ई.भि.टि. बाट सम्बन्धन लिई एनेक्स कार्यक्रमको रुपमा सञ्चालन गरेको पनि पाईन्छ । यस शंखरापुर नगरपालिकाका माध्यमिक विद्यालयमा प्राविधिक धार तर्फको कार्यक्रम सञ्चालन रहेको छैन । यद्यपि यो पालिकामा सि.टि.ई.भि.टि. तर्फको शंखरापुर बहुप्राविधिक शिक्षालय सञ्चालनमा रहेको छ । बहुप्राविधिक शिक्षालय भएको पालिकामा प्राविधिक धारको शैक्षिक कार्यक्रम थप गर्न प्राथमिकता नदिने विद्यमान सरकारी नीति रहेको छ । तथापि समुदाय र अभिभावकको चाहाना यहाँको आवश्यकता र संभावना रहेको क्षेत्र कृषि र पशु विज्ञान तर्फको प्राविधिक शिक्षामा रहेको छ । शंखरापुर नगरपालिका कृषि बाली र पशु पालनको पकेट क्षेत्रको रुपमा परिचित पनि रहेको छ । यसको महत्व र आवश्यकतालाई सम्बोधन गर्न निजी क्षेत्रसँग समन्वय गरी अल्पकालिन स्वरोजगार मूलक सीप र तालिमको अवसरका लागि पालिका प्रयासरत रहेको छ ।

### ३.४.२. वर्तमान अवस्था

- नगरपालिकामा एक वटा बहुप्राविधिक शिक्षालय सञ्चालनमा रहेको
- प्रत्येक शैक्षिक सत्र करिब १४४५ जना बालबालिकाहरुले माध्यमिक तहमा अध्ययनरत रहेको
- प्राविधिक धार तर्फको अन्य विषय अध्ययन गर्न अन्यत्र जानु पर्ने बाध्यता रहेको
- सङ्घ वा प्रदेश सरकारबाट प्राप्त हुने प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रम सञ्चालनको माग तर नीतिगत प्रावधानले रोकेको
- बहुप्राविधिक शिक्षालयमा सञ्चालित शैक्षिक कार्यक्रमका यस नगरपालिकाको लागि निश्चित कोटा निर्धारित गरिएको
- नगरपालिका क्षेत्रभित्र सञ्चालित २ वटा माध्यमिक विद्यालयले स्वरोजगार एवम् रोजगारोन्मुख विषय जस्तै प्लम्बिङ्ग, ब्यूटिशियन र होटल व्यवस्थापन सञ्चालन गरेको

- केही माध्यमिक विद्यालयहरुले रैथाने ज्ञान, सीप र परम्परागत प्रविधिको सिकाइको अवसर प्रदान गरेको
- निजी क्षेत्रका तालिम प्रदायक संस्था तथा शंखरापुर नगरपालिकाका विषयगत शाखा (कृषि, पशु , शिक्षा , लघुउद्यम र  रोजगार सेवा केन्द्र र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा ) ले विद्यालयमा अध्ययनरत र अध्ययन पश्चात् युवा उद्यमीलाई छोटो अवधिका सीप विकास कार्यक्रममा सहभागिता हुने अवसर प्रदान गरेको

**शैक्षिक सत्र २०८२ को विद्यार्थी प्रवाह स्थिति**

| आधारभूत शिक्षा ६-८ मा अध्ययनरत बालबालिका संख्या | | | माध्यमिक तह ९-१०मा अध्ययनरत बालबालिका संख्या | | | माध्यमिक तह ११-१२मा अध्ययनरत बालबालिका संख्या | | | कक्षा ९-१२ सञ्चालित विद्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक :८ |
| ७९० | ८०३ | १५९३ | ४७५ | ४८३ | ९५८ | ३६६ | १२१ | ४८७ | संस्थागत :९ |
| **शंखरापुर बहुप्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी संख्या (शंखरापुर नगरपालिकाका बालबालिका)** | | | | | | | | | |
| अटोमेकानिक ईन्जिनियरिङ-० | | सिभिल ईन्जिनियरिङ-० | | हाईड्रोपावर ईन्जिनियरिङ - २ | | जियोमेट्रिक्स ईन्जिनियरिङ-० | | आर्किटेक्ट ईन्जिनियरिङ-० | |

### ३.४.३. समस्या र चुनौती

- सरकारी अनुदानमा सञ्चालित बहुप्राविधिक शिक्षालय भएको कारण प्राविधिक धारको अवसरबाट वञ्चित हुनु परेको
- सङ्घ एवम् प्रदेश सरकारको कोटा अन्तर्गत प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रम अनुमति प्राप्त नभएको अर्थात् सरकारी कोटामा लागि प्राथमिकतामा नपरेको वा नीतिगत वाधा रहेको
- बहुप्राविधिक शिक्षालय नगरक्षेत्रमा रहे तापनि यस नगरपालिकाको लागि निश्चित कोटा नीतिगत रुपमा निर्धारित नभएको वा न्यून भएको
- नगरपालिकाका सबै वडाका बालबालिकाका लागि सहज पहुँच नभएकोले पढ्नमा कम चासो रहेको
- नगरपालिकाको आफ्नो लगानी एवम् अभिभावकको लगानीमा प्राविधिक धार तर्फ शैक्षिक कार्यक्रम सञ्चालन गर्न खर्चिलो रहेको
- अभिभावकको चासो र विद्यार्थीको रुची कम हुनु
- आवासीय सुविधा सहितको अध्ययनको लागि स्रोतको अभाव रहेको

### ३.४.४. अवसर

- नगरपालिकाभित्र माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या १४४५ जना रहेको
- नगरपालिका क्षेत्रभित्र नर्सिङ कलेज र बहुप्राविधिक शिक्षालय सञ्चालनमा रहेको र बोर्ड सदस्यमा नगरको प्रतिनिधि रहने प्रावधान रहेको
- प्राविधिक शिक्षा एवम् व्यावसायिक सीप प्रवर्द्धनका कार्यक्रम (जस्तै : पढ्दै -कमाउदै , कमाउदै- सिक्दै ) प्रति विद्यालयको चासो र विद्यार्थीहरु ईच्छुक रहेको

- प्राविधिक शिक्षा एवम् व्यावसायिक सीप प्रवर्द्धनका कार्यक्रम जस्तै पढ्दै कमाउदै कार्यक्रम प्रति अभिभावक सकारात्मक देखिएको
- नगरपालिकाका अधिकांश क्षेत्र कृषि र पशुपालन पकेट क्षेत्रको रुपमा रहेकोले बाली र पशु विज्ञानको प्राविधिक धारको कार्यक्रम सञ्चालनका लागि उपयुक्त रहेको
- नगरपालिकाको आवधिक रणनीतिक योजनामा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास कार्यक्रम प्राथमिकतामा रहेको
- नगरपालिका र स्थानीय शैक्षिक उद्यमीहरुहरुको साझेदारीमा सि.टि.ई.भि.टि. को एनेक्स कार्यक्रम सञ्चालन गर्न संभावना रहेको

### ३.४.५. उद्देश्य

- प्राविधिक तथा व्यावसायिक सीप विकासमा पहुँच अभिवृद्धि गर्नु
- प्राविधिक तथा व्यावसायिक सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्नु
- प्राविधिक तथा व्यावसायिक सीप प्रति अभिभावक सचेतना जगाई न्यूनतम लगानीको वातावरण तयार गर्नु
- पढ्दै कमाउदै कार्यक्रम एवम् विद्यालय आय आर्जन कार्यक्रमको माध्यमबाट विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्नु
- एक पालिका एक प्राविधिक विद्यालय कार्यक्रम सञ्चालन गर्नु
- पढ्दै कमाउदै कार्यक्रमबाट विद्यार्थीहरुको घरका कृषि उपजलाई दिवा खाजाका लागि उपयोग गर्नु
- स्थानीय विज्ञलाई हप्तामा एक दिन बुक फ्रि डे का लागि आमन्त्रण गरी विद्यालय र विद्यार्थीहरुले रैथाने ज्ञान र सीप हासिल गर्नु
- माध्यमिक तह / आधारभूत तह विद्यालयहरुका लागि "एक विद्यालय एक करेसाबारी " अभियान सञ्चालन गर्नु
- आधारभूत कक्षा (१-५) विद्यालयका लागि "एक विद्यालय एक फूलवारी" अभियान सञ्चालन गर्नु

### ३.४.६. रणनीति

- स्वरोजगार एवम् आयआर्जन केन्द्रित कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर हुन संस्थागत क्षमता वृद्धि गर्ने
- सि.टि.ई.भि.टि. बाट सञ्चालित सःशुल्क एनेक्स कार्यक्रमको विकल्पमा निःशुल्क प्राविधिक धार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
- एक पालिका एक प्राविधिक विद्यालयको कार्यक्रम कार्यान्वयन गर्ने
- प्राविधिकधार तर्फको शैक्षिक कार्यक्रमको लागि विद्यालयले प्रस्तावना पत्र र पालिकाको सिफारिस सहित माग गर्ने
- वडास्तरमा लिडर र फिडर विद्यालयको रुपमा क्लष्टर बनाई पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने
- निर्वाहमुखी कृषि उपजलाई व्यावसायिक कृषि उपजमा रुपान्तरण गर्न सबै (६-१२) पढ्दै कमाउदै कार्यक्रमका लागि विद्यार्थी र विद्यालयलाई प्रोत्साहन गर्ने

- पढ्दै कमाउदै कार्यक्रमका लागि पालिका भित्रका शिक्षा कृषि / पशु विकास शाखासँग समन्वयमा आमन्त्रित स्थानीय विज्ञ सहित एउटा प्राविधिक सहजीकरण समिति गठन र कार्यक्रम सहजीकरणका लागि परिचालन गर्ने
- प्रत्येक वडाका विद्यालयहरुमा हप्ताको एक दिन बुक फ्रि डे कार्यक्रम सञ्चालन गर्ने
- प्रत्येक वडामा एक विद्यालय एक करेसवारी अभियान सञ्चालन गर्ने
- प्रत्येक वडामा एक विद्यालय एक फूलवारी अभियान सञ्चालन गर्ने
- पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने
- विद्यालय आय आर्जन कार्यक्रमका लागि विद्यालयलाई (विउपूँजी) अनुदान उपलब्ध गर्ने

## ३.४.७. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### ३.४.७.१. उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

- विद्यार्थीहरुमा रोजगारी उद्यमशीलता एवम् स्वरोजगार र जिविकोपार्जनका अवसरमा वृद्धि हुनेछ
- विद्यार्थीहरुमा गरी खाने शिक्षा सहित जीवनोपयोगी सीप एवम् व्यवहार कुशल सीप हासिल भएको हुनेछ
- विद्यार्थी एवम् घर परिवारका सदस्यको जीवनस्तरमा सुधार हुनेछ
- स्थानीय तहमा भएका रैथाने एवम् परम्परागत सीपको पहिचान र प्रमाणीकरण हुनेछ

### ३.४.७.२. नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

- आफ्नै घर आंगनमा प्राविधिक शिक्षाको अध्ययन तथा व्यावसायिक सीप विकासको अवसर प्राप्त हुनेछ
- पढ्दै कमाउदै कार्यक्रमबाट विद्यार्थीको सिकाइ सामग्रीको खाँचो पूरा हुनेछ
- पढ्दै कमाउदै कार्यक्रमबाट आम्दानी र खर्चको आधारमा बचत गर्ने बानीको विकास हुनेछ
- घरपरिवारमा भएको उपजको लागि आफ्नै विद्यालय बजार भई घरायसी दैनिक समस्याको समाधान हुनेछ
- प्रत्येक माध्यमिक विद्यालयमा करेसावारी तयार भएको हुनेछ
- पढ्दै कमाउदै कार्यक्रमको लागि पालिकास्तरमा एक प्राविधिक सहजीकरण समिति वा संयन्त्र गठन हुनेछ

### ३.४.७.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ०८७/ ८८ | ५ वर्षको जम्मा | | | |
| १ | पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत एक विद्यालय एक कार्यक्रम (माध्यमिक विद्यालयस्तर १-१०) – करेशावारी ....स्थानीय सीप र उद्यममा आधारित | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | २००० | नगरपालिका र कृषि विकास शाखा | पि२ |
| | पढ्दै कमाउदै कार्यक्रमका लागि एक विद्यालय एक कार्यक्रम (आधारभूत विद्यालयस्तर १-८) - करेशावारी ......स्थानीय सीप र उद्यममा आधारित | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | नगरपालिका र विद्यालय | पि२ |
| २ | पढ्दै कमाउदै कार्यक्रमका लागि एक विद्यालय एक फूलवारी कार्यक्रम - (आधारभूत विद्यालयस्तर १-५ ) ( एक कक्षा एक फूलवारी) | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ५०० | नगरपालिका र विद्यालय | पि २ |
| ३ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनमा सहजीकरण संयन्त्र गठन र परिचालन (पालिकास्तर ) | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि२ |
| ४ | स्थानीय विज्ञ एवम् स्रोतव्यक्ति परिचालन (स्थानीय ज्ञान सीप र प्रविधि फोकस ) | वडास्तर | ९ | ९ | ९ | ९ | ९ | ४५ | ११२५ | सम्बन्धित वडा र विद्यालय | पि२ |
| ५ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनका लागि लिडर विद्यालयको व्यवस्था (वडास्तर ) | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ११२५ | सम्बन्धित वडा | पि२ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| ६ | पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत Softskills सञ्चालन र सहजीकरण (विद्यालयस्तर) –भाषा संस्कृति ,पेशा र व्यवसाय (स्वआर्जन) | विद्यालय पटक | आवश्यकता र माग अनुसार | | | | | १३ | १९५० | नगरपालिका र समुदाय | पि२ |
| ७ | पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम (वडास्तर) | जना/पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका र विद्यालय | पि१ |
| ८ | युवा स्वरोजगार प्रवर्द्धन र सहजीकरण कार्यक्रम(९–१२अध्ययनरत विद्यार्थीका लागि ) | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | २५०० | नगरपालिका र स्थानीय उद्यमी | पि२ |
| ९ | स्थानीय र नगरपालिकाको साझेदारीमा प्राविधिक सीप विकास कार्यक्रम | ओजेटी वा ईन्टर्नसीप | १ | १ | १ | १ | १ | ५ | २५०० | नगरपालिका र स्थानीय उद्यमी | पि २ |
| जम्मा (आन्तरिक स्रोतः प्रति वर्ष बजेट ) | | | २६६५ | २६६५ | २६६५ | २६६५ | २६६५ | | १३३२५ | | |
| १ | प्राविधिक धार (कृषि र पशु विज्ञान) कार्यक्रम सञ्चालन र व्यवस्थापन ( कक्षा ९ –१२ )-प्रस्तावित | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ० | सङ्घीय ससर्त | पि२ |
| २ | स्थानीय सीप परीक्षण र प्रमाणीकरण कार्यक्रम (पालिकास्तर) | जना /वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | सङ्घ प्रदेश ससर्त | पि२ |
| जम्मा (बाह्य स्रोत) | | | १०० | १०० | १०० | १०० | १०० | | ५०० | | |
| जम्मा ( आन्तरिक र बाह्य स्रोत ) | | | २७६५ | २७६५ | २७६५ | २७६५ | २७६५ | | १३८२५ | | |

## ३.५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१. परिचय

शिक्षा र ज्ञान प्राप्तिका विभिन्न मार्गहरुमध्ये अनौपचारिक मार्ग एक बहुआयामिक क्षेत्र हो । विश्वमा ईभान ईलिचले सन १९७१ मा DE Schooling Society नामक पुस्तक प्रकाशन गरेसँगै अनौपचारिक शिक्षाको विश्वव्यापी अवधारणा विकास भएको पाइन्छ । नेपालमा वि.स.२००४ सालदेखी आधार शिक्षा केन्द्रको थालनीसँगै **लेख्य साक्षरता शिक्षा** (प्रौढ साक्षरता कार्यक्रम) `अभियानको नामबाट यस शिक्षाको प्रारम्भ भएको देखिन्छ.। योजनाबद्धरुपमा वि स २०१३ सालमा प्रौढ शिक्षाको सुरुवात पश्चात्का कार्यक्रमहरुलाई हेर्दा अनौपचारिक शिक्षा प्रदान गर्ने प्रणालीगत तथा चरणगत प्रक्रियाका रुपमा राष्ट्रिय साक्षरता अभियान(१५-६० वर्ष), आधारभूत प्रौढ साक्षरता ( १५- ४५ वर्ष ) , साक्षरोत्तर शिक्षा र निरन्तर शिक्षाले प्राथमिकता पाएको देखिन्छ । जीवनपर्यन्त शिक्षा वा आजिवन सिकाइको विषयले ब्याचलर्डको learning is never old भन्ने धारणाबाट प्रेरित भई प्राथमिकता पाएको देखिन्छ । अर्थात् दिगो विकासको लक्ष्य नम्बर ४ मा उल्लिखित गुणस्तरीय शिक्षा अन्तर्गत जीवनपर्यन्त सिकाइको अवसर पाउनु पर्ने विषयलाई विश्वव्यापी गर्न खोजिएको छ । यसलाई औपचारिक शिक्षाको पुरकको रुपमा ग्रहण गर्नुपर्ने कुरा उल्लेख छ भने व्यापक रुपमा सूचना तथा संचार प्रविधि समेतको उपयोग गरी शिक्षा प्राप्तिका लचिलो अनौपचारिक पद्दतिहरुको जगमा हुर्केको, अरितिक ढंगकोअनुभवजन्य व्यवहारबाट प्राप्त हुने क्रमिक श्रृंखलाको रुपमा लिएको छ ।

अनौपचारिक शिक्षा एवम् साक्षरता कार्यक्रम संगठित र निश्चित उद्देश्यात्मक हुन्छ भने जीवनपर्यन्त सिकाइ अनिश्चित र असंगठित प्रकृतिको हुन्छ । यी दुवै पद्दतिको शिक्षा र ज्ञान प्राप्तिको स्वरुप औपचारिक मार्ग भन्दा भिन्न स्वभावको हुन्छ । उक्त शैक्षिक प्रणालीलाई औपचारिक शिक्षाको परिपुरकको रुपमा स्वीकार्य राष्ट्रिय सन्दर्भमा यस शंखरापुर नगरपालिकाले सेवा क्षेत्र भित्रका विद्यालय पहुँच वाहिरका बालबालिका तथा नगरभित्र नवसाक्षर तथा निरक्षर प्रौढहरुलाई समय सापेक्ष डिजिटल साक्षरता सहितको जीवनोपयोगी सीप र सिकाइ अनुभवजन्य अवसर गर्न अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यद्यपि साक्षर नगरपालिका घोषणा भएता पनि राष्ट्रिय जनगणना २०७८ मा प्रकाशित सूचनाका आधारमा यस मार्ग मार्फत विगतका कार्यक्रमले सम्बोधन गर्न नसकेका वा नवीन सिकाइसँग परिचत हुने अवसरको पर्खाईमा रहेका निरक्षर एवम् नवसाक्षरहरुका लागि सामुदायिक सिकाइ केन्द्र मार्फत विशेष गरी डिजिटल साक्षरता र आय आर्जन केन्द्रित कार्यक्रम समुदायस्तरमा सञ्चालन र नयाँ थालनीको प्रयास भएको छ ।

### ३.५.२. विद्यमान अवस्था:

यस शंखरापुर नगरपालिकामा परम्परादेखी बसोबास गर्दै आएका विभिन्न जातजाती, भाषाभाषी, संस्कार, संस्कृति तथा भेषभूषा र धार्मिक सभ्यता र समय सापेक्ष परिवर्तनको चाहाना भएका नगरवासीहरुको शिक्षा, ज्ञान, सीप र साक्षरताको स्तर फरक फरक रहेको देखिन्छ । यो क्षेत्र देशको सङ्घीय राजधानीको जिल्ला भित्र रहेता पनि भौगोलिक विषमता र सामाजिक संरचनागत विविधतायुक्त रहेको छ । प्रायः ग्रामीण क्षेत्र अवस्थितिका कारण पर्याप्त शैक्षिक अवसरको पहुँचमा नरहेका वर्ग वा समुदाय अर्थात् शैक्षिक पछौटेपन (Educational lag) , कमजोर आर्थिक स्थितिका अभिभावक , निरन्तर बसाई सराईले साक्षरताको दरमा अपेक्षित सुधार हुन नसकेको स्थिति विद्यमान रहेको छ । शंखरापुर नगरपालिकामा ५ वर्ष भन्दा माथिको उमेर समूहका ७९.९ प्रतिशत जनसंख्या साक्षर छन् । महिला साक्षरता दर ७२.६ प्रतिशत र पुरुष साक्षरता दर ८७.६ रहेको छ । महिला साक्षरता पुरुषको भन्दा करिब १५ प्रतिशतले कम रहेको छ । (स्रोत

जनगणना २०७८) समग्र पालिकामा करिब २० प्रतिशत जनसंख्या निरक्षर रहेको देखिन्छ । पालिकामा जनसंख्याको लैङ्गिक प्रवाह हेर्दा महिला ५१ प्रतिशत र पुरुष ४९ प्रतिशत रहेको छ ।

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा हाल भएका प्रयासहरु तपसिल अनुसार रहेको छ :

प्रमुख कार्यहरु —

क. सामुदायिक सिकाइ केन्द्र मार्फत विद्युतीय साक्षरता कार्यक्रम सञ्चालन ,

ख. महिला विद्यालय मार्फत साक्षरताको तहगत रुपमा गणितीय तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन,

ग. बाह्य शिक्षित वर्गको पहलमा समूह निर्माण गरी सामान्य पढाई लेखाई र हर हिसाब सम्बन्धी साक्षरता कार्यक्रम सञ्चालन

घ. अनिवार्य शिक्षा सुनिश्चितका लागि घरधुरी सर्वेक्षण

ङ. अन्य कार्यहरु

**डिजिटल साक्षरता कार्यक्रमको कार्यान्वयन स्थिति**

नगरपालिकाको वडा नं. ३ मा रहेको जनकल्याण सामुदायिक सिकाइ केन्द्रको आयोजना र शिक्षा युवा तथा खेलकूद शाखाको प्राविधिक सहजीकरण र सङ्घीय ससर्त अनुदान सहयोगमा नवसाक्षर महिलाहरुका लागि डिजिटल साक्षरतामा आधारित व्यवहारिक ज्ञान र सीप सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन ।

**महिला विद्यालय मार्फत तहगत साक्षरता कार्यक्रम**

विगत वर्ष आ.व. ०८१/०८२ सम्म यस नगरपालिकामा संचालित महिला विद्यालयहरुले अनौपचारिक शिक्षा पद्दतिको तहगत चरणमा आधारित भई तह १-३ सम्म साक्षरताका विभिन्न आयामहरु जस्तैः गणितीय हर हिसाब र बजारमा किनबेच गर्न सक्ने वित्तीय साक्षरता लगायत व्यवहारिक तथा व्यावसायिक पक्षमा जीवनोपयोगी सिकाइ र सीप प्रदान ।

**अनिवार्य शिक्षा सुनिश्चितका लागि घरधुरी सर्वेक्षण**

यो कार्यक्रमको उद्देश्य अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ लाई कार्यान्वयन गर्नु भए तापनि यसबाट प्राप्त हुने नतिजा एवम् सूचना तथा तथ्याङ्क नै अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको आगामी कार्यक्रमको लागि आधार स्तम्भ हुनेछ र भावी शिक्षा योजना अन्तर्गत यस अवयवको कार्यान्वयनका लागि मार्ग प्रशस्त गर्ने कुरा स्पष्ट छ । यसको अप्रत्यक्ष सम्बन्ध साक्षरता तथा जीवनपर्यन्त सिकाइसँग जोडिएको छ ।

**सामुदायिक सिकाइ केन्द्र**

यस नगरपालिका भित्र ५ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । जसमध्ये ३ वटा सङ्घीय सरकारबाट अनुमति प्राप्त र २ वटा नगरपालिकाबाट अनुमति प्राप्त हुन् । एक वडा एक सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन हुने भन्ने नीतिगत प्रावधान रहेता पनि यसको स्थापना मूलत : स्थानीय समुदायको अगुवाईमा हुने हुदाँ अन्य वडाहरुमा सामुदायिक सिकाइ केन्द्र स्थापनाको पर्खाई रहेका छन् ।

| क्र स | वडा न | सामुदायिक सिकाइ केन्द्रको नाम | अनुमति प्रदान गर्ने निकाय | वर्तमान अवस्था |
|---|---|---|---|---|
| १ | १ | नाङ्लेभारे सामुदायिक सिकाइ केन्द्र | सङ्घीय सरकार | सङ्घीय ससर्त अनुदान प्राप्त -नियमित |
| २ | ३ | जनकल्याण सामुदायिक सिकाइ केन्द्र | सङ्घीय सरकार | सङ्घीय ससर्त अनुदान प्राप्त - नियमित |
| ३ | ५ | बज्रयोगिनी सामुदायिक सिकाइ केन्द्र | सङ्घीय सरकार | सङ्घीय ससर्त अनुदान प्राप्त -नियमित |

| | | | | |
|---|---|---|---|---|
| ४ | २ | स्वर्णिमपुर सामुदायिक सिकाइ केन्द्र | नगरकार्यपालिका | वडा /नगरपालिका /प्रदेश -कार्यक्रम |
| ५ | ४ | मेवाथली सामुदायिक सिकाइ केन्द्र | नगरकार्यपालिका | वडा /नगरपालिका /प्रदेश- कार्यक्रम |

- सङ्घीय सरकारबाट अनुमति प्राप्त सामुदायिक सिकाइ केन्द्रमा एक / एक जना उत्प्रेरिकाको खर्च व्यवस्था सहित सिकाइ केन्द्रको सञ्चालन व्यवस्थापनका लागि अनुदानको व्यवस्था र सम्बन्धित सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध लाभग्राही सेवाग्राहीको लागि आय आर्जनमा आधारित ज्ञान र सीपसँग सम्बन्धित क्षमता विकास कार्यक्रम नियमित रुपमा सञ्चालन समेत रहेको।
- स्थानीय सरकारबाट अनुमति प्राप्त सामुदायिक सिकाइ केन्द्रले कार्यक्रम प्रस्तावना सहित सम्बन्धित निकायमा पेस गरी कार्यक्रम स्वीकृत भए पश्चात् मात्र अनुदान प्राप्त हुने अन्यथा समुदायको प्रयासमा सम्बन्धित सामुदायिक सिकाइ केन्द्र सञ्चालन र सहजीकरण निर्भरता रहने ।
- अन्य वडाहरुमा सामुदायिक सिकाइ केन्द्र स्थापना नभएको तर सम्बन्धित वडाको सिफारिस एवम् आवश्यकताको आधारमा समुदायको अगुवाई र क्रियाशिलतामा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्न सकिने नीतिगत व्यवस्था छ ।

### ३.५.३. अवसर

- अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको अधिकार स्थानीय सरकारलाई हस्तान्तरण भएको।
- कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहजीकरण गर्नका लागि शिक्षा, युवा तथा खेलकुद शाखाको स्थापना ।
- कक्षा ८ सम्म अनिवार्य तथा निशुल्क शिक्षा घोषणा भएको नगरपालिका ।
- शिक्षासँग सरोकार राख्ने गैर सरकारी सङ्घसंस्था जस्तैः आई नेपाल, रेष्ट, महिला एकता समाजसँग समन्वय र सहकार्य । राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थासँग समन्वय गरी वित्तीय साक्षरता तथा साक्षरोत्तर कार्यक्रम र पठन सीप विकास तथा प्रबर्द्धनको अवसर ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत दैनिक व्यवहारमा उपयोगी आधारभूत सीप विकासका लागि तालिम प्रदान ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि लक्षित समुहलाई समावेश एवम् अवसर प्रदान गर्न सहकार्य ।
- स्थानीय तहबाट सामुदायिक सिकाइ केन्द्रका लागि अनुमति प्रदान गर्ने कार्य प्रारम्भ ।

### ३.५.४. समस्या र चुनौति

- नगरपालिका भित्र छरिएका निरक्षर व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक नहुनु
- साक्षर व्यक्तिलाई निरन्तर शिक्षाको अवसर अर्थात आजीवन सिकाइका अवसर नहुनु
- एक वडा एक सामुदायिक सिकाइ केन्द्रको नीतिगत व्यवस्थाको कार्यान्वयन गर्नु
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी सङ्घीय कार्यविधि वा निर्देशिका कार्यान्वयनमा जटिलता हुनु
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई रैथाने(स्थानीय) ज्ञान र सीपसँग आबद्ध गर्नु

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ केन्द्रित विज्ञ सहितको कार्यक्रम अनुगमनका लागि छुट्टै संयन्त्र नहुनु
- अनौपचारिक शिक्षा, साक्षरता र निरन्तर सिकाइका कार्यक्रमलाई निरन्तरता दिनु
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नु ( सङ्घीय सरकारले नयाँ सामुदायिक सिकाइ केन्द्र स्थापना र व्यवस्थापनमा निष्क्रिय)
- सामुदायिक सिकाइ केन्द्रको दिगोपना र सवलीकरण गर्नु
- सामुदायिक सिकाइ केन्द्रद्वारा उपलब्ध ज्ञान र सीपलाई आय आर्जनसँग आबद्ध गरी व्यावसायिकता प्रवर्द्धन गर्नु
- व्यावसायिक सीपलाई जीवनपर्यन्त सिकाइको रुपमा संस्थागत गर्नु

### ३.५.५. उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रलाई कार्य सम्पादन गर्न सहजताका लागि प्रत्येक वडाको घरधुरी सर्वेक्षण गर्नु।
- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक तथ्याङ्क संकलन तथा साक्षरता तालिम हबको रुपमा विकास गर्नु ।
- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा स्तरोन्नति गर्नु ।
- निरक्षरहरुको संख्या घटाई साक्षरताको दरमा उल्लेख्य वृद्धि गर्नु।
- निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ अभ्यास, खुला शिक्षा, सामुदायिक सिकाइ केन्द्र मार्फत आयमूलक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरी दैनिक जीवनका आधारभूत आवश्यकताहरुको परिपुर्ति गर्नमा सहयोग गर्नु ।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरुमा जीवनोपयोगी सीपको विकास गरी सिकाइलाई आजीवन प्रवृत्तिको रुपमा रुपान्तरण गर्नु ।

### ३.५.६. रणनीति

- नगरपालिकाको शिक्षा ऐन, २०७९ को जगमा सा.सि. के सञ्चालन तथा व्यवस्थापन निर्देशिका तयार गर्ने
- सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीहरुको क्षमता विकास गर्ने ।
- सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको सवलीकरण गर्ने ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्बन्धित सूचना तथा तथ्याङ्क अद्यावधिक गर्ने वा डाटावेस तयार गर्ने ।
- विद्यालय वाहिर रहेका र बीचमा कक्षा छाडेका वा तह पुरा नगरेका बालबालिकाका लागि पुन :विद्यालय प्रोत्साहन कार्यक्रम गर्ने ।
- समुदायस्तरमा आजीवन सिकाइ केन्द्र स्थापना गर्ने वा सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ स्रोत केन्द्रको रुपमा विकास गर्ने ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि दिगो स्रोतको लागि सरकारी निकाय र गैससँग साझेदारी गर्ने ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि स्थानीय समुदायिक सङ्घसंस्था र उद्यमीहरु बीच सहकार्य गर्ने ।

### ३.५.७. प्रमुख उपलब्धि र नतिजा तथा प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

#### ३.५.७.१. उपलब्धि

- निरक्षर तथा नवसाक्षर नागरिकका लागि साक्षरता शिक्षा, सीप तथा आयआर्जन र आजीवन सिकाइको अवसर प्राप्त हुनेछ ।
- विद्यालय वाहिर रहेका र बीचमा कक्षा छाडेका वा तह पुरा नगरेका बालबालिकालाई पुनःअध्ययनको अवसर सुनिश्चित भएको हुनेछ ।
- सामुदायिक सिकाइ केन्द्रको विस्तार र सवलीकरण भई आय आर्जनको अवसर सुनिश्चित भएको हुनेछ ।

#### ३.५.७.२. नतिजा

- सबै नागरिकमा आजीवन सिकाइको अवसर प्राप्त हुनेछ ।
- १५-६० वर्ष उमेर समूहका सबै नगरबासीहरु साक्षर हुनेछन् ।
- विद्यालय बाहिर रहेका सबै बालबालिका सिकाइको मुल प्रवाहमा समाहित हुनेछन् ।
- शंखरापुर नगरपालिका अनिवार्य शिक्षा सुनिश्चित भएको पालिका स्थापित हुनेछ ।
- औपचारिक शिक्षाबाट बञ्चित भएकाहरुलाई शैक्षिक मार्ग प्रसस्त गरिएको हुनेछ।
- बीचमा कक्षा छोडेका र तह पुरा नगरेका बालबालिकाहरु पुनःविद्यालयमा भर्ना भएका हुनेछन् ।

### ३.५.७.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ०८७/ ८८ | ५ वर्षको जम्मा | | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सहयोगी पुस्तिका एवम् निर्देशिका विकास | पटक | १ | ० | ० | ० | ० | १ | १०० | नगर पालिका | पि २ |
| २ | सा सि के सबलीकरण कार्यक्रम ( ल्यापटप र प्रिन्टर सेट / अफिस व्यवस्थापन) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | | पि२ |
| ३ | अनौपचारिक शिक्षासँग सम्बन्धित तथ्याङ्क अद्यावधिक कार्यक्रम (वडागत डाटावेस तयार) | पटक | १ | ० | ० | ० | ० | १ | २२५ | | पि१ |
| ४ | निरक्षरका लागि आय आर्जनमूलक साक्षरता कक्षा कक्षा सञ्चालन (वडा / समुदायस्तर) | कक्षा | ९ | ९ | ९ | ९ | ९ | ४५ | ११२५ | | पि२ |
| ५ | विद्यालय बाहिर रहेका बालवालिका पहिचान र भर्ना प्रोत्साहन कार्यक्रम (वडागत एवम् वडास्तर ) | पटक | १ | ० | ० | ० | ० | १ | ४५० | | पि१ |
| ६ | सामुदायिक सिकाइ (स्रोत) केन्द्र स्थापना र व्यवस्थापन ( सङ्घ सहयोग वाहेक + नयाँ वडा ) | वटा | २ | 3 | ४ | ५ | ६ | २० | ६००० | | पि२ |
| ७ | नवसाक्षरका लागि डिजिटल साक्षरता कार्यक्रम (वडास्तर) | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ | २२५० | नगर पालिका/गैसस | पि२ |
| ८ | प्राविधिक सहायता संयन्त्र स्थापना र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका | पि २ |
| ९ | सा सि के का उत्प्रेरक र पदाधिकारीको गोष्ठी | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | | पि २ |
| जम्मा (आन्तरिक स्रोत) | | | २३५० | १८७५ | २१७५ | २४७५ | २७७५ | | ११६५० | | |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | सीपमूलक तथा आयआर्जनमूलक तालिम ( युवा तथा प्रौढ) | जना / पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | सङ्घ / प्रदेश | पि१ |
| २ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ४५०० | सङ्घीय ससर्त | पि १ |
| ३ | लागत साझेदारीमा साक्षरता कार्यक्रम / आजीवन सिकाइ | वार्षिक | १ | १ | १ | १ | १ | ५ | १००० | सङ्घीय ससर्त | पि १ |
| ४ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयन | वार्षिक | १ | १ | १ | १ | १ | ५ | १२५० | सङ्घीय ससर्त | पि १ |
| जम्मा (बाह्य स्रोत ) | | | ९५० | ९५० | ९५० | ९५० | ९५० | | ४७५० | | |
| कुल जम्मा | | | ३३०० | २८२५ | ३१२५ | ३४२५ | ३७२५ | | १६४०० | | |

# ४. परिच्छेद चार - अन्तर सम्बन्धित विषय तथा क्षेत्र

## ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१. परिचय

पाठ्यक्रम शैक्षणिक गतिविधि जो विद्यालयको हाता भित्र सम्भव हुन्छन् र विद्यालय बाह्य प्रवृत्तिहरु जसले सिकाइ संसारको मार्ग प्रसस्त गर्दछन् , ती सबैको संगठित योजना र प्रारुप हो । यसले बालबालिकाको मानसिक, बौद्धिक, संवेगात्मक, भावनात्मक र संज्ञानात्मक मात्र नभई शारीरिक क्षेत्र समेतको सर्वपक्षीय विकास गर्नका लागि सिकाइका मूलभूत विषयहरु, शिक्षण सिकाइ क्रियाकलाप एवम सहजीकरण, सामग्री, मूल्याङ्कन विधि पद्दति र उपलब्धि मापनको दिशा निर्देश गर्ने काम गर्दछ । अतः पाठ्यक्रम समग्र सिकाइको बृहत योजना हो । पाठ्यक्रमको संकुचित अर्थलाई हेर्दा विद्यार्थीहरुको सिकाइ आवश्यकता पुरा गर्नका लागि के के सिकाउने ? कति सिकाउने ? कसरी सिकाइ व्यवहार प्रदान गर्ने ? सिकारुले के कति सिक्न सके/सकेनन् ? जस्ता शैक्षणिक प्रश्नलाई सम्बोधन गर्दै विद्यार्थीहरुमा न्यूनतम सक्षमताहरु हासिल गर्ने गराउने मुख्य आधार सामग्री पाठ्यक्रम हो ।

औपचारिक, अनौपचारिक, अरितिक, अनियमित, प्रत्यक्ष र अप्रत्यक्ष लगायतका शैक्षिक मार्गको पूर्व निश्चित Road map को रुपमा अर्थ्याइनुले पाठ्यक्रमको व्यापक अर्थलाई जनाउँछ । वस्तुतः शैक्षिक एवं शैक्षणिक पद्दतिको सुमार्गदर्शन नै पाठ्यक्रम हो । यसले व्यक्ति, घर, परिवार, समुदाय, समाज, क्षेत्र, राष्ट्र र यिनका मूल्य मान्यता, संस्कृति र भावनालाई प्रतिबिम्वित गर्नुपर्दछ । यसको माध्यमबाट शिक्षाका राष्ट्रिय, तहगत, कक्षागत, विषयगत, प्रादेशिक र स्थानीय उद्देश्य तथा व्यक्तिका चाहनाहरु पुरा गर्ने अपेक्षा गरिन्छ ।

नेपालमा सनातनवादी गुरुकुल शिक्षा, गुम्बा, विहार र बहालमा आधारित बौद्ध शिक्षा, मदर्सा विद्यालयमा आधारित शिक्षा र स्थानीय ज्ञान सीप, भाषा, संस्कृति एवं रैथाने व्यवसायमा आधारित शिक्षाका अलग अलग पाठ्यक्रम निर्माण भई तदनुकुल केन्द्रदेखि स्थानीय तहसम्म पाठ्यपुस्तक समेत निर्माण, विकास र कार्यान्वयन भइरहेको अवस्था छ ।

पाठ्यक्रमलाई कार्यान्वयनमा लैजाने अभ्यासात्मक साधन पाठ्यपुस्तक हो । जसको प्रयोगबाट शिक्षक, विद्यार्थी र वातावरणको विचमा अन्तरक्रिया हुने गर्दछ । अतःपाठ्यपुस्तक शिक्षकका लागि शिक्षण सहयोगी सामग्री हो भने विद्यार्थीका लागि अभ्यास तथा सिकाइ सामग्री हो, जसको माध्यमबाट सिकाइ उपलब्धि तथा सक्षमता प्राप्तिको निचोडमा पुगिन्छ । पाठ्यपुस्तकको मर्मलाई सहज रुपमा सिकारु सम्म पुर्याई पाठ्यवस्तुको विशिष्ट उद्देश्य, सिकाइ उपलब्धि र पाठगत सक्षमताहरु प्राप्तिका निम्ति रमाइलो, आकर्षक तथा सान्दर्भिक वातावरण तयार गर्ने साधन नै सामग्री हो । यसले सिकाइलाई मूर्तरुप दिई दिर्घायु र चिरस्थायी बनाउँछ । पाठ्यक्रमद्वारा पूर्व निर्धारित उद्देश्य, सिकाइ उपलब्धि तथा विभिन्न तह, कक्षा, विषय र पाठगत सक्षमता प्राप्त भए/भएनन् भनि कक्षा पूर्व, कक्षाको मध्ये र कक्षान्तमा गरिने जाँचबुझ, परीक्षण एवं लेखाजोखा नै मूल्याङ्कन हो ।

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले गरेको व्यवस्था अनुरुप प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा ८ सम्म आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा कायम गरिएको छ । नेपालको संविधान, २०७२ को अनुसूचि ८ ले आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको एकल अधिकार स्थानीय तहलाई सुम्पिसकेको परिप्रेक्ष्यमा पाठ्यक्रम देखि मूल्याङ्कन सम्मका कार्य तदनुकुल हुनुपर्ने देखिन्छ ।

### ४.१.२. वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्र सङ्घीय सरकार अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहत रहेर सञ्चालन तथा कार्य सम्पादन गरिरहेको केन्द्रिय निकाय हो । प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा १२ सम्मको पाठ्यक्रम विकास यस केन्द्रको अगुवाइमा हुने गर्दछ । यस केन्द्रले निर्माण र कार्यान्वयन गरेको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६( संशोधन सहित) अनुरुप यस नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा पठनपाठन कार्य भईरहेको छ । उक्त प्रारुप अनुसारको पाठ्यक्रम २०७७ साल देखि क्रमशः लागु भई २०८० सम्ममा कक्षा १-१२ सम्मका सबै कक्षाहरुमा नेपाल भर लागु भइसकेको अवस्था हो । यसै क्रममा कक्षा १-३ सम्म एकिकृत पाठ्यक्रमको मर्म अनुसार पठनपाठन कार्य जारी राखेको पाईन्छ । केन्द्र निर्मित अनिवार्य तथा ऐच्छिक विषयका पाठ्यक्रम तथा पाठ्यपुस्तकका अतिरिक्त यस नगरपालिकाले स्थानीय आवश्यकता र चाहनालाई ध्यानमा राखी कक्षा १-८ सम्मका लागि स्थानीय तहको पाठ्यक्रम २०७६ निर्माण गरी यसको सफल कार्यान्वयनका लागि पाठ्यपुस्तक समेत तयार गरी लागु गरिरहेको छ । हाल पूर्व निर्मित स्थानीय पाठ्यपुस्तकमा केही त्रुटि देखिएकोले धेरथोर संशोधन पनि गरिएको छ भने केही विषयवस्तु माथि अझै हेरफेर गर्नुपर्ने देखिन्छ । यस पालिकाद्वारा निर्मित स्थानीय पाठ्यक्रम, **हाम्रो शंखरापुर** माथि विद्यालय जगतमा मात्र नभई समुदायका सरोकारवाला पक्षको समेत चासो रहेको पाइन्छ । उक्त पाठ्यक्रम तथा पाठ्यपुस्तकमा केही विवादित विषयहरु माथि परिमार्जन तथा संशोधन मार्फत संबोधन गर्नुपर्ने अवस्था देखिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६(संशोधन सहित) बमोजिम स्थानीय विषयका लागि कक्षा १-३ सम्म ५ पाठ्यघण्टा, कक्षा ४-८ सम्म ४ पाठ्यघण्टा, कक्षा ९-१० सम्म ऐच्छिक प्रथम र द्धितीयको ४/४ पाठ्यघण्टा र कक्षा ११-१२ सम्म ऐच्छिक प्रथम, द्धितीय र तृतीयको ४/४ पाठ्यघण्टा कायम गरिएको छ ।कक्षा १-३ सम्म शतप्रतिशत आन्तरिक मूल्याङ्कनको प्रावधान राखिएको छ भने कक्षा ४-८ सम्म ५० प्रतिशत आन्तरिक तथा ५० प्रतिशत बाह्य मूल्याङ्कनको हिस्सा कायम गरिएको छ । त्यसै गरी कक्षा ९-१२ सम्म आन्तरिक २५ र बाह्य ७५ प्रतिशतको मूल्याङ्कन भार निर्धारण गरी प्रचलनमा रहेको छ । अघिल्लो प्रारुप अनुसारको पाठ्यभारको सट्टामा पाठ्यघण्टा र पुर्णाङ्कको सट्टामा कार्यघण्टाको व्यवस्था गरिएको छ । ३२ कार्यघण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिएको छ । ६० मिनेट समय वरावरको १ कार्यघण्टा कायम गरिएको छ। निर्णयात्मक मूल्याङ्कनका लागि विद्यार्थी उपस्थिति ७५ प्रतिशत तोकिएको छ। शैक्षिक सत्रको अन्तमा लिईने परीक्षाको कुरा गर्दा आधारभूत शिक्षा परीक्षा (कक्षा ८) पालिकाबाट, माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) सम्बन्धित प्रदेशबाट र एस एल सी (कक्षा १२) परीक्षा सङ्घबाट सञ्चालन गरिने प्रावधान रहेको छ भने अन्य सबै कक्षाका परीक्षा सम्बन्धित विद्यालयले सञ्चालन गर्ने कानूनी व्यवस्था छ । यद्यपि यस पालिकाको परीक्षाफल एवं नतिजा प्रकाशन र विश्लेषण पालिकाबाट नै हुने गरेको छ। कक्षा उत्तीर्ण वा माथिल्लो कक्षामा प्रवेश हुनका लागि आन्तरिक र बाह्य परीक्षामा अलग अलग न्यूनतम ३५ प्रतिशत वा D ग्रेडस्तरको नीतिगत प्रावधान गरिएको छ ।

### ४.१.३. अवसर र चुनौति

- स्थानीय पाठ्यक्रम, हाम्रो शंखरापुर निर्माण तथा कार्यान्वयन,
- कक्षा १-८ सम्मका पाठ्यपुस्तक निर्माण एवं कार्यान्वयन,
- मातृभाषाको पाठ्यक्रम निर्माणको स्वीकृति,
- एकिकृत पाठ्यक्रम प्रयोग सम्बन्धी गहन क्षमता विकास,

- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक संशोधन/परिमार्जन,
- स्थानीय पाठ्यसामग्री (कक्षा १-८) विकास, छपाई र वितरण,
- प्रारम्भिक बाल विकास शिक्षाका सहजकर्तालाई आधारभूत र पुनर्ताजगी तालिम,
- सबै तह र विषयका शिक्षकहरुका लागि पाठ्यक्रम प्रबोधिकरण तालिम,
- आधारभूत तथा माध्यमिक तहका शिक्षकका लागि नवीनतम विधि, पद्दति र प्रविधि सम्बन्धी कष्टमाईज्ड तालिम,
- समय र परिस्थिति अनुकुल पाठ्यवस्तु परिमार्जन तथा अद्यावधिक,
- सिकाइ सामग्रीको विषय सान्दर्भिक प्रयोग,
- सिकाइ सामग्रीको निर्माण, संकलन तथा रखाई व्यवस्थापन,
- कक्षा र विषयगत शिक्षकका लागि आन्तरिक तथा बाह्य मूल्याङ्कन सम्बन्धी क्षमता विकास,
- प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षण र समपरीक्षण सम्बन्धी क्षमता विकास,
- विद्यार्थी मूल्याङ्कन तथा परीक्षणका साधनहरुको समयानुकुल परिवर्तन

### ४.१.४. उद्देश्य

- विद्यार्थीको औषत सिकाइ उपलब्धि सुधार गर्नु,
- नगरपालिकाको समग्र शैक्षिक गुणस्तर कायम गर्नु,
- मूल्याङ्कन पद्दतिमा सुधार गरी परीक्षणबाट प्राप्तिको नतिजा बोध गराउनु,
- स्थानीय विषयवस्तु, भाषा र संस्कृतिको संरक्षणमा सहयोग गर्नु

### ४.१.५. रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने।
- सबै तह र विषयका मागमा आधारित तालिम र कार्यशाला संञ्चालन गर्ने ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक कक्षा १-८) समयानुकुल परिमार्जन र विकास गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धि अभिबद्दिका लागि शिक्षकहरुको पेशागत दक्षता वृद्दि गर्ने ।
- शिक्षक सहायता प्रणाली र सहपाठी सिकाइका विभिन्न तौरतरिकाहरुको कार्यान्वयन गर्ने ।
- स्थानीय पाठ्यक्रमको कार्यान्वयनका लागि उचित सिकाइ सामग्रीको विकास गरी उपयोग गर्ने ।
- विद्यार्थीहरुलाई नियमित रुपमा अतिरिक्त क्रियाकलापमा भाग लिने व्यवस्था मिलाउने ।
- मूल्याङ्कनका नवीनतम विधि, पद्दति र प्रविधिको खोजी गरी सामयिक रुपमा प्रयोगमा ल्याउने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अंगका रुपमा प्रयोगमा ल्याउने ।

### ४.१.६. प्रमुख उपलब्धि र नतिजा

#### ४.१.६.१. उपलब्धि

- विद्यार्थीहरुको सिकाइ उपलब्धिमा उल्लेख्य मात्रामा वृद्धि भएको हुनेछ ।

#### ४.१.६.२. नतिजा

- सिकारुहरुको सिकाइ उपलब्धिस्तरमा अपेक्षित सुधार भएको हुनेछ ।

- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई ( कक्षा १-८) समयानुकुल परिमार्जन र अद्यावधिक गरिएको हुनेछ ।
- सह तथा अतिरिक्त क्रियाकलापमा कम्तीमा ७५ प्रतिशत विद्यार्थी सहभागी भएका हुनेछन् ।
- विद्यार्थी सिकाइ उपलब्धि परीक्षण तथा मूल्याङ्कनका साधनहरुको नवीनतम प्रयोगबाट नतिजामा उल्लेख्य सुधार भएको हुनेछ ।

### ४.१.७. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिक ताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | विद्यार्थी नियमितता प्रोत्साहनमूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि१ |
| २ | सिकाइ उपलब्धिस्तर सुधारका लागि नवीन प्रविधिको खोजी तथा अन्वेषण कार्यका लागि गोष्टि तथा कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगरपालिका | पि२ |
| ३ | स्थानीय पाठ्यक्रम, **हाम्रो शंखरापुर** (कक्षा १-८) नैतिक र संस्कार शिक्षा विषयवस्तु थप र परिमार्जन | पटक | १ | ० | ० | ० | ० | १ | २०० | नगपालिका / विद्यालय | पि१ |
| ४ | स्थानीय पाठ्यपुस्तक **हाम्रो शंखरापुर** (कक्षा १-८) छपाई र विवरण | पटक | १ | १ | १ | १ | १ | ५ | १५०० | नगरपालिका | पि१ |
| ५ | विद्यालयस्तरीय विषयगत निर्माण सामग्री एवम् सिर्जनात्मक प्रदर्शनी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि२ |
| ६ | नगरस्तरिय ( माध्यमिक तह) विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि१ |
| ७ | नगरस्तरिय अतिरिक्त क्रियाकलाप (बक्तृत्वकला, हाजिरीजवाफ लगायत) सञ्चालन –राष्ट्रिय एवम् स्थानीय पर्व र दिवस समारोह सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | नगरपालिका | पि२ |
| ८ | विद्यालयतह तथा आधारभूत तह परीक्षा सुधार कार्यक्रम (पालिकास्तर ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५०० | नगरपालिका | पि२ |
| ९ | शिक्षक प्रतिविम्वन डायरी विकास र कार्यान्वयन - Reflect Writing Dairy | शिक्षक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि२ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १० | सिकाइ उपलब्धि सुधारका लागि विद्यार्थी प्रतिबद्धता अभियान कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय | पि१ |
| ११ | विद्यालयस्तरमा खेलकूद प्रवर्द्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | नगरपालिका | पि१ |
| १२ | विद्यालय अनुगमन तथा सुपरिवेक्षण (साधारण) –पालिकास्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि१ |
| १३ | कक्षा अवलोकन एवं नमूना पाठ प्रदर्शन (विज्ञ सेवा एवम् प्राविधिक सहजीकरण ) | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगरपालिका र विज्ञ | पि१ |
| १४ | आन्तरिक विद्यार्थी मूल्याङ्कन र अभिलेख व्यवस्थापन | विद्यालय | निरन्तर | | | | | ३९ | ० | विद्यालय | पि१ |
| १५ | स्थानीय शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोगमा सहजीकरण | विद्यालय | निरन्तर / आवश्यकता अनुसार | | | | | ३९ | ० | विद्यालय/ शिक्षक | पि१ |
| १६ | पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम ( दुवै तह ) -नगरस्तरीय | वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | नगपालिका | पि २ |
| १७ | प्रश्नपत्र निर्माण तथा उतरपुस्तिका परीक्षण कार्यशाला (दुवै तह) -नगरस्तरीय | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | नगरपालिका र गैसस | पि २ |
| १८ | विषयगत शैक्षिक सामग्री निर्माण / प्रयोग कार्यशाला (आधारभूत तह ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७५० | नगरपालिका र गैसस | पि २ |
| १९ | मातृभाषा पाठ्यसामग्री विकास कक्षा (१-५) –तामाङ र नेपालभाषा | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगरपालिका | पि२ |
| २० | अतिरिक्त क्रियाकलापका लागि विद्यालय सहयोग अनुदान | विद्यालाय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ३२२५ | नगरपालिका | पि १ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ०८७/ ८८ | ५ वर्षको जम्मा | | | |
| जम्मा (आन्तरिक ) | | | ३६८५ | ३६८५ | ३६८५ | ३६८५ | ३६८५ | | १८४२५ | | |
| १ | निःशुल्क पाठ्यपुस्तक अनुदान कक्षा (१-१२) | विद्यार्थी / सेट | १ | १ | १ | १ | १ | ५ | ११६१० | सङ्घीय ससर्त | पि १ |
| २ | पिसिएफमा आधारित शैक्षिक तथा डिजिटल सिकाइ सामग्री अनुदान | विद्यार्थी | १ | १ | १ | १ | १ | ५ | ४५७५ | सङ्घीय ससर्त | पि १ |
| ३ | विद्यालय सञ्चालन व्यवस्थापन ( मसलन्द ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ४५२५ | सङ्घीय ससर्त | पि १ |
| ४ | पाठ्यक्रम प्रवोधीकरण (दुवै तह ) | शिक्षक | सहभागिता | | | | | ५ | ० | सङ्घ प्रदेश ससर्त | पि २ |
| ५ | नमूनाप्रश्नपत्र निर्माण कार्यशाला (दुवै तह ) | शिक्षक | सहभागिता | | | | | ५ | ० | सङ्घ प्रदेश ससर्त | पि२ |
| जम्मा (बाह्य स्रोत ) | | | ४१४२ | ४१४२ | ४१४२ | ४१४२ | ४१४२ | | २०७१० | | |
| कुल जम्मा | | | ७८२७ | ७८२७ | ७८२७ | ७८२७ | ७८२७ | | ३९१३५ | | |

## ४.२. शिक्षक व्यवस्थापन र विकास

### ४.२.१. परिचय

शिक्षा प्रणालीको मेरुदण्ड शिक्षक हुन् । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष, पेशाप्रति उत्प्रेरित , समर्पित , प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्ररित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । शैक्षिक विकास र सुधारका लागि शिक्षक व्यवस्थापन र विकास एक महत्वपूर्ण उपक्षेत्र हो । सक्षम र उत्तरदायी शिक्षकको परिचालनबाट मात्र तोकिएका सक्षमताहरु हासिल गर्न सकिन्छ । शिक्षा समाजको परिवर्तन, विकास र समृद्धिको आधारभूत सर्त हो । शिक्षकको योग्यता , क्षमता, दक्षताले विद्यार्थीहरुको सिकाइलाई प्रत्यक्ष प्रभाव पार्दछ भने असल शिक्षकले समाजलाई प्रगतिको दिशामा डोर्याउन सक्दछ । तसर्थ शिक्षा क्षेत्रमा अब्बल र दक्ष शिक्षकको परिचालन महत्वपूर्ण छ । कानुनी हिसाबले तहगत रुपमा योग्यता कायम गरी शिक्षक व्यवस्थापनको प्रावधान समेत रहेको छ

शिक्षकहरु नै परिवर्तनका संवाहक हुने भएकोले सभ्य, सुसंस्कृत र शिक्षित समाज निर्माण र समाज रुपान्तरणमा शिक्षकको योगदानलाई नजर अन्दाज गर्न सकिदैन । गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षक एक अर्काको पर्याय हुन् । आधारभूत तह देखि माध्यमिक तह सम्मको शिक्षामा योग्य, दक्ष, अभिप्रेरित र चरित्रवान शिक्षकको व्यवस्थापनबाट नै विद्यालय शिक्षाको गुणस्तर सुनिश्चित हुन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक हुन्छ । विद्यालय शिक्षामा समतामूलक पहुँच, गुणस्तर र संस्थागत सक्षमताका लागि आवधिक शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरु शिक्षकको व्यवस्थापन र पेशागत क्षमता विकास र दक्षता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

वर्तमान समयमा शिक्षक तयार गर्ने कार्य विश्वविद्यालयहरु र सो अन्तर्गत क्याम्पसहरुबाट भएका छन् । शिक्षक अध्यापन अनुमतिपत्रको व्यवस्था र परीक्षा सञ्चालन, शिक्षकको पदपूर्तिका लागि परीक्षा सञ्चालन र नियुक्तिका लागि सिफारिस, बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिको लागि सिफारिस भएका शिक्षकहरुको नियुक्ति सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट भए पश्चात् सम्बन्धित पालिकाबाट पदस्थापन हुने गरेको छ। त्यस्तैगरी कुनै कारणवस रिक्त भएका वा हुने पदहरुमा तत्काल अस्थायी/करार शिक्षक नियुक्त गर्नका लागि विद्यालयहरुलाई अनुमति प्रदान गर्न शिक्षण सहयोग अनुदान तर्फका कोटामा करार नियुक्ति गर्न र शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको समन्वयमा सम्बन्धित पालिकाहरुले गर्दै आएका छन् । शिक्षकको पेशागत दक्षता र क्षमता विकासका लागि आवश्यक नीति तथा कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गर्ने र सोको कार्यान्वयनका लागि प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव श्रोत विकास केन्द्र र शिक्षकको क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिम कार्यक्रमहरु प्रदेशस्तरका शैक्षिक तालिम केन्द्रहरुले गर्दै आएका छन । यद्यपि न्यून दरबन्दी र शिक्षक अपर्याप्त भई निजी रुपमा सञ्चालित विद्यालयहरुमा कार्यरत शिक्षकहरुका लागि शिक्षण सिकाइ सहजीकरण सीप सम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न एवम् बालबालिकाहरुको सिकाइ निरन्तरताका लागि नगरपालिकास्तरबाट र स्वयं विद्यालयबाट

निजी श्रोतबाट व्यवस्था गरिएका स्वयंसेवक शिक्षक / शिक्षण सहजकर्ता / निजी शिक्षकहरुका लागि छोटो अवधिका अभिमुखीकरण र कार्यशाला नगरपालिकास्तरबाट पनि हुने गरेका छन् ।

यद्यपि शिक्षक तयारी कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन सकिएको छैन । शिक्षक तयारीको क्षेत्रमा कार्यरत सरकारका निकायहरु बिच आवश्यक समन्वय र सहकार्य हुन सकेको छैन । सेवा प्रवेश एवम् कार्यरत शिक्षकहरुको प्रकृतिलाई हेर्दा स्थायी, अस्थायी, राहत अनुदान, शिक्षण सहयोग अनुदान, विशेष शिक्षा परिषद अन्तर्गत शिक्षक अनुदान, प्रारम्भिक बाल विकास शिक्षक, प्राविधिक धार अन्तर्गत प्रशिक्षक, निजी र स्वयंसेवक शिक्षक आदि रहेका छन् । ती शिक्षकहरुको सेवा सर्त र सुविधा पनि फरक फरक रहेको छ। शिक्षकको कार्यसम्पादन मूल्याङ्कन एवम् सेवा सुविधा पनि सिकाइ उपलब्धिसँग जोड्न सकिएको छैन । अतः शिक्षा योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाईको रुपमा मार्ग प्रशस्त गर्ने, शिक्षण सिकाइ सहजीकरण कार्यलाई थप प्रभावकारी बनाउने, विपद् जोखिम एवम् प्रसुति अवधिमा सिकाइ निरन्तरताको लागि वैकल्पिक जनशक्तिको परिचालन गर्ने, शिक्षकको पेशागत दक्षता अभिवृद्धि र क्षमता विकासमा विशेष जोड दिने, विद्यार्थीको सिकाइ प्रति थप जवाफदेही बनाउने, जहाँ विद्यार्थी त्यहाँ शिक्षक नीति अनुरुप शिक्षक व्यवस्थापन गर्ने, शिक्षक सिकाइ समूह एवं सञ्जाल बनाउने जस्ता कार्यलाई प्राथमिकता दिनु अहिलेको अनिवार्यता हो ।

विद्यालयमा गुणस्तरीय शिक्षण—सिकाइ सुनिश्चित गर्न सक्षम, दक्ष, प्रेरित र उत्तरदायी शिक्षकको उपलब्धता अपरिहार्य हुन्छ । सङ्घीय संरचना अनुसार शिक्षा व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा आएको सन्दर्भमा नगरपालिकाले आफ्ना विद्यालयहरूको आवश्यकता अनुसार शिक्षक व्यवस्थापन तथा विकासका लागि दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक देखिएको छ । यस योजनाले नगरपालिकाभित्र शिक्षकको व्यवस्थापन, क्षमता विकास, प्रेरणा र कार्यसम्पादनस्तर सुधार मार्फत समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने लक्ष्य राखेको / लिएको छ ।

### ४.२.२. वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरु तयार गर्ने काम विश्वविद्यालय तथा उच्च शिक्षा संस्थाहरुले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने , रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक वढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरुलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरुले गर्दै आएका छन् । यसै गरी अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन् ।

यस नगरपालिका भित्र प्रारम्भिक बाल विकास कक्षा देखि १ कक्षा सम्म मात्र सञ्चालन भएका विद्यालय ३ वटा, कक्षा (१-५) सञ्चालन भएका विद्यालय ७ वटा, कक्षा (६-८) सञ्चालन भएका विद्यालय ५ वटा, कक्षा (९-१०) सञ्चालन भएका विद्यालय ३ वटा र कक्षा (११-१२) सञ्चालन भएका विद्यालय ५ वटा समेत गरी जम्मा २३ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन । साथै निजी लगानीमा सञ्चालित (संस्थागत) र शैक्षिक गुठीको रुपमा सञ्चालनमा रहेका विद्यालय १८ वटा रहेका छन । सङ्घीय सरकारबाट

स्वीकृत दरबन्दी एवम् राहत अनुदान अन्तर्गत बाल विकास सहजकर्ता २५ जना , कुल तहगत शिक्षक १८६ जना (प्राथमिक तह १०३ जना, निम्न माध्यमिक तह ३८ जना, माध्यमिक तह ३५ जना तथा साविक उच्च माध्यमिक तह १० जना) र सङ्घ एवम् प्रदेश सरकारबाट प्राप्त शिक्षण सहयोग अनुदान शिक्षक ७ जना (माध्यमिक तह ४ जना, आधारभुत तह ३ जना) रहेका छन् । यसरी सङ्घीय अनुदान प्राप्त शिक्षण जनशक्ति बाल विकास सहजकर्ता २५ जना, तहगत शिक्षक संख्या १८६ जना र शिक्षण सहयोग अनुदान ७ जना समेत जम्मा १९३ जना जनशक्तिहरु सामुदायिक विद्यालयमा कार्यरत रहेको देखिन्छ । यस नगरपालिकाको आन्तरिक स्रोत तर्फ करार रुपमा कार्यरत शिक्षण जनशक्ति १० जना (बालविकास सहजकर्ता) रहेका छन्। त्यस्तैगरी विद्यालयमा कार्यरत लेखा सहायक ८ जना र विद्यालय सहयोगी २५ जना समेत जम्मा ३३ जना कार्यरत कर्मचारी जनशक्ति रहेका छन। यसरी शिक्षण जनशक्ति र कर्मचारी गरी जम्मा २५१ जना कार्यरत रहेको देखिन्छ । जसलाइ निम्नानुसार तालिकामा देखाइएको छ :

***पुनश्च : यसमा नगरपालिका स्रोत बाल विकास शिक्षक संख्या १० जना समावेश गरिएको छैन ।***

सञ्चालित सामुदायिक विद्यालय तर्फ नगरपालिकाको तहगत शिक्षक विद्यार्थी अनुपात तपसिल अनुसार देखिएको छ :

यी शिक्षकहरू बालकक्षा देखि माध्यमिक तहसम्म विभिन्न तह र विषयमा अध्यापन कार्यमा संलग्न रहेका

| तह | दरबन्दी | | | राहत अनुदान | | | सङ्घीय शिक्षण अनुदान | | | प्रदेश शिक्षण अनुदान | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| आधारभूत तह १-५ | २७ | ६३ | ९० | ८ | ५ | १३ | | | | | | | १०३ |
| आधारभूत तह ६-८ | १२ | १२ | २४ | ९ | ५ | १४ | ० | ३ | ३ | | | | ४१ |
| माध्यमिक तह ९-१० | ७ | १८ | २५ | १ | ९ | १० | २ | १ | ३ | १ | ० | ० | ३९ |
| माध्यमिक ११-१२ | २ | २ | ४ | २ | ४ | ६ | | | | | | | १० |
| जम्मा | ४८ | ९४ | १४२ | २० | २३ | ४३ | २ | ४ | ६ | १ | ० | ० | १९३ |
| बालविकास | २५ | ० | २५ | | | | | | | | | | २५ |
| लेखापाल | १ | ७ | ८ | | | | | | | | | | ८ |
| विद्यालय सहयोगी | - | - | २५ | | | | | | | | | | २५ |
| कुल जम्मा | ७४ | १०१ | २०१ | २० | २३ | ४३ | २ | ४ | ६ | १ | ० | ० | २५१ |

| कक्षा एवम् तह | विद्यार्थी संख्या | शिक्षक संख्या | अनुपात | स्थानीय स्रोत सहित |
|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा (पूर्व प्राथमिक कक्षा | ५६२ | २५ | १:२२.४८ | १:१८.१२ |
| आधारभूत तह (कक्षा १-५) | ११०९ | १०३ | १:१०.७६ | |
| आधारभूत तह (कक्षा ६-८) | ७९० | ४१ | १:१९.२६ | |
| माध्यमिक तह (कक्षा ९-१०) | ४७५ | ३९ | १:१२.१७ | |
| माध्यमिक तह (कक्षा ११-१२) | ३६६ | १० | १:३६.६ | |

भए तापनि शिक्षक व्यवस्थापन प्रणाली पूर्ण रूपमा व्यवस्थित र सन्तुलित देखिँदैन। विद्यालयअनुसार विद्यार्थी संख्या र शिक्षक दरबन्दी वितरण बीच असमानता देखिएको छ । जसका कारण केही विद्यालयमा न्यून

शिक्षक रहेको छ भने केही विद्यालयमा उपलब्ध शिक्षकको कार्यभार तुलनात्मक रूपमा कम रहेको अवस्था छ। विशेषगरी गणित, विज्ञान, अंग्रेजी तथा सूचना प्रविधि (ICT) जस्ता विषयमा विषयगत शिक्षकको कमीले शिक्षण—सिकाइ प्रक्रियामा असहज स्थिति उत्पन्न गरेको छ ।

हाल कार्यरत शिक्षकहरूमध्ये अधिकांश स्थायी तथा केही राहत कोटाका भए तापनि शिक्षण विधि, विषयगत दक्षता र आधुनिक शिक्षण विधि अभ्यासमा समान स्तरको क्षमता विकास / अद्यावधिक हुन सकेको छैन। धेरै शिक्षकहरू अझै पनि परम्परागत शिक्षण शैलीमा निर्भर रहेको वा आधुनिक विधि र प्रविधिलाई नअपनाएको देखिन्छ । जसका कारण विद्यार्थी केन्द्रित, क्रियाकलाप आधारित तथा समावेशी शिक्षण अभ्यास अपेक्षित रूपमा कार्यान्वयन हुन सकेको छैन । सूचना प्रविधिमा आधारित शिक्षण—सिकाइ, डिजिटल सामग्रीको प्रयोग तथा नवप्रवर्तनशील शिक्षण विधिमा शिक्षकहरूको पहुँच र ज्ञान, सीप दक्षतामा कमी रहेको देखिन्छ ।

शिक्षकको सरुवा, परिचालन र कार्यभार व्यवस्थापनमा स्पष्ट मापदण्ड र प्रणालीको अभाव देखिन्छ। सङ्घ, प्रदेश र स्थानीय तहबीच शिक्षक व्यवस्थापनसम्बन्धी अधिकार र भूमिकाको स्पष्टता नहुँदा निर्णय कार्यान्वयनमा ढिलाइ हुने गरेको छ । साथै शिक्षकको कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र कमजोर कार्यसम्पादन गर्ने शिक्षकबीच स्पष्ट भिन्नता देखिने गरी प्रोत्साहन वा सुधारका कार्यक्रम सञ्चालन हुन सकेका छैनन् । नगरपालिकाले शिक्षकको निरन्तर पेशागत विकासका लागि तालिम, Mentoring तथा नमूना कक्षा प्रदर्शन र कक्षा अवलोकन जस्ता कार्यक्रमहरू सीमित मात्रामा सञ्चालन भइरहेका छन् । तालिम प्राप्त गरेपछि त्यसको व्यवहारिक प्रयोगको अनुगमन र follow-up प्रणाली कमजोर रहेको छ। यसका अतिरिक्त दुर्गम वा कम आकर्षक विद्यालयहरूमा कार्यरत शिक्षकलाई टिकाई राख्न आवश्यक प्रोत्साहनको व्यवस्था पर्याप्त नहुँदा त्यस्ता विद्यालयमा शिक्षक स्थायित्व चुनौतीपूर्ण बनेको छ ।

समग्रमा, यस नगरपालिकामा शिक्षकको संख्या संख्यात्मक रूपमा पर्याप्त देखिए तापनि विषयगत सन्तुलन, दक्षता, परिचालन र विकास प्रणाली कमजोर रहेको वर्तमान अवस्था छ। शिक्षक व्यवस्थापनलाई तथ्यमा आधारित, आवश्यकता अनुरूप, पारदर्शी र दीर्घकालीन योजनासँग आबद्ध गरी सुधार नगरेसम्म शिक्षण—सिकाइको गुणस्तरमा अपेक्षित सुधार ल्याउन कठिन हुने अवस्था देखिन्छ। त्यसैले आगामी दिनमा शिक्षक व्यवस्थापनलाई नगर शिक्षा योजनाको प्रमुख प्राथमिकताका रूपमा अघि बढाउनु अपरिहार्य रहेको छ ।

### ४.२.३. प्रमुख समस्या

- विषयगत शिक्षकको पर्याप्त व्यवस्था नहुनु
- शिक्षक परिचालन र सरुवामा स्पष्ट मापदण्डको कमी
- निरन्तर पेशागत विकासको लागि संयन्त्र नहुनु
- प्रेरणा र प्रोत्साहन प्रणाली संस्थागत नहुनु
- सीमित बजेट तथा स्रोत साधनको विद्यमान रहनु

### ४.२.४. अवसर

- सङ्घीय संरचना अनुसार स्थानीय तहलाई शिक्षक व्यवस्थापनमा अधिकार
- करार तथा अस्थायी शिक्षक नियुक्तिको सम्भावना
- प्रदेश, सङ्घीय निकाय तथा NGO/INGO सँग सहकार्य
- ICT र डिजिटल शिक्षणको प्रयोग

- स्रोत व्यक्ति तथा अवकाश प्राप्त शिक्षकको उपयोग

### ४.२.५. चुनौती

- योग्य विषयगत शिक्षक आकर्षण र टिकाउ
- बजेट स्रोतको निरन्तरता
- शिक्षक परिवर्तनप्रति प्रतिरोध (resistance to change)
- सङ्घ–प्रदेश–स्थानीय तहबीच समन्वय ।
- विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध र कार्यान्वयन गर्न ।
- शिक्षण सिकाइ सहजीकरण एवम् क्रियाकलाप बालमैत्री र विद्यार्थी केन्द्रित बनाउन एवम् शिक्षण सिकाइ क्रियाकलापमा विविधिता ल्याउन ।
- विद्यालय समायोजन (मर्ज/स्थगन, डाउनसाईजिङ र एकीकरण) र शिक्षक व्यवस्थापन गर्न
- आधारभूत र माध्यमिक तहका लागि विषय शिक्षकहरुको व्यवस्थापन गर्न
- सूचना तथा प्रविधि सम्बन्धी ज्ञान र सीप कक्षाकोठा सिकाइ कार्यमा उपयोग गर्न
- सेवा निवृत्त शिक्षकहरुको सम्मान र सिकाइ अनुभवको उपयोग गर्ने वातावरण तयार गर्न

### ४.२.६. उद्देश्य

शिक्षक व्यवस्थापन र विकासका निम्न उद्देश्यहरु रहेका छन् :

- विद्यार्थी सङ्ख्याका आधारमा तहगत शिक्षकको व्यवस्थापन, परिचालन दरबन्दी मिलान र समायोजन गर्नु ।
- शिक्षक तालिम, गोष्टि, कार्यशाला, कार्यमुलक अनुसन्धानका कार्यहरु मार्फत शिक्षकको पेसागत दक्षता वृद्धि गर्नु।
- कार्यसम्पादन स्तर उत्कृष्ट रहेका शिक्षकहरूलाई पुरस्कार, सम्मान लगायतका उपायहरूलाई कार्यान्वयन गरी शिक्षणपेसामा अझ जिम्मेवार बनाउनु ।

### ४.२.७. रणनीति

- आवश्यकता भएका र रिक्त रहेका दरबन्दिमा तहगत शिक्षक व्यवस्थापन गर्ने ।
- दरबन्दी नभएका तर आवश्यकता भएका विद्यालयहरुमा नगरपालिकामार्फत शिक्षक व्यवस्थापन गर्ने ।
- दरबन्दी सिर्जनाका आधारहरु तयार गरी आवश्यक कार्य गर्ने ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत रुपमा शिक्षकको दरबन्दी मिलान पुनर्बितरण र व्यवस्थापन गर्ने ।
- शिक्षकहरुको पेसागत विकासका लागि प्रदेश सङ्घ र सम्बद्द निकायसँग समन्वय र सहकार्य गरी आवश्यकतामा आधारित स्तरीय तालिम सञ्चालन गर्ने ।

- शिक्षकको पेसागत विकास र उत्प्रेरणाका लागि शिक्षकसँग बिज्ञ भेटघाट, शैक्षणिक बिज्ञ परिचालन, सिकाइ समूह, विषयगत शिक्षक संजाल, सिकाइ समूह जस्ता संयन्त्रको विकास गरी अभिमुखिकरण, उत्प्रेरणा, मेन्टरिङ र कोचिङ कार्यक्रमको सञ्चालन गर्ने ।
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकास र पेसागत दक्षतालाई बिद्यार्थिको सिकाइसँग सम्बन्धित गरी कार्यान्वयन गर्ने ।
- शिक्षकहरुका अनुभव, सिकाइ, सिकाइमा नवप्रवर्द्धन जस्ता विषयहरुको प्रकाशन तथा प्रशारणको ब्यवस्था मिलाउने ।
- प्रसुति वा सुत्केरी बिदामा रहेको अवधिमा शिक्षण सिकाइ निरन्तरताको लागि शिक्षण सहजकर्ताको व्यवस्थापन गर्ने ।
- न्यूनतम संख्या र विषयगत शिक्षक नभएको विद्यालयमा पालिकास्तरबाट स्वयंसेवक शिक्षककालागि व्यवस्थापन गर्ने ।
- नव प्रवेशी एवम् कार्यरत शिक्षकहरुको पेशागत दक्षता, क्षमता विकासका लागि नवीनतम विधि र प्रविधि सम्बन्धीतालिमको सञ्चालन गर्ने ।
- शिक्षकको उपस्थिति, शिक्षकले कक्षा कोठामा बिताउने समय र कार्यसम्पादन सुधार योजना अनिवार्यरुपमा लागु गर्ने ।
- शिक्षक तथा प्र. अ. को वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित गरी नतिजा प्रतिजवाफदेहि हुने पद्धतिको विकास गर्ने ।
- प्र.अ. र शिक्षकहरुका लागि कार्यसम्पादन करार सम्झौताको नीति अवलम्बन लागु गर्ने ।

## ४.२.८. प्रमुख उपलब्धि तथा नतिजा

### ४.२.८.१. उपलब्धि

- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान हुनेछ ।
- शिक्षकहरुले निरन्तर पेसागत दक्षता विकासको अवसर प्राप्त गरी शैक्षिक क्रियाकलापमा प्रयोग हुनेछ ।

### ४.२.८.२. नतिजा

- सञ्चालित कक्षा संख्या र अध्ययनरत विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान भइ शिक्षक व्यवस्थापन भएको हुनेछ ।
- प्रभावकारी शिक्षण सिकाइ सहजीकरणका कारण विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा वृद्धि भएको हुनेछ ।
- प्र. अ.र शिक्षकहरुमा कार्यसम्पादन करार सम्झौता भइ कार्यसम्पादनस्तरमा सुधार भएको हुनेछ ।
- शिक्षकहरुलाई निरन्तर पेशागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ ।
- नगरपालिकास्तरमा तहगत, विषय शिक्षक एवम् विज्ञहरु रोष्टर समूह गठन, शिक्षकहरुको कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनका लागि परिचालित गरिनेछ ।

- प्रसुति अवधिमा सिकाइ निरन्तरताको शिक्षण सहजकर्ताको व्यवस्था भएको हुनेछ ।
- प्रशिक्षित सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा अपेक्षित सुधार भएको हुनेछ ।
- प्रभावकारी शिक्षण सिकाइ सहजीकरणका कारण विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा वृद्धि भएको हुनेछ ।
- नव प्रवेशी र कार्यरत शिक्षकहरुको पेशागत दक्षता र क्षमता अभिवृद्धिका लागि नगरपालिका स्तरमा शिक्षक सहायता पद्धतिको विकास र सहायता संस्कृति स्थापित भएको हुनेछ ।
- सबै विद्यालयहरुमा न्यूनतम संख्यामा शिक्षकहरुको पदपूर्ति भएको हुनेछ ।
- शिक्षकहरुलाई निरन्तर पेशागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ ।

### ४.२.८.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | बजेट | | |
| १ | शिक्षक दरबन्दी मिलान /शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका | पि २ |
| २ | प्रधानाध्यापकहरुको नेतृत्व क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका | पि२ |
| ३ | शिक्षक क्षमता विकास तथा तालिम (मागमा आधारित एवम् विषयगत) | जना | १ | १ | १ | १ | १ | ५ | २५०० | नगर पालिका | पि१ |
| ४ | शिक्षकहरुको कार्य सम्पादन परीक्षण एवम् मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका | पि२ |
| ५ | विद्यालयका शिक्षक तथा कर्मचारीहरुका लागि क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगर पालिका | पि२ |
| ६ | कक्षा अवलोकन र नमुना पाठ प्रदर्शन र पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | | पि१ |
| ७ | डिजिटल सामग्री विकास प्रोत्साहन तथा | पटक | १ | १ | १ | १ | १ | ५ | १५०० | | पि२ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | बजेट | | |
| | ICT आधारित शिक्षण तालिम | | | | | | | | | | |
| ८ | असल अभ्यास आदान प्रदान तथा शैक्षिक अवलोकन भ्रमण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १२५० | नगर पालिका | पि२ |
| ९ | संस्थागत विद्यालयका शिक्षकहरुका लागि आवश्यकतामा आधारित तालिम कार्यक्रम | समुह | १ | १ | १ | १ | १ | ५ | ७५० | नगर पालिका | पि२ |
| १० | लेखा सहायक कर्मचारीका लागि प्रोत्साहन (थप पारिश्रमिक) | ८ जना | १ | १ | १ | १ | १ | ५ | २००० | | पि१ |
| ११ | प्रसुति अवधिका लागि शिक्षण सहजकर्ता परिचालन | ५ जना | १ | १ | १ | १ | १ | ५ | ११२५ | | पि१ |
| १२ | विद्यालय सहयोगी कर्मचारीका लागि प्रोत्साहन अनुदान | २५ जना | १ | १ | १ | १ | १ | ५ | १०००० | | पि१ |
| १३ | बालविकास शिक्षकका लागि प्रोत्साहन अनुदान तथा नगर | ३५ जना | १ | १ | १ | १ | १ | ५ | २५००० | | पि१ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | बजेट | | |
| | बालविकास शिक्षकका लागि तलब | | | | | | | | | | |
| १४ | दुर्गम विद्यालयमा कार्यरत शिक्षकका लागि अतिरिक्त प्रोत्साहन | २० जना | १ | १ | १ | १ | १ | ५ | १२०० | | पि१ |
| १५ | प्रधानाध्यापकका सञ्चार खर्च | २३ जना | १ | १ | १ | १ | १ | ५ | १२०० | | पि१ |
| १६ | प्राथमिक तह ब्लक इन्चार्ज सञ्चार खर्च | १५ जना | १ | १ | १ | १ | १ | १ | ५०० | | पि१ |
| १७ | नगरपालिकास्तरीय प्र.अ बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ६ | ५०० | | पि१ |
| जम्मा (आन्तरिक स्रोत ) | १०२०५ | १०२०५ | १०२०५ | १०२०५ | १०२०५ | | ५१०२५ | | | | |
| १ | आधारभूत तह (प्राशि र निमाशि) शिक्षक तलब भत्ता | १४१ जना | १ | १ | १ | १ | १ | ५ | ४७०५०० | सङ्घीय ससर्त | पि१ |
| २ | माध्यमिक तह शिक्षक तलब भत्ता (माशि र उमाशि ) | ४५ जना | १ | १ | १ | १ | १ | ५ | १६४५०० | सङ्घीय ससर्त | पि१ |
| ३ | प्रारम्भिक बालविकास शिक्षक विद्यालय | ५८ जना | १ | १ | १ | १ | १ | ५ | ४६३६५ | सङ्घीय ससर्त | पि१ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | बजेट | | |
| | कर्मचारीका लागि पारिश्रमिक अनुदान | | | | | | | | | | |
| ४ | प्र अ नेतृत्व तथा क्षामता विकास तालिम | प्रअ | सहभागिता | | | | | ५ | ० | प्रदेश तालिम केन्द्र | पि २ |
| ५ | विषयगत शिक्षक क्षमता विकास तालिम | शिक्षक | सहभागिता | | | | | ५ | ० | | पि २ |
| ६ | माध्यमिक तह शिक्षण सहयोग अनुदान (९-१०) | ३ जना | १ | १ | १ | १ | १ | ५ | ८६७० | सङ्घीय ससर्त | पि१ |
| ७ | आधारभूत तह शिक्षण सहयोग अनुदान (६-८) | ३ जना | १ | १ | १ | १ | १ | ५ | ६९२० | सङ्घीय ससर्त | पि१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा (बाह्य स्रोत ) | १३९३९१ | १३९३९१ | १३९३९१ | १३९३९१ | १३९३९१ | | ६९६९५५ | |
| कुल जम्मा | १४९५९६ | १४९५९६ | १४९५९६ | १४९५९६ | १४९५९६ | | ७४७९८० | |

## ४.३. शैक्षिक समता र समावेशीकरण

### ४.३.१. परिचय

हाम्रो देश सामाजिक सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ बहुभाषिक, बहुसाँस्कृतिक र बहुजातजाति समुदायको बसोबास रहेको छ । यही विविधता भित्र विभेद र वञ्चितीकरणमा परेका समुदायहरू पनि रहेका छन् । भौगोलिक संरचना र आर्थिक अवस्था तथा लैङ्गिक भिन्नताको प्रभाव शैक्षिक पहुँच एवम् सहभागिता र नतिजामा पर्नु स्वभाविक छ । उल्लेखित विविधता भएको हाम्रो समाजमा बहुआयमिक अवस्था (शारीरिक, मानसिक, सामाजिक आर्थिक, धार्मिक र सांस्कृतिक ) लाई ध्यानमा राखी वैयक्तिक भिन्नताको आधारमा उपयुक्त अवसर प्राप्तिका लागि उचित सहभागिता गराउँदै विविधताको सम्बोधन सहित सशक्तीकरण र क्षमता विकास गर्न समावेशिताको प्रवर्द्धन गर्नु आजको अनिवार्यता हो ।

नेपालको संविधान २०७२ ले शिक्षालाई आधारभूत मानव अधिकारको रुपमा परिभाषित गर्दै आएको वर्तमान परिप्रेक्ष्यमा सबै वर्ग लिङ्ग जातजाति , भौगोलिक क्षेत्र लगायत फरक शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरूको शिक्षामा सहज , सर्वसुलभ र समतामूलक पहुँचको सुनिश्चितता गर्नु राज्यको अहम् दायित्वको रुपमा स्वीकार गरी शिक्षा मौलिक अधिकारको रुपमा स्थापित गरेको छ । सामान्य रुपमा विद्यालयमा आइरहेका तथा सेवा क्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकूल हुने शिक्षा पद्धति नै समावेशी शिक्षा हो ।

नेपाल सरकारको १६ औं योजनाले पनि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिकोणले पछाडि परेका विभिन्न वर्गहरूका लागि सीप विकास तालिम , छात्रवृत्ति , शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा देखिएको अन्तरको अन्त्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुँदै आएको उल्लेख गरेको छ ।

समावेशी शिक्षा तथा समता सम्बन्धी संवैधानिक तथा नीतिगत व्यवस्थालाई हेर्ने हो भने दिगो विकास लक्ष्य नम्बर ४ मा पनि उल्लेख भएको छ । त्यसैगरी समता रणनीति, २०७१ ले पनि शिक्षामा समावेशी र समतालाई जोड दिएको पाइन्छ । त्यसै गरेर राष्ट्रिय शिक्षा नीति, २०७६ ले अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरेको छ। विविधताको सम्मान, समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारणहरू तथा बाधाहरू पहिचान गरी ती बाधाहरुलाई हटाउन सक्नुपर्दछ ।

शैक्षिक समता तथा समावेशीकरण गुणस्तरीय र न्यायोचित शिक्षा प्रणालीको आधार हो । प्रत्येक बालबालिकाले जात, लिङ्ग, भाषा, अपाङ्गता, आर्थिक अवस्था, भौगोलिक अवस्थिति वा सामाजिक पृष्ठभूमिका कारण कुनै पनि प्रकारको भेदभाव बिना समान अवसर सहित शिक्षा प्राप्त गर्न पाउनु उनीहरूको मौलिक अधिकार हो। नेपालको संविधान, शिक्षा ऐन,तथा राष्ट्रिय शिक्षा नीतिले समेत सबैका लागि समावेशी, समान र पहुँचयुक्त शिक्षामा जोड दिएको छ । यस सन्दर्भमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सबै बालबालिकाको विद्यालय पहुँच, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्न शैक्षिक समता तथा समावेशीकरणलाई प्राथमिक विषयका रूपमा लिई यो योजना तयार गरिएको हो ।

### ४.३.२. वर्तमान अवस्था

समावेशी शिक्षा विशेषगरी शिक्षाको मूल प्रवाहबाट बाहिर रहेका वा वञ्चितीकरणमा परेका वा पारिएका बालबालिका तथा प्रौढहरू समेतलाई शिक्षाको पहुँचमा ल्याउने वा मूल प्रवाहमा समाहित गर्ने प्रक्रियालाई बुझाउँछ । शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको मूल विषय क्षेत्र हो भन्ने मान्यता राखिएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ। समावेशी शिक्षा भन्नाले समाजमा रहेका हरेक वर्ग क्षेत्र समुदाय जातजाति लगायत शिक्षाबाट वञ्चितीकरणमा परेका वर्गलाई उनीहरूको आवश्यकता र चाहना अनुसारको शिक्षा प्रदान गरी गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाई शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्ने शिक्षणको आधुनिक विधि नै समावेशी शिक्षा हो ।प्रत्येक बालबालिकाको शैक्षिक अधिकारको प्राप्तिका लागि समतामूलक पहुँच भएको शिक्षा जसले सबै प्रकारको बालबालिकाले सिक्न सक्छन् भन्ने मान्यता राख्दछ । सबै बालबालिकाले एउटै प्रक्रियाबाट उही कुरा उही समयमा सिक्न सक्दैन ।यसर्थ अपाङ्गता भएका कार्यगत सीमितता तथा सिकाइमा कठिनाइ भएका लगायत सबै बालबालिकाको पूर्ण सहभागिताको सुनिश्चितता गर्ने शिक्षा नै समावेशी शिक्षा हो। समावेशी शिक्षालाई बालबालिकामा भएको विविधताको सम्मान गर्दै विविधतालाई सम्बोधन हुने गरी प्रदान गरिने शिक्षाको रुपमा लिने गरीन्छ । समावेशी शिक्षाले सबै सिकारुको सहभागिताको लागि उपयुक्त वातावरण सिर्जना गर्दै उनीहरूको विविध क्षमता र चाहनाको समेत सम्बोधन गर्ने प्रयास गर्दछ। यसको बावजुद समावेशी शिक्षाले सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न सहयोग गर्ने तथा सबै बालबालिकामा रहेको विविधताको सम्मान गरी बालमैत्री शिक्षण सिकाइ वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा मद्दत गर्नेछ।

यस नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूमा विभिन्न सामाजिक, आर्थिक तथा शैक्षिक पृष्ठभूमिका विद्यार्थीहरू अध्ययनरत रहेका छन् । दलित, जनजाति, अल्पसंख्यक समुदाय, विपन्न परिवारका बालबालिका, अपाङ्गता भएका बालबालिका, फरक भाषा बोल्ने तथा सिकाइमा कमजोर विद्यार्थीहरूको उपस्थिति रहेको भए तापनि उनीहरूको विद्यालय पहुँच, नियमित उपस्थिति, सिकाइ उपलब्धि र विद्यालयमा टिकाइ समान रूपमा सन्तोषजनक छैन । कतिपय विद्यार्थी आर्थिक अभाव, घरेलु कामको बोझ, अपाङ्गता अनुकूल पूर्वाधारको कमी, भाषिक समस्या, अभिभावकको न्यून शैक्षिक सचेतना तथा विद्यालय वातावरण पूर्ण रूपमा समावेशी नहुनुका कारण विद्यालय छाड्ने वा न्यून उपलब्धि हासिल गर्ने अवस्थामा छन् । समावेशी शिक्षा सम्बन्धी शिक्षकको क्षमता, सहयोगी सामग्री तथा विशेष सहायता कार्यक्रम पनि पर्याप्त रूपमा सञ्चालन हुन सकेको छैन।

यस नगरपालिकामा सामुदायिक विद्यालय तर्फ विद्यार्थी संख्या (शैक्षिक सत्र २०८२) तपसिल अनुसार रहेको छ :

| लैङगिक प्रकार | पूर्व प्रा.कक्षा | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| छात्रा | २७० | ५९० | ३७४ | २६४ | २०७ | १७०५ |
| छात्र | २९२ | ५१९ | ४१६ | २११ | १५९ | १५९७ |
| जम्मा | ५६२ | ११०९ | ७९० | ४७५ | ३६६ | ३३०२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| छात्रा (प्रतिशत) | ४८.०४ | ५३.२० | ४७.३४ | ५५.५७ | ५६.५५ | ५१.६३ |

यस नगरपालिकाको संस्थागत विद्यालयमा अध्ययनरत तहगत विद्यार्थी संख्या तपसिल अनुसार रहेको छ :

| लैङगिक प्रकार | पूर्व प्रा.कक्षा | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| छात्रा | ५३३ | ७८४ | ३८२ | २२३ | ४१ | १९६३ |
| छात्र | ६२६ | ९२९ | ४२१ | २६० | ८० | २३१६ |
| जम्मा | ११५९ | १७१३ | ८०३ | ४८३ | १२१ | ४२७९ |
| छात्रा (प्रतिशत) | ४५.९८ | ४५.७६ | ४७.५७ | ४६.१६ | ५१.२५ | ४५.८७ |

यस नगरपालिकाको सबै विद्यालयमा अध्ययनरत तहगत विद्यार्थी संख्या तपसिल अनुसार रहेको छ :

| लैङगिक प्रकार | पूर्व प्रा.कक्षा | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| छात्रा | ८०३ | १३७४ | ७५६ | ४८७ | २४८ | ३६६८ |
| छात्र | ९१८ | १४४८ | ८३७ | ४७१ | २३९ | ३९१३ |
| जम्मा | १७२१ | २८२२ | १५९३ | ९५८ | ४८७ | ७५८१ |
| छात्रा (प्रतिशत) | ४५.४२ | ४५.७० | ४७.५१ | ४६.१६ | ३३.८८ | ४५.६८ |

नगरपालिकाको वडागत सामुदायिक विद्यालय ,शिक्षक र विद्यार्थी संख्या लैङ्गिकता अनुसार विवरण तपसिल अनुसार रहेको छ :

| वडा | विद्यालय संख्या | शिक्षक संख्या | पूर्व प्रा. कक्षा | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | कुल विद्यार्थी | | | विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | छात्रा | छात्र | जम्मा | |
| १ | ६ | ४२ | ५६ | ११६ | ९१ | ५६ | ९ | १५३ | ११९ | २७२ | १:६.४७ |
| २ | २ | १६ | २४ | ९२ | ३७ | ३६ | ० | १०१ | ६४ | १६५ | १:१०.३१ |
| ३ | ३ | २७ | १६९ | १७६ | ११२ | ५७ | १९ | १८२ | १८२ | ३६४ | १:१३.४८ |
| ४ | ३ | ११ | ५१ | ८३ | ३१ | ० | ० | ६६ | ४८ | ११४ | १:१०.३६ |
| ५ | २ | १० | ३८ | ६० | २५ | ० | ० | ४८ | ३७ | ८५ | १:८.५ |
| ६ | २ | ३६ | ७३ | ३३५ | ३११ | २२९ | ३११ | ६०८ | ५७८ | ११८६ | १:३२.९ |
| ७ | १ | ४ | २४ | ४४ | ० | ० | ० | २० | २४ | ४४ | १:११ |
| ८ | ३ | २० | १११ | ११२ | १०७ | ५४ | ० | १४४ | १२९ | २७३ | १:१३.६५ |
| ९ | १ | १९ | १६ | ९१ | ७६ | ४३ | २७ | ११३ | १२४ | २३७ | १:१२.४७ |
| जम्मा | २३ | १८५ | ५६२ | ११०९ | ७९० | ४७५ | ३६६ | १४३५ | १३०५ | २७४० | १:१४.८१ |

यस नगरपालिकामा कार्यरत जम्मा शिक्षक संख्या महिला पुरुष को विवरण तहगत रुपमा तपसिल अनुसार रहेको छ :

| क्र स | तह | दरबन्दी | | राहत कोटा | | सङ्घ र प्रदेश शिक्षण अनुदान | | जम्मा | | कुल जम्मा | महिला (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | प्राथमिक | २७ | ६२ | ८ | ५ | ० | ० | ३५ | ६७ | १०२ | ३४.३१ |
| २ | निम्न माध्यमिक | १२ | १२ | ९ | ५ | ० | ३ | २१ | २० | ४१ | ५१.२ |
| ३ | माध्यमिक | ७ | १८ | १ | ९ | ३ | १ | ११ | २८ | ३९ | २८.२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | उच्च माध्यमिक | २ | २ | २ | ४ | ० | ० | ४ | ६ | १० | ४० % |
| जम्मा | | ४८ | ९४ | २० | २३ | ३ | ४ | ७१ | १२१ | १९२ | ३६.९७ |

विद्यार्थीको जातिगत तथा लैंगिक सहभागिताको अवस्था

| तह र कक्षा | ब्राम्हण क्षेत्री | | | दलित | | | जनजाति | | | अन्य | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| पूर्व प्रा. | १५८ | २०३ | ३६१ | ४२ | ४५ | ८७ | ५५५ | ६४० | ११९५ | ४५ | ५० | ९५ | ८०० | ९३८ | १७३८ |
| कक्षा १-५ | २७५ | ३८४ | ६५९ | ६१ | ९१ | १५२ | ९५९ | १०८६ | २०४५ | ९४ | ९२ | १८६ | १३८९ | १६५३ | ३०४२ |
| कक्षा ६-८ | १६२ | २०४ | ३६६ | ४५ | ४३ | ८८ | ५१३ | ५९० | ११०३ | ३० | ३८ | ६८ | ७५० | ८७५ | १६२५ |
| कक्षा ९-१० | ११० | १४० | २५० | २४ | १ | २५ | ३४२ | २९९ | ६४१ | १० | २२ | ३२ | ४८६ | ४६२ | ९४८ |
| कक्षा ११-१२ | ५७ | ५० | १०७ | १११ | २ | ११३ | १७५ | १६७ | ३४२ | ७ | ८ | १५ | ३५० | २२७ | ५७७ |
| जम्मा | ७६२ | ९८१ | १७४३ | २८३ | १८२ | ४६५ | २५४४ | २७८२ | ५३२६ | १८६ | २१० | ३९६ | ३७७५ | ४१५५ | ७९३० |
| (प्रतिशत) | २० | २३.६ | २१.९ | ७.४९ | ४.३८ | ५.८६ | ६७.४ | ६६.९ | ६७.१ | ४.९ | ५ | ४.९ | ४७.६ | ५२.४ | १०० |

### ४.३.३. समस्या

- सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समूहका बालबालिकाको विद्यालयमा पहुँचको कठिनाई
- अपाङ्गता भएका बालबालिकाका लागि भौतिक पूर्वाधार र सिकाइ सामग्री अपर्याप्त रहेको
- भाषा तथा सांस्कृतिक विविधतालाई सम्बोधन गर्ने शिक्षण पद्धति कमजोर
- लक्षित छात्रवृत्ति र सहायता कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसकेको
- विद्यालयमा बालमैत्री र समावेशी वातावरण कमजोर रहेको

### ४.३.४. अवसर

- संविधान र राष्ट्रिय शिक्षा नीतिमा समावेशी शिक्षाको स्पष्ट व्यवस्था ।
- स्थानीय तहलाई शिक्षा योजना र बजेट निर्माणको अधिकार ।
- सङ्घीय तथा प्रदेश सरकारका लक्षित कार्यक्रम (छात्रवृत्ति, विशेष शिक्षा) ।
- समुदाय, NGO/INGO तथा विकास साझेदारसँग सहकार्यको अवसर ।
- विद्यालयमा समावेशी अभ्यास विस्तार गर्ने सम्भावना ।

### ४.३.५. चुनौती

- विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न ।
- विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागी आवश्यक पर्ने शैक्षिक सामाग्री व्यवस्थापन गर्न ।
- सबै प्रकारका अपांगता भएका बालबालिकाहरुका लागी विशेष शिक्षाको सुनिश्चितता गर्न ।
- विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपांगमैत्री बनाउन ।
- सीमित बजेटमा सबै लक्षित समूहलाई समेट्न कठिनाइ ।
- अपाङ्गता र समावेशी शिक्षासम्बन्धी प्राविधिक जनशक्ति व्यवस्थापन गर्न ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद दुर्व्यवहार हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री बनाउन ।

### ४.३.६. लक्ष्य

- शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने ।

### ४.३.७. उद्देश्य

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, कार्यगत सिमितता/अपांगताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई आधारभूत शिक्षामा पहुँच पुऱ्याउनु ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु ।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्नु ।

### ४.३.८. रणनीति

- घरधुरी सर्वेक्षण र विश्लेषण गरी बालबालिकाहरूको अवस्था एवम् आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध गर्ने ।
- विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गर्न सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक सुविधा तथा शैक्षिक सिकाइ वातावरणको विकास गर्ने ।
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गर्ने ।
- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्ने ।
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गर्ने ।
- आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गर्ने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गर्ने ।

- विद्यालयमा अभिभावकको सहभागिता बढाउने कार्यक्रम सञ्चालन गर्ने ।
- अपाङ्गता भएका बालबालिकाहरुको नक्साङ्कन तथा लेखाजोखा गरी आवश्यकता अनुसारका पूर्वाधार विकास गर्ने साथै समावेशी शिक्षाको अवधारणा लागू गर्ने ।
- लक्षित समुदायका बिपन्न, सिमान्तकृत, पिछडिएका, कठिन परिस्थिति सामना गरिरहेका बालबालिकाहरुको पहिचान गरी छात्रृत्ति तथा शैक्षिक सहयोग उपलब्ध गराउने ।
- विद्यालय बाहिर रहेका विद्यार्थीहरु पहिचान गरी विद्यालयमा सहभागी गराउन आवश्यक सहयोग केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।
- समावेशी शिक्षण सिकाइ वातावरणका लागि पूर्वाधार विकास गर्न प्रदेश, सङ्घ र विभिन्न निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने ।
- दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने ।
- कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- भाषाका कारणले सिकाइ समस्या भएका वर्ग र कक्षामा सिकाइ सहायताका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गर्ने ।
- आर्थिक विपन्नताको कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकालाई आवश्कता
- अनुसार सहुलियत प्रदान गर्ने ।
- झोला, पोशाक तथा सिकाइ सामग्री व्यवस्था गर्ने ।
- आवश्यकताअनुसार केही विद्यालयमा स्रोतकक्षाको व्यवस्था वा सञ्चालन गर्ने ।
- विद्यालयमा बालमैत्रीपन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने

### ४.३.९. उपलब्धि र नतिजा तथा प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

- विद्यालयमा सबै किसिमका बालबालिकाहरुको समतामुलक पहुँच सुनिश्चित भई समग्र शैक्षिक उपलब्धिमा सुधार भएको हुनेछ ।

### ४.३.१०. उपलब्धि र नतिजा

- नगरपालिका भित्रका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, द्वन्द्व प्रभावित, सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
- विद्यालयहरूमा बालमैत्री वातावरणसहित सिकाइमा सुधार भएको हुनेछ ।
- विद्यालयहरूमा अपाङ्गता र लैङ्गिकमैत्री वातावरण सिर्जना भएको हुनेछ ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि भई समता सूचकहरुमा सुधार भएको हुनेछ ।
- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, कार्यगत सीमितता/अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएको हुनेछ ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार भएको हुनेछ ।

- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार भएको हुनेछ ।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही भएको हुनेछ ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि भएको हुनेछ ।
- सबै विद्यालयहरू बालमैत्री भएको हुनेछन् ।
- समग्र शैक्षिक नतिजामा सुधार भएको हुनेछ ।

### ४.३.११. प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | घरधुरी सर्भेक्षण कार्यक्रम (विद्यालय बाहिर रहेका र पछाडी परेका समुदायको पहिचान र अभिलेखीकरण ) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका | पि१ |
| २ | बालबालिका टिकाउ अभियान - लगानी नगरपालिकको - सिकाइ अवसर बालबालिकाको (विशेष छात्रवृत्ति कोषको व्यवस्था) | पटक | निरन्तर | | | | | ५ | २५०० | नगर पालिका | पि १ |
| २.१ | OSC विद्यार्थी भर्ना अभियान (विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालय भर्ना प्रोत्साहन र सचेतना ) - वडास्तर | पटक | १ | - | - | - | - | १ | ० | नगरपालिका | पि१ |
| २.२ | OSC विद्यार्थी प्रोत्साहनमुलक कार्यक्रम (विशेष कारणले विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि नियमितता ) - तोकिएका विद्यालय वडास्तर | निरन्तर | आवश्यकता अनुसार | | | | | ९ | ० | नगरपालिका | पि२ |
| ३ | विद्यालयमा बालक्लव गठन र परिचालन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि१ |
| ४ | अपाङ्ग विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगर पालिका र महिला बाल वालिका शाखा | पि २ |
| | अपाङ्ग विद्यार्थीका लागि खेलकुद प्रतियोगिता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | | पि२ |
| ५ | सम्मानजनक शिक्षण सिकाइ अभियान (विद्यालयमा कुनै पनि प्रकारको विभेद, | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | नगर | पि१ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| | दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितताका लागि) सञ्चालन | | | | | | | | | पालिका र विद्यालय | |
| ६ | विद्यालयमा जेण्डर अडिट कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ३ | २३ | ११५ | नगर पालिका | पि२ |
| ७ | विद्यालयको बालमैत्रीपनको मूल्याङ्कन | विद्यालय | ५ | ५ | ५ | ५ | ३ | २३ | ११५ | नगर पालिका | पि२ |
| ८ | विद्यालयहरुमा लैङ्गिक फोकल पर्सनको व्यवस्था र परिचालन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | नगर पालिका र विद्यालय | पि१ |
| | लैङ्गिक फोकल पर्सनको क्षमता विकास तथा प्रोत्साहन | विद्यालय | आवश्यकता अनुसार | | | | | २३ | २३० | नगर पालिका | पि २ |
| ९ | मातृभाषामा शिक्षण सहजीकरण कार्यक्रम (स्थानीय विज्ञ परिचालन, घुम्तिकक्षा सञ्चालन)- वडास्तर | विद्यालय विद्यार्थी | आवश्यकता अनुसार | | | | | ९ | ४५० | नगर पालिका र स्थानीय विज्ञ | पि२ |
| १० | सिकाइ परीक्षण र प्रमाणीकरण (विद्यालयमा जान नै नसक्ने समुहका बालबालिकाको लागि) सिकाइको लागि वैकल्पिक सहजीकरण व्यवस्था | वडास्तर | आवश्यकता अनुसार | | | | | ९ | ११२५ | नगर पालिका | पि२ |
| जम्मा (आन्तरिक स्रोत ) | | | १४७६ | १४७६ | १४७६ | १४७६ | १४७६ | | ७३८० | | |
| १ | विपन्न लक्षित छात्रबृत्ति | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | सङ्घीय ससर्त | पि१ |
| २ | छात्रा र दलित छात्रबृत्ति | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | सङ्घीय ससर्त | पि१ |
| ३ | अपाङ्गताको स्क्रिनिङ तथा सामग्री वितरण | पटक | आवश्यकता अनुसार | | | | | ५ | ५०० | सङ्घीय ससर्त | पि१ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| | ( विद्यार्थीका लागि ह्विल चियर, सेतो छडी र ब्रेलमा लेखिएको पुस्तक आदि सामाग्रीको प्रबन्ध ) | | | | | | | | | | |
| ४ | अपांगता एवं लैङ्गिकमैत्री सिकाइ कार्यस्थल निर्माण (भौतिक तथा शैक्षिक पूर्वाधार—आधारभूत तह ) | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २००० | सङ्घ, प्रदेश र स्थानीय तह | पि२ |
| ५ | अपाङ्गमैत्री पाठ्यक्रम तथा सिकाइ सामाग्री तथा लैङ्गिकमैत्री उत्तरदायी कार्यक्रम (सबै बालबालिकाको सिकाइ सुनिश्चितताका लागि) | विद्यालय | माग वा आवश्यकता अनुसार | | | | | ५ | ५०० | सङ्घ, प्रदेश र स्थानीय | पि२ |
| ६ | वैकल्पिक शैक्षिक कार्यक्रम एवम् लक्षित बालबालिका सहायता पद्धति स्थापना (शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान, अभिलेखीकरण ) | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | सङ्घ, प्रदेश र स्थानीय तह | पि१ |
| जम्मा ( बाह्य स्रोत) | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | | ४००० | | |
| कुल जम्मा | | | २२७६ | २२७६ | २२७६ | २२७६ | २२७६ | | ११३८० | | |

## ४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१. परिचय

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम बालबालिकाको शारीरिक, मानसिक र संज्ञानात्मक विकाससँग प्रत्यक्ष सम्बन्धित विषय हो । पोषणयुक्त खाना र स्वस्थ वातावरणले बालबालिकाको विद्यालय उपस्थिति, सिकाइ क्षमता र शैक्षिक उपलब्धिमा सकारात्मक प्रभाव पार्दछ । नेपाल सरकारद्वारा बालकक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा कार्यक्रम सञ्चालन हुँदै आएको सन्दर्भमा नगरपालिकाले यस कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय र दिगो बनाउँदै विद्यालय स्वास्थ्यसँग एकीकृत गर्न आवश्यक रहेको छ । यस योजनाले नगरपालिकाभित्रका विद्यालयमा अध्ययनरत बालबालिकाको पोषण स्थिति र स्वास्थ्यस्तर सुधार गरी समग्र शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याउने लक्ष्य राखेको छ । स्वस्थ्य शरीर स्वस्थ्य मस्तिष्कको आदर्श सन्देश अनुसार उक्त अवस्थामा बालबालिकाले अपेक्षित सिकाइ हासिल गर्न सक्दछ र स्वास्थ्य अवस्थालाई चुस्त राख्न पोषणले भूमिका खेल्दछ । विद्यालयमा पहुँच बढाउन होस् अथवा विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउन विद्यालय स्वास्थ्य र पोषणको महत्वपूर्ण भूमिका छ । पोषण अवस्थाले बालबालिकाको विकास र सिकाइलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विद्यालयमा स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा बालबालिकालाई सिकाइ सहभागिता बढाउन र उपलब्धि सुधार गर्न सहयोग पुग्छ । विद्यालयमा आधारित स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरूले विद्यार्थी भर्ना तथा टिकाउदर वृद्धि र नियमितता तथा बीचैमा विद्यालय छोड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्य सुरक्षा सम्बन्धी अधिकारहरू खाद्य सम्प्रभुता सम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, राष्ट्रिय शिक्षा नीति, २०७६, बालबालिका सम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारले पनि विद्यालय स्वास्थ्य तथा पोषण क्षेत्रको योजना एकीकृत गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता विद्यमान रहेको छ ।

विद्यालय दिवा खाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवम् दिवा खाजाको व्यवस्थापन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक र स्थानीय सरकारको सक्रिय सहभागितामा निर्भर हुने विषय हो । यसले बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि, पोषण सुधार र सिकाइमा सकारात्मक प्रभाव पार्दै आएको छ । दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम विद्यार्थीहरूको शारीरिक, मानसिक र शैक्षिक विकासलाई प्रोत्साहित गर्नका लागि सञ्चालित महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय उमेरका बालबालिकाहरूलाई नियमित स्वास्थ्य जाँच , पौष्टिक खाना तथा स्वच्छता सम्बन्धी शिक्षा (ज्ञान र सूचना) प्रदान गरेर उनीहरूको स्वास्थ्य सुधार्न मद्धत गर्दछ । यस कार्यक्रम अन्तर्गत बालबालिकाहरूलाई आवश्यक पोषक तत्वहरू समावेश गरिएको खाना दिइन्छ जसले कुपोषण घटाउन र उनीहरूको सिकाइ क्षमता बढाउनलाई सहयोग पुगेको देखिन्छ । विद्यालयहरूमा स्वच्छता सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरेर विद्यार्थीहरूलाई व्यक्तिगत सरसफाइ र स्वच्छताको महत्त्व बुझाउने प्रयास गरिएको हुन्छ । यसरी दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमले बालबालिकाहरूको स्वस्थ र सशक्त भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ ।

### ४.४.२. वर्तमान अवस्था

बालबालिकाहरुको विद्यालयमा पहुँच वृद्धि गर्नका लागि नेपालमा सन १९७४ देखि प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा हालसम्म सञ्चालित

छ । दिवा खाजा कार्यक्रमले बालबालिकाको पोषण अवस्थामा सुधार हुनुका साथै विद्यालयमा उपस्थिति दर समेत वृद्धि गर्दछ । यस नगरपालिकाले सामुदायिक विद्यालयका बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रमको सञ्चालन गरेको छ । दिवा खाजाले शिक्षा, स्वास्थ्य पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको अध्ययन तथा विश्लेषणहरूले देखाएका छन् । दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडी अझ प्रभावकारी बनाउन सकिन्छ ।

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ भन्ने मान्यतालाई मनन् गर्दै नेपाल सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकासदेखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरिरहेको छ । चालु आ.व २०८२।८३ मा यस नगरपालिकामा रहेका २३ वटा सामुदायिक विद्यालयमा बाल विकास र कक्षा ५ सम्मका बालबालिका गरी जम्मा १६७१ बालबालिकाहरुले दिवा खाजाको सुविधा पाएको देखिन्छ ।

सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा प्रारम्भिक बाल कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी प्रति दिन रू २० का दरले निकासा दिने गरेको छ । सबै सामुदायिक विद्यालयले हात धुनका लागि साबुन पानीको व्यवस्था गरेका छन् ।

### ४.४.३. प्रमुख समस्या

- सङ्घीय सरकारले प्रदान गरेको रू २० ले अभिभावकको माग अनुसारको स्वस्थकर तथा पोषणयुक्त खाजाको व्यवस्था गर्न नसकिनु,
- विद्यालयमा खाजाको व्यवस्था गर्नका लागि अलग्गै कर्मचारीको व्यवस्था नहुनु, ।
- भान्सा व्यवस्थापन, भण्डारण र सरसफाइमा कमजोरी ।
- विद्यालयमा स्वास्थ्य सचेतना कार्यक्रम न्यून हुनु ।
- स्वास्थ्य परीक्षण र अनुगमन अनियमित हुनु ।
- स्थानीय कृषि उत्पादनको न्यून प्रयोग हुनु ।

### ४.४.४. अवसर

- नेपाल सरकारको दिवा खाजा कार्यक्रम निरन्तर सञ्चालन ।
- स्थानीय सरकारको बजेट तथा नीति निर्माण अधिकार ।
- स्थानीय कृषि उत्पादन (धान चामल, गेडागुडी र दाल , हरियो तरकारी ) उपलब्धता ।
- स्वास्थ्य संस्था, स्वास्थ्य चौकी र NGO/INGO सँग सहकार्य ।
- अभिभावक र समुदायको श्रम तथा सहभागिता परिचालन ।

### ४.४.५. चुनौती

- खाजाको रकम वृद्धि गर्ने कार्य
- गुणस्तरयुक्त खाजाको व्यवस्थापन गर्ने कार्य ।
- पोषणसम्बन्धी प्राविधिक ज्ञान ।
- विद्यालयबीच कार्यान्वयनमा एकरूपता कायम गर्न कठिनाइ ।
- खाजाको काम गर्ने छुटै कर्मचारीको व्यवस्थापन गर्ने कार्य ।

### ४.४.६. उद्देश्य

- विद्यालय दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमको उद्देश्य देहायअनुसार रहेको छः

- प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर एवम् पोषणयुक्त पौष्टिक खाजाको सुनिश्चितता गर्नु ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
- विद्यार्थीहरुको शारीरिक, मानसिक लगायत समग्र स्वास्थ्यका साथै सुरक्षित वातावरणमा शिक्षा प्राप्त हुने सुनिश्चितता गर्नु ।
- विद्यालय दिवा खाजा कार्यक्रमको व्यवस्थापन र वितरणकोलागि स्थानीय सहयोग र साझेदारीताको वातावरण तयार गर्नु ।

### ४.४.७. रणनीति

**उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछ :**

- स्थानीयस्तरमा उत्पादन हुने मौसमी उत्पादनहरूको प्रयोग गर्दा खाजाको लागत पनि कम हुने र पोषण पनि बढी प्राप्त हुने भएकोले त्यस्ता वस्तुहरूलाई खाजा कार्यक्रममा प्राथमिकता दिई खाजा व्यवस्थापनलाई सुदृढ गर्ने र अभिभावकको सहयोगमा क्रमश : आधारभूत तह देखि माध्यमिकतह कक्षा १० सम्मका बालबालिकाहरूलाई खाजा व्यवस्थापन गर्ने ।
- स्थानीय समुदायमा प्रचलित स्वस्थकर पकाउने विधिहरु प्रयोग गरी परम्परागत खाना शैलीलाई आधुनिक पोषण आवश्यकताहरू सँग समायोजन गर्ने ।
- विद्यार्थीहरू र अभिभावकहरूलाई पोषणको महत्व र स्वस्थ खाजाका बारेमा शिक्षा दिई दिवा खाजा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने ।
- विद्यालय परिसरमा सानो बगैंचा (किचन गार्डन) स्थापना गरेर ताजा सागसब्जी उत्पादन गरी विद्यार्थीहरूलाई बगैंचा सहभागी गराएर कृषि ज्ञान समेत प्रदान गर्ने ।
- विद्यार्थीहरूको रुचि र आवश्यकतालाई ध्यानमा राखेर दिवा खाजामा विविधता ल्याउन प्रत्येक हप्ताको लागि मेनु अनुसार खाजाको व्यवस्था गर्ने ।
- दिवा खाजाको व्यवस्थाका लागि विद्यालयहरूलाई विभिन्न सामग्री वितरण गर्ने ।
- नगरपालिका स्थित स्वस्थ्य चौकीहरुको सहयोग लिई बालबालिकहरूको आवधिक रूपमा स्वास्थ्य परीक्षण र जुकाको औषधीको व्यवस्था गर्ने ।
- विद्यार्थी स्वास्थ्यसहितको हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग गरी समय समयमा उक्त रजिष्ट्रको विश्लेषण गर्ने ।
- विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध गर्ने ।
- दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।
- दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने सुविधाहरू विस्तार गरिने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषकतत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण गरिने ।
- छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड नियमित वितरण र डिस्पोज प्रकृयामा सहज प्रबन्ध गर्ने

- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गर्ने
- विद्यालयमा करेसाबारीको अवधारणालाई दिवा खाजासँग आबद्ध गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
- दिवा खाजाको व्यवस्थापनमा सहयोग र सहकार्यका लागि स्थानीय अभिभावक र सङ्घ संस्थासँग समन्वय गर्ने ।

## ४.४.८. उपलब्धि र नतिजा तथा प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

### ४.४.८.१. उपलब्धि

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुनेछ ।
- गम्भीर रोगबाट सुरक्षित भइ पर्याप्त पोषणका साथ बालबालिका स्वस्थ रुपमा विद्यालयमा सहभागी भएको हुनेछन् ।

### ४.४.८.२. नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

- खाजा व्यवस्थापन समिति सक्रिय भई नियमित रुपमा मध्यान्हमा विद्यार्थीहरूले खाजा खाएको हुनेछन् ।
- आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था भएको हुनेछ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिक रूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए र आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था भएको हुनेछ र खाजाको गुणस्तरमा सुधार भएको हुनेछ।
- प्याड डिस्पोज गर्ने व्यवस्थासहित छात्र छात्रलाई विद्यार्थी सङ्ख्याका आधारमा अलग अलग शौचालय, हात धुनका लागि सफा पानी र साबुनको व्यवस्था, किशोरीहरूका लागि चेन्जिङ रूम / आराम कक्षको व्यवस्था र सफा कक्षाकोठाको व्यवस्था भएको हुनेछ।

### ४.४.८.३.    प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | अभिभावकहरु बीच स्थानीय उत्पादनमा आधारित दिवाखाजा र बालबालिकाको हेरचाह सम्बन्धी सन्देश प्रवाह कार्यक्रम (वडास्तर ) | वडा | आवश्यकता अनुसार | | | | | ९ | ४५० | नगरपालिका | पि१ |
| २ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षा (वडास्तर) | वडा | आवश्यकता अनुसार | | | | | ९ | ४५० | विद्यालय | पि१ |
| ३ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन (स्वास्थ्य शाखासँग समन्वय ) | विद्यालय | २३ | २३ | ० | २३ | २३ | ११५ | ० | नगर पालिका | पि१ |
| ४ | विद्यालय स्वास्थ्य सरसफाई र दिवाखाजा व्यवस्थापन प्रोत्साहन कार्यक्रम | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५५०० | नगर पालिका | पि२ |
| | आधारभूत तह (कक्षा र विद्यार्थी संख्या) — रु २५हजार | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १२५० | नगर पालिका | पि२ |
| | आधारभूत तह (कक्षा र विद्यार्थी संख्या)— रु ५०हजार | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | १२५० | नगर पालिका | पि२ |
| | माध्यमिक तह ( कक्षा र विद्यार्थी संख्या )- रु ७५ हजार | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ३००० | नगर पालिका | पि२ |
| ४.१ | खाजा व्यवस्थापन समिति गठन तथा अभिमुखिकरण | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि१ |
| ४.२ | दिवा खाजाका लागि सामग्री र ईन्धन प्रदान | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि१ |
| ४.३ | एक विद्यालय एक किचन क्यान्टिन स्थापना | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि१ |
| ४.४ | विद्यालयमा हात धुनका लागि पानी र साबुनको व्यवस्था | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि१ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.५ | स्वास्थ्य विवरण सहितको विद्यार्थीको हाजिरी रजिष्ट्रको प्रयोग | पटक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि१ |
| ४.६ | विद्यालयमा फोहोरमैला व्यवस्थापनका लागि डस्टविनको प्रयोग | पटक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि१ |
| ५ | विद्यालयमा स्वास्थ्यकर्मी र विद्यालय नर्स मार्फत स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन-विद्यालयस्तर | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ | ३४५ | नगर पालिका | पि२ |
| ६ | विद्यालयमा मासिक स्वास्थ्य परीक्षण कार्यक्रम - वडास्तर | पटक | माग र आवश्यकता अनुसार | | | | | ४५ | ० | नगर पालिका र स्वास्थ्य शाखा | पि२ |
| जम्मा (आन्तरिक स्रोत) | | | १३४९ | १३४९ | १३४९ | १३४९ | १३४९ | | ६७४५ | | |
| १ | दिवा खाजा अनुदान | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | सङ्घीय ससर्त | पि१ |
| २ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानेटरी प्याडको व्यवस्था र प्रयोग | विद्यार्थी | निरन्तर | | | | | ५ | ० | सङ्घीय ससर्त | पि१ |
| ३ | बालबालिकाहरुको लागि भिटामिन ए, आइरन चक्की, फोलिक एसिड, जुकाको ओषधि वितरण (स्वास्थ्य शाखासँग समन्वय) | पटक | निरन्तर | | | | | ५ | ० | सङ्घीय ससर्त र पालिका | पि१ |
| ४ | बालबालिकाको मौसमी स्वास्थ्य परिक्षण | पटक | निरन्तर | | | | | ५ | ० | सङ्घीय ससर्त र पालिका | पि१ |
| ५ | दिवा खाजा व्यवस्थापनका लागि स्थानीय कृषि सहकारी किसान तथा अन्य स्रोतहरु सगं साझेदारी समन्वयको कार्यक्रमहरु सञ्चालन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | ७५० | सङ्घ र नगरपालिका | पि२ |
| जम्मा (बाह्य स्रोत ) | | | १५० | १५० | १५० | १५० | १५० | | ७५० | | |
| कुल जम्मा | | | १४९९ | १४९९ | १४९९ | १४९९ | १४९९ | | ७४९५ | | |

## ४.५. विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१. परिचय

आपतकालीन अवस्थामा पनि शैक्षिक कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्दछ । मौलिक अधिकारको रुपमा रहेको शिक्षा सम्बन्धी नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न राज्यले विशेष ध्यान दिनु पर्दछ । विभिन्न विपदजन्य घटना परिघटनाहरु एवं महामारीको समयमा शैक्षिक संस्थाहरु सञ्चालनमा विषम परिस्थिति आइपरे पनि शिक्षण सिकाइ क्रियाकलापहरुलाई निरन्तरता दिन विभिन्न वैकल्पिक उपायहरु अवलम्बन गर्नु अपरिहार्य हुन्छ । यसका लागि राज्यले समयमै आफ्ना संयन्त्रहरुलाई परिचालन गर्नु पर्दछ । विशेषत विपदजन्य घटना परिघटनाहरुको ऐतिहासिक अवस्थाको अध्ययन गरेर सम्भावित घटनाहरुमा अवलम्बन गर्नुपर्ने सुरक्षाका उपायहरुका वारेमा बालबालिकाहरु एवं नागरिकहरुलाई पूर्व जानकारी गराई मानसिक रुपमा सवल बनाउनु पर्दछ । सबै क्षेत्रहरुको सहभागितामा सम्भावित जोखिमको पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभ योजना निर्माण गर्नु पर्दछ । उक्त योजनाले कुन अवस्थामा कुन निकायले कस्तो भूमिका निर्वाह गर्नु पर्ने हो ? सो पहिचान गरेको हुन्छ जसले विपदको स्वरुप अनुसार कार्य गर्न मार्ग निर्देश गर्दछ । मुलतः विपदको असरलाई न्यूनीकरण र सामना गर्न सबै क्षेत्रका विभिन्न तह र तप्कालाई परिचालन गर्न सहजता प्रदान गर्दछ । सङ्घीय, प्रदेश र स्थानीय तहले आ आफ्ना संयन्त्रहरु स्वतः स्फूर्तरुपमा परिचालन हुने वातावरण निर्माण हुन्छ । यसले सम्भावित विपदलाई न्यूनीकरण गर्न, प्रतिकार्यमा परिचालित हुन र पुनर्लाभका क्रियाकलापहरु सञ्चालन गर्न सहजता प्रदान गर्दछ ।

विपदको समयमा शैक्षिक क्रियाकलापहरुलाई निरन्तरता दिन बृहत विद्यालय सुरक्षा गुरुयोजना, २०१७ तथा बृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ ले विद्यालयको न्यूनतम् सुरक्षाका उपाय सम्बन्धी क्रियाकलापहरु, शिक्षक र विद्यार्थीलाई मृत्यु र घाइते हुनबाट वचाउने, विपद् पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने व्यवस्था गरेको छ ।

### ४.५.२. वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा विभिन्न किसिमका विपदहरुको सामना गर्नु पर्ने परिस्थितिको सिर्जना भएको छ । विगत १० वर्ष भित्र २०७२ सालमा भुकम्पले जनजीवनलाई सकस पूर्ण वनायो । भुकम्पको असरबाट उठ्दा नउठ्दै २०७६/०७७ मा विश्व महामारीको रुपमा फैलिएको कोभिडको असरले त्यत्तिकै जनजीवनलाई थिलथिलो बनायो । कोभिडको असरबाट जनजीवनमा केही सुधार आउँदा नआउँदै २०८१/०८२ मा वाढी पहिरोले असहज अवस्था सिर्जना गरेको छ । यसरी विभिन्न समयमा विपदले मानव जीवनलाई असहज परिस्थिति बनाई रहेको छ । मुलतः जलवायु परिवर्तन (Climate Change ) का असरबाट सिर्जित विभिन्न प्रकोपहरुको सामना गर्न सक्ने सामर्थ्य नागरिकहरुमा विकास हुनु अपरिहार्य रहेको छ । यसका लागि शिक्षा क्षेत्रले अहम् भूमिका निर्वाह गर्नु पर्दछ ।

२०७२ सालको भूकम्पले यस नगरपालिकाको ऐतिहासिक शहर साँखु बजारको स्वरुपलाई नै ध्वस्त बनायो । मानवीय क्षतिको अलवा भौतिक संरचनाहरु ध्वस्त भयो । भुकम्पको आघतबाट उठ्दा नउठ्दै कोभिडको सामना गर्नुपर्यो । यी दुई विपद्का परिस्थितिले शैक्षिक क्षेत्रमा ठुलो क्षति पुऱ्यायो । यसको असर शैक्षिक क्षेत्रमा अहिले पनि न्यूनीकरण गर्न सकिएको अवस्था छैन

भुकम्प पश्चात् शैक्षिक क्रियाकलापहरुलाई निरन्तरता दिन विद्यालयको क्षतिको अवस्थालाई आँकलन गरेर अस्थायी सिकाइ केन्द्रहरु निर्माण गरी शैक्षिक क्रियाकलापहरु सञ्चालन गरियो । शिक्षकहरुलाई मनोसामाजिक परामर्शका तालिमहरु र बालबालिकाहरुलाई रमाइलो वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी गराउन शैक्षिक सामग्रीहरु उपलब्ध गराएको थियो। यसका अलवा अन्य क्षेत्रहरुबाट आ आफ्नो भूमिका निर्वाह गरेका थिए । कोभिडको समयमा शैक्षिक क्षतिलाई न्यून गर्न अनलाइन कक्षाहरुलाई प्रवर्द्धन गरिएको थियो ।

यस नगरपालिकामा विपदको असरलाई न्यूनीकरण र सामना गर्न विपद् पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभ योजना निर्माण हुन आवश्यक देखिएको छ । यस किसिमको योजना निर्माण पश्चात् विपदको समयमा प्रतिकार्य र पुनर्लाभको क्रियाकलापहरु सञ्चालन गरी तत्काल सामान्य अवस्थामा आउने वातावरण निर्माण गर्न सकिन्छ ।

### ४.५.३. अवसर र चुनौती

विगत १० वर्ष भित्र विपद्का ठूला ठूला प्रकोपहरुको सामना गर्नु परे पनि पुनर्निमाणको कार्यबाट विपदका प्रकोपलाई विर्साएको अवस्था छ । भूकम्पबाट हुने क्षतिलाई न्यूनीकरण गर्न विद्यालय भवन लगायतका अन्य संरचना निर्माण कार्यमा भूकम्प प्रतिरोधी मापदण्डको प्रयोग गरी निर्माण भएका छन् । जसबाट समावेशी वनाउन पनि सहज भएको छ । कोभिडको कारण बालबालिकाहरुको शैक्षिक क्रियाकलापहरुलाई निरन्तरता दिन अनलाइन शिक्षण सिकाइ क्रियाकलापहरुको विकास भएको छ । यसमा शिक्षकहरुको क्षमताको विकाससँगै बालबालिकाहरुमा आवश्यक विषय वस्तुको खोजी गर्ने र समाधानका उपायहरु पहिचान गर्ने क्षमताको विकास भएको छ । एक किसिमले ज्ञानको विष्फोट भएको मान्न सकिन्छ ।

कुन किसिमको विपद् कुन समयमा आइलाग्ने हो र यसको स्वरुप कस्तो हुने हो भन्ने पूर्वअनुमान गर्न सकिने प्रविधिहरुको विकास भएको छैन । वर्षादको अवस्था पूर्वअनुमान गर्न थालिए पनि अन्य विपद् एवं महामारीहरुको अनुमान गर्न सकिने अवस्था छैन । विपद्को असरका कारण हुने मानसिक विचलनलाई पहिले कै अवस्थामा फर्काउन जटिल देखिन्छ । शैक्षिक क्रियाकलापलाई तत्काल सञ्चालन गर्न विभिन्न समस्याहरुको सामना गर्नुपर्ने हुन्छ ।

### ४.५.४. उद्देश्य

- विपद् पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभ योजनामा शिक्षा क्षेत्रको भूमिका स्पष्ट किटान गर्नु ।
- सम्भावित विपद् व्यवस्थापन तथा उत्थानशील प्रणाली विकास गरी स्रोत साधनको व्यवस्थापन गर्नु ।
- जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्बन गरी क्षति न्यूनीकरण गर्नु
- विपद् प्रतिकार्य र पुनर्लाभका क्रियाकलापहरु प्रभावकारीरुपमा सञ्चालन गर्नु
- आपतकालीन समयमा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.५. रणनीति

- नगरपालिकाबाट निर्मित विपद् पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभ योजनामा शिक्षा क्षेत्रको भूमिका स्पष्ट किटान गर्ने ।
- योजनामा स्पष्ट गरिएको भूमिका निर्वाहका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने।

- विपद्को समयमा शिक्षालाई निरन्तरता दिन आवश्यक नीति, मार्गदर्शन एवं कार्यविधि तयार गर्ने ।
- नगरपालिका र विद्यालयहरुमा विपद् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्य ढाँचा विकास गर्ने ।
- शैक्षिक क्रियाकलापहरु सञ्चालनका लागि शिक्षकहरुको क्षमता विकास गर्ने ।
- विपद्का समयमा परिचालित हुन विपद् सम्पर्क शिक्षक तोक्ने ।
- स्थानीय पाठ्यक्रममा जलवायु परिवर्तन अनुकूलनका विषयहरु समावेश गर्ने
- साप्ताहिक रुपमा विपद् एवं जलवायु परिवर्तन सम्बन्धी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्वसावधानी एवं बच्ने उपायहरुको वारेमा जानकारी तथा अभ्यास गराउने ।
- विद्यालय सुधार योजनामा विपद् पूर्व तयारी, प्रतिकार्य एवं पुनर्लाभको योजना समावेश गर्ने ।
- सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) को कार्यान्वयन गर्ने ।
- अभिभावकसँगको अन्तरक्रिया एवं परामर्श कार्यक्रममा विपद्को विषयलाई प्राथमिकताका साथ छलफल गर्ने ।
- शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरुको खोजी र तयारी गर्ने ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारहरु निर्माण तथा पुनस्थापना गर्ने ।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका लागि शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ४.५.६. प्रमुख उपलब्धि र नतिजा

### ४.५.६.१. उपलब्धि

- विपद् एवम् आपतकालीन समयमा बालबालिकाहरुले सिक्न पाउने अवसर सुनिश्चित भएको हुनेछ ।
- विपदको समयमा सिकाइ निरन्तरता सहित सिकाइ क्षतिको आपूरण भएको हुनेछ ।
- विपदको समयमा घर शिक्षा एवम् टोल शिक्षाका लागि अनुकुल वातावरण तयार भएको हुनेछ ।

### ४.५.६.२. नतिजा

- विपद् पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभ योजनामा शिक्षा क्षेत्रको भूमिका पहिचान भएको हुनेछ ।
- नगरपालिका र विद्यालयहरुमा विपद् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रममा जलवायु परिवर्तन र विपद्का विषयवस्तुहरु समावेश भएको हुनेछ ।
- विपद् व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ ।
- आपतकालीन एवं विपद्को समयमा शैक्षिक क्रियाकलापहरु निरन्तररुपमा सञ्चालन भएको हुनेछ ।
- सबै विद्यालयमा विपद्  फोकल शिक्षक परिचालन भएको हुनेछ ।
- सबै विद्यालयमा एक हरियाली क्षेत्रको स्थापना एवम् विकास भएको हुनेछ ।

### ४.५.६.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | विपद् जोखिम न्यूनीकरणका लागि विपद् योजना निर्माण र कार्यान्वयन | | **आवश्यकता अनुसार** | | | | | **५** | **५००** | **नगरपालिका र विद्यालय** | **पि १** |
| १.१ | विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ योजनामा शिक्षा क्षेत्रको भूमिका पहिचान | पटक | १ | - | - | - | - | १ | (१००) | नगरपालिका | पि १ |
| १.२ | नगरपालिका र विद्यालयहरुमा विपद् प्रतिकार्य र संयन्त्र निर्माण | निरन्तर विद्यालय | १ | १ | १ | १ | १ | ५ | (२५०) | नगरपालिका र विद्यालय | पि २ |
| १.३ | स्थानीय पाठ्यक्रमको पुनरावलोकन र विपद्का विषयहरु समावेश एवम् परिमार्जन | पटक | १ | - | - | - | - | - | (५०) | नगरपालिका | पि १ |
| १.४ | विपद् सम्बन्धी नीति नियम र कार्यविधि निर्माण | पटक | १ | - | - | - | - | - | (५०) | नगरपालिका | पि १ |
| २ | विपद् व्यवस्थापन सम्बन्धी सचेतना कक्षा सञ्चालन - वडास्तर | फोकल शिक्षक | ९ | ९ | ९ | ९ | ९ | ४५ | ४५० | लिडर विद्यालय | पि १ |
| ३ | विद्यालय सुधार योजनामा विपद्को व्यवस्थापन समावेशका लागि क्षमता विकास – विद्यालयस्तर | पटक | १ | - | - | - | - | १ | २०० | नगरपालिका | पि१ |
| ४ | सम्भावित विपद् सम्बन्धी पूर्व अभ्यास र वच्ने उपाय सम्बन्धी अभ्यास र क्षमता विकास कार्यक्रम | पटक विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि १ |
| ५ | विपदको समयका लागि मनोसामाजिक परामर्श प्रशिक्षण कार्यक्रम | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | १००० | नगरपालिका | पि२ |
| ६ | सिकाइ निरन्तरताको लागि घर / टोल शिक्षा | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि २ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| ७ | सिकाइ निरन्तरताको लागि अभिभावक शिक्षा कार्यक्रम | वडा | ९ | ९ | ९ | ९ | ९ | ४५ | ११२५ | नगरपालिका | पि २ |
| ८ | विपद् एवम् हरित विद्यालय फोकल शिक्षकको व्यवस्था | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि १ |
| ९ | हरित विद्यालय कार्यक्रम (ईको क्लव परिचालन) –विद्यालय हरियाली प्रवर्द्धन कार्यक्रम | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १६२५ | नगरपालिका र विद्यालय | पि २ |
| जम्मा (आन्तरिक स्रोत) | | | १४८५ | ११३५ | ११३५ | ११३५ | ११३५ | | ६०२५ | | बिना बजेट २ |
| १ | आपतकालीन सूचना प्रणाली स्थापना | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | २०० | ५०० | सङ्घ र प्रदेश सरकार | पि२ |
| २ | ReAL Plan को कार्यान्वयन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | सङ्घीय ससर्त | पि १ |
| ३ | सिकाइ निरन्तरका लागि वैकल्पिक कक्षा व्यवस्था | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | २८७५ | सङ्घीय ससर्त र गैसस | पि २ |
| ४ | विद्यालय पुनः सञ्चालन (टिएलसी) | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | २८७५ | स्थानीय सङ्घसंस्था | पि २ |
| जम्मा (बाह्य स्रोत ) | | | १२५० | १२५० | १२५० | १२५० | १२५० | | ६२५० | | |
| जम्मा | | | २७३५ | २३८५ | २३८५ | २३८५ | २३८५ | | १२२७५ | | |

## ४.६. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१. परिचय

शिक्षण सिकाइका लागि सुरक्षित विद्यालय भौतिक वातावरण अपरिहार्य हुन्छ । सुरक्षित विद्यालय भौतिक वातावरणमा अभिभावकहरु आफ्ना नानीवावुलाई निसंकोच विद्यालय पठाउन खुसी हुन्छन् र शिक्षक विद्यार्थीहरु निर्धक्कसँग शैक्षणिक क्रियाकलापमा सहभागी हुन्छन् । जसबाट गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने वातावरण निमार्ण गर्न सकिन्छ । विद्यालयको भौतिक वातावरणमा विभिन्न तत्वहरु समावेश रहन्छ । मुलतः भवन/कक्षाकोठा, फर्निचर, सेतोपाटी, शौचालय सुविधा, शुद्ध खानेपानी, खेलमैदान, सुरक्षित घेरावार, खेल सामग्री, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधिका सामग्रीहरु, शैक्षिक सामग्रीहरु पर्दछन् । विद्यालयको बाह्य र आन्तरिक वातावरणमा विद्यार्थीहरुले सुरक्षित महशुस गर्नु पर्दछ । सुरक्षित वातावरणमा मात्रै बालबालिकाहरुले सिकाइलाई सहज रुपमा लिन सक्छन् र स्तरीयता प्रवर्द्धन गर्न सकिन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउनेपानी पुस्तकालय बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरु विपद् जोखिमयुक्त बनाउदै सबै विद्यालयहरुलाई सुरक्षित बालमैत्री हरित विद्यालयका रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ ।

### ४.६.२. वर्तमान अवस्था

यस शंखरापुर नगरपालिकामा सामुदायिक विद्यालयहरु २३ वटा र संस्थागत विद्यालयहरु १८ वटा गरी ४१ वटा विद्यालयहरु मार्फत शैक्षिक क्रियाकलापहरु सञ्चालनमा रहेका छन् । उक्त विद्यालयहरुको भौतिक संरचना सन्तोषजनक रहेको पाइन्छ । विशेष गरी २०७२ सालको विनाशकारी भूकम्पबाट प्रभावित जिल्ला भित्रको पालिका रहेकोले विद्यालयका संरचनाहरु ध्वस्त भएको सन्दर्भमा पुनर्निर्माणको चरणमा प्राथमिकता परेको थियो । जसले गर्दा अधिकांश विद्यालयहरुमा सुरक्षित भौतिक पूर्वाधारहरु निर्माण भएका छन् ।

विद्यालयहरुले शैक्षिक सत्र २०८२ मा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्टि गरेको आधारमा हाल कक्षाकोठा १५७ वटा, मर्मतसम्भार गर्नु पर्ने १६ वटा, नयाँ निर्माण गर्नु पर्ने ३७ वटा रहेका छन् । यसै गरी खानेपानी ८ वटा रहेको, २ वटा मर्मत सम्भार र नयाँ निर्माण १ वटा, शौचालय ( प्यान/ कम्मोड) मा ३८ वटा रहेको मर्मत सम्भार १० वटा, नयाँ निर्माण १३ वटा, शौचालय (युरिनल) ७४ वटा रहेको, स्यानेटरी प्याड परिवर्तन कक्ष ६ वटा रहेको र नयाँ निर्माण ४ वटा, २० वटा मर्मत सम्भार निर्माण गर्नु पर्ने, खेल मैदान ३ वटा रहेको, नयाँ निर्माण ४ वटा गर्नु पर्ने देखिन्छ । पुस्तकालय ६ वटा रहेको, मर्मत सम्भार १ वटा र नयाँ निर्माण ६ वटा, प्रयोगशाला १० वटा, मर्मत सम्भार १ वटा र नयाँ निर्माण १२ वटा गर्नु पर्ने देखिन्छ । यसका अतिरिक्त खाजा घर ७ वटा रहेको र नयाँ निर्माण ८ वटा गर्नु पर्ने विवरण रहेको छ ।

सामुदायिक विद्यालयहरुमा हुनु पर्ने न्यूनतम पूर्वाधारहरुलाई व्यवस्थापन गरी शिक्षा नीति, २०७६ ले निर्दिष्ट गरेका क्षेत्रहरुलाई परिपूर्ति गर्दै जानु पर्ने देखिन्छ । विद्यालयको सुरक्षित भौतिक पूर्वाधार निर्माणमा सङ्घीय सरकार र प्रदेश सरकार संवेदनशील हुनु पर्दछ ।

### ४.६.३. अवसर र चुनौती

विद्यालयको सुरक्षित भौतिक पूर्वाधारहरु निर्माणले सामुदायिक विद्यालय शिक्षामा बालबालिकाहरुको पहूँच र समतामा अभिवृद्धि भएको छ । विद्यालयको बाह्य वातावरणमा सुधार आउनुको साथै कक्षा कोठा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगमा वढोत्तरी भएको छ । शिक्षण सिकाइ क्रियाकलापमा सुधार आइ

विद्यार्थीहरुको सिकाइमा सुधार आएको छ । यसको अतिरिक्त स्थानीय समुदायहरुको आय आर्जनमा अभिवृद्धिका साथै जीवन शैलीमा समेत परिवर्तन भएको छ ।

सबै विद्यालयहरुमा सुरक्षित भौतिक पूर्वाधारहरुको निर्माण अपरिहार्य रहेको छ । तर सीमित स्रोत साधन र वढ्दो शहर तर्फको अस्थायी बसोबास गर्ने प्रवृतिका कारण ग्रामीण क्षेत्रमा रहेका विद्यालयहरुमा बालबालिकाहरुको संख्या दिनानुदिन घट्दो क्रमले विद्यालयको सुरक्षित भौतिक पूर्वाधार निर्माणमा चुनौती देखिएको छ । कतिपय विद्यालयहरुमा पर्याप्त खानेपानीको अभावका कारण शौचालय सरसफाईमा समस्या रहेको छ । नागरिकहरुको बसोबास लाई आधारमानी विद्यालयहरुको पुन संरचना गरी विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्नु पर्ने आवश्यकता रहेको छ । यसको लागि स्रोत साधनको व्यवस्थापनमा सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहकार्यमा जोड दिनुपर्दछ ।

### ४.६.४. उद्देश्य

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
- निर्मित भौतिक पूर्वाधारको मर्मत सम्भार तथा सवलीकरण गर्नु ।
- विद्यालयको सुरक्षित भौतिक पूर्वाधार निर्माणमा स्थानीय समुदायको संलग्नता गराउन ज्ञान, सीप र प्रविधिको प्रयोग गर्ने क्षमता विकास गर्नु ।

### ४.६.५. रणनीति एवम् कार्यनीति

- सङ्घीय र प्रदेश सरकारसँगको समन्वय एवं सहकार्यमा स्वीकृत मापदण्ड बमोजिम सुरक्षित विद्यालय पूर्वाधारको विकास गर्ने ।
- सङ्घ संस्थाको सहयोगमा निर्माण हुने विद्यालय पूर्वाधारहरु स्वीकृत मापदण्ड अनुसार हुने गरी मात्र अनुमति दिने ।
- भइरहेका विद्यालय पूर्वाधारहरुको मर्मत सम्भार एवं प्रवलीकरणमा जोड दिने ।
- विद्यालय पूर्वाधार मर्मत तथा सम्भार कोष निर्माण गर्ने ।
- विद्यालयगत सुरक्षित विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि विद्यालयगत गुरुयोजना निर्माण गरी सो अनुसार निर्माण कार्य गर्ने ।
- विद्यालय पूर्वाधार निर्माण कार्य खण्ड खण्डमा नगरी पूर्ण निर्माणमा जोड दिने ।
- विद्यालय हाताभित्र वृक्षारोपण, हरियाली क्षेत्र र बगैंचा निर्माण गर्ने ।
- विद्यालय निर्माणमा स्थानीय जनशक्तिलाई परिचालन गर्ने ।
- निर्माण कार्यमा संलग्न जनशक्तिलाई निर्माण कार्यको मापदण्ड सम्बन्धी अभिमुखीकृत गरी सीप विकासमा जोड दिने ।
- विद्यालय पूर्वाधार विकासमा सङ्घ, प्रदेश र विभिन्न सङ्घ/संस्थाहरुको सहयोगमा स्रोत साधनको व्यवस्थापन गरी एकद्धार प्रणालीबाट निर्माण कार्यमा जोड दिने ।

### ४.६.६. प्रमुख उपलब्धि र नतिजा

#### ४.६.६.१. उपलब्धि

- विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री एवं लैङ्गिकमैत्री सुरक्षित भौतिक पूर्वाधारहरुको निर्माण भई विद्यालयको वातावरण सिकाइ अनुकूल भएको हुनेछ ।

#### ४.६.६.२. नतिजा

- विद्यालयहरुमा सुरक्षित भौतिक संरचना निर्माण एव मर्मत सम्भार भएको हुनेछन् ।
- विद्यालयहरुमा निर्मित भौतिक संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री एवं लैङ्गिकमैत्री सुरक्षित हुनेछन् ।
- विद्यालयहरुको पूर्वाधार निर्माणमा स्थानीय नागरिकहरुको सहभागिता भई सुरक्षित पूर्वाधार निर्माण सम्बन्धी ज्ञान, सीप एवं प्रविधिको प्रयोगका बारेमा परिचित हुनेछन् ।

### ४.६.६.३.  प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | सामुदायिक विद्यालय सवलीकरण अभियान (भौतिक सुविधा सुधार कार्यक्रम ) –"विद्यालयको भौतिक पक्ष सुधार –शंखरापुर नगरपालिकाको उपहार" | | | | | | | | | | |
| १.१ | विद्यालय कक्षाकोठा मर्मत सम्भार (सानो ) | कक्षा कोठा | | १० | ५ | | | १५ | ७५० | नगरपालिका | पि २ |
| १.२ | विद्यालय कक्षाकोठा मर्मत सम्भार (ठूलो ) | कक्षा कोठा | | ४ | ४ | | | ८ | ८०० | नगरपालिका | पि २ |
| १.३ | शौचालय खानेपानी र स्वच्छता (WASH ) | विद्यालय | ३ | ५ | ५ | ५ | ५ | २३ | ११५० | नगरपालिका | पि २ |
| १.४ | विद्यालय घेरावार बाह्य वातावरण सुधार | विद्यालय | आवश्यकता र माग अनुसार | | | | | ५ | १५०० | नगरपालिका | पि २ |
| २ | विद्यालय भौतिक पूर्वाधार निर्माण र मर्मत संभार आधारभूत सीपयुक्त श्रमिकहरुको क्षमता विकास | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ७५० | नगरपालिका | |
| ३ | बाल कक्षा देखि कक्षा ३ सम्मका कक्षाकोठा रंगरोगन र व्यवस्थापन (Child friendlySetup) | कक्षा कोठा | २३ | | २३ | | २३ | ६९ | १७२५ | नगरपालिका | पि२ |
| ४ | विद्यालय भवन निर्माण (स्थानीय शेयर २० %) | वटा | | १ | १ | | | २ | ९०० | नगरपालिका | पि २ |
| ५ | मेघा विद्यालय स्थापना र छात्रावास व्यवस्थापन (स्थानीय शेयर २० %) | विद्यालय | | | १ | १ | | २ | २००० | नगरपालिका | पि २ |
| ६ | माध्यमिक विद्यालयहरुमा विषयगत प्रयोगशालाको सुदृढीकरण र स्थापना | विद्यालय | १ | १ | २ | २ | २ | ८ | १२०० | नगरपालिका | पि २ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| ७ | आधारभूत विद्यालयहरुमा विषयगत प्रयोगशालाको सुदृढीकरण र स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७५० | नगरपालिका | पि २ |
| जम्मा ( आन्तरिक स्रोत ) | | | १४७५ | २३५० | ३३२५ | १६५० | १७२५ | | १०५२५ | | |
| १ | +२ मा विज्ञान सञ्चालन भएको विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्थापन | विद्यालय | १ | - | - | - | - | १ | २००० | सङ्घ र प्रदेश सरकार | पि २ |
| २ | आधारभूत विद्यालयमा विज्ञान एवम् आई सि टि प्रयोगशालाको व्यवस्थापन (६-८ सञ्चालन ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ३२५० | प्रदेश र सङ्घ सरकार | पि २ |
| ३ | WASH सहित शौचालय निर्माण (छात्रा शौचालय सहित ) | वटा | २ | २ | ३ | ३ | ३ | १३ | १९५०० | सङ्घ र प्रदेश सरकार | पि २ |
| ४ | विद्यालय भवन निर्माण (४/६ कोठ) बाह्य शेयर (प्रतिशत) | वटा | | | | १ | १ | १ | ४५०० | सङ्घ सरकार | पि २ |
| ५ | हरित विद्यालय कार्यक्रम कार्यान्वयन तथा हरियाली वातावरण निर्माण कार्यक्रम | विद्यालय | २ | २ | ३ | ३ | ३ | १३ | ६५०० | सङ्घ र प्रदेश सरकार | पि २ |
| ६ | मेघा विद्यालयको विकास (छात्रावास निर्माण सहित)बाह्य शेयर (प्रतिशत) | विद्यालय | | १ | १ | - | - | २ | १०००० | सङ्घ र प्रदेश सरकार | पि२ |
| ७ | विद्यालय घेराबार पर्खाल र खेलमैदान ( व्यवस्थित) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५००० | सङ्घ र प्रदेश सरकार | पि २ |
| ८ | विषयगत कर्नर र प्रयोगशालाको व्यवस्थापन (माध्यमिक तह ) | विद्यालय | २ | २ | २ | १ | १ | ८ | २००० | प्रदेश र सङ्घ सरकार | पि २ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| ९ | विद्यालय भवन कक्षाकोठा निर्माण (नयाँ ) | कक्षा कोठा | ४ | २ | २ | २ | २ | १२ | १२००० | सङ्घ र प्रदेश सरकार | पि२ |
| १० | विषयगत प्रयोगशालाको व्यवस्थापन (आधारभूत तह ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५०० | सङ्घ र प्रदेश सरकार | पि२ |
| जम्मा (बाह्य स्रोत ) | | | १२८०० | १६८०० | २०३०० | १२०५० | १२०५० | | ६८००० | | |
| जम्मा | | | १४२७५ | १९१५० | २३६२५ | १३७०० | १३७७५ | | ७८५२५ | | |

## ४.७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१. परिचय

सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology—ICT) आधुनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने प्रमुख साधनका रूपमा विश्वव्यापी रूपमा स्थापित भइसकेको छ । आजको डिजिटल युगमा शिक्षण सिकाइ प्रक्रिया केवल पाठ्यपुस्तक र परम्परागत कक्षा शिक्षामा सीमित नरही प्रविधिमैत्री, अन्तरक्रियात्मक, विद्यार्थी केन्द्रित र नतिजामुखी हुन आवश्यक छ । नेपालको संविधान २०७२ को जगमा राष्ट्रिय शिक्षा नीति, २०७६ र विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले विद्यालय शिक्षामा ICT को प्रयोग विस्तार गरी सिकाइ उपलब्धि सुधार, पहुँच र समता सुनिश्चित तथा जीवनोपयोगी सीप विकास गर्ने स्पष्ट नीतिगत प्रतिबद्धता व्यक्त गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरु योजना २०१३-२०१७ ले शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने, शिक्षामा गुणस्तर वृद्धि गर्ने र डिजिटल डिभाइड कम गर्ने जस्ता लक्ष्य राखेको तथ्यलाई स्मरण गर्न सकिन्छ । राष्ट्रिय सन्दर्भमा सूचना तथा प्रविधिको प्रयोगले विद्यालय शिक्षामा ज्ञानको पहुँच विस्तार, सिकाइ प्रक्रियामा नवप्रवर्तन, शिक्षक र विद्यार्थीको क्षमतामा सुधार ल्याएको महसुस गरिएको छ । विशेषतः डिजिटल सामग्री, अनलाइन तथा हाइब्रिड सिकाइ, भर्चुअल प्रयोगशाला र ICT आधारित मूल्याङ्कन प्रणालीले शिक्षा प्रणालीलाई बढी प्रभावकारी र समावेशी बनाउँदै लगेको छ ।

शिक्षा क्षेत्रमा सूचना प्रविधि र कृत्रिम बुद्धिमत्ता (एआइ) को प्रयोगले शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी, विद्यार्थी केन्द्रित र सान्दर्भिक बनाएको छ । परम्परागत शिक्षालाई आधुनिक प्रविधिसँग जोडेर गुणस्तर सुधार गर्न एआइ तथा ICT (ICT) को भूमिका अत्यन्त महत्वपूर्ण हुँदै गएको छ ।

राष्ट्रिय नीतिगत दिशा निर्देशलाई आत्मसात् गर्दै शंखरापुर नगरपालिकाले नगरभित्रका विद्यालयहरूमा सूचना तथा प्रविधिको प्रयोग विस्तार गर्ने उद्देश्यले ICT सम्बन्धी कार्यक्रमको थालनीमा प्राथमिकता दिई आएको छ । नगरपालिकामा मूलतः सामुदायिक र संस्थागत विद्यालय सञ्चालनमा रहेका छन् । फरक फरक सामाजिक तथा शैक्षिक पृष्ठभूमिका विद्यार्थीलाई शैक्षिक अवसर एवम् सेवा प्रदान गरिरहेका छन् । ती विद्यालयहरूमा प्रविधिको पहुँच र प्रयोग विस्तार गर्नु नगरपालिकाको शैक्षिक गुणस्तर सुधार र डिजिटल साक्षर नागरिक उत्पादन गर्ने दीर्घकालीन लक्ष्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । सङ्घ र प्रदेश सरकारबाट सूचना तथा प्रविधिको पहुँच र प्रयोगका लागि निरन्तर कार्यक्रम तथा बजेट विनियोजन भईरहेको छ । तथापि आधारभूत तहसम्मका विद्यालयहरु समेत क्रमश : विस्तार गर्ने सोच नगरपालिकाको आवधिक ५ वर्षे रणनीतिक योजनाले राखेको पनि देखिन्छ । यद्यपि नगरपालिकाका सबै विद्यालयमा ICT पूर्वाधार, दक्ष जनशक्ति, डिजिटल सामग्री तथा दिगो सञ्चालनको अवस्था अझै प्रारम्भिक चरणमै रहेको देखिन्छ । अतः नगर शिक्षा योजना मार्फत विद्यालयमा ICT को पहुँच, प्रयोग र प्रभावकारिता विस्तार गर्न व्यवस्थित र चरणबद्ध कार्यक्रम सञ्चालन गर्नु अपरिहार्य देखिएको छ ।

### ४.७.२. वर्तमान अवस्था

विद्यालयहरूमा सूचना प्रविधिको (आई.सी.टी) पहुँच र शिक्षण सिकाइ सहजीकरणमा यसको प्रयोग शुरुवाती चरणमै रहेको छ । सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि न्यूनतम रु १२ हजार देखि २० हजार सम्म अनुदान उपलब्ध भईरहेको छ । प्राय : माध्यमिक विद्यालयहरूमा कम्प्युटर ल्याब इन्टरनेट पहुँच, र प्रोजेक्टर, डिजिटल बोर्ड जस्ता सुविधाहरु उपलब्ध रहेको छ । यद्यपि सो पर्याप्त भने छैन । नगरपालिकाका सबै विद्यालय सूचना तथा प्रविधिका सुविधाहरु न्यूनतम रुपमा उपलब्ध गर्न सकिएको छैन

। संस्थागत विद्यालयहरुमा सूचना तथा प्रविधिको प्रयोगलाई क्रमशः थालनी गरेको देखिन्छ । सबै आधारभूत तहका विद्यालय कक्षा (१-८) यसको पहुँच विस्तार गर्न सकिएको छैन । आई.सी.टी.मा आधारित सामग्रीको कमी , प्रशिक्षित शिक्षण जनशक्ति र नियमित तालिमको कमीले गर्दा शिक्षण सिकाइ सहजीकरणमा आई.सी.टी सामग्रीको पूर्ण रूपमा उपयोग र सिकाइ प्रभावकारी हुन सकेको छैन । यद्यपि स्थानीय तह र साझेदार संस्थाको समन्वय र सहयोगमा सूचना तथा प्रविधिमा आधारित शिक्षण सिकाइ अवसर सहित सुधारका प्रयास भइरहेको छ यद्यपि अवसर र पहुँच पर्याप्त छैन । विद्यालयमा सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम ज्ञान र सीपको अवसरको सुनिश्चित गर्न र डिजिटल सामग्री पहुँच विस्तार गर्न थप स्रोत र योजनाबद्ध पहल आवश्यक रहेको छ । नगरपालिकामा सामुदायिक विद्यालयहरूमा सूचना तथा संचार प्रविधिको पहुँच र अवसर अवस्था यसप्रकार रहेको छ :

**तालिका १ :सामुदायिक विद्यालय तर्फ**

| तह | कम्प्युटर | प्रोजेक्टर | स्मार्टवोर्ड | स्मार्ट टिभी | ईन्टरनेट | पावरब्याक अप | जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| मा वि (१-१०/१२) | ८ | ८ | ८ | ¨ | ८ | ८ | ८ |
| आ वि (१-८) | ५ | ५ | २ | ¨ | ५ | ४ | ५ |
| आ वि (१-१/५) | ¨ | ¨ | अप्राप्त | अप्राप्त | १० | १० | अप्राप्त |

*स्रोत: CEHRD flash report २०८१*

| मौजुदा स्थिति | | | | सम्बोधनको क्षेत्र | | |
|---|---|---|---|---|---|---|
| **सुचना प्रविधि सँग सम्बन्धित सुविधा** | **विद्यालय संख्या** | **सुचना प्रविधि सँग सम्बन्धित सुविधा** | **विद्यालय संख्या** | **मा वि (१-१०/१२)** | **आ वि (१-८)** | **आ वि (१-३/५)** |
| विद्युतको व्यवस्था | २३ | ICT प्रयोगशालाको सुविधा | १२ | | १ | |
| पावर ब्याकअपको व्यवस्था | २३ | ई /पुस्तकालयको सुविधा | अप्राप्त | ८ | ५ | |
| ईन्टरनेटको जडान | २३ | डिजिटल स्मार्ट वोर्ड जडान | ७ | १ | ५ | १० |
| स्मार्ट टि भी | अप्राप्त | कम्प्युटर सुविधा | १४ | | | ९ |
| माध्यमिक विद्यालय कक्षा (१-१२) र (१-१०) क्रमश :५ र ३ ,आधारभुत विद्यालय कक्षा (१-८) र (१-५) क्रमश :५ र ७ कक्षा १ : ३ विद्यालय | | | | | | |

**तालिका २ :संस्थागत विद्यालय तर्फ**

| तह | कम्प्युटर | प्रोजेक्टर | स्मार्टवोर्ड | स्मार्ट टिभी | ईन्टरनेट | पावरब्याक अप | जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| मा वि कक्षा (१-१२) | १ | १ | १ | १ | १ | १ | १ |
| मा वि कक्षा (१-१०) | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ |
| आ वि (१-८) | १ | १ | अप्राप्त | अप्राप्त | १ | १ | अप्राप्त |
| आ वि (१-५) | ७ | ७ | अप्राप्त | ७ | ७ | ७ | ७ |

### ४.७.३. अवसर एवम् सम्भावना

- सबै विद्यालयमा विद्युत र इन्टरनेट पहुँच भएको
- सबै विद्यालयमा कम्प्युटर(कम्तिमा एउटा) उपलब्ध रहेको
- १२ वटा विद्यालयमा ICT प्रयोगशाला रहेको
- १४ वटा विद्यालयमा पुस्तकालय भएका रहेको
- ९ वटा विद्यालयमा स्मार्ट बोर्ड भएका रहेको
- नगरपालिकाका सबै विद्यालयमा ICT विस्तारको आधारभूत पूर्वाधार (विद्युत् र इन्टरनेट) रहेको र प्रविधिमैत्री शिक्षाको विस्तारका लागि अनुकूल वातावरण सिर्जना गरेको ।
- सङ्घ, प्रदेश र स्थानीय तहमा ICT केन्द्रित कार्यक्रम तथा बजेटको निरन्तरता
- शिक्षक र विद्यार्थीमा सूचना तथा प्रविधि प्रति बढ्दो चासो
- विद्यार्थी, शिक्षक र अभिभावकमा डिजिटल शिक्षाप्रति चासो
- श्रम बजारमा सूचना तथा प्रविधिमा आधारित जनशक्तिको माग रहेको
- ईलर्निङ, अनलाईन स्रोत सामग्री, र अन्य डिजिटल सिकाइका अवसरहरूमा पहुँच विस्तार र डिजिटल सिकाइको अनिवार्यता
- स्थानीय युवाका लागि सूचना तथा प्रविधिमा आधारित स्वरोजगार र रोजगारी केन्द्रित सीप विकासमा अभिभावक र समुदाय को चाहाना
- सूचना तथा प्रविधि प्रति विद्यार्थीको बढ्दो चासो ।
- लागत कम गर्न स्मार्ट उपकरणहरू, Low cost प्रविधि र अन्य नवप्रवर्तनशील प्रविधि प्रयोग गरेर विद्यालयमा सूचना प्रविधिको पहुँच विस्तार र सिकाइ अवसरको बढ्दो माग ।

### ४.७.४. समस्या र चुनौती

- कम्प्युटर, इन्टरनेट, र अन्य आईटी उपकरणहरू उपयोग गर्न योग्य प्रशिक्षित शिक्षक र प्राविधिक जनशक्तिको कमी ।
- शिक्षकमा सूचना तथा प्रविधि सम्बन्धी सिकाइ इच्छाशक्तिको कमी रहेको अथवा ICT प्रयोगमा शिक्षकको डिजिटल शिक्षण विधि तथा AI क्षमता सीमित रहेको ।
- ICT उपकरण खरिद तथा मर्मतका लागि बजेट न्यून ।
- ICT युक्त वातावरण सिर्जना गर्नका लागि न्यूनतम पूर्वाधार नहुनु ।
- इन्टरनेट शुल्क खर्चिलो वा महँगो हुनु अर्थात् क्षमतायुक्त ईन्टरनेट सुविधाको कमी हुनु ।
- सबै विद्यालयमा कम्प्युटर, ICT प्रयोगशाला र स्मार्ट बोर्ड उपलब्ध नहुनु ।
- विद्यालयमा ICT पूर्वाधारको उपलब्धता असमान रहनु ।
- सूचना तथा प्रविधिको पहुँच र सिकाइ अवसर विषय वा माध्यमका वारे अस्पष्टता रहनु।
- पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायतका प्रविधि सम्बन्धी विषयको व्यापकता हुनु ।
- सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु ।
- डिजिटल डिभाईस र डिजिटल डिभाईड वारे नीतिगत अस्पष्टता हुनु ।

- विद्यार्थीहरूमा सूचना तथा प्रविधिको न्यूनतम क्षमताको कमीले गर्दा प्रविधिको दुरुपयोग (साइबर अपराध, Bullying, Hacking etc) ।
- सूचना प्रविधि विकासमा भएको प्रगति र गुणस्तर सुनिश्चित गर्नका लागि नियमित अनुगमन र मूल्याङ्कन प्रणालीको व्यवस्थापन ।
- डिजिटल सामग्री, मर्मतसम्भार र दिगोपनाका लागि स्थायी स्रोत व्यवस्थापन ।
- ग्रामीण क्षेत्रमा इन्टरनेट र विद्युत् आपूर्ति अस्थिर हुँदा नियमित रूपमा आईटी कक्षाहरू सञ्चालन र व्यवस्थापन ।

### ४.७.५. ४.७.४ उद्देश्य

- सबै सामुदायिक विद्यालयमा ICT पहुँच सुनिश्चित गर्नु
- विद्यालयमा प्रभावकारी ICT ल्याब स्थापना गर्नु
- डिजिटल कक्षा विस्तार गर्नु
- शिक्षकमा डिजिटल र AI शिक्षण विधिको क्षमता विकास गर्नु
- AI आधारित शिक्षण—सिकाइ एकीकृत गर्नु
- विद्यार्थीमा AI सँग साक्षर हुने अवसर प्रदान गर्नु
- डेटामा आधारित मूल्याङ्कन प्रणाली विकास गर्नु
- ICT कार्यक्रम दिगो बनाउन सहयोग गर्नु
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधि र AI को प्रयोगमा विस्तार गर्नु

### ४.७.६. रणनीति / कार्यनीति

- विद्यालयहरूमा ICT पूर्वाधार (कम्प्युटर, ICT ल्याब, स्मार्ट बोर्ड) क्रमिक रूपमा विस्तार गर्ने ।
- शिक्षकको डिजिटल साक्षरता र ICT मा आधारित शिक्षण विधि क्षमता विकास गर्ने ।
- सङ्घ, प्रदेश, नगर तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य प्रवर्द्धन गरी डिजिटल सामग्री, सिकाइ प्लेटफर्म र AI मा आधारित अभ्यास सामग्रीको प्रयोग विस्तार गर्ने ।
- ICT लाई पाठ्यक्रम, शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीसँग एकीकृत गरी शिक्षकहरूलाई AI प्रयोग गरी पाठ योजना तयार गर्ने, मूल्याङ्कन विश्लेषण गर्ने र विद्यार्थी केन्द्रित सिकाइ प्रवर्द्धन गर्ने तालिम प्रदान गर्ने ।
- माध्यमिक तहमा AI को आधारभूत अवधारणा, जिम्मेवार प्रयोग र डिजिटल सुरक्षा सम्बन्धी सिकाइ समावेश गर्ने ।
- स्थानीय स्तरमा AI नवप्रवर्तन, पाइलट परियोजना र स्रोत परिचालनका लागि सहकार्य गर्ने ।
- ICT कार्यक्रमको अनुगमन, मर्मत तथा दिगोपनाको व्यवस्था सुदृढ गर्ने ।

### ४.७.७. अपेक्षित उपलब्धि र नतिजा , प्रमुख कार्यक्रम तथा परिमाणात्मक लक्ष्य र बजेट

#### ४.७.७.१. अपेक्षित उपलब्धि

- सबै शिक्षकमा सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम ज्ञान र सीप हासिल भएको हुनेछ ।

- विद्यार्थीको सिकाइ उपलब्धि र कक्षा उत्तीर्ण दरमा सुधार आएको हुनेछ ।
- सबै सामुदायिक आधारभूत विद्यालयमा सूचना तथा प्रविधिमा आधारित न्यूनतम पूर्वाधार तयार भएको हुनेछ ।
- सबै सामुदायिक माध्यमिक विद्यालयमा शिक्षण सिकाइ अनुकुल सूचना तथा प्रविधिमैत्री वातावरण तयार भएको हुनेछ ।

### ४.७.७.२. अपेक्षित नतिजा

- सबै विद्यालयमा ICT फोकल पर्सन परिचालन भएको हुनेछ ।
- सबै आधारभूत विद्यालयमा एक सेट ICT डिभाईस / कम्प्युटर सेट प्राप्त भएको हुनेछ ।
- सबै शिक्षकहरुले ICT सम्बन्धी आधारभूत तालिम प्राप्त गरेका हुनेछन् ।
- सबै माध्यमिक विद्यालयमा स्मार्ट बोर्डको व्यवस्था भएको हुनेछ ।
- १३ वटा सामुदायिक विद्यालयमा ICT प्रयोगशाला स्थापना सहित आवश्यक सामग्री भएको हुनेछ ।
- विद्यालय शिक्षामा AI को प्रयोग एवम् AI Literacy एवम् Digital Transformation कक्षाको अवसर प्राप्त भएको हुनेछ ।
- सबै माध्यमिक विद्यालयका लागि नवीन शिक्षण विधि र प्रविधिमा आधारित शिक्षक तालिमको अवसर प्राप्त भएको हुनेछ ।
- नगरपालिकाका सबै माध्यमिक विद्यालयमा बहुआयामिक सूचना तथा प्रविधि केन्द्रित सुविधाको पहुँच सुनिश्चित भएको हुनेछ ।

### ४.७.७.३. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको जम्मा | | | |
| १ | विद्यालयमा सूचना प्रविधिको फोकल पर्सन व्यवस्था र परिचालन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | नगरपालिका | पि१ |
| २ | ICT शिक्षक प्रोत्साहन कार्यक्रम | शिक्षक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ७५० | नगरपालिका | पि १ |
| ३ | एक आधारभूत विद्यालयका लागि सूचना तथा प्रविधि सामग्री सेट एक अभियान ( स्मार्ट वोर्ड , डेस्कटप कम्प्युटर र ल्यापटप ,प्रोजेक्टर ,प्रिन्टर र टेवल ) | विद्यालय | २ | २ | २ | २ | २ | १० | २५०० | नगरपालिका | पि १ |
| ४ | सबै शिक्षकहरूलाई ICT सामग्री विकास र प्रयोग सम्बन्धी आधारभूत तालिम | शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० | ७५० | नगरपालिका | पि१ |
| ५ | विद्यालयमा विद्युतीय हाजिरी अद्यावधिकको लागि प्राविधिक सहजीकरण | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५७५ | नगरपालिका सूचना प्रविधि शाखा | पि२ |
| ६ | विद्यालयमा सिसिटिभीको व्यवस्थापन एवम् अद्यावधिकका लागि प्राविधिक सहजीकरण | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | ५७५ | सूचना प्रविधि शाखा | पि२ |
| ७ | सिकाइ चौतारीको अभिमुखिकरण र प्रयोग | शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० | ७५० | सूचना प्रविधि शाखा | पि २ |
| | सिकाइ चौतारीको अभिमुखिकरण र प्रयोग | विद्यार्थी | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५७५ | सूचना प्रविधि शाखा | पि२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | AI डिजिटल Transformation तालिम (सबै विद्यालय) | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | २०० | ७५० | सूचना प्रविधि शाखा | पि१ |
| | विद्यालयस्तरमा शिक्षण सिकाइमा AI साक्षरता र सुरक्षा सम्बन्धी अभिमुखीकरण | विद्यार्थी | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५७५ | सूचना प्रविधि शाखा | पि २ |
| जम्मा ( आन्तरिक स्रोत ) | | | १५६० | १५६० | १५६० | १५६० | १५६० | | ७८०० | | |
| १ | नवीन शिक्षण विधि र प्रविधि सम्बन्धी तालिम | माग अनुसार | सहभागिता | | | | | | ० | शैताके प्रदेश सरकार | पि २ |
| २ | विद्यालयमा सिसिटिभीको व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | १० | ५००० | गैसस र प्रदेश सरकार | पि २ |
| ३ | ICT ल्याब विस्तार एवम् सवलीकरण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ३२५० | सङ्घीय र प्रदेश सरकार | पि २ |
| ४ | विद्यालयहरूमा डिजीटल प्रविधि प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७५०० | सङ्घीय र प्रदेश सरकार | पि२ |
| ५ | स्मार्ट विद्यालय स्थापना र सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७५०० | सङ्घीय र प्रदेश सरकार | पि २ |
| जम्मा (बाह्य स्रोत) | | | ४६५० | ४६५० | ४६५० | ४६५० | ४६५० | | २३२५० | | |
| **जम्मा (आन्तरिक र बाह्य स्रोत )** | | | ६२१० | ६२१० | ६२१० | ६२१० | ६२१० | | ३१०५० | | |

# ५. परिच्छेद पाँच - अन्य उपक्षेत्र

## ५.१. संस्थागत विद्यालयको नियमन र व्यवस्थापन

### ५.१.१. परिचय

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम विद्यालय शिक्षाको व्यवस्थापन र सञ्चालनको लागि २३ वटा कार्य क्षेत्राधिकार स्थानीय तहको हुने भनी स्पष्ट व्यवस्था गरेको छ । शंखरापुर नगरपालिकामा विद्यालय शिक्षामा सामुदायिक (सरकारी लगानी) र संस्थागत(निजी लगानी) गरी दुई प्रकारका विद्यालयहरु सञ्चालनमा रहेका छन् । सरकारको सार्वजनिक निजी साझेदारीको नीति अनुसार शिक्षा क्षेत्रमा निजी लगानी बढ्दै गइरहेको सन्दर्भ हो । यो नगरपालिका शहरी र ग्रामीण क्षेत्रमा अवस्थित नगरपालिका भएकोले अभिभावकको चाहना र बालबालिकाको रुची अनुसार समय परिवर्तनसँगै नगर क्षेत्र (शहर र बजार) र ग्रामीण क्षेत्र ( गाउँ / टोल र वस्ती ) केन्द्रित निजी विद्यालयहरु हाल सञ्चालनमा रहेका छन् । व्यक्ति, समूह, सङ्घसंस्थाहरुको लगानी र अभिभावकहरुको चासो र योगदानबाट ति विद्यालयहरु सञ्चालित रहेका छन् । यद्यपि संस्थागत विद्यालयहरुले गुणात्मक शिक्षाको लागि पुऱ्याएको योगदानलाई थप व्यवस्थित गर्न आवश्यक रहेको छ । संस्थागत विद्यालयहरु माथिको विश्वास र आशालाई समय सापेक्ष भरपर्दो बनाउन र गुणस्तरका मापदण्ड अनुरुप सार्वजनिक शिक्षाको गुणात्मकता अभिवृद्धिका लागि यस्ता विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा व्यवस्थित गर्न जरुरी भएको छ । ती विद्यालयहरुको स्थापना देखि सञ्चालन र व्यवस्थापनका सम्पूर्ण विषयमा नीतिगत सहजीकरण र नियमन हुने सर्तमा लागि प्रचलित शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) अनुसार स्थापना भएका हुन् । यद्यपि स्थानीय तहको शिक्षा ऐनमा संस्थागत विद्यालयहरुको सञ्चालन व्यवस्थापन र नियमनका सम्बन्ध स्पष्ट व्यवस्था गरेको छ । अहिले यस्ता विद्यालयहरु शुल्क तिर्न सक्ने स्थानीय अभिभावकहरुको प्राथमिकता एवम् रोजाइमा परेको पनि महसुस गरिएको छ ।

### ५.१.२. वर्तमान अवस्था

यस नगरपालिकामा मुलतः निजी लगानीमा सञ्चालित (नाफामूलक) र शैक्षिक गुठी अन्तर्गत सञ्चालित (गैरनाफामूलक) संस्थागत विद्यालयहरु प्रचलित कम्पनी ऐन,अनुसार प्रचलित शिक्षा ऐन,नियमानुसार सम्बन्धित निकायबाट अनुमति एवम् स्वीकृति लिई सञ्चालनमा रहेका छन् । ती मध्ये अधिकांश पूर्ववत् अवस्थामा सञ्चालन रहेका र सङ्घीयताको कार्यान्वयनसँगै नगरपालिकामा सूचीकृत भएका छन् । केही थप (नयाँ ) संस्थागत विद्यालयहरु पनि सञ्चालन रहेका छन् । उक्त संस्थागत विद्यालयहरु निजी लगानीमा र शैक्षिक गुठीको रुपमा सञ्चालित रहेका छन् । जुन नगरपालिकाको शिक्षा ऐन,२०७९ ले स्पष्ट गरेको मात्र नभई पालिकामा नियमानुसार सूचीकृत हुन मार्ग प्रशस्त गरेको छ ।

यस नगरपालिकामा संस्थागत विद्यालय तर्फ मन्टेश्वरी/प्रि-स्कुल २ वटा, आधारभूत तह १-३ र १-५ सञ्चालन भएका क्रमश : ४ र २ वटा, आधारभूत तह १-८ सञ्चालन भएका १ वटा , माध्यमिक तह १-१० सञ्चालन भएका ८ वटा तथा माध्यमिक तह १-१२ सञ्चालन भएका १ वटा विद्यालय सञ्चालनमा रहेका छन् ।

| संस्थागत विद्यालय विवरण २०८२ | | | | | | |
|---|---|---|---|---|---|---|
| सञ्चालित तह र कक्षा | मन्टेश्वरी वा प्रि स्कुल | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा १-८ | माध्यमिक तह कक्षा १-१० | माध्यमिक तह कक्षा १-१२ | जम्मा |
| कुल संख्या | २ | ६ | १ | ८ | १ | १८ |
| शैक्षिक गुठी(कुल मध्ये) | | १ | | ३ | | ४ |
| वडा (टोल / वस्ती / गाउँ) | ७ र ९ | ७ र ८ | १ | ३,५,६,७,८ र ९ | ६ | १,३,५-९ |

प्रस्तुत तालिकाअनुसार वडा न २ र ४ मा संस्थागत विद्यालय स्ञचालनमा रहेको छैन । यद्यपि वडा न वडा न ७ मा तुलनात्मकरुपमा विद्यालय संख्या अधिक देखिन्छ । वडा न १ एउटा मात्र विद्यालय सञ्चालनमा रहेको देखिन्छ ।

| विद्यार्थी प्रवाह स्थिति २०८२ र सहभागिता | | | | | |
|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा ६-८ | माध्यमिक तह ९-१० | कक्षा ११-१२ | जम्मा |
| ११५९ | १७१३ | ८०३ | ४८३ | १२१ | ४२७९ |
| ६७.३४ | ६०.७० | ५०.४० | ५०.४१ | २४.८४ | ५६.४४ |

प्रस्तुत तालिका हेर्दा संस्थागत विद्यालयमा विद्यार्थी प्रवाहलाई हेर्दा कक्षा ११-१२ बाहेक सबै कक्षा र तहमा ५० प्रतिशत भन्दा माथि रहेको देखिन्छ ।

| संस्थागत विद्यालय सूचाङ्क २०८२ | | | | | |
|---|---|---|---|---|---|
| उत्तीर्ण दर | आधारभूत शिक्षा परीक्षा कक्षा ३ | आधारभूत शिक्षा परीक्षा कक्षा ५ | आधारभूत शिक्षा परीक्षा कक्षा ८ | माध्यमिक शिक्षा परीक्षा कक्षा १० | एस एल सी कक्षा १२ |
| Non Graded | - | - | - | ०.८९% | - |
| Graded | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | ९९.११% | शत प्रतिशत |

### ५.१.३. अवसर

- नगर क्षेत्र (शहर बजार) र ग्रामीण क्षेत्रमा केन्द्रित संस्थागत विद्यालय स्थापना र सञ्चालन
- शिक्षाप्रेमी संस्थापकको नेतृत्वदायिक भूमिका
- संस्थागत विद्यालायको लागि कानूनी व्यवस्था (नगर शिक्षा ऐन,२०७९)
- विद्यालय सञ्चालन र व्यवस्थापनमा प्रशासनिक सहजीकरण र सहयोग
- नगरस्तरीय संस्थागत संरचनामा संस्थागत विद्यालयको प्रतिनिधिमूलक सहभागिता
- शिक्षकको पेशागत विकास र क्षमता अभिवृद्धिका लागि प्राविधिक सहायता
- संस्थागत विद्यालयको संस्थागत सक्षमता एवम् नेतृत्व विकास सहभागिता
- शिक्षण सिकाइ वातावरण विकास र विद्यार्थी सहुलियतका लागि नगरपालिकाबाट आर्थिक सहयोग
- सिकाइ उपलब्धि र विद्यालयको कार्य नतिजाको आधारमा विद्यार्थी र विद्यालय सम्मान
- नगरस्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रम एवम् गतिविधिमा संस्थागत विद्यालयको सहभागिता
- नगरपालिका भित्रका अन्तर विद्यालय र नगरपालिकासँगको समन्वय र सहकार्यको वातावरण

### ५.१.४. समस्या तथा चुनौती

निजी विद्यालयको शिक्षा सामुदायिक विद्यालयको भन्दा गुणस्तरीय हुन्छ भन्ने विश्वास आम अभिभावकमा परेको छ यद्यपि निजी विद्यालयहरु माथि पनि अनेक प्रकारका आरोपहरु लाग्ने गरेका छन् । तथापि तपसिल अनुसार समस्या र चुनौती रहेको देखिन्छ ।

- प्राय : शहर वा बजार क्षेत्रमा स्थापना हुने गरेको
- भर्ना र शिक्षण शुल्क अधिक रहेको
- विविध किसिमका शुल्क लिने तर सो अनुसारको सेवा सुविधा उपलब्ध नभएको
- पाठ्यपुस्तक, विद्यालय पोशाक, स्टेशनरी जस्ता सामग्रीहरु विद्यालयबाट खरिद गर्नु पर्ने बाध्यात्मक अवस्था रहेको
- नियमानुसार तोकिएको लक्षित समूहलाई छात्रवृत्ति एवम् सहुलियत उपलब्ध नगरिएको
- बालमैत्री व्यवहारमा कमी रहेको । शिक्षक तथा कर्मचारीहरुको सेवा सुविधामा विषमता रहेको ।
- विद्यालयमा प्राविधिक सहायताको लागि अनुगमन सुपरीवेक्षणको कमी रहेको
- संस्थागत विद्यालय र सामुदायिक विद्यालय बीचको समन्वय र साझेदारीतामा कमी रहेको अर्थात् सिकाइ अनुभव साझा गर्ने वातावरण नभएको
- यस्तो स्थितिमा निजी शिक्षामा गरिएको लगानीको सुरक्षा गर्दै निजी विद्यालयहरुलाई नियमन गरेर सेवामुखी बनाउनु पर्ने आवश्यकता रहेको छ ।

### ५.१.५. उद्देश्य

- संस्थागत विद्यालयलाई प्रचलित ऐन,र नियमावली बमोजिम व्यवस्थापन गरी सेवा उन्मुख बनाउनु ।
- विद्यालयमा सुशासन कायम गरी गुणस्तरीय शिक्षाको लागि अभिप्रेरित गर्नु ।

### ५.१.६. रणनीतिहरु

- निजी लगानीमा खुलेका विद्यालयहरुलाई नियमन गर्ने
- गुणस्तरीय शिक्षाका लागि प्रोत्साहन गर्ने
- विद्यालयमा सुशासन कायम गर्ने
- निजी विद्यालयहरुका भवन, कक्षाकोठा, फर्निचर आदि भौतिक सुविधाहरुको मापदण्ड अनुरुप बालमैत्री वातावरण कायम गर्ने
- निजी विद्यालयहरुमा नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम लागू गराउने र प्राथमिक तहको कक्षा १-३ मा लागू गरिएको एकिकृत पाठ्यक्रमको सिद्धान्त लागू गर्ने
- गरीब विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई तोकिए अनुसार निजी विद्यालयहरुले छात्रवृत्ति प्रदान गर्नुपर्ने व्यवस्थालाई अनिवार्य रुपमा लागू गर्ने
- गुणस्तरीय शिक्षाका लागि एउटा संस्थागत विद्यालयले एउटा सामुदायिक विद्यालयसँग सहकार्य गर्नुपर्ने नीति लागू गर्ने
- अनुगमन र सुपरीवेक्षण प्रणालीलाई नियमित गर्ने
- संस्थागत विद्यालयहरुको संलग्नतामा सामुदायिक- संस्थागत विद्यालय साझेदारीको नमूना तयार गरी लागू गर्ने ।

## ५.१.७. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### ५.१.७.१. उपलब्धि

- संस्थागत विद्यालय नियमानुसार सञ्चालन र व्यवस्थापन भएको हुनेछन् ।
- संस्थागत विद्यालयको वर्गीकरण भएको हुनेछ ।
- शिक्षकको कक्षा अवलोकन पश्चात् पृष्ठपोषण प्राप्त हुनेछ ।

### ५.१.७.२. नतिजा

- विद्यालय शासन तथा सार्वजनिक जवाफदेहीताको पालना भएको हुनेछ ।
- शिक्षामा गुणस्तर तथा शैक्षिक सुशासन कायम भएको हुनेछ।
- स्थानीय पाठ्यक्रम लागू भएको हुनेछ।
- तोकिएको छात्रवृत्ति नियमानुसार वितरण भएको हुनेछ ।
- संस्थागत सामुदायिक साझेदारी विकास कार्यक्रम सञ्चालन भएको हुनेछ।

## ५.१.७.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | विद्यालय अनुगमन तथा निरीक्षण -नियमन र व्यवस्थापन | विद्यालय | नियमित/आवश्यकता अनुसार | | | | | १७ | ० | पालिका | पि १ |
| २ | लक्षित समूहका लागि छात्रवृत्ति उपलब्धता (मापदण्ड अनुसार संख्या) | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ | ० | विद्यालय | पि १ |
| ३ | स्थानीय पाठ्यपुस्तक उपलब्धता ( १४ ) | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | ७० | ० | विद्यालय | पि १ |
| ४ | कक्षा अनुगमन एवम् सुपरीवेक्षण (१६ ) | विद्यालय | निरन्तर | | | | | ८५ | ० | विद्यालय | पि १ |
| ५ | कक्षा अवलोकन र पृष्ठपोषण | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ | ० | विज्ञ समूह | पि १ |
| ६ | संस्थागत तथा सामुदायिक विद्यालय बिच सिकाइ अनुभव आदान प्रदान | वडा | १ | १ | १ | १ | १ | ५ | १५०० | नगरपालिका | पि २ |
| ७ | विव्यस अभिभावक बीच अन्तरक्रिया र भेटघाट | विद्यालय | २ | २ | २ | २ | २ | १० | ० | विद्यालय | पि १ |
| ८ | शिक्षकको क्षमता विकास कार्यक्रम (शिक्षण विधि र प्रविधि) | पटक | १४ | १४ | १४ | १४ | १४ | १४ | ० | नगरपालिका | पि २ |
| ९ | बालमैत्री एवम् सम्मानजक सिकाइ वातावरण विकास | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ | ० | विद्यालय | पि १ |
| १० | विव्यस एवम् संस्थापकको क्षमता विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका र गैसस | पि २ |
| ११ | एकीकृत रुपमा आधारभूत शिक्षा परीक्षा सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ० | नगरपालिका र विद्यालय | पि१ |
| १२ | शैक्षिक गुठी विद्यालय सञ्चालन अनुदान सहयोग ( प्रस्तावना र मापदण्ड अनुसार) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५०० | नगरपालिका | पि २ |
| १३ | विद्यालय स्तरीकरण तथा मूल्याङ्कन | विद्यालय | मा वि | | आ वि | | | १४ | ० | विद्यालय | पि २ |
| जम्मा (आन्तरिक स्रोत ) | | | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | | |

## ५.२. उच्च शिक्षाको पूर्वतयारी तथा व्यवस्थापन

### ५.२.१. परिचय

संवैधानिक प्रावधान अनुसार सङ्घीयताको कार्यान्वयनसँगै तीन तहका सरकारका अधिकार कार्यक्षेत्र र जिम्मेवारी स्पष्ट गरेको छ । तहगत सरकारको जिम्मेवारीलाई स्पष्ट गर्ने प्रयोजनार्थ विशेषगरी स्थानीय सरकार वा तहका वारेमा स्थानीय सरकार सञ्चालन ऐन जारी गरी सो बमोजिम अधिकार क्षेत्र र जिम्मेवारी तोकिएको छ । यद्यपि ती अधिकार र जिम्मेवारी पुरा गर्ने क्रममा अन्तर सरकार र सरकारका निकायहरु बीच समन्वय, सहकार्य र सहयोगको कार्यसंस्कृति अख्तियार गर्दै एकल अधिकार र साझा अधिकारको रुपमा कार्यक्षेत्राधिकार निर्धारित गरेको छ । विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी संवैधानिक र कानूनीरुपमा स्थानीय सरकारको हुने व्यवस्था गरिएको छ भने उच्च शिक्षा सम्बन्धी सञ्चालन र व्यवस्थापनको जिम्मेवारी मुलत : प्रदेश र सङ्घ सरकारको अधिकार क्षेत्र भित्र राखिएको छ । विद्यालय शिक्षाको संरचना भित्र आधारभूत शिक्षा र माध्यमिक शिक्षा रहने स्पष्ट व्यवस्था गरेको सन्दर्भमा उच्च शिक्षाको प्रवेश विन्दु अर्थात् सेवाक्षेत्र नै विद्यालय शिक्षाको उच्चतम कक्षा उत्तीर्ण स्केलर्सहरु हुन् । यो निरप्रेक्ष विषय होईन । यो सापेक्षततामा हेरिनु विषयक्षेत्र भएको सन्दर्भ एकातिर र अर्कोतिर आफ्नै भुगोल वा स्थानीय क्षेमा सहज पहुँच हुने गरी उच्च शिक्षा अध्ययनको अवसरको अपेक्षा गर्नु समयको माग पनि हो । पालिकाका शिक्षार्थीहरुको उच्च शिक्षा प्रतिको चाहाना र आवश्यकताको सम्बोधनका लागि उनीहरुकै पायक पर्ने स्थानमा अध्ययनको अवसर सुनिश्चित गर्ने दिशामा स्थानीय तहको जिम्मेवारी पहलकदमी हुनु जरुरी हुन्छ । सोही बमोजिम शंखरापुर नगरपालिकाले विद्यालय तहको शिक्षा हासिल गरेका र उच्चशिक्षा तहको शैक्षिक अवसरको खोजीमा रहेका शिक्षार्थीहरुका लागि उच्चशिक्षाको अध्ययनमा सहज पहुँच र अपेक्षित सिकाइ वातावरणका पूर्वतयारी र व्यवस्थापन गर्दै आएको छ । उच्च शिक्षाको पूर्वतयारी र व्यवस्थापनका लागि विश्व विद्यालय एवम् उच्च शिक्षाका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थासँग आपसी समन्वय र सहकार्यको कार्यसोच अनुरुप अग्रसर रहेको छ ।

### ५.२.२. वर्तमान अवस्था

नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका माध्यमिक विद्यालय, विद्यार्थीहरुको प्रवाह, नगरपालिकाको भौगोलिक वनोट र शैक्षिक अध्ययनको लागि गन्तव्य स्थानसम्मको भौतिक पूर्वाधार पालिकावासी अभिभावक एवम् स्वयं शिक्षार्थीको आर्थिक र पारिवारिक अवस्था जस्ता पक्षहरुको सुक्ष्म विश्लेषण गर्दा नगर क्षेत्रमा नै उच्च शिक्षाको अध्ययनको लागि न्यूनतम सुविधा हुन आवश्यक देखिन्छ । शिक्षार्थीहरुको सिकाइ रुची र चाहाना, विषय क्षेत्रगत आवश्यता वा बजारको माग अनुरुप सबै प्रकृतिका शिक्षण संस्था सञ्चालन र व्यवस्थापनका लागि सम्भाव्यताको क्षेत्र होईन । तथापि उच्च शिक्षा तहको अध्ययन गर्ने शिक्षार्थीहरुको तथ्याङ्क संकलन र सोको आधारमा सञ्चालन गर्नु पर्ने शैक्षिक कार्यक्रमको छनोट र शिक्षण संस्थाको सञ्चालन र व्यवस्थापन गर्ने प्राथमिकताको विषय हो । यद्यपि सानो समूहमा रहेका वा हुने शिक्षार्थीहरुको शैक्षिक आवश्यकतालाई सम्बोधन गर्न सम्बन्धित शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विश्व विद्यालय र शिक्षण संस्थासँग समन्वय गर्नु अनिवार्य हुन्छ । शंखरापुर नगरपालिका क्षेत्रमा उच्च शिक्षा तहको अध्ययनको क्षेत्रको सम्भाव्यता र उक्त अवसर प्रदान गर्न गरेका प्रयास निम्नानुसार रहेको छ ।

| १. सम्भाव्यताका सूचक | प्रयासहरु |
|---|---|

| | | | | |
|---|---|---|---|---|
| माध्यमिक विद्यालय कक्षा (११-१२ ) | सामुदायिक : ५ निजी : १ | क्याम्पस (सामुदायिक र निजी) | २ वटा : १ निजी १ सामुदायिक | |
| कक्षा १२ उत्तीर्ण विद्यार्थी (पछिल्लो वर्ष) | विएड : विविएस: | सञ्चालित शैक्षिक कार्यक्रम | विएड – शिक्षा ,विविएस -वाणिज्य | |
| अध्ययनरत विद्यार्थी संख्या (पछिल्लो वर्ष ) | | वहु प्राविधिक शिक्षालय | १ | कुलविद्यार्थी: |
| विएड (शिक्षा) | ८१ | अध्ययनरत विद्यार्थी - स्थानीय | - | |
| विविएस (बाणिज्य) | १४० | नर्सिङ्ग कलेज | १ | कुल विद्यार्थी - |
| २०८१ मा ११ र १२ अध्ययनरत विद्यार्थी | २०५ र २२० | अध्ययनरत विद्यार्थी - स्थानीय | - | |
| अन्तर विश्व विद्यालय र क्याम्पससँग उच्च शिक्षा सञ्चालन र व्यवस्थापनका लागि नगरबाट भएका प्रयास (अनुदान सहयोग र छात्रवृत्ती) | | | | |
| नगरबाट छात्रवृत्ति सहुलियत प्राप्त विद्यार्थी संख्या : ० | | विश्व विद्यालय अनुदान आयोग | | अनुदान सहयोग |
| नगरबाट सिफारिस(बाह्य कलेज) विद्यार्थी संख्या :० | | निजी र सरकारी विश्व विद्यालय | | के यू लु वि यू |

प्रस्तुत तालिका अनुसार सूचना तथा तथ्याङ्कको उपलब्धता एवम् अभिलेख अद्यावधिक हुन नसकेको । पालिका वा शाखामा उच्च शिक्षा सम्बन्धी अभिलेख व्यवस्थित गर्न नसकिएको । उच्च शिक्षा सहयोग कक्ष वा जिम्मेवारी किटानी नभएको कारण सूचना तथा अभिलेख एकीकरण गर्न नसकिएको देखिन्छ ।

### ५.२.३. उद्देश्य

- नगरक्षेत्रका उच्च शिक्षा अध्ययन गर्ने उमेर समूहका ईच्छुक नागरिकहरुका लागि उच्च शिक्षाको अध्ययनको सहज वातावरण तयार गर्नु ।
- नगरस्तरमा सञ्चालन भएको सामुदायिक क्याम्पसका लागि अनुदान सहयोग प्रदान गर्नु ।
- नगरपालिकाका गरिब र विपन्न परिवारका उच्च शिक्षा अध्ययन शिक्षार्थीहरुका लागि छात्रवृत्ति उपलब्ध गराउनु ।
- ईच्छुक उच्च शिक्षा अध्ययन शिक्षार्थीहरुका वृत्ति परामर्श कक्षा सञ्चालन गर्नु ।
- विश्व विद्यालय र उच्च शिक्षा शिक्षण संस्थासँग समन्वय र सम्बन्ध विस्तार गर्नु ।
- उच्च शिक्षाको पूर्व तयारी र व्यवस्थापनको लागि सहजीकरण डेस्क स्थापित गर्नु ।

### ५.२.४. रणनीति

- नगरस्तरका छात्रा र गरिब तथा विपन्न लक्षित उच्च शिक्षा अध्ययनका छात्रवृत्ति कोष स्थापना गर्ने ।
- नगरस्तरमा उच्च शिक्षा सम्बन्धी तथ्याङ्क एवम् अभिलेख व्यवस्थापन र सहजीकरण डेस्क स्थापना गर्ने
- स्थानीय प्राज्ञिक जनशक्तिको परिचालन र उच्च शिक्षा शिक्षार्थी वृत्ति परामर्श कक्षा सञ्चालन गर्ने
- “शंखरापुर नगरपालिकाको शैक्षिक धरोहर, भाग्योदय क्याम्पस नगरवासीको रहर” अभियान सञ्चालन गर्ने
- उच्च शिक्षासँग सम्बन्धित निकाय र शिक्षण संस्थासँग समन्वय र सम्बन्ध विस्तार गर्ने

### ५.२.५. समस्या र चुनौती

- उच्च शिक्षा अध्ययनार्थी एवम् शिक्षार्थीको एकीन विवरण वा डाटावेस तयार
- गरिब र विपन्न लक्षित शिक्षार्थीको एकीन विवरण वा डाटावेस तयार
- उच्च शिक्षा अध्ययनको अवसर प्राप्त विद्यार्थीहरुको विवरण वा व्यवस्थित अभिलेख
- दिगो आर्थिक स्रोतको व्यवस्थापन
- शिक्षार्थीमा वृत्ति परामर्श एवम् अभिभावकीय भूमिका
- गरिब तथा विपन्न समुदायको बाहुल्य क्षेत्र
- नीतिगत र कानूनी प्रबन्ध
- बहुमूखी उच्च शिक्षा शिक्षण संस्था सञ्चालन र व्यवस्थापन खर्चिलो

### ५.२.६. अवसर

- भाग्योदय क्याम्पसको सञ्चालन र व्यवस्थापनको नेतृत्व नगरप्रमुख रहने नीतिगत व्यवस्था
- भाग्योदय क्याम्पसको सञ्चालन र व्यवस्थापनको लागि विश्व विद्यालय अनुदान आयोगबाट अनुदान सहयोग
- नगरक्षेत्र उच्च शिक्षाको लागि सेवाक्षेत्र (कक्षा ११- १२ का ५ माध्यमिक विद्यालय)
- नगरक्षेत्रमा निजी क्याम्पस सञ्चालन
- अनुभवी र शैक्षिक योग्यता प्राज्ञिक व्यक्तित्वहरु भएको नगरपालिका
- ऐतिहासिक सम्पदा र सांस्कृतिक पहिचान स्थापित नगरपालिका
- प्राकृतिक सम्पदाले भरिपूर्ण उच्च शिक्षाको लागि शैक्षिक हव सम्भाव्य भौगोलिक क्षेत्र

### ५.२.७. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ५.२.७.१. उपलब्धि

- उच्च शिक्षा अध्ययन गर्न ईच्छुक सबै शिक्षार्थीहरुमा नगरक्षेत्रमा तोकिएको विषयमा अध्ययनको अवसर प्राप्त हुनेछ ।
- गरिब तथा विपन्न परिवारका शिक्षार्थीमा वैयक्तिक चाहाना अनुकूलको विषयमा उच्चशिक्षा अध्ययनको अवसरप्राप्त भएको हुनेछ ।
- उच्च शिक्षा अध्ययन उमेर समूहका शिक्षार्थीहरुमा वृत्ती निर्देशनको अवसर प्राप्त भएको हुनेछ ।

#### ५.२.७.२. नतिजा

- नगर क्षेत्र भित्र र वाहिर उच्च शिक्षा अध्ययन गर्ने शिक्षार्थीहरुको न्यूनतम सूचना वा डाटावेस तयार भएको हुनेछ
- उच्च शिक्षा अध्ययन गर्ने शिक्षार्थीका सहजताकालागि सहजीकरण डेस्क स्थापित भई अभिलेख व्यवस्थित भएको हुनेछ ।
- नगरपालिकामा स्थापित भाग्योदय क्याम्पसको सञ्चालन र व्यवस्थापनका लागि अनुदान सहयोग उपलब्ध भएको हुनेछ ।
- नगरपालिका र उच्च शिक्षा शिक्षण संस्थाहरु बीच समन्वय र सम्बन्ध विस्तार भएको हुनेछ ।

## ५.२.७.३.  प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | नगरपालिकास्तरमा उच्च शिक्षा सहायता कक्षको व्यवस्था | नगरपालिका / डेस्क | निरन्तर | | | | | ५ | ० | नगरपालिका | पि १ |
| २ | उच्च शिक्षा अध्ययनका नगर छात्रवृत्ति कोषको स्थापना र परिचालन | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | ५००० | नगरपालिका | पि१ |
| ३ | सामुदायिक क्याम्पस सञ्चालन र व्यवस्थापन कार्यक्रम ( वित्तीय सहयोग) | क्याम्पस /वार्षिक | १ | १ | १ | १ | १ | ५ | १२५०० | नगरपालिका | पि १ |
| ४ | निजी उच्च शिक्षा शिक्षण संस्थासँग समन्वय र साझेदारी कार्यक्रम | वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका र सम्बन्धित क्याम्पस | पि २ |
| ५ | विश्व विद्यालय अनुदान आयोग र विश्व विद्यालय बीच समन्वय | वार्षिक | आवश्यकता अनुसार | | | | | | ० | नगरपालिका र क्याम्पस | |
| ६ | उच्च शिक्षा अध्ययन शिक्षार्थी वृत्ति परामर्श कक्षा सञ्चालन (स्थानीय प्राज्ञिक जनशक्ति परिचालन) | पटक /वटा | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका र प्राज्ञिक समुदाय | पि२ |
| ७ | उच्च शिक्षाको पूर्वतयारी र व्यवस्थापनका लागि सम्भाव्यता अध्ययन ( लाभान्वित समूह सर्भे) डाटावेस विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका र माध्यमिक विद्यालय | पि १ |
| जम्मा (आन्तरिक स्रोत) | | | ३८०० | ३८०० | ३८०० | ३८०० | ३८०० | | १९००० | | |
| १ | स्नातक / स्नातकोत्तर तह अध्ययनरतका कार्यअनुभव एवम् ईन्टर्नसीप कार्यक्रम | वार्षिक / जना | १ | १ | १ | १ | १ | ५ | ० | सङ्घ र प्रदेश सरकार | पि २ |
| २ | अनुसन्धनात्मक खोज एवम् प्राज्ञिक केन्द्रको रुपमा भाग्योदय क्याम्पसको स्तरोन्नति कार्यक्रम | वार्षिक / वटा | १ | १ | १ | १ | १ | ५ | २५०० | सङ्घ र प्रदेश सरकार | पि २ |
| जम्मा ( बाह्य स्रोत) | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | | २५०० | | |
| कुल जम्मा | | | ४३०० | ४३०० | ४३०० | ४३०० | ४३०० | | २१५०० | | |

# ६. परिच्छेद छ - सुशासन र व्यवस्थापन

## ६.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१. परिचय

सार्वजनिक सेवालाई सहज चुस्तदुरुस्त , सेवाग्राहीमैत्री तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका महत्वपूर्ण हुन्छ । सुशासन तथा व्यवस्थापन भनेको उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशीता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाको समष्टिगत कार्य हो । शैक्षिक सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरीनु अनिवार्य हुन्छ ।

शिक्षाको वर्तमान संरचनालाई हेर्दा सङ्घ, प्रदेश र स्थानीय सरकार अन्तर्गत देहाय अनुसारका शैक्षिक प्रशासकीय प्रबन्ध रहेको पाईन्छ । सङ्घीय संरचना अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवश्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई रहेका छन्। प्रदेश संरचना अन्तर्गत सामाजिक विकास मन्त्रालय, प्रदेश शिक्षा विकास निर्देशनालय र शैक्षिक तालिम केन्द्र रहेको छ । स्थानीय संरचना अनुसार सामाजिक विकास समिति, नगर शिक्षा समिति, शिक्षा, युवा तथा खेलकूद शाखा, वडा शिक्षा समिति, आधारभूत र माध्यमिक विद्यालय, सामुदायिक सिकाइ केन्द्र र विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सङ्घ रहेको देखिन्छ । शैक्षिक अवसरहरुलाई सेवाग्राहीहरुको सहज पहुँचमा गुणस्तरीय सेवा प्रवाह गर्नु राज्यको अनिवार्य दायित्व हो । उक्त दायित्व पूरा गर्नका लागि शैक्षिक योजना तथा नीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि ऐन, नियम, कार्यविधि र निर्दिशकाहरु जारी गरिएको हुन्छ ।

नगरपालिकाको शिक्षा संचरना अन्तर्गत सामाजिक विकास समिति, नगर शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा, युवा तथा खेलकूद शाखा, २३ वटा सामुदायिक विद्यालय र ३ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । यस्तै गरी शैक्षिक गुठीमा सञ्चालित ४ विद्यालय सहित निजी लगानीमा सञ्चालित १८ वटा विद्यालयहरु संस्थागत विद्यालयको रुपमा सञ्चालित रहेका छन् । उक्त सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन भएका छन । नगरपालिकाको समग्र शैक्षिक गतिविधि एवम् कार्यक्रमहरुलाई प्रभावकारीरुपमा सञ्चालन र कार्यान्वयन गर्नका लागि स्थानीय शिक्षा ऐन, २०७९ जारी भएको र सोही अनुसार आन्तरिक शिक्षा प्रशासन र शैक्षिक कार्यक्रम एवम् गतिविधिहरु कार्यान्वयन भएका छन् । संस्थागत संरचनालाई जीवन्त र गतिशील बनाई अपेक्षित नतिजा हासिल गर्नका लागि प्रचलित ऐन, नियम र मापदण्ड बमोजिम जनशक्ति व्यवस्थापन गरिएका छन । उक्त संचरनाहरुमा नेतृत्वदायी र सहयोगी भूमिका लागि पदीय जिम्मेवारी सहित कार्यविवरण तोकिएका छन् ।

### ६.१.२. वर्तमान अवस्था

- स्थानीय शिक्षा ऐन, २०७९ जारी
- आवधिक रुपमा शिक्षा नीति तथा कार्यक्रम र बजेट निमार्ण र कार्यान्वयन अर्थात् वार्षिक बजेट तथा कार्यक्रमको स्वीकृति र कार्यान्वयन

- शिक्षा प्रशासनसँग सम्बन्धित थप कार्यविधि तथा निर्देशिकाको विकास
- सामाजिक विकास समिति गठन र समितिले आवश्यता अनुसार नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह
- नगर शिक्षा समिति गठन र नेतृत्वदायी भूमिका प्रदान
- तोकिएको संख्यामा जनशक्ति व्यवस्थापन सहित शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षा नीति तथा कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण
- सबै वडामा वडा शिक्षा समिति गठन भएको र वडास्तरमा शैक्षिक नेतृत्व र समन्वय
- सामुदायिक विद्यालय तर्फ २३ वटा प्रारम्भिक बाल कक्षा , १० वटा आधारभूत विद्यालय कक्षा (१-५), ५ वटा आधारभूत विद्यालय कक्षा (१-८), ३ वटा माध्यमिक विद्यालय कक्षा (१-१०) र ५ वटा माध्यमिक विद्यालय कक्षा (१-१२) अनुमति एवम् स्वीकृति लिई सञ्चालनमा रहेका ।
- ३ वटा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन
- १८ वटा संस्थागत विद्यालयहरु अनुमति सहित सञ्चालन
- सबै विद्यालयमा विव्यस र शिअस गठन र क्रियाशिलता
- सबै विद्यालयमा सामाजिक परीक्षण समिति गठन र सामाजिक परीक्षण सम्पन्न र सार्वजनिकीकरण
- सबै विद्यालयमा लेखा परीक्षण सम्पन्न र सुझाव कार्यान्वयन
- सबै विद्यालयमा तोकिएको मापदण्ड अनुसारको प्रअको व्यवस्थापन
- सबै विद्यालयमा सहभागितामूलक विद्यालय सुधार योजना निर्माण र प्रभाकारी कार्यान्वयन
- सबै विद्यालयमा शिक्षक, विद्यार्थी, अभिभावक र विव्यसका लागि आचारसंहिताको व्यवस्था र परिपालना
- विव्यस, शिअस, वडा शिक्षा समिति र नगर शिक्षा समितिका पदाधिकारीहरुका लागि क्षमता विकास तालिम
- सबै प्रअको लागि नेतृत्व तथा क्षमता विकास तालिमको अवसर
- शिक्षा, युवा तथा खेलकूद शाखाका कर्मचारीको लागि सेवाकालिन र छोटो अवधिको तालिमको अवसर उपलब्ध
- सबै विद्यालयमा न्यूनतम सुविधा सहित सहायक प्रअ र तहगत ईन्चार्जको व्यवस्था
- सबै विद्यालयमा विषयगत समितिहरु गठन र परिचालन
- सबै आधारभूत विद्यालयमा बालक्लव, जुरेस, स्काउट समूह गठन र परिचालन
- सबै विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति र सूचना अधिकारीको व्यवस्था र क्षमता विकास
- सबै विद्यालयमा सञ्चालन हुने शैक्षिक गतिविधिका लागि फोकल पर्सनको व्यवस्था
- सबै विद्यालयमा गुनासो पेटिकाको व्यवस्था र कार्यान्वयनका लागि क्षमता विकास
- शिक्षा, युवा तथा खेलकूद शाखामामा न्यूनतम अफियसियल सामग्रीको व्यवस्था
- सबै विद्यालयमा न्यूनतम अफियसियल सामग्रीको उपलब्धता
- सबै विद्यालयमा ईन्टरनेटको पहुँच भएता पनि द्रुतगतिको सेवा वा क्षमता अपर्याप्त
- सबै शिक्षक र कर्मचारीमा सूचना तथा प्रविधिको पहुँच र प्रयोगको क्षमता
- विद्यालयमा विद्युतीय उपकरणका लागि पावर ब्याकअपको व्यवस्था कमजोर
- शिक्षा, युवा तथा खेलकूद शाखामा पावर ब्याकअपको व्यवस्था
- सबै विद्यालयमा नागरिक वडापत्र एवम् सेवाग्राही वडापत्रको व्यवस्था र सोको कार्यान्वयन

- सबै विद्यालयमा ई हाजिरीको व्यवस्था र सोको क्रस अनुगमन पद्धतिको थालनी

### ६.१.३. अवसर र चुनौती

- शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन प्रतिबद्धता
- सबै प्रअसँग कार्य सम्पादन करार सम्झौता र कार्यान्वयन प्रतिबद्धता
- आवश्यक पर्ने शिक्षा नियमावली र कार्यविधि एवम् निर्देशिका जारी
- प्र.अ., विव्यस र शिअस का पदाधिकारीहरुको क्षमता विकास तालिम
- विद्यालयहरुमा गुनासो पेटिका र गुनासो सुन्ने शिक्षक कर्मचारीको क्षमता विकास व्यवस्था
- विद्यालयमा लैङ्गिक फोकल पर्सन र सूचना अधिकारीको क्षमता विकास
- विद्यालयका लागि विद्यालय सञ्चालन र प्रअ भत्ताका लागि थप अनुदानको व्यवस्था
- प्र अ, शिक्षक र कर्मचारीको पेशागत क्षमता विकास एवम् सहायता पद्धतिका लागि संयन्त्रको व्यवस्था
- सामुदायिक विद्यालयलाई शैक्षिक र प्राज्ञिक संस्थाका रुपमा विकास
- सामुदायिक विद्यालय प्रति अभिभावकको विश्वास चासो र सहभागिता

### ६.१.४. उद्देश्य

- **शिक्षा व्यवस्थापनका लागि संस्थागत सक्षमता विकास गर्नु ।**
  - शैक्षिक प्रशासन व्यवस्थापनलाई प्रभावकारी बनाउन शिक्षा ऐन, परिमार्जन शिक्षा नियमावली र कार्यविधि तथा निर्देशिका जारी गर्नु
- स्थानीय तहमा आवश्यक जनशक्तिको व्यवस्थापन एवम् क्षमता विकास गर्नु ।
  - शिक्षा, युवा तथा खेलकूद शाखा, विद्यालय र सामुदायिक सिकाइ केन्द्रमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु
  - सामाजिक विकास समिति, नगर शिक्षा समिति, शिक्षा, युवा तथा खेलकूद शाखा र विद्यालयका प्र.अ., शिक्षक र विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास गर्नु
- आवश्यक स्रोत र साधनको व्यवस्थापन गर्नु
  - शैक्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु
  - सङ्घ, प्रदेश र स्थानीय सरकार मातहतका सरकारी निकाय तथा गैह्रसरकारी सङ्घ संस्थासँग समन्वय, सहकार्य र सहयोगको लागि आवश्यक वातावरण विकास गर्नु

### ६.१.५. रणनीति

- शिक्षा प्रशासनसँग सम्बन्धित नीति नियम कार्यविधि तथा मापदण्ड तयार गर्ने ।
- प्र.अ., शिक्षक, विव्यस र शिअस का पदाधिकारीको लागि क्षमता विकास तालिम सञ्चालन गर्ने
- विद्यालय व्यवस्थापन तथा सञ्चालन र प्र.अ.को थप भत्ताका लागि नगरपालिकास्तरबाट कार्यसम्पादन करार सम्झौता र प्राप्त नतिजाको आधारमा प्रोत्साहन प्रदान गर्ने
- नगरपालिका भित्रका शिक्षकहरुको सहायताका लागि शिक्षक सहायता पद्धतिको स्थापना गर्ने
- नगरपालिकाको अधिकार र दायित्वसँग सम्बन्धित अस्पष्ट रहेका पक्षहरुमा स्पष्टताको लागि सङ्घ र प्रदेशस्तरीय कानुनसँग नबाझिने गरी आवश्यक कानूनी व्ययवस्थाको प्रबन्ध गर्ने

- नगरपालिका भित्र स्थापित संरचना र कार्यरत कर्मचारीको क्षमता विकास गर्ने
- नगरपालिका भित्रका सबै विद्यालयमा शैक्षिक सुशासनसँग सम्बन्धित न्यूनतम कार्य र पेशागत एवम् पदीय जिम्मेवारी बहनका लागि नागरिक वडापत्र र कार्यविवरण लागू गर्ने
- सबै सामुदायिक विद्यालयको लागि शैक्षिक सुशासन र गुणस्तर सुधारको लागि साझा प्रतिबद्धतापत्र जारी र कार्यान्वयन गर्ने
- सामुदायिक विद्यालयका प्र.अ. र शिक्षकका लागि कार्यसम्पादन करार सम्झौताको नीति लागू गर्ने
- विद्यालयहरुका लागि नागरिक वडा पत्र र शिक्षकहरुका लागि सिकाइ वडापत्रको नीति लागू गर्ने

## ६.१.६. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### ६.१.६.१. उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

- नगरपालिकाका शैक्षिक व्यवस्थापनसँग सम्बन्धित निकाय र विद्यालयहरुमा सुशासनको प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ
- शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयहरुमा न्यूनतम स्रोत साधनको व्यवस्थापन भई कार्यसम्पादनस्तर र नतिजामा सुधार भएको हुनेछ
- संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ
- विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ

### ६.१.६.२. नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

- विद्यालयहरुमा नागरिक वडापत्र र शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिका लागि आचारसंहिता निर्माण भई परिपालना भएको हुनेछ
- प्र. अ.हरुसँग कार्य सम्पादन करार सम्झौता भई कार्यान्वयन भएको हुनेछ
- सबै विद्यालयहरुले शैक्षिक सुशासन र गुणस्तर सुधारका लागि न्यूनतम साझा प्रतिबद्धता पत्र जारी गरी सोको कार्यान्वयन भएको हुनेछ
- विद्यालयहरुमा सूचना अधिकारी, गुनासो सुन्ने शिक्षक र लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था भएको हुनेछ
- शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयमा हुने समग्र गतिविधिहरुको डाटावेस अभिलेखीकरण र सम्प्रेषित भएको हुनेछ

### ६.१.६.३.    प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | नगरपालिकासँग प्रधानाध्यापक कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन (पालिकास्तर) | विद्यालय / प्र अ | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५०० | नगरपालिका / विद्यालय | पि१ |
| २ | प्रधानाध्यापकसँग शिक्षकले कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन (विद्यालयस्तर) | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५०० | नगरपालिका / विद्यालय | पि१ |
| ३ | विद्यालयस्तरमा साझा प्रतिबद्धता पत्र र सोको कार्यान्वयन (विद्यालयस्तर) र समीक्षा | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५०० | नगरपालिका / विद्यालय | पि१ |
| ४ | विद्यालयका प्रमुख सरोकारवालाहरुको लागि आचारसंहिता निर्माण र परिपालना | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि२ |
| ५ | शिक्षकहरुका लागि सिकाइ वडापत्र जारी र कार्यान्वयन (विद्यालय ) र समीक्षा | विद्यालय/ शिक्षक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५०० | नगरपालिका / विद्यालय | पि२ |
| ६ | विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति / गुनासो सुन्ने शिक्षक र सूचना अधिकारीको व्यवस्था र अभिमुखीकरण (पालिकास्तर) | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५०० | नगरपालिका / विद्यालय | पि२ |
| ७ | विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति / गुनासो सुन्ने शिक्षक र सूचना अधिकारीको व्यवस्था र परिचालन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | नगरपालिका / विद्यालय | पि२ |
| ८ | विद्यालय अभिभावक दिवस एवम् सार्वजनिक सुनुवाई कार्यक्रम (डिजिटल र फिजिकल ) | पटक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | विद्यालय | पि२ |
| ९ | वर्ष उत्कृष्ट विद्यालय / प्र अ / शिक्षक / विद्यार्थी / विव्यस /अभिभावक सम्मान कार्यक्रम (पालिकास्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | नगरपालिका | पि२ |
| १० | अनिवार्य अवकाश प्राप्त शिक्षक र कर्मचारी सम्मान कार्यक्रम (पालिकास्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि२ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| ११ | विद्यालयका प्रधानाध्यापकहरुलाई प्रोत्साहन अनुदान | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ११५० | नगरपालिका | पि१ |
| १२ | शंखरापुर नगरपालिकाको 'उपहार' सामुदायिक विद्यालयको 'व्यवस्थापकीय सुधार' कार्यक्रम | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५५०० | नगरपालिका | पि२ |
| १३ | पूर्व विद्यार्थी सञ्जाल गठन र परिचालन (विद्यालयस्तर) | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय / नगरपालिका | पि३ |
| १४ | पहुँच र गुणस्तर सुधार अभियानका लागि अभिभावक (महिला) सञ्जाल परिचालन (वडास्तर / समुदायस्तर ) | निरन्तर | ९ | ९ | ९ | ९ | ९ | ४५ | ११२५ | नगरपालिका | पि २ |
| १५ | बालबालिकासँग जनप्रतिनिधि साक्षात्कार कार्यक्रम (नेतृत्वसँग हाम्रा कुरा र मनका कुरा ) | पटक | १ | १ | १ | १ | १ | १ | ५०० | नगरपालिका | पि २ |
| १६ | विद्यालय कर्मचारीको लागि तालिम ( जिन्सी र अभिलेख व्यवस्थापन) | वार्षिक | | २३ | | २३ | | ४६ | ५०० | नगरपालिका | पि २ |
| १७ | विद्यालय सुशासन तथा वित्तीय अनुशासनका लागि Clean विद्यालय घोषणा | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका | पि २ |
| १८ | विद्यालय प्रगति स्थिति प्रतिवेदन तयार र सम्प्रेषण | वार्षिक | २३ | २३ | २३ | २३ | २३ | २३ | ० | नगरपालिका | पि ३ |
| १९ | नियमित प्र अ वैठक र प्रगति समीक्षा | विद्यलाय | ३ | ३ | ३ | ३ | ३ | १५ | ७५० | नगरपालिका | पि २ |
| २० | शैक्षिक बुलेटिन एवम् स्मारिका प्रकाशन - डिजिटल / म्यानुयल (पालिकास्तर ) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | नगरपालिका | पि२ |
| | जम्मा (आन्तरिक स्रोतः प्रति वर्ष बजेट ) | | २८५५ | ३१०५ | २८५५ | ३१०५ | २८५५ | | १४७७५ | | |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ०८७/ ८८ | ५ वर्षको जम्मा | | | |
| १ | विद्यालय सामाजिक परीक्षण र सार्वजनिकरण (विद्यालयस्तर ) | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | १३५० | ससर्त | पि१ |
| २ | विद्यालय लेखापरीक्षण र सुझाव कार्यान्वयन (विद्यालयस्तर ) | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | ० | विद्यालय | पि१ |
| ३ | विद्यालयका प्रमुख सरोकारवालाका लागि क्षमता विकास कार्यक्रम (पालिकास्तर ) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | ससर्त/ नगरपालिका | पि१ |
| ४ | विद्यालय विकास प्रस्ताव विकास , सुधार योजना अद्यावधिक र कार्यान्वयन (विद्यालयस्तर) | विद्यालय/ वार्षिक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ० | ससर्त/ विद्यालय | पि१ |
| ५ | शैक्षिक डाटावेस अभिलेख व्यवस्थापन (पालिकास्तर) | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ७५० | ससर्त/ नगरपालिका | पि२ |
| ६ | प्रअ व्यवस्थापन तथा नेतृत्व विकास तालिम | विद्यालय | सहभागिता | | | | | ५ | ० | प्रदेश सरकार | पि २ |
| ७ | लेखा कर्मचारी तथा शिक्षकका लागि तालिम | विद्यालय | सहभागिता | | | | | ५ | ० | सङ्घ सरकार | पि २ |
| जम्मा (बाह्यस्रोत ) | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | | १५०० | | |
| कुल जम्मा | | | ३१५५ | ३४०५ | ३१५५ | ३४०५ | ३१५५ | | १६२७५ | | |

## ६.२. शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१. परिचय

शिक्षा योजना निर्माण एवम् तर्जुमा गर्नु पहिलो कार्य हो । यसको प्रभावकारी कार्यान्वयनको लागि उक्त योजना अन्तर्गतका प्रमुख क्रियालकापलाई कार्यक्रम कार्यान्वयन योजना (Plan of Action) बनाई कार्यान्वयनका लागि स्रोत र साधनको व्यवस्था सहित जनशक्ति परिचालन गर्नु दोस्रो कार्य हो । कार्ययोजना सो योजना कार्यान्वयनको मार्ग हो । यो शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन लागि एक महत्वपूर्ण औजार हो जसमा के गर्ने ? किन गर्ने ? कसरी ? कहिले गर्ने ? क- कसको समन्वय र अगुवाईमा गर्ने वा गराउने ? कहाँ गर्ने ? गरेको ठीक छ वा छैन ? जस्ता पक्षहरु स्पष्ट गरिएको हुन्छ । त्यसको कार्यान्वयनका लागि आवश्यक संरचना वित्तीय प्रबन्ध स्पष्ट जिम्मेवारी र उत्तरदायित्व सहित जनशक्ति परिचालन नै शिक्षा योजना कार्यान्वयनको प्रबन्ध हो । Pre- During & Post चरणमा गर्ने समग्र पक्ष केन्द्रित सोच एवम् कार्यदिशा अनुसार कानूनी नीतिगत व्यवस्था गर्नु अनिवार्य हुन्छ । योजनामा लिपिबद्ध कार्यक्रमहरुको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको बीचमा समन्वय सहकार्य र सहयोगको आवश्यक हुन्छ । जसबाट कार्यक्रममा डुब्लिकेशन नभई कार्यान्वयनमा सहजीकरणका लागि मार्ग प्रशस्त हुन्छ । साथै त्यसको अतिरिक्त कार्यान्वयनको क्रममा साझेदार संस्था र लाभान्वित निकाय वा संस्थासँगको जानकारीमा कार्यक्रम सञ्चालन गरेको अवस्थामा प्रभावकारीरुपमा सम्पन्न हुने कुरामा निश्चित हुन्छ ।

### ६.२.२. वर्तमान अवस्था

**क. संस्थागत नेतृत्व तथा जनशक्ति व्यवस्थापन एवम परिचालन**

- ❖ नगरसभामा ५२ जना, कार्यपालिका पदाधिकारी २१ जना र सामाजिक विकास समितिका पदाधिकारी ४ जना
- ❖ नगर शिक्षा समितिका पदधिकारी ११ जना र वडा शिक्षा समिति पदाधिकारी ९ जना
- ❖ शिक्षा, युवा तथा खेलकूद शाखामा कार्यरत कर्मचारी ३ जना
- ❖ सामुदायिक सिकाइ केन्द्र ३ वटा र कार्यरत कर्मचारी ३ जना (सङ्घीय तर्फ)
- ❖ सामुदायिक विद्यालय :२३ वटा

| कक्षा १ | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| ३ | २ | ५ | ५ | ३ | ५ | २३ |

- ❖ सामुदायिक विद्यालयमा कार्यरत प्र.अ. र शिक्षक कर्मचारीहरु (नगर समेत) २५१जना

| शिक्षक | | | | | कर्मचारी | | | | जम्मा | शिक्षक | कर्मचारी | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमाशि | माशि | निमाशि | प्राशि | जम्मा | सका | विद्यालय कर्मचारी | विद्यालय सहयोगी | जम्मा | शिक्षक कर्मचारी | सङ्घ प्रदेश | नगर | |
| १० | २५ | ३८ | १०३ | १७६ | २५ | ८ | २५ | ५८ | २३४ | ७ | १० | २५१ |

- ❖ संस्थागत विद्यालय : १६ वटा र गुम्वा २

| पूर्व प्राथमिक कक्षा | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| २ | ४ | २ | १ | ८ | १ | १८ |

- ❖ संस्थागत विद्यालयमा कार्यरत प्र.अ. र शिक्षक कर्मचारीहरु २५१ जना

- नगरपालिकाका सबै विद्यालयमा अध्ययनरत विद्यार्थीहरु ७५८१ जना
- सबै विद्यालयका विव्यस र शिअस का पदधिकारीहरु
- संस्थागत विद्यालयका संस्थापकहरु
- संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरु
- नगरपालिकाको कार्यालयमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरु
- स्थानीय शिक्षाविद् र रैथाने ज्ञान, सीप र अनुभवी जेष्ठ नागरिकहरु
- नगरपालिका अन्तर्गका विद्यालयमा अध्ययनरत पूर्व विद्यार्थीहरु

**ख. कानूनी आधार एवम् दस्ताबेजहरु**

- नगरपालिकाबाट जारी गरिएका ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र निर्देशनहरु, नीति तथा कार्यक्रमहरु
- सङ्घ र प्रदेश सरकारबाट जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र निर्देशनहरु, नीति तथा कार्यक्रमहरु
- शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयहरुबाट विकास गरिएका अभिलेख सूचना तथा तथ्याङ्क र प्रगति प्रतिवेदन

**ग. संस्थागत संरचना**

- नगर सभा , नगरकार्यपालिका र विषयगत समिति
- नगर कार्यपालिकाको कार्यालय
- नगर शिक्षा समिति र वडा शिक्षा समिति
- वडा नं १ देखि ९ को कार्यालय
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ
- सामुदायिक सिकाइ केन्द्र
- बालक्लव र पूर्व विद्यार्थी सञ्जाल
- विद्यालय र विषयगत शिक्षक समिति

**घ. स्रोतको व्यवस्थापन एवम् वित्तीय प्रबन्ध**

- सङ्घ र प्रदेश ससर्त वित्तीय हस्तान्तरण अनुदान
- सङ्घ र प्रदेश समानीकरण, समपुरक र विशेष अनुदान
- सङ्घ र प्रदेशबाट राजश्व बाँडफाँटबाट प्राप्त अनुदान
- नगरपालिकाको आन्तरिक स्रोत
- विद्यालयको आन्तरिक स्रोत
- समुदाय र अभिभावक सहयोग
- साझेदार संस्थाबाट प्राप्त अनुदान एवम् जिन्सी सामग्री
- स्थानीय सङ्घ / संस्था / समूह र व्यक्तिबाट प्राप्त नगद एवम् जिन्सी सामग्री
- सङ्घ र प्रदेश सांसद विकास कोष एवम् प्राप्त अनुदान

### ६.२.३. अवसर र चुनौती

- नगरपालिकाको आवधिक विकास योजना

- नगरपालिकाको आवधिक शिक्षा योजना
- नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट
- नगरपालिका नेतृत्व जनप्रतिनिधि, कर्मचारीहरुको बीच योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी अभिभमुखीकरण एवम् क्षमता विकास
- विद्यालयस्तरमा प्र.अ., शिक्षक, विव्यस पदाधिकारीहरु बीच योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी अभिमुखीकरण एवम् क्षमता विकासको अवसर
- नगरपालिकास्तरमा लगानी सम्मेलन
- नगरपालिका , वडा र विद्यालयस्तरमा योजना तर्जुमा एवम् कार्यान्वयन सम्बन्धी क्षमता विकास कार्यक्रम
- नगर शिक्षा समिति तथा सामाजिक विकास समितिको नेतृत्वदायी र समन्वयकारी भूमिका
- विव्यस, शिअस तथा अभिभावकको सहभागिता र संलग्नाता
- विद्यालय प्र. अ., शिक्षक, विद्यार्थीहरु परिचालन र सहभागिता
- स्थानीय जनप्रतिनिधि, विद्यालय बीच समन्वय र सहकार्य
- सङ्घ, प्रदेश र स्थानीयतहका संस्थागत संरचनाहरु बीचको समन्वय, सहयोग र सहकार्य
- सामुदायिक सिकाइ केन्द्र, अभिभावक वा समुदाय बीचको समन्वय र सहकार्य
- पूर्व विद्यार्थीहरुको सञ्जाल गठन र परिचालन

### ६.२.४. उद्देश्य

- शिक्षा योजनाको सकारात्मक वातावरण तयार गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु
- शिक्षा योजनाको कार्यान्वयनको क्रममा अनुगमन र सुपरीवेक्षण सहित कार्यान्वयनमा सहजीकरण गर्नु

### ६.२.५. रणनीति

- ससर्त सङ्घ र प्रदेशको वित्तीय हस्तान्तरण बजेट तथा नगरपालिकाको आफ्नै आन्तरिक स्रोतको आधारमा वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
- वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि र निर्देशिका एवम् मापदण्ड विकास गर्ने
- वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विद्यालयहरुमा निकासा हुने बजेट तथा कार्यक्रम कार्यान्वयन सहयोगी पुस्तिका विकास गर्ने
- एकीकृत सूचना प्रणाली मार्फत कार्यक्रमको प्रगति प्रतिवेदनका आधारमा नतिजा सूचकहरु एकीन गर्ने मूल्याङ्कन / समीक्षा पश्चात् सुधारका लागि पृष्ठपोषण प्रयोग गर्ने
- विद्यालयहरुमा विव्यस र शिअस गठन पश्चात् मात्र विद्यालय सुधार योजना निर्माण गर्न सहजीकरण गर्ने
- विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न अनिवार्य गर्ने
- अभिभावकको रोहवरमा सामाजिक परीक्षण समितिबाट गरिएको परीक्षण प्रतिवेदनलाई सार्वजनिकरण गर्न सहजीकरण गर्ने
- वित्तीय व्यवस्थापन खरिद प्रकिया र शिक्षकको कक्षाकोठामा बिताउने समय र कार्यको सुनिश्चितताको लागि आवश्यक मापदण्ड तयार गर्ने

- विद्यालय र समुदायको सहभागितामा सामुदायिक सिकाइ केन्द्र मार्फत विद्यालय बाहिर रहेका वा कक्षा छाडेका बालबालिकाहरुको तथ्याङ्क एकीन गर्ने र नवसाक्षरहरुको लागि निरन्तर शिक्षा एवम् आय आर्जन केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने
- नगर शिक्षा समिति, सामाजिक विकास समिति, वडा शिक्षा समितिका पदाधिकारी र शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरुका लागि शिक्षा योजना तर्जुमा, वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा अनुगमन सम्बन्धमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
- विद्यालय तहमा कार्यक्रम कार्यान्वयनको क्रममा आउने समस्याको समाधान र गुनासोको सम्बोधन नगर शिक्षा समितिको अगुवाईमा गर्ने

## ६.२.६. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### ६.२.६.१. उपलब्धि

- आवधिक शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको लागि सुनिश्चितता भएको हुनेछ ।

### ६.२.६.२. नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछः

- पालिकाको शिक्षासँग सम्बन्धित सबै संस्थागत संचरना एवम् विद्यालयमा सुशासनको प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।
- योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति, निर्देशन, कार्यविधि र निर्देशिका तयार भएको हुनेछ।
- विद्यालयस्तरमा सामाजिक परीक्षण र विद्यालय सुधार योजना निर्माण सम्बन्धी न्यूनतम ज्ञान, सीप र अभ्यास केन्द्रित क्षमता विकास भएको हुनेछ ।
- नगरपालिकास्तरका प्रमुख सरोकारवालाहरुमा शिक्षा तर्जुमा, कार्यान्वयन र समीक्षा सम्बन्धी न्यूनतम ज्ञान, सीप र अभ्यास केन्द्रित क्षमता विकास भएको हुनेछ ।
- नगरपालिका भित्रका विद्यालय बाहिर रहेका एवम् कक्षा छाडेका बालबालिका र नवसाक्षरहरुको लागि आधारभूत र कार्यमूलक साक्षरताको सीप प्राप्त भएको हुनेछ ।

### ६.२.६.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | वार्षिक बजेट, शैक्षिक नीति तथा कार्यक्रम तर्जुमा (पालिकास्तर) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि१ |
| २ | वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि मापदण्ड र निर्देशिका निर्माण र परिमार्जन (पालिकास्तर) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि१ |
| ३ | कार्यक्रम कार्यान्वयन कार्यविधि, मापदण्ड र निर्देशिकाको प्रवोधिकरण (पालिकास्तर) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि१ |
| ४ | शिक्षा क्षेत्रका प्रमुख सरोकारवालाहरुको लागि वार्षिक कार्यक्रम समीक्षा सम्बन्धी अन्तरक्रिया कार्यकम (पालिकास्तर) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि१ |
| ५ | कार्यपालिका, पदाधिकारी, नगरपालिका र वडा शिक्षा समिति र शाखाका कर्मचारीका लागि शिक्षा योजना तथा कार्यक्रम तर्जुमा र प्रगति समीक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि२ |
| ६ | नगरपालिकास्तरमा शैक्षिक लगानी सम्मेलन | पटक | १ | | १ | | | २ | ७५० | नगरपालिका | पि २ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| | (स्रोतको खोज र व्यवस्थापन गोष्ठी) | | | | | | | | | | |
| ७ | घर एवम् टोल शिक्षा कार्यक्रम तथा स्थानीय सरोकारवालाहरु शैक्षिक अन्तरक्रिया कार्यक्रम ( वडास्तर /समुदायस्तर ) | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ | २२५० | नगरपालिका र विद्यालय | पि २ |
| ८ | नगरक्षेत्रमा कार्यरत शिक्षा क्षेत्र गैरसरकारी निकाय एवम् सहयोगीसंस्थासँगको समन्वय र साझेदारी | पटक | २ | २ | २ | २ | २ | १० | ५०० | नगरपालिका र शिक्षा, युवा तथा खेलकुद शाखा | पि२ |
| ९ | विद्यालयस्तरीय वार्षिक कार्यक्रम प्रगति तथा विद्यालय सुधार योजना कार्यान्वयन माथि समीक्षात्मक बैठक – पालिकास्तर र विद्यालयस्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका र विद्यालय | पि २ |
| जम्मा (आन्तरिक स्रोत : प्रतिवर्ष बजेट ) | | | १६२५ | १२५० | १६२५ | १२५० | १२५० | | ७००० | | |
| १ | विद्यालय सुधार योजना निर्माण र अद्यावधिक सम्बन्धी क्षमता विकास कार्यशाला तथा तालिम (पालिकास्तर) | वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | ससर्त / गैसस | पि२ |
| २ | सामाजिक परीक्षण सम्बन्धी तालिम तथा कार्यशाला (पालिकास्तर ) | वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | ससर्त / गैसस | पि२ |
| ३ | विद्यालयहरुका लागि वार्षिक प्रगति प्रतिवेदन एवम् स्थिति प्रतिवेदन सम्बन्धी क्षमता विकास कार्यक्रम (पालिकास्तर ) | वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | सर्शत / गैसस | पि२ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कार्यक्रमका लागि सामुदायिक सिकाइ केन्द्र परिचालन कार्यक्रम (वडास्तर एवम् समुदायस्तर) | वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | ससर्त / सासिके / गैसस | पि२ |
| जम्मा (बाह्य स्रोत : प्रति वर्ष बजेट ) | | | ६०० | ६०० | ६०० | ६०० | ६०० | | ३००० | | |
| जम्मा | | | २२२५ | १८५० | २२२५ | १८५० | १८५० | | १०००० | | |

# ७. परिच्छेद सात - लगानी र स्रोत व्यवस्थापन

## ७.१. लगानी र स्रोत व्यवस्थापन

### ७.१.१. परिचय

शिक्षा योजना निर्माण र कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन एक महत्वपूर्ण पक्ष हो । स्रोतको सुनिश्चतता बिनाको योजना अधुरो हुन्छ । संवैधानिक एवम् कानूनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहित गुणस्तरीय शिक्षा प्रदान गर्नु तीन तहका सरकारको साझा दायित्व हो । यसको लागि संस्थागत सक्षमता अनिवार्य सर्त हो । जसको बिना गुणस्तरको सपना केवल नारामा सीमित हुने कुरा निश्चित छ । संस्थागत सक्षमताबाट नै शैक्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अपेक्षित गुणस्तरीय नतिजा प्राप्त गर्न सकिन्छ । विवेकपूर्ण ढङ्गबाट स्रोतको पहिचान, कार्यक्रम प्राथमिकीकरण र उपलब्ध स्रोतको विनियोजन तथा कार्यान्वयनका लागि जनशक्ति व्यवस्थापन, अनुगमन एवम् मूल्याङ्कन प्रभावकारी हुनु अनिवार्य हुन्छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको लागि वित्तीय व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक सर्त हो । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतको लागि सङ्घीय र प्रदेश स्रोतबाट ससर्त , समानीकरण , समपुरक र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै आन्तरिक स्रोतबाट शिक्षाको लागि लगानी हुने गरेको छ । यसको अतिरिक्त राजश्व बाँडफाँटबाट प्राप्त हुने बजेट र स्थानीय सङ्घ संस्था र गैह्र सरकारी निकायसँगको सहकार्यबाट शिक्षामा भएको योगदानलाई पनि वित्तीय स्रोतको रुपमा लिन सकिन्छ । स्थानीय सरोकारवालाहरुको श्रमदान र वित्तीय सहयोग तथा स्वयं विद्यालयहरुको आन्तरिक आम्दानीलाई पनि विद्यालय शिक्षाको लागि अर्को स्रोतको रुपमा लिने गरेको विद्यमान अवस्था हो । सङ्घ र प्रदेश सरकारबाट अनिवार्य दायित्व केन्द्रित र कार्यक्रममा आधारित तोकिएको खर्च शीर्षक र मापदण्डमा खर्च व्यवस्थाका लागि ससर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण हुने प्रावधान छ । यसको कार्यान्वयनमा सहजीकरणका लागि सङ्घ एवम प्रदेश सरकारबाट आवश्यक मार्गदर्शन र कार्यक्रम कार्यान्वयन सहयोगी पुस्तिका उपलब्ध हुने प्रावधान रहेको छ । सोको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको क्षमता विकासका कार्यक्रम हुने गरेको छ ।

शंखरापुर नगरपालिकाको शिक्षा क्षेत्रमा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने ? कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने ? विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषय यस परिच्छेदमा विश्लेषण सहित प्रस्तुत गरिएको छ । साथै यसमा परिच्छेद ३, ४ र ५ निर्धारण गरिएका प्रस्तावित क्रियाकलापका लागि बजेट अनुमान, प्रक्षेपण , स्रोत पहिचान र प्राथमिकताक्रम सहित बाह्य र आन्तरिक स्रोतको योगदान समेत प्रस्तुत गरिएको छ ।

### ७.१.२. वर्तमान अवस्था

शिक्षामा लगानी क्रमिकरुपमा बढोत्तरी गर्नुपर्छ भन्ने कुरा सङ्घ, प्रदेश र स्थानीय सरकारको बीचमा सैद्धान्तिक सहमति भएको पाईन्छ । गतविगत वर्षको तुलनामा आगामी वर्षहरुमा लगानीको परिमाण बढ्नु स्वभाविक छ । नगरपालिकाको ३ वर्षको तुलनात्मक अध्ययन विश्लेषण गर्दा शिक्षाको बजेटमा वृद्धि भएको देखिन्छ ।

## ७.१.२.१. आ व २०८०।८१ देखि २०८२।८३ को तुलनात्मक विश्लेषण (शिक्षा) रु हजारमा

| आ व | सङ्घ सर्शत अनुदान | हेरफेर % प्रतिशत | आन्तरिक स्रोत | हेरफेर % प्रतिशत | प्रदेश ससर्त अनुदान | हेरफेर % प्रतिशत | कुल जम्मा | हेरफेर % प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ८०।०८१ | १४८८०० | | २५५५२ | | ५६८ | | १७४९२० | | |
| ८१।०८२ | १५२३२१ | २.३७ | ३७४३० | ४६.४९ | ५६८ | ० | १९०३१९ | ८.८० % | शिक्षा, युवा तथा खेलकुद शाखा |
| ८२।०८३ | १५८२०० | ३.८६ | ४५१५३ | २०.६३ | ५६८ | ० | २०३३५३ | ६.८४ % | खेलकूद र उच्च शिक्षा समेत |
| ८२।०८३ | १५८२०० | ३.८६ | ३७३५९ | | ५६८ | ० | १९६१२८ | ३.०५ % | शिक्षा, युवा तथा खेलकुद शाखा |

**विश्लेषण** : माथि उल्लेखित बजेट प्रवाह तालिका अनुसार आ.व.२०८०।०८१ लाई आधार वर्ष मानि आ.व. २०८१।०८२ र २०८२।०८३ को बजेट प्रवाहलाई हेर्दा सङ्घ ससर्त तर्फ क्रमशः २.३७ र ३.८६ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यस्तै प्रदेश ससर्त तर्फ क्रमशः शून्य प्रतिशतले वृद्धि भएको देखिन्छ तर अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यक्रमका लागि रु २५ लाख प्राप्त भएको । स्थानीय तहको बजेट प्रवाह क्रमश : ४६.४९ र २०.७४ प्रतिशतले वृद्धि भएको देखिन्छ । समग्रमा बजेट प्रवाह स्थितिलाई विश्लेषण गर्दा क्रमश : १३.६१ र ९.३९ प्रतिशतले वृद्धि भएको देखिन्छ । स्थानीय तहको कार्यक्रममा पनि सङ्घ तर्फको वित्तीय स्रोतमा नपुग अनिवार्य दायित्व ( कक्षा ११-१२ निशुल्क भर्ना , सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारी) , खेलकुद प्रवर्द्धन र उच्च शिक्षा तर्फको लागि प्रस्तावित बजेटको एकीकरण गर्दा बजेट बढोत्तरी भएको देखिन्छ । यद्यपि स्थानीय तहबाट प्रस्तावित एवम् विनियोजित बजेट र खर्च बजेट बीच सन्तुलन नभएको देखिन्छ । योजना निर्माणसँगै बजेट सुनिश्चितता बिना कार्यक्रम तथा बजेट प्रस्तावित एवम् विनियोजन गर्नु भन्दा कार्यान्वयनयोग्य योजना निर्माणसँगै कार्यक्रम तथा बजेट प्रस्तावित एवम् विनियोजन गर्नु उत्तम मानिन्छ । साथै स्थानीय तहको बजेटको विनियोजनलाई विश्लेषण गर्दा सङ्घ र प्रदेशबाट प्राप्त समानीकरण, समपुरक र विशेष अनुदान तथा राजश्व वाँडफाँटबाट प्राप्त स्रोत र आन्तरिक स्रोतलाई आधार लिएको देखिन्छ ।

तसर्थ यस ५ वर्षे योजना भित्र पहिलो वर्षका लागि प्रस्तावित गरेका कार्यक्रम कार्यान्वयनका लागि थप स्रोतको खोजी र व्यवस्थापन गर्नका लागि सङ्घ, प्रदेश सरकार र स्थानीय गैह्र सरकारी सङ्घ, संस्था लगायतका सहयोगी हातहरुसँगको समन्वय, साझेदारी र सहकार्यको वातावरण हुन आवश्यक रहेको छ । यद्यपि सीमित स्रोतबाट अपेक्षित आवश्यकताको सम्बोधन गर्न हुने कठीनाईलाई ध्यानमा राखी

कार्यान्वयनमा सहजताको लागि बिना बजेट र बजेट आवश्यक हुने प्रस्तावित कार्यक्रमहरुलाई प्राथमिकता क्रममा राखिएको छ ।

नीति तथा कार्यक्रम र बजेटको सन्दर्भमा स्रोत, समय र जनशक्तिको अवस्था तथा सेवाग्राहीको आवाज अर्थात् चाहाना (voice) र डाटाको आधारमा वास्तविक आवश्यकता (Choice) लाई प्राथमिकतामा राखी अपेक्षित आवश्यकता Expected Needs भन्दा पनि पालिकाले Real Needs लाई आधार लिएको स्पष्ट छ ।

### ७.१.२.२. आगामी ५ वर्षको श्रोतको आँकलन (संक्षिप्त)

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | बजेट रु हजारमा | शेयर प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|
| | | | क्षेत्रगत | कुल | |
| १ | सङ्घीय सरकार | ७९१००० | ८३.४९ % | ६४.८३ % | आधार वर्ष ०८२।८३ |
| २ | प्रदेश सरकार | २८४० | ०.३० % | ०.२३ % | अगामी प्रस्तुत बजेट र मापदण्ड अनुसार हेरफेर हुनेछ । |
| ३ | सङ्घ प्रदेश सरकार (थप प्रस्तावित कार्यक्रम) | १५३६०० | १६.२१ % | १२.५९ % | |
| जम्मा | | ९४७४४० | ७७.६६ % | | |
| १ | स्थानीय सरकार | २५७०९० | ९४.३३ % | २१.०७ % | आन्तरिक स्रोत |
| २ | स्थानीय साझेदारी | १५४५० | ५.५७ % | १.२७ % | सङ्घ संस्था र गैसस स्रोत |
| जम्मा | | २७२५४० | २२.३४ % | | |
| कुल जम्मा | | १२१९९८० | | | |

### ७.१.२.३. सङ्घ र प्रदेश ससर्त बजेट प्रवाह स्थिति ( आ. व. २०८० /८१ देखि २०८२ । ८३ )

| क्र. सं. | अनुदान प्राप्त क्रियाकलाप | आ. व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. ०८२।८३ | कैफियत |
|---|---|---|---|---|---|
| **सङ्घ ससर्त (क) अनिवार्य दायित्व तर्फ** | | | | | |
| १ | आधारभूत तहमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी करार र विशेष शिक्षा परिषदका शिक्षक तथा कर्मचारीको तलबभत्ता र पोशाक अनुदान | ९११०० | ९२२४७ | ९४१०० | |
| २ | माध्यमिक तहमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी राहत करार र विशेष शिक्षा परिषद तर्फका शिक्षक र कर्मचारीको तलबभत्ता र पोशाक (प्राविधिक धार तर्फका प्रशिक्षक समेत) अनुदान | ३१६०० | ३२००४ | ३२९०० | |
| **जम्मा ( क १ र २ )** | | १२२७०० | १२४२५१ | १२७००० | |
| ३. विद्यालय शिक्षा क्षेत्र कार्यक्रम -SESP | | | | | |
| ३.१ | प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ७२६४ | ७४२१ | ९२७३ | |

| क्र. सं. | अनुदान प्राप्त क्रियाकलाप | आ. व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. ०८२।८३ | कैफियत |
|---|---|---|---|---|---|
| ३.२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय एवम् मातृभाषा समेत) | २१८४ | २४३२ | २३२२ | |
| ३.३ | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान | ५१७३ | ४३१४ | ७३४८ | |
| ३.४ | सार्वजनिक विद्यालयका छात्राहरुका लागि निःशुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान | १०१६ | ९८१ | १८३५ | |
| ३.५ | सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान (कक्षा १-५ र अपागता सबै ) | ७४७ | ३५२ | ३९२ | |
| ३.६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्रीका लागि विद्यालय अनुदान | ९३० | ९०४ | ९१५ | |
| ३.७ | विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान | १४५६ | १४६० | ९०५ | |
| ३.८ | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | १३५४ | १३८४ | १३८४ | |
| ३.९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | २२७२ | ५७८० | १७३४ | |
| ३.१० | विपन्न लक्षित छात्रवृत्तिका लागि कक्षा (६-१२) अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | - | १४६ | ६७० | |
| **जम्मा ( क ३ )** | | २२३९६ | २५१७४ | २६७७८ | |
| **सङ्घीय ससर्त (ख) कार्यक्रम अनुदान तर्फ** | | | | | |
| ३.११ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १६५० | १००० | १५०० | |
| ३.१२ | शैक्षिक पहुँचमा सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा (सामुदायिक सिकाइ केन्द्र | १२५० | ११०० | १९५० | |
| ३.१३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | ८०४ | ७९६ | ९७२ | |
| **जम्मा ( ख )** | | ३७०४ | २८९६ | ४४२२ | |
| **कुल जम्मा (क र ख )** | | १४८८०० | १५२३२१ | १५८२०० | |
| ३११.१ | कोभीड १९ बाट पुगेको शैक्षिक क्षतिको आपूरण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम (ReAl Plan ) कार्यक्रम | - | ५०० | ५०० | |
| ३११.२ | प्रयोगशाला / पुस्तकालय / E - Learning | - | - | १००० | |
| ३१२.१ | लागत साझेदारीमा साक्षरता कार्यक्रम तथा आजीवन सिकाइ | - | - | २०० | |
| ३१२.२ | सामुदायिक सिकाइ केन्द्र | - | - | ९०० | |
| ३१२.३ | अनौपचारिक विद्यालय (१-५ ) | - | - | ३०० | |

| क्र. सं. | अनुदान प्राप्त क्रियाकलाप | आ. व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. ०८२।८३ | कैफियत |
|---|---|---|---|---|---|
| ३१२.४ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्ययोजना कार्यान्वयन | – | – | २५० | |
| ३१३.१ | Teacher Mentoring | – | – | २४५ | |
| ३१३.२ | IEMIS update | – | – | २५० | |
| ३१३.४ | Disability Screening | – | – | १६० | |
| प्रदेश ससर्त कार्यक्रम अनुदान तर्फ | | | | | |
| (क) अनिवार्य दायित्व तर्फ | | | | | |
| ११ | माध्यमिक तहमा सुन्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अंग्रेजी, गणित र विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ५६८ | ५६८ | ५६८ | |
| जम्मा ( प्रदेश ससर्त क ) | | ५६८ | ५६८ | ५६८ | |
| कुल जम्मा ( सङ्घ र प्रदेश ) | | १४९३६८ | १५२८८९ | १५८७६८ | |

**सङ्घ ससर्त अनिवार्य दायित्व तर्फ**

- ❖ आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक र राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गका शिक्षक कर्मचारी र प्राविधिक धारका प्रशिक्षक समेत )
- ❖ माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक र राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गका शिक्षक कर्मचारी र प्राविधिक धारका प्रशिक्षक समेत )

**विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु**

- ❖ प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान (५८ जना )
- ❖ सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (२३ विद्यालय )
- ❖ तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान (२३ विद्यालय )
- ❖ सार्वजनिक विद्यालयका छात्राहरुका लागि निःशुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान (१३ विद्यालय )
- ❖ सार्वजनिक विद्यालयमा अध्ययनरत् बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान (२३ विद्यालय )
- ❖ प्रति विद्यार्थी लागतका आधारमा सिकाइ तथा डिजिटल सिकाइ सामग्रीका लागि विद्यालय अनुदान (२३ विद्यालय )
- ❖ विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान (२३ विद्यालय )
- ❖ शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान (२ विद्यालय )
- ❖ शैक्षिक पहुँचमा सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा (सामुदायिक सिकाइ केन्द्र ३ वटा )

- ❖ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा सुपरीवेक्षण (२३ विद्यालय)
- ❖ माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान (३कोटा ) (आ.व.२०८२।८३)
- ❖ कोभिड १९ बाट शैक्षिक क्षतिको आपूरण तथा विपदको समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम ( ५०० हजार )
- ❖ आधारभूततह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयकालागि शिक्षण सहयोग अनुदान(३कोटा) आ.व.२०८२।८३)

**सङ्घ ससर्त कार्यक्रम तर्फ**

- ❖ विद्यालयमा विज्ञान प्रयोगशाला /सूचना तथा प्रविधि प्रयोगशाला / पुस्तकालय व्यवस्थापन अनुदान (१०००हजार)
- ❖ सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन तथा अनौपचारिक विद्यालय अनुदान ( १२००हजार )
- ❖ विद्यालय सुपरीवेक्षण तथा शिक्षकको निरन्तर पेशागत विकास र मेन्टरीङ पद्धतिको कार्यान्वयन अनुदान ( २४५हजार)
- ❖ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रम ( २५० हजार)
- ❖ राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता ( १०० हजार )

**प्रदेश ससर्त तर्फ**

- ❖ शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अंग्रेजी, गणित र विज्ञान विषय शिक्षकका लागि शिक्षण सहयोग अनुदान (१ कोटा )

**आन्तरिक स्रोत तर्फ**

क. नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत सञ्चालित प्रमुख कार्यक्रम

- ❖ प्रारम्भिक बाल कक्षा सहजकर्ता, विद्यालय सहयोगी (५० जना ) को थप सुविधा
- ❖ प्रारम्भिक बालकक्षा सहजकर्ता एवम् आया ( १० ) को व्यवस्था
- ❖ विद्यालय लेखा सहायकका लागि थप सुविधा ( ८ जना )
- ❖ नगरस्तरीय आन्तरिक तथा कक्षा ८ को परीक्षा सञ्चालन ( सबै)
- ❖ कक्षा ११ -१२ निशुल्क भर्ना सहुलियत
- ❖ स्थानीय पाठ्यपुस्तक कक्षा (१-८) को निःशुल्क उपलब्धतता
- ❖ शिक्षक तालिम / पेशागत क्षमता विकास कार्यक्रम तथा ईमिस तालिम
- ❖ प्रसुति अवधिमा सिकाइ निरन्तरताका लागि स्वंयसेवी शिक्षक ( ४ जना )
- ❖ आधारभूत शिक्षा परीक्षा (कक्षा ८) सुदृढीकरण
- ❖ अतिरिक्त क्रियाकलापका लागि विद्यालय अनुदान
- ❖ प्रअ प्रोत्साहन
- ❖ दुर्गम क्षेत्र शिक्षक प्रोत्साहन
- ❖ विद्यालय पूर्वाधार विकास
- ❖ पुरस्कार तथा सम्मान

- ❖ गणित विषय सुधार अभियान
- ❖ विज्ञान प्रदर्शनी
- ❖ मेघा विद्यालय अनुदान

ख. उच्च शिक्षण संस्था सञ्चालन व्यवस्थापन र विज्ञान कक्षा सञ्चालन

- ❖ सामुदायिक विद्यालयमा विज्ञान कक्षा सञ्चालन अनुदान (कक्षा ११ र १२ )
- ❖ भाग्योदय क्याम्पस सञ्चालन र व्यवस्थापन अनुदान

ग. गैह्र सरकारी संस्थासँगको साझेदारी कार्यक्रम

- ❖ EYE Nepal
- ❖ महिला एकता समाज नेपाल
- ❖ RHEST Nepal

## ७.२. उद्देश्य

- ➢ शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
- ➢ शिक्षा योजनामा समावेश कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान गर्नु
- ➢ उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु
- ➢ लगानीको उपयोगिता एवम लगानी अनुरुपको प्रतिफल प्राप्त हुने उपयुक्त विधि र कार्य प्रकिया सहित जवाफदेहिता स्पष्ट गर्नु

## ७.३. रणनीति

- ➢ शिक्षा योजना कार्यान्वयनका लागि सङ्घीय, प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा कानूनी प्रावधान बमोजिम लगानीको सुनिश्चित गर्ने
- ➢ शिक्षा योजना कार्यन्वयनको लागि सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय तहको लगानी वृद्धि गर्ने
- ➢ शिक्षामा लगानीको लागि निजी क्षेत्र र गैह्रसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने
- ➢ विद्यालय शिक्षाको समतामूलक पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितताका लागि लगानी प्रभावकारिता वृद्धि गर्ने
- ➢ लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने
- ➢ Zero Budget, Low Budget, Actual/High Budget को आधारमा कार्यक्रम कार्यान्वयन गर्ने
- ➢ वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, अनुशासन, पारदर्शिता र जिम्मेवारी एवम् उत्तरदायित्व वहनको कार्यसंस्कारलाई सबल गर्ने
- ➢ नगरपालिकाको कूल बजेटको निश्चित “प्रतिशत बजेट” शिक्षाको लागि व्यवस्था गर्ने
- ➢ प्रचलित तोकिएको मापदण्डका आधारमा खर्च र प्रगति प्रतिवेदन पद्धतिको अवलम्बन गर्ने
- ➢ सङ्घ, प्रदेश र स्थानीय सरकार बीच शैक्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आपसी समन्वय सहयोग र सहजीकरणको नीति अवलम्बन गर्ने

- नगरपालिकाभित्र सञ्चालनमा रहेका गैह्रसरसरकारी संस्था बीच कार्यक्रम कार्यान्वयनका लगि आपसी समन्वय र सहकार्य गर्ने

## ७.४. उपलब्धि र नतिजा

### ७.४.१. उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछनः

- शैक्षिक पहुँच, समता, गुणस्तर तथा संस्थागत क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
- वित्तीय कार्यकुशला, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

### ७.४.२. नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछनः

- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।
- सङ्घ, प्रदेश सरकार र गैह्रसरकारी संस्था लगायत सङ्घ संस्थासँगको आपसी समन्वय र साझेदारीमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन र परिचालनको वातावरण तयार भएको हुनेछ ।
- प्रमुख सरोकारवालाहरुको भूमिका र जिम्मेवारीका आधारमा प्रस्तावित कार्यक्रमलाई बिना बजेटमा गर्न सकिने र प्राथमिकताको आधारमा न्यूनबजेट एवम् वास्तविक बजेटमा सम्पन्न गर्न सकिने गरी कार्यक्रम एवम् क्रियाकलाप वर्गीकृत भएको हुनेछ ।
- स्थानीय आन्तरिक श्रम र योगदानमा आधारित स्रोत परिचालनको वातावरण तयार भएको हुनेछ ।

## ७.५. सङ्घ ससर्त वित्तीय हस्तान्तरण तर्फ कार्यक्रम तथा बजेट प्रक्षेपण (२०८३।८४ देखि २०८७।८८)

| क्र.सं. | कार्यक्रम एवम क्रियाकलाप | पहिलो वर्ष ०८३। ८४ | दोस्रो वर्ष ०८४/८५ | तेस्रो वर्ष ०८५/८६ | चौथो वर्ष ०८६/८७ | पाँचौ वर्ष ०८७/८८ | ५ वर्षको बजेट | कैफियत आधारवर्ष २०८२।०८३ |
|---|---|---|---|---|---|---|---|---|
| A. | अनिवार्य दायित्व तर्फ | | | | | | | |
| १ | आधारभूत तहमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी करार र विशेष शिक्षा परिषदका शिक्षक तथा कर्मचारीको तलबभत्ता र पोशाक | ९४१०० | ९४१०० | ९४१०० | ९४१०० | ९४१०० | ४७०५०० | प्रत्येक वर्ष बजेट हेरफेर भए अनुसार हुनेछ । |
| २ | माध्यमिक तहमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी राहत करार र विशेष शिक्षा परिषद तर्फका शिक्षक र कर्मचारीको तलब भत्ता र पोशाक (प्राविधिक धार तर्फका प्रशिक्षक समेत) | ३२९०० | ३२९०० | ३२९०० | ३२९०० | ३२९०० | १६४५०० | |
| जम्मा ( १ र २) | | १२७००० | १२७००० | १२७००० | १२७००० | १२७००० | ६३५००० | |
| ३ . विद्यालय शिक्षा क्षेत्र कार्यक्रम -SESP | | | | | | | | |
| ३.१ | प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ९२७३ | ९२७३ | ९२७३ | ९२७३ | ९२७३ | ४६३६५ | स्वीकृत दरबन्दी र नर्म्स अनुसार |
| ३.२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय एवम् मातृभाषा समेत) | २३२२ | २३२२ | २३२२ | २३२२ | २३२२ | ११६१० | विद्यार्थी संख्या अनुसार |
| ३.३ | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान | ७३४८ | ७३४८ | ७३४८ | ७३४८ | ७३४८ | ३६७४० | |
| ३.४ | सार्वजनिक विद्यालयका छात्राहरुका लागि निःशुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान | १८३५ | १८३५ | १८३५ | १८३५ | १८३५ | ९१७५ | |
| ३.५ | सा।वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान ( कक्षा १-५ र अपागता सबै ) | ३९२ | ३९२ | ३९२ | ३९२ | ३९२ | १९६० | |

| क्र.सं. | कार्यक्रम एवम क्रियाकलाप | पहिलो वर्ष ०८३। ८४ | दोस्रो वर्ष ०८४/८५ | तेस्रो वर्ष ०८५/८६ | चौथो वर्ष ०८६/८७ | पाँचौ वर्ष ०८७/८८ | ५ वर्षको बजेट | कैफियत आधारवर्ष २०८२।०८३ |
|---|---|---|---|---|---|---|---|---|
| ३.६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्रीका लागि विद्यालय अनुदान | ९१५ | ९१५ | ९१५ | ९१५ | ९१५ | ४५७५ | विद्यालय संख्या अनुसार |
| ३.७ | विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान | ९०५ | ९०५ | ९०५ | ९०५ | ९०५ | ४५२५ | |
| ३.८ | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | १३८४ | १३८४ | १३८४ | १३८४ | १३८४ | ६९२० | स्वीकृत कोटा अनुसार |
| ३.९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | १७३४ | १७३४ | १७३४ | १७३४ | १७३४ | ८६७० | |
| ३.१० | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका कक्षा (६-१२) अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | ६७० | ६७० | ६७० | ६७० | ६७० | ३३५० | |
| जम्मा (अनिवार्य दायित्व तर्फ ) | | २६७७८ | २६७७८ | २६७७८ | २६७७८ | २६७७८ | १३३८९० | |
| **B. सङ्घीय ससर्त कार्यक्रम अनुदान तर्फ** | | | | | | | | |
| ३.११ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | कार्यक्रमको प्रावधान अनुसार |
| ३.१२ | शैक्षिक पहुँचमा सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा (सामुदायिक सिकाइ केन्द्र | १९५० | १९५० | १९५० | १९५० | १९५० | ९७५० | कार्यक्रमको प्रावधान अनुसार |
| ३.१३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | ९७२ | ९७२ | ९७२ | ९७२ | ९७२ | ४८६० | कार्यक्रमको प्रावधान अनुसार |
| **जम्मा (कार्यक्रम तर्फ)** | | ४४२२ | ४४२२ | ४४२२ | ४४२२ | ४४२२ | २२११० | |
| कुल जम्मा (सङ्घ दुवै ) | | १५८२०० | १५८२०० | १५८२०० | १५८२०० | १५८२०० | ७९१००० | |
| **ख. प्रदेश ससर्त कार्यक्रम अनुदान तर्फ** | | | | | | | | |
| **A. अनिवार्य दायित्व तर्फ** | | | | | | | | |

| क्र.सं. | कार्यक्रम एवम क्रियाकलाप | पहिलो वर्ष ०८३। ८४ | दोस्रो वर्ष ०८४/८५ | तेस्रो वर्ष ०८५/८६ | चौथो वर्ष ०८६/८७ | पाँचौ वर्ष ०८७/८८ | ५ वर्षको बजेट | कैफियत आधारवर्ष २०८२।०८३ |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहमा सुन्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अंग्रेजी गणित र विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ५६८ | ५६८ | ५६८ | ५६८ | ५६८ | २८४० | स्वीकृत दरबन्दी र नर्म्स अनुसार |
| B. | कार्यक्रम तर्फ | | | | | | | |
| १ | अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा कार्यक्रम | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | |
| जम्मा (प्रदेश) | | ३०६८ | ३०६८ | ३०६८ | ३०६८ | ३०६८ | ३०६८ | |
| कुल जम्मा (सङ्घ र प्रदेश) | | १६१२६८ | १६१२६८ | १६१२६८ | १६१२६८ | १६१२६८ | १६१२६८ | |
| **ग.स्थानीय तह कार्यक्रम अनुदान तर्फ** | | | | | | | | |
| १ | बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई थप पारिश्रमिक | ३८२९ | ३८२९ | ३८२९ | ३८२९ | ३८२९ | १९१४५ | ३८२९ |
| २ | स्वंयसेवक सहजकर्ता र नगर शिक्षक (निमातह तथा मातह ) | ३९८० | ३९८० | ३९८० | ३९८० | ३९८० | १९९०० | ३९८० |
| ३ | कक्षा ११-१२ मा छात्रा, विपन्न पिछडिएका लगायतका विद्यार्थीको पहुँच बढाउन निःशुल्क भर्ना अनुदान (शिक्षा, मानविकी र वाणिज्य समूह) | २२०० | २२०० | २२०० | २२०० | २२०० | ११००० | २२०० |
| ४ | प्रसुति अवधिमा सिकाइ सहजीकरण अनुदान | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ५ | कक्षा ११ र १२ मा विज्ञान विषय पठनपाठनका लागि अनुदान | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० |
| ६ | भाग्योदय क्याम्पस सञ्चालन तथा व्यवस्थापन अनुदान | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| ७ | शिक्षा समिति लगायत अन्य समिति/उपसमितिहरुका लागि बैठक भत्ता, खाना/खाजा खर्च | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० |
| ८ | प्रधानाध्यापकहरुका लागि मासिक संचार तथा यातायात खर्च | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० |
| ९ | करार/राहत शिक्षक छनौट परीक्षा सञ्चालन खर्च | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० |
| १० | दिवा खाजा कार्यक्रम सहजीकरणका लागि अनुदान | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |

| क्र.सं. | कार्यक्रम एवम क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८३। ८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | | आधारवर्ष २०८२।०८३ |
| ११ | शैक्षिक विकास कोष (तत्काल आवश्यक जस्तै : छात्रवृत्ति, विद्यालयमा गरीने मर्मत संभार, शैक्षिक कार्यक्रम, विद्यार्थी सहयोग आदि प्रयोजनका लागि) | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १२ | विव्यस पदाधिकारी, शिक्षक, विद्यालय कर्मचारी, शाखाका कर्मचारीहरुको पेशागत विकास तालिम, अभिभावक शिक्षा कार्यक्रम आदि | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १३ | स्थानीय भाषामा पाठ्यक्रमको तयारी, अभिमुखिकरण तथा प्रकाशन | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| १४ | शिक्षण सिकाई अनुभव आदानप्रदान कार्यक्रम कक्षा कोठा अवलोकन, शैक्षिक भ्रमण आदि | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १५ | नेपाल स्काउट विविध कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १६ | विद्यालयहरुका लागि शैक्षिक सामाग्री, डेस्क, बेन्च, दराज, स्मार्ट वोर्ड, कम्प्युटर तथा प्रिन्टर आदि खरिद | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १७ | शंखरापुर बहुप्राविधिक शिक्षालयमा डिप्लोमा अध्ययन गर्न चाहने शंखरापुरमा स्थायी बसोवास भएका छात्रा, विपन्न, जेहेन्दार, जनजाति लगायतका छात्रवृत्ति | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १८ | राष्ट्रिय दिवस एवम् अभियान जस्ता कार्यक्रम/शिक्षक तथा विद्यार्थीहरु बीच अतिरिक्त क्रियाकलाप कार्यक्रमहरु | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| १९ | विद्यालय सञ्चालन अनुदान (विद्युत, पानी, इन्टरनेट आदिको मशसुल) | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| २० | विद्यालयहरुको मागमा आधारित शैक्षिक गुणस्तर प्रर्वद्धनात्मक कार्यकम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| २१ | विद्यालय पूर्वाधार (निर्माण तथा मर्मत संभार) | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २५०० |
| २२ | स्थानीय गैससँग साझेदारी कार्यक्रम (बालमैत्री कक्षा कोठा व्यवस्थापन लगायत) | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |

| क्र.सं. | कार्यक्रम एवम क्रियाकलाप | पहिलो वर्ष ०८३। ८४ | दोस्रो वर्ष ०८४/८५ | तेस्रो वर्ष ०८५/८६ | चौथो वर्ष ०८६/८७ | पाँचौ वर्ष ०८७/८८ | ५ वर्षको बजेट | कैफियत आधारवर्ष २०८२।०८३ |
|---|---|---|---|---|---|---|---|---|
| २३ | युवाहरुका लागि छोटो अवधिको व्यावसायिक तालिम तथा विद्यार्थीहरुका लागि मनोपरामर्श लगायतका कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| २४ | नवप्रवर्तन प्रोत्साहन कार्यक्रम(विज्ञान प्रर्दशनी समेत) | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| २५ | नगर प्रमुख/उपप्रमुखसँग बालबालिका कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| २६ | Mega विद्यालय निर्माण तथा सञ्चालन सम्बन्धी खर्च | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० |
| २७ | नगरको शैक्षिक क्यालेण्डर निर्माण, छपाई तथा वितरण | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| २८ | उपचारात्मक शिक्षण अनुदान कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| २९ | आधारभूत तहमा गणित शिक्षा सुधार कार्यक्रम (अनुसन्धान तथा आवासिय कार्यशाला सहित) | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७०० |
| ३० | बहुकक्षा बहुभाषा शिक्षण (MGML) व्यवस्थापन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ३१ | विद्यालय अनुगमन, सुपरीवेक्षण तथा तथ्याङ्क सत्यापन कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० |
| ३२ | नगरस्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सञ्चालन खर्च तथा जिल्लास्तरीय प्रतियोगितामा सहभागिता समेत | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ३३ | विभिन्न खेलकुद प्रतियोगिता सञ्चालनका लागि अनुदान तथा विद्यालयहरुका लागि खेलकुद सामाग्री खरीद | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ३४ | दोश्रो विद्यालय नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन खर्च (शिक्षक भलिवल समेत) | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० | १३०० |
| ३५ | नगरस्तरीय खेलकुद प्रतियोगिता | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २५०० |
| ३६ | विभिन्न प्रतियोगितामा सहभागिता खर्च | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७०० |
| ३७ | विविध खेलकुद प्रतियोगिताका लागि आर्थिक सहयोग | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ३८ | विद्यालयहरुका लागि खेलकुद सामाग्री खरीद | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ३९ | नगर शिक्षा योजना परिमार्जन | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |

| क्र.सं. | कार्यक्रम एवम क्रियाकलाप | पहिलो वर्ष ०८३। ८४ | दोस्रो वर्ष ०८४/८५ | तेस्रो वर्ष ०८५/८६ | चौथो वर्ष ०८६/८७ | पाँचौ वर्ष ०८७/८८ | ५ वर्षको बजेट | कैफियत आधारवर्ष २०८२।०८३ |
|---|---|---|---|---|---|---|---|---|
| ४० | सिकाई उपलब्धिका आधारमा नगरका उत्कृष्ट विद्यार्थी, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयलाई नगद पुरस्कार तथा सम्मान तथा कार्यक्रम व्यवस्थापन खर्च | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ४१ | आधारभूत तह (कक्षा ८) को परीक्षा सञ्चालन खर्च/कक्षा ५ को परीक्षा सञ्चालन खर्च | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० |
| ४२ | शैक्षिक क्रियाकलापमा सूचना प्रविधिको प्रयोग लागि Software तथा सो सम्बन्धी सामाग्री खरीद तथा अभिमुखिकरण लगायतका खर्च | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| जम्मा | | ३७३५९ | ३७३५९ | ३७३५९ | ३७३५९ | ३७३५९ | १८६७९५ | आधार वर्ष ०८२।८३ |

### ७.५.१. क्षेत्रगत प्रस्तावित क्रियाकलाप र बजेट प्रक्षेपण (२०८३।४-२०८७।८८) — **विस्तृत**

| क्षेत्र | कार्यक्रम एवम् क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | ५ वर्षको जम्मा बजेट रु हजारमा | शेयर % प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय सरकार र समुदाय सङ्घ संस्था एवम् विद्यालय (आन्तरिक स्रोत ) : बजेट नलाग्ने ३०(१४.५७ %) र लाग्ने १७६ (८५.४३ %) | | | | | | | | | २०६ वटा |
| १.विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु | | | | | | | | | क्रियाकलाप |
| प्रारम्भिक बाल विकास शिक्षा | १२ | २६२३ | २१६८ | २७१३ | २२५८ | २८०३ | १२५६५ | | |
| आधारभूत शिक्षा | २६ | ९३७५ | ९२२५ | ९६७५ | ९५२५ | ९६७५ | ४७४७५ | | |
| माध्यमिक शिक्षा | १५ | ५७३० | ५७३० | ५७३० | ५७३० | ५७३० | २८६५० | | |
| प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास | ९ | २६६५ | २६६५ | २६६५ | २६६५ | २६६५ | १३३२५ | | |

| क्षेत्र | कार्यक्रम एवम् क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | ५ वर्षको जम्मा बजेट रु हजारमा | शेयर % प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ९ | २३५० | १८७५ | २१७५ | २४७५ | २७७५ | ११६५० | | |
| जम्मा | | २२७४३ | २१६६३ | २२९५८ | २२६५३ | २३६४८ | ११३६६५ | ४१.७१ % | |
| २ .अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु | | | | | | | | | |
| पाठ्यक्रम , सिकाइ सामग्री तथा मूल्याङ्कन | २० | ३६८५ | ३६८५ | ३६८५ | ३६८५ | ३६८५ | १८४२५ | | |
| शिक्षक व्यवस्थापन तथा विकास | १७ | १०२०५ | १०२०५ | १०२०५ | १०२०५ | १०२०५ | ५१०२५ | | |
| शैक्षिक समता र समावेशीकरण | १० | १४७६ | १४७६ | १४७६ | १४७६ | १४७६ | ७३८० | | |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ६ | १३४९ | १३४९ | १३४९ | १३४९ | १३४९ | ६७४५ | | |
| विद्यालयसुरक्षा, विपद्न्यूनीकरण र उत्थानशीलता | ९ | १४८५ | ११३५ | ११३५ | ११३५ | ११३५ | ६०२५ | | |
| विद्यालय भौतिक पुर्वाधार विकास | ७ | १४७५ | २३५० | ३३२५ | १६५० | १७२५ | १०५२५ | | |
| विद्यालयमा सूचना तथा प्रविधि | ८ | १५६० | १५६० | १५६० | १५६० | १५६० | ७८०० | | |
| जम्मा | | २१२३५ | २१७६० | २२७३५ | २१०६० | २११३५ | १०७९२५ | ३९.६०% | |
| अन्य उपक्षेत्र (स्थानीय विषय क्षेत्र) | | | | | | | | | |
| संस्थागत विद्यालय | १३ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | | |
| उच्च शिक्षा ( पूर्वतयारी र व्यवस्थापन) | ७ | ३८०० | ३८०० | ३८०० | ३८०० | ३८०० | १९००० | | |
| जम्मा | | ४७०० | ४७०० | ४७०० | ४७०० | ४७०० | २३५०० | ८.६२ % | |

| क्षेत्र | कार्यक्रम एवम् क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | ५ वर्षको जम्मा बजेट रु हजारमा | शेयर % प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. सुशासन तथा व्यस्थापन | | | | | | | | | |
| संस्थागत विद्यालयको नियमन र व्यवस्थापन | २० | २८५५ | ३१०५ | २८५५ | ३१०५ | २८५५ | १४७७५ | | |
| शिक्षा योजना कार्यान्वयन प्रबन्ध | ९ | १६२५ | १२५० | १६२५ | १२५० | १२५० | ७००० | | |
| जम्मा | | ४४८० | ४३५५ | ४४८० | ४३५५ | ४१०५ | २१७७५ | ७.१९% | |
| ५ अनुगमन तथा मूल्याङ्कन | | | | | | | | | |
| ५.अनुगमन तथा मूल्याङ्कन | ९ | ११३५ | ११३५ | ११३५ | ११३५ | ११३५ | ५६७५ | | |
| जम्मा | | ११३५ | ११३५ | ११३५ | ११३५ | ११३५ | ५६७५ | २.०८ % | |
| जम्मा ( आन्तरिक स्रोत) | | ५४२९३ | ५३६१३ | ५६००८ | ५३९०३ | ५४७२३ | २७२५४० | १०० % | |
| % आन्तरिक स्रोत वजटको आधारमा | | 19.92 | 19.67 | 20.55 | 19.78 | 20.08 | 100.00 | | Out of Internal |
| कुल बजेटको आधारमा आन्तरिक स्रोत शेयर % | | 4.45 | 4.39 | 4.59 | 4.42 | 4.49 | 22.34 | | Out of Toal |
| सङ्घ,प्रदेश सरकार र गैसस(बाह्य स्रोत) :बजेट नलाग्ने क्रियाकलाप १६ (१७.७७ %)र बजेट लाग्ने क्रियाकलाप ७४( ८२.३३ %) | | | | | | | | | ९० वटा |
| १.विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु | | | | | | | | | |
| प्रारम्भिक बाल विकास र शिक्षा | ५ | ८९२० | १२९२० | ३९२० | ३९२० | ३९२० | ३३६०० | | |
| आधारभूत शिक्षा | ६ | ० | ० | ० | ० | ० | ० | | |
| माध्यमिक शिक्षा | ११ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | २ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास | ४ | ९५० | ९५० | ९५० | ९५० | ९५० | ४७५० | | |

| क्षेत्र | कार्यक्रम एवम् क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | ५ वर्षको जम्मा बजेट रु हजारमा | शेयर % प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | १०५७० | १४५७० | ५५७० | ५५७० | ५५७० | ४१८५० | ४.४२ % | |
| २ .अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु | | | | | | | | | |
| पाठ्यक्रम , सिकाइ सामग्री तथा मूल्याङ्कन | ५ | ० | ० | ० | ० | ० | ० | | |
| शिक्षक व्यवस्थापन तथा विकास | ७ | ० | ० | ० | ० | ० | ० | | |
| शैक्षिक समता र समावेशीकरण | ६ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| विद्यालयसुरक्षा, विपद्न्यूनीकरण र उत्थानशीलता | ४ | १२५० | १२५० | १२५० | १२५० | १२५० | ६२५० | | |
| विद्यालय भौतिक पुर्वाधार विकास | ११ | १२८०० | १३८०० | १५८०० | १२८०० | १२८०० | ६८००० | | |
| विद्यालयमा सूचना तथा प्रविधि | ५ | ४६५० | ४६५० | ४६५० | ४६५० | ४६५० | २३२५० | | |
| जम्मा | | १९६५० | २०६५० | २२६५० | १९६५० | १९६५० | १०२२५० | १०.७९ % | |
| ३.स्थानीय विषय क्षेत्र | | | | | | | | | |
| संस्थागत विद्यालयको नियमन र व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० | | |
| उच्च शिक्षा ( पूर्वतयारी र व्यवस्थापन) | २ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| जम्मा | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२६ % | |

| क्षेत्र | कार्यक्रम एवम् क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | ५ वर्षको जम्मा बजेट रु हजारमा | शेयर % प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. सुशासन तथा व्यस्थापन | | | | | | | | | |
| शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास | ७ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |
| शिक्षा योजनाको कार्यान्वयन प्रबन्ध | ४ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | |
| जम्मा | | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ०.४७ % | |
| ५.अनुगमन तथा मूल्याङ्कन | | | | | | | | | |
| अनुगमन तथा मूल्याङ्कन | ६ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| जम्मा | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.२६% | |
| बाह्य स्रोत ( थप प्रस्तावित ) ---i | | ३२१२० | ३७१२० | ३०१२० | २७१२० | २७१२० | १५३६०० | | |
| ६. बाह्य स्रोत (सङ्घ तथा प्रदेश ससर्त) | | १५८७६८ | १५८७६८ | १५८७६८ | १५८७६८ | १५८७६८ | ७९३८४० | | ४३ वटा |
| ससर्त सङ्घ र प्रदेश वित्तीय हस्तान्तरण ---ii | | १५८७६८ | १५८७६८ | १५८७६८ | १५८७६८ | १५८७६८ | ७९३८४० | ८३.७९ % | आधारवर्ष ०८२।८३ |
| **जम्मा बाह्य स्रोत** (i & ii) | | १९०८८८ | १९५८८८ | १८८८८८ | १८५८८८ | १८५८८८ | ९४७४४० | १०० % | **External** |
| % बाह्य स्रोत वजटको आधारमा | | 20.15 | 20.68 | 19.94 | 19.62 | 19.62 | 100.00 | | Out of External |
| %कुल बजेट स्रोतको आधारमा | | 15.65 | 16.06 | 15.48 | 15.24 | 15.24 | 77.76 | | Out of Toal |
| कुल जम्मा(आन्तरिक र बाह्य स्रोत ) | | २४५१८१ | २५२५०१ | २४९३९६ | २३९०४१ | २३९८६१ | १२१९९८० | | Total |
| % दुवै स्रोत बजेटको आधारमा | | 20.10 | 20.45 | 20.07 | 19.66 | 19.72 | 100.00 | | **Out of Total** |

## ७.५.२. प्रमुख कार्यक्रम एवम् क्रियाकलाप र बजेट प्रक्षेपण तथा स्रोत व्यवस्थापन - संक्षिप्त

(क ) क्षेत्रगत एवम् क्रियाकलापगत प्रस्तावित बजेटप्रक्षेपण तथा स्रोत व्यस्थापन (२०८३।८४-२०८७।८८)

| क स | क्षेत्र | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कुल बजेट रु हजारमा | % | क्रिया कलाप |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक स्रोत तर्फ | | | | | | | | | |
| १ | विद्यालय क्षेत्रका मुख्य उपक्षेत्र | २२७४३ | २१६६३ | २२९५८ | २२६५३ | २३६४८ | ११३६६५ | | |
| २ | अन्तरसम्बन्धित विषय क्षेत्र | २१२३५ | २१७६० | २२७३५ | २१०६० | २११३५ | १०७९२५ | | |
| ३ | अन्य उपक्षेत्र | ४७०० | ४७०० | ४७०० | ४७०० | ४७०० | २३५०० | | |
| ४ | सुशासन तथा व्यवस्थापन | ४४८० | ४३५५ | ४४८० | ४३५५ | ४१०५ | २१७७५ | | |
| ५ | अनुगमन तथा मूल्याङ्कन | ११३५ | ११३५ | ११३५ | ११३५ | ११३५ | ५६७५ | | |
| जम्मा | आन्तरिक स्रोत | ५४२९३ | ५३६१३ | ५६००८ | ५३९०३ | ५४७२३ | २७२५४० | | २२.३४ % |
| % | आन्तरिक स्रोत | ४.४५ | ४.३९ | ४.५९ | ४.४२ | ४.४९ | २२.३४ | Out of Total | |
| बाह्य स्रोत तर्फ | | | | | | | | | |
| १ | विद्यालय क्षेत्रका मुख्य उपक्षेत्र | १०५७० | १४५७० | ५५७० | ५५७० | ५५७० | ४१८५० | | |
| २ | अन्तरसम्बन्धित विषय क्षेत्र | १९६५० | २३६५० | २७१५० | १८९०० | १८९०० | १०२२५० | | |
| ३ | अन्य उपक्षेत्र | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| ४ | सुशासन तथा व्यवस्थापन | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | | |
| ५ | अनुगमन तथा मूल्याङ्कन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| ६ | सङ्घ प्रदेश ससर्त | १५८७६८ | १५८७६८ | १५८७६८ | १५८७६८ | १५८७६८ | ७९३८४० | | |
| जम्मा | बाह्य स्रोत | १९०८८८ | १९९८८८ | १९३३८८ | १८५१३८ | १८५१३८ | ९४७४४० | % | 77.66 % |
| % | बाह्य स्रोत | 15.65 | 16.06 | 15.48 | 15.24 | 15.24 | 77.66 | Out of Total | |
| आन्तरिक र बाह्य स्रोत तर्फ | | | | | | | | | |
| १ | विद्यालय क्षेत्रका मुख्य उपक्षेत्र | ३३३१३ | ३६२३३ | २८५२८ | २८२२३ | २९२१८ | १५५५१५ | | |
| २ | अन्तरसम्बन्धित विषय क्षेत्र | ४०८८५ | ४५४१० | ४९८८५ | ३९९६० | ४००३५ | २१०१७५ | | |
| ३ | स्थानीय विषय क्षेत्र | ५२०० | ५२०० | ५२०० | ५२०० | ५२०० | २६००० | | |
| ४ | सुशासन तथा व्यवस्थापन | ५३८० | ५२५५ | ५३८० | ५२५५ | ५००५ | २६२७५ | | |
| ५ | अनुगमन तथा मूल्याङ्कन | १६३५ | १६३५ | १६३५ | १६३५ | १६३५ | ८१७५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सङ्घ प्रदेश ससर्त | १५८७६८ | १५८७६८ | १५८७६८ | १५८७६८ | १५८७६८ | ७९३८४० | | |
| कुल जम्मा | आन्तरिक र बाह्य स्रोत | २४५१८१ | २५२५०१ | २४९३९६ | २३९०४१ | २३९८६१ | १२१९९८० | | 100 % |
| % | आन्तरिक र बाह्य स्रोत | **२०.१०** | **२०.४५** | **२०.०७** | **१९.६६** | **१९.७२** | **१००.००** | | |

**आ व २०८३/०८४ को वार्षिक कार्यक्रम ( योजना कार्यान्वयनको पहिलो वर्ष )**

नोट : चालु आ व २०८३।८४ को कार्यक्रम र बजेट **अनुसूची – ९** मा रहेको छ।

# ८. परिच्छेद आठ -  अनुगमन तथा मूल्याङ्कन

## ८.१. परिचय

देशमा सङ्घीयता कार्यान्वयन भएसँगै विद्यालय शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र रहने र सोही बमोजिम स्थानीय सरकार सञ्चालन ऐन,२०७४ विद्यालय शिक्षासँग सम्बन्धित २३ वटा कार्य अधिकार क्षेत्र स्पष्ट गरेको छ । समग्र शिक्षा विकास र गुणस्तर सुधारका स्थानीय योजना तयार गरिएसँगै शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ? लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटी छन् वा छैनन् , शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन हुन सकेका छन वा छैनन् , निर्धारित लक्ष्य अनुरुप प्रतिफल प्राप्ति उन्मुख भएका छन् वा छैनन्? भन्ने कुरा निश्चित गर्नु हो । शैक्षिक कार्यक्रम एवम् गतिविधिहरुको कार्यान्वयन तोकिएको समयावधि भित्र सम्पन्न भई अपेक्षित प्रतिफल एवम् उपलब्धि प्राप्तिको मार्गतिर अगाडि बढेको छ वा छैन ? जस्ता पक्षहरुका बारेमा जानकारी लिई आवश्यकता अनुसार कार्यक्रमको लक्ष्य र प्रगति प्राप्तिका लागि नियमित निगरानी, निरीक्षण एवम् सुपरीवेक्षण र पर्यवेक्षण सहितको प्राविधिक सहयोग र सल्लाहका माध्यमबाट कार्यसम्पन्न गर्न सहजीकरण गर्ने कार्य अनुगमन हो । जसले कार्यक्रमको कार्य प्रगति र कार्यान्वयन सम्बन्धी वर्तमान अवस्थाको जानकारी दिन्छ । शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सम्बन्धमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गबाट लेखाजोखा र जाँचबुझ गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन मूलतः प्रतिफल र प्रभावसँग सम्बन्धित हुन्छ । विनियोजित स्रोत र साधनको खर्च वा लगानीको औचित्य प्राप्त उपलब्धिहरुले निर्धारण गर्ने भएकोले कार्यक्रमको अनुगमन प्रायः कार्यक्रमको पूर्व तयारी चरण, कार्यान्वयन चरण र मूल्याङ्कन कार्य सम्पन्न पश्चातको चरणमा गरिन्छ । जसले शैक्षिक नीति तथा कार्यक्रमको लागि गरेको लगानीलाई पारदर्शी , नतिजा एवम् परिणाममुखी र जवाफदेही तथा उत्तरदायी बनाउन सहयोग गर्छ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकास्तरमा उपप्रमुखको संयोजकत्वमा योजना अनुगमन तथा सहजीकरण समितिको व्यवस्था गरेको छ । कार्यक्रमको प्रकृति र प्राविधिक पक्षलाई ध्यानमा राखेर सामुहिक जवापदेहिता र शिक्षा, युवा तथा खेलकुद शाखाको समन्वयमा सामान्य (जेनरिक ) र विशिष्टकृत अनुगमन संयन्त्र परिचालित हुन आवश्यक हुन्छ ।

## ८.२. वर्तमान अवस्था

शंखरापुर नगरपालिकाका सबै वडामा सञ्चालित शैक्षिक कार्यक्रम तथा गतिविधिहरुको पालिकास्तर, वडास्तर र विद्यालयस्तरबाट नियमित अनुगमन र वार्षिक अनुगमन गर्नका लागि संस्थागत संयन्त्र रहको छ । उक्त शैक्षिक कार्यक्रम तथा गतिविधिहरु मूलतः सङ्घ, प्रदेश र आन्तरिक स्रोतबाट विनियोजन भएका नीति तथा कार्यक्रमसँग सम्बन्धित छन् । यसको अतिरिक्त गैर सरकारी संस्थासँगको समेत साझेदारीमा कार्यक्रम हुने भएको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कनमा आपसी समन्वय र सहकार्य हुनु स्वभाविक हुन्छ । फलस्वरुप शंखरापुर नगरपालिकामा तपसिल अनुसारको संयन्त्र सहित आन्तरिक र बाह्य अनुगमन तथा मूल्याङ्कन हुने पद्धति रहेको छ । अनुगमन तथा मूल्याङ्कनको क्षेत्र एवम् दायरा तपसिल बमोजिम रहेको छ ।

| सामुदायिक विद्यालय | संस्थागत विद्यालय | सामुदायिक सिकाइ केन्द्र | उच्च शिक्षालय (क्याम्पस) | ○ विद्यालय शिक्षा प्रशासन र दैनिक सेवा प्रवाह<br>○ अन्य शैक्षिक कार्यक्रम एवम् शैक्षिक गतिविधिहरु<br>○ पेशागत सहजीकरण कार्यहरु |
|---|---|---|---|---|
| २३ (आवि र मावि) | १८ (आवि र मावि) | ३ +(२) =५ (सङ्घ +स्थानीय) | २ (सामुदायिक र निजी) | |

क. **विद्यमान अनुगमन तथा मूल्याङ्कन व्यवस्था**

१. **आन्तरिक र बाह्य समूहबाट अनुगमन तथा मूल्याङ्कनः-**

- ❖ पालिकास्तर, प्रदेशस्तर र सङ्घस्तरका निकायबाट गरिने कार्यक्रम अनुगमन तथा मूल्याङ्कन —
- ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाई, प्रमुख, उपप्रमुखसहित स्थानीय कार्यपालिका, सामाजिक विकास समिति, नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत ,शिक्षा, युवा तथा खेलकुद शाखा, प्रशासन योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा तथा आमसञ्चार कर्मी, सरेकारवाला समूह, अभिभावकहरुबाट आमन्त्रित तथा संस्थागतरुपमा हुने गरेको छ ।

२. **संयुक्त समूहबाट अनुगमन र मूल्याङ्कनः-**

- ❖ स्थानीय नेतृत्व र जनप्रतिनिधि, पालिकाका विषयगत शाखा, स्थानीय अभिभावक र सरोकारवाला, स्थानीय पत्रकार समूह, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुबाट आमन्त्रित तथा संस्थागत रुपमा हुने गरेको छ ।

३. **विज्ञ समूहबाट अनुगमन र मूल्याङ्कनः-**

- ❖ शिक्षा, युवा तथा खेलकुद शाखा, प्रअ र विषयगत शिक्षकहरुमध्येबाट सूचीकृत रोष्टर तथा पालिकाका विषयगत शाखा, जिल्ला र प्रदेशस्तरका विषय विज्ञबाट आमन्त्रित तथा संस्थागत रुपमा हुने गरेको छ ।

४. **वडास्तरमा हुने विद्यमान अनुगमन व्यवस्था**

- ❖ वडा समितिका वडा अध्यक्ष र पदाधिकारी, वडा शिक्षा समिति संयोजक र सदस्यहरु, छिमेकी विद्यालयका प्रअ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा लिडर एवम् फिडर स्कूल अन्तर्गत शिक्षकहरुको प्रतिनिधिमूलक रुपमा अनुगमन र सुपरीवेक्षण नियमित र आकस्मिक रुपमा हुने गरेको छ ।
- ❖ जेनेरिक अनुगमन र सहयोग — वडा समिति, वडा शिक्षा समिति र सम्बन्धित वडा कार्यालयबाट संस्थागत अनुगमन र मूल्याङ्कन नियमित र आकस्मिक रुपमा हुने गरेको छ ।
- ❖ विशिष्टीकृत अनुगमन र सहयोग — स्थानीय शिक्षाविद्, लिडर विद्यालयका विज्ञ शिक्षकबाट आमन्त्रित रुपमा कक्षा अवलोकन र पृष्ठपोषण दिने गरिएको छ ।

ख. **विद्यालयस्तरमा हुने विद्यमान अनुगमन तथा मूल्याङ्कन व्यवस्था**

- ❖ विव्यस, प्र.अ., शिक्षक अभिभावक सङ्घ, शिक्षक, अभिभावक, विद्यार्थी प्रतिनिधि एवम् बालक्लवबाट विद्यालय अनुगमन एवम् सुपरीवेक्षण प्रत्यक्ष र अप्रत्यक्ष रुपमा हुने गरेको पाईन्छ । साथै सामान्य रुपमा कक्षा अवलोकन र विद्यालयको नियमित, आवधिक र आकस्मिक अनुगमन संस्थागत र आमन्त्रित रुपमा हुने गरेको छ ।
- ❖ उल्लिखित तहका विज्ञ समूहबाट कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण र मूल्याङ्कन गर्दा स्थलगतरुपमा तोकिएको अनुगमन एवम् मूल्याङ्कन साधनको प्रयोग हुने गरेको छ । अन्य समूहबाट कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण र निरीक्षण गर्दा पालिका , शिक्षा, युवा तथा खेलकुद शाखाबाट निमार्ण गरिएका जेनरिक चेकलिष्ट प्रयोग हुने गरेको छ । यद्यपि प्रायः विद्यालय अनुगमन एवम् सुपरीवेक्षण सामान्य रुपमा स्थलगत अवलोकन र प्रश्नोतरका आधारमा हुने गरेको पाईन्छ । यसको अतिरिक्त प्रगति प्रतिवेदन सङ्कलन गरेर, समीक्षात्मक बैठकमा सहभागी भएर, वेवपेजमा सम्प्रेषित डकुमेन्ट अध्ययन गरेर पनि मूल्याङ्कन हुने गर्दछ । सँगसँगै तत्काल अनुगमन एवम् मूल्याङ्कनकर्ता र सम्बन्धित पक्षहरु बीच संयुक्त बैठक गरी पृष्ठपोषण एवम् सल्लाह आदान प्रदान हुने गरेको स्थिति विद्यमान रहेको छ ।

### ८.३. अवसर र चुनौती

- ➢ अनुगमन साधन तथा मूल्याङ्कन मापदण्डको विकास र प्रयोग
- ➢ अनुगमन साधन र मूल्याङ्कन मापदण्डको प्रवोधीकरण
- ➢ कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहयोग र सहायता
- ➢ समय भित्र कार्यक्रम सम्पन्न र कार्यक्रमको गुणस्तरमा सुधार
- ➢ कार्यक्रम प्रति अपनत्व वोध र सहभागिता
- ➢ कार्यक्रमको प्रगति समीक्षा र पृष्ठपोषण
- ➢ कार्यक्रमको प्रगति विवरण एवम प्रतिवेदन तयारी र सम्प्रेषण
- ➢ कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रति सरोकारवालाको विश्वसनीयता
- ➢ कार्यक्रमका लागि विनियोजित स्रोत साधनको सीमितता
- ➢ विद्यार्थीको उपलब्धि परीक्षणको मानक निर्माण र उपलब्धि परीक्षण
- ➢ कार्यसम्पादनको आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम
- ➢ उत्कृष्ट प्र.अ., शिक्षक, विद्यार्थी र प्रोत्साहन कार्य्रकम
- ➢ शिक्षक र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन
- ➢ भावी कार्यक्रम तथा बजेट निर्माणका लागि पृष्ठपोषण

### ८.४. उद्देश्य

- ➢ अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
- ➢ नगरपालिकास्तरमा अनुगमन तथा मूल्याङ्कनको लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्नु

- वडास्तर र विद्यालयस्तरमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र स्थापना गर्नु
- प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीका लागि साधारण र विशिष्ट प्रकृतिको साधन र मापदण्डको विकास गर्नु
- विद्यालय तहमा कक्षा अवलोकन र पृष्ठपोषण अनुगमन /सुपरीवेक्षण र मूल्याङ्कनका लागि विषयगत विज्ञहरुको रोष्टर समूहको व्यवस्था गर्नु
- अनुगमन तथा मूल्याङ्कनको लागि सङ्घ र प्रदेशस्तरीय सम्बन्धित निकायसँग समन्वय र सहकार्यको वातावरण विकास गर्नु
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

**८.५. रणनीति**

- शैक्षिक योजना तथा कार्यक्रमको प्रभावकारी अनुगमन र मूल्याङ्कनका लागि पालिकास्तर, वडास्तर र विद्यालयस्तरमा संयन्त्र निर्माण गर्ने
- शैक्षिक योजना तथा कार्यक्रमको वस्तुगत अनुगमन र मूल्याङ्कनका लागि अनुगमन साधन तथा मूल्याङ्कनका मापदण्ड विकास गरी प्रयोग गर्ने
- कक्षा कोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कनलाई प्रभावकारी बनाई कार्यस्थलमा कक्षा अवलोकन र पृष्ठपोषणका लागि विज्ञ समूहको गठन गरी परिचालन गर्ने
- शैक्षिक योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्तिका लागि अनुगमन तथा मूल्याङ्कन पद्धति Pre-On-post को श्रृङ्खलामा वा चरणमा गर्ने
- विद्यालयमा विनियोजित कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि विव्यस, शिअस र प्र.अ.लाई जवाफदेही र उत्तरदायी हुने वातावरण विकास गर्ने
- कार्यसम्पादनमा आधारित प्रोत्साहनको लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विश्वसनीय र वस्तुगत सूचनालाई एकीकृत सूचना प्रणालीसँग आबद्ध गर्ने
- नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धतिको अवलम्बन गर्ने
- विद्यालयको पारदर्शिता, जवाफदेहीता र सुशासन कायम राख्न सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण पश्चात् सार्वजनिकीकरणको नीति अवलम्बन गर्ने
- विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा नगरपालिका भरी एकरूपता कायम गरी परीक्षाको मर्यादा कायम राख्न पालिकास्तरमा परीक्षा समितिको व्यवस्था गर्ने
- विद्यालयमा विद्यार्थी चेकलिष्ट, अभिभावक सन्तुष्टि, चेकलिष्ट र अभिभावक-विद्यार्थी सुनुवाई जस्ता कार्यक्रमलाई विद्यालय प्रोत्साहनमा समावेश गर्ने
- नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको आधारभूत शिक्षा परीक्षा बाहेक अन्य कक्षाका परीक्षालाई व्यवस्थित गर्न परीक्षा सञ्चालन एवम् व्यवस्थापन अनुदान प्रदान गर्ने

## ८.६. उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

### ८.६.१. उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछनः

- कक्षाकोठाको सिकाइलाई प्रभावकारी बनाउन र शिक्षकहरु बीच सिकाइ अनुभवको साटासाटको माध्यमबाट क्षमता विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित भई शैक्षिक योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
- कार्यक्रम कार्यान्वयनको क्रममा आएका समस्या र चुनौतीको सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

### ८.६.२. नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछनः

- सङ्घ, प्रदेश र स्थानीय तहबाट विनियोजित बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको लागि समन्वयात्मक एकीकृत पद्धतिको विकास भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनको लागि पालिकास्तर , वडास्तर र विद्यालयस्तरमा संस्थागत एकाई तथा क्षमता विकास भएको हुनेछ ।
- नगरपालिकाभित्रका विद्यालयहरुमा सिकाइ वातावरण प्रवर्द्धनका लागि विषयगत शिक्षक, विज्ञसमूहको गठन र परिचालन भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनमा केन्द्रित अनुगमन साधन र मूल्याङ्कनका मापदण्ड विकास र प्रयोग भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन भएको हुनेछ ।
- उत्कृष्ट विद्यालय, प्रअ , शिक्षक र विद्यार्थीहरुको मूल्याङ्कन वस्तुनिष्ठ र विश्वसनीय भएको हुनेछ ।

## ८.६.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य र अनुमानित बजेट

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| १ | शिक्षा नीति तथा योजना र कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति गठन र परिचालन (पालिकास्तर ) | वार्षिक | २ | २ | २ | २ | २ | १० | ७५० | नगरपालिका र गैसस | पि२ |
| २ | शैक्षिक कार्यक्रम अनुगमन र मूल्याङ्कन समिति गठन र परिचालन (वडास्तर) | वडा / मासिक | ९ | ९ | ९ | ९ | ९ | ४५ | ११२५ | नगरपालिका र गैसस | पि२ |
| ३ | शैक्षिक कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति गठन र परिचालन (विद्यालयस्तर ) | विद्यालय / मासिक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ११५० | नगरपालिका र गैसस | पि१ |
| ४ | अनुगमन साधन र चेकलिष्ट तथा मूल्याङ्कन मापदण्ड विकास र परिमार्जन (पालिकास्तर ) | पटक /वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि२ |
| ५ | अनुगमन साधन र चेकलिष्ट तथा मूल्याङ्कन मापदण्ड सम्बन्धी प्रवोधीकरण (पालिकास्तर) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि२ |
| ६ | कार्यक्रम अनुगमन र मूल्याङ्कन प्रगति प्रतिवेदन विकास र समीक्षा (पालिकास्तर) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि१ |
| ७ | विषयगत विज्ञ शिक्षक समूह गठन र परिचालन (पालिकास्तर) | पटक/ वार्षिक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ११५० | नगरपालिका/ शिक्षा, युवा | पि१ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| | | | | | | | | | | तथा खेलकुद शाखा | |
| ८ | कार्यक्रम अनुगमन र मूल्याङ्कन प्रतिवेदन विकास र सम्प्रेषण (वडास्तर) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि२ |
| ९ | कार्यक्रम अनुगमन र मूल्याङ्कन प्रतिवेदन विकास र सम्प्रेषण (विद्यालयस्तर) | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ० | नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा | पि२ |
| **जम्मा ( आन्तरिक स्रोत : प्रति वर्ष बजेट )** | | | **११३५** | **११३५** | **११३५** | **११३५** | **११३५** | | **५६७५** | | |
| १ | कार्यक्रम कार्यान्वयन सहयोगी पुस्तिका विकास र वितरण- विद्यालय | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | ससर्त | पि१ |
| २ | कक्षा अवलोकन र विद्यालय अनुगमन तथा मूल्याङ्कन साधन विकास र परिमार्जन | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | ससर्त | पि२ |
| ३ | कार्यसम्पादन/ स्तरीकरण र स्वमूल्याङ्कन (विद्यालयस्तर ) | विद्यालय /वार्षिक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५०० | ससर्त | पि २ |
| ४ | अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक/ वार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | सर्सत | पि २ |
| ५ | विद्यालयस्तरीय र नगरस्तरीय परीक्षा अनुगमन (परीक्षा केन्द्र ) | पटक/ वार्षिक | २ | २ | २ | २ | २ | १० | ० | सर्सत र पालिका | पि १ |
| ६ | आधारभूत शिक्षा परीक्षा बाहेक अन्य परीक्षा अनुगमन (परीक्षा केन्द्र ) | पटक / वार्षिक | २ | २ | २ | २ | २ | १० | ० | सर्सत र पालिका | पि १ |
| **जम्मा (बाह्य स्रोत : प्रति वर्ष बजेट)** | | | **५००** | **५००** | **५००** | **५००** | **५००** | | **२५००** | | |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८३।८४ - २०८७।८८ ) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ०८७/८८ | ५ वर्षको जम्मा | | | |
| कुल जम्मा | | | १६३५ | १६३५ | १६३५ | १६३५ | १६३५ | | ८१७५ | | |

## ९. अनुसूची ९

## आ व २०८३/०८४ को वार्षिक कार्यक्रम ( योजना कार्यान्वयनको पहिलो वर्ष )

| क्र स | क्रियाकलाप | इकाई | परिमाण | वजेट (रु हजारमा) | त्रैमासिक विभाजन ( वजेट रु हजारमा) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | |
| १ | परीक्षा संचालन खर्च (नगरस्तरीय कक्षा ८ का लागि) | पटक | १ | १००० | | | १००० | | |
| २ | बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई थप पारिश्रमिक | जना | ५७ | ७७८१ | १९४६ | १९४५ | १९४५ | १९४५ | |
| ३ | कक्षा ११-१२ मा विद्यार्थीको पहुँच बढाउन नि:शुल्क भर्ना अनुदान (शिक्षा, मानविकी, कानून, विज्ञान, वाणिज्य समूह लगायत) | विद्यालय | ५ | २२०० | | | २२०० | | |
| ४ | प्रसुति अवधिमा सिकाई सहजीकरण अनुदान | जना | १० | ४०० | १०० | १०० | १०० | १०० | |
| ५ | स्वंयसेवक बालकक्षा सहजकर्ता, स्वयंसेवक नगर शिक्षक (निमावि तथा मावि) सहयोग अनुदान | जना | १० | १७२० | ४३० | ४३० | ४३० | ४३० | |
| ६ | Mega विद्यालय निर्माण तथा संचालन सम्वन्धी अनुदान | विद्यालय | १ | १४०० | १४०० | | | | |
| ७ | सिकाई उपलब्धिका आधारमा नगरका उत्कृष्ट विद्यार्थी, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयलाई नगद पुरस्कार तथा सम्मान तथा कार्यक्रम व्यवस्थापन खर्च | जना | ५० | १२०० | १२०० | | | | |
| ८ | प्रधानाध्यापक, ब्लक संयोजकहरुका लागि मासिक संचार खर्च, तथा दुर्गममा कार्यरत शिक्षकहरुका लागि प्रोत्साहन सहित | जना | ५१ | ५०० | १२५ | १२५ | १२५ | १२५ | |
| ९ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन तथा छपाई | पटक | १ | ५०० | | २५० | २५० | | |
| १० | शंखरापुर बहुप्राविधिक शिक्षालयमा डिप्लोमा अध्ययन गर्न चाहने शंखरापुरमा स्थायी बसोवास भएका छात्रा, विपन्न, जेहेन्दार, जनजाति लगायतका छात्रवृत्ति | जना | १५ | २०० | | १०० | १०० | | |
| ११ | कक्षा ११ र १२ मा विज्ञान विषयमा अध्ययन गर्ने वडागत रुपमा २/२ जनालाई पूर्ण छात्रवृत्ति | जना | १८ | ६०० | | ६०० | | | |
| १२ | परीक्षा सञ्चालनका लागि विद्यालयलाई अनुदान | विद्यालय | २३ | ८०० | | ८०० | | | |
| १३ | भाग्योदय क्याम्पस संचालन तथा व्यवस्थापन अनुदान (लेखा हेर्ने कर्मचारीलाई तलव भत्ता समेत) | क्याम्पस | १ | ३००० | ३००० | | | | |
| १४ | विद्यार्थीहरुको प्रतिभा पहिचान लगायतका अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | ४ | ४०० | १०० | १०० | १०० | १०० | |
| १५ | वि व्य स र शिक्षक अभिभावक संघको क्षमता विकास कार्यक्रम | पटक | २ | ३०० | | १५० | १५० | | |
| १६ | स्थानीय भाषामा पाठ्यक्रमको तयारी, अभिमुखीकरण तथा प्रकाशन | पटक | १ | २०० | | | २०० | | |
| १७ | शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम | पटक | ४ | ४०० | १०० | १०० | १०० | १०० | |
| १८ | सिकाई अनुभव आदान प्रदान कार्यक्रम | पटक | १ | ४०० | | ४०० | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | वृत्ति मार्ग निर्देश कार्यक्रम ( कक्षा (९-१२ का विद्यार्थीहरु ) | विद्यालय | ५ | २०० | | १०० | १०० | | |
| २० | NG शुन्य कार्यक्रम | विद्यालय | १३ | ५०० | | २५० | २५० | | |
| २१ | विद्यार्थी भर्ना सुनिश्चता कार्यक्रम ( घरदैलो कार्यक्रम, खोजपताल ) | विद्यालय | २३ | ३०० | | | ३०० | | |
| २२ | गैर सरकारी संस्थासँग साझेदारी कार्यक्रम | पटक | ३ | ३०० | | १०० | १०० | १०० | |
| २३ | नेपाल स्काउट विविध कार्यक्रम | पटक | २ | ७५० | | ३७५ | ३७५ | | |
| २४ | बाल मैत्री कक्षाकोठा व्यवस्थापन | विद्यालय | ५ | ५०० | | २०० | ३०० | | |
| २५ | विद्यालयहरुमा सूचना प्रविधिको पूर्वाधार विकास | विद्यालय | ५ | १००० | | | ५०० | ५०० | |
| २६ | करार/राहत शिक्षक छनौट परीक्षा संचालन, | पटक | १ | २५० | | | २५० | | |
| २७ | शिक्षा समिति प्र.अ बैठक लगायत अन्य समिति/उपसमितिहरुका लागि बैठक भत्ता, खाना/खाजा खर्च लगायत | पटक | १२ | ३०० | ७५ | ७५ | ७५ | ७५ | |
| २८ | विद्यालय अनुगमन, सुपरीवेक्षण कार्यक्रम | पटक | १२ | २०० | ५० | ५० | ५० | ५० | |
| २९ | नविनग्राम मा.बि. क्यान्टिन निर्माण | विद्यालय | १ | ५०० | | ५०० | | | |
| ३० | स्वर्णिमपुर सामुदायिक सिकाई केन्द्र व्यवस्थापन | केन्द्र | १ | १५० | | | १५० | | |
| ३१ | भुवनेश्वरी आ. वि | विद्यालय | १ | ५०० | | ५०० | | | |
| ३२ | बैर महादेव तारजाली निर्माण | विद्यालय | १ | ४०० | | | ४०० | | |
| ३३ | पालुवारी सामुदायिक विद्यालय | विद्यालय | १ | ९०० | | ९०० | | | |
| ३४ | साँखु आधारभुत विद्यालय मर्मत | विद्यालय | १ | ५०० | | | ५०० | | |
| ३५ | राष्ट्रिय मा.वि (अधुरो योजना) | विद्यालय | १ | १००० | | | | १००० | |
| | **जम्मा** | | | ३१२५१ | ८५२६ | ८१५० | १००५० | ४५२५ | |
| अ | **खेलकुद** | | | | | | | | |
| १ | विद्यालयस्तरिय रनिङ्ग शिल्ड प्रतियोगिता | विद्यालय | १७ | ११०० | | ११०० | | | |
| २ | विभिन्न खेलकुद कार्यक्रममा सहभागिता | पटक | ४ | ७०० | १०० | २०० | २०० | २०० | |
| ३ | खेलकुद सामग्री खरिद | पटक | १ | ८०० | ४०० | ४०० | | | |
| ४ | नगरस्तरीय फुटबल प्रतियोगिता (वडा नं. १ देखि ९ सम्म) | पटक | १ | १८०० | १८०० | | | | |
| ५ | नगरस्तरीय कराते प्रतियोगिता | पटक | १ | ३०० | | | ३०० | | |
| ६ | फुटबल मैदान | वटा | १ | ४०० | | ४०० | | | |
| ७ | फेदि फुटसल मैदान | वटा | १ | ८०० | ८०० | | | | |
| ८ | खुल्ला जिम व्यवस्थापन | **वडा** | ९ | ९०० | | | ९०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | | ६८०० | ३१०० | २१०० | १४०० | २०० | |
| | **कुल जम्मा** | | | **३८०५१** | **११६२६** | **१०२५०** | **११४५०** | **४७२५** | |

# १०. अनुसूचीहरु

## १०.१. नगर शिक्षा समितिको नगर शिक्षा योजना निर्माण सम्बन्धी वैठकका प्रतिलिपिहरु र झलकहरु

( नगर शिक्षा योजना निर्माण मुल समिति , लेखन कार्यदल र लेखाजोखा तथा मुल्याकन समिति )

आज मिति २०८२ साल पौष महिनाको ३ गते विहान ८ वजे यस शंखरापुर नगरपालिकाको नगर प्रमुख श्री रमेश नापितज्युको अध्यक्षतामा नगर शिक्षा समितिको बैठक तपसिलको महानुभावहरुको उपस्थितिमा गरियो ।

| उपस्थिति | | दस्तखत |
|---|---|---|
| श्री रमेश नापित, नगर प्रमुख | अध्यक्ष | |
| श्री समिता श्रेष्ठ , उप प्रमुख | आमन्त्रित | |
| श्री चुरामणि पन्थी , प्र प्र अ | सदस्य | |
| श्री विष्णु प्रसाद श्रेष्ठ | सदस्य | |
| श्री मधु के.सी | सदस्य | |
| श्री चन्दा श्रेष्ठ | सदस्य | |
| श्री मनिसा परियार | सदस्य | |
| श्री शसि कुमार सिलवाल | सदस्य | |
| श्री गणेश वहादुर मल्ल | सदस्य | |
| श्री सुकुमाया लामा | सदस्य | |
| श्री बुद्दि वहादुर कार्की | सदस्य | |
| श्री हेमन्त कुमार बुढाथोकी, शिक्षा शाखा प्रमुख | सदस्य सचिव | |
| श्री प्रमिला पुडासैनी | आमन्त्रित सदस्य | |
| श्री गोविन्द प्रसाद अधिकारी | आमन्त्रित | |
| श्री प्रल्लाद वास्तोला | आमन्त्रित | |
| श्री जगत प्रसाद आचार्य | आमन्त्रित | |

प्रस्तावहरु

१. नगरशिक्षा योजना निर्माण सम्वन्धी समितिहरु गठन गरी प्रत्येक समितिको TOR स्वीकृत गर्ने सम्वन्धमा ।

२. शिक्षा योजना निर्माणका लागि विज्ञ तोकि विज्ञको TOR स्वीकृत गरी विज्ञ सगं सम्झौता गर्ने सम्वन्धमा ।

३. नगरशिक्षा योजनाको ढाँचा स्वीकृत गर्ने सम्वन्धमा ।

४. अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी कार्यक्रम सञ्चालन तथा लागत साझेदारीमा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाई कार्यक्रम सञ्चालन सम्वन्धमा ।

५. घरधुरी सर्वेक्षण फाराम २०८२ सम्वन्धमा ।

६. प्र.अ. व्यवस्थापन सम्वन्धमा ।

७. विविध

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकाको शिक्षालाई व्यवस्थित गर्न समग्र नगरको शैक्षिक गुणस्तर र पहुँच अभिवृद्धि गर्न व्यवस्थित र प्रभावकारीरुपमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न नगरको शिक्षा योजना निर्माणको आवश्यकता पर्छ ।सो कार्यका लागि यस चालु आ.व. को बजेट नीति तथा कार्यक्रम अन्तर्गत रु.५,००,०००।( पाँच लाख ) रकम विनियोजन भएको छ । योजना निर्माणका लागि विभिन्न समितिहरु आवश्यक पर्ने भएकोले तपसिल अनुसारका समितिहरु गठन गरी उक्त समितिहरुको निम्नानुसारका कार्य शर्तहरु (TOR) हुने गरी कार्य प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

क.स्थानीय शिक्षा योजना निर्माण मूल समिति:

- नगर शिक्षा समिति अध्यक्ष /नगर प्रमुख - — संयोजक
- नगर उप प्रमुख — सदस्य
- सामाजिक विकास समितिको संयोजक - — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट श्री ...................... — सदस्य
- सामुदायिक विद्यालयका प्रअहरु मध्येबाट श्री अर्जुन कारान्जित राष्ट्रिय मा वि इन्देणी — सदस्य
- प्याब्सन (नेपाल) शंखरापुरको अध्यक्ष/प्रतिनिधि श्री .......................... — सदस्य
- बालसञ्जालबाट छात्र १ / छात्रा १ गरि जम्मा २ जना — सदस्य
- शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- — सदस्य-सचिव

उक्त समितिको वैठकमा आवश्यक्तानुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ । यस समितिको कार्य शर्त (ToR) निम्मानुसार हुनेछ ।

- स्थानीय शिक्षा योजना निर्माण कार्यलाई सहजीकरण गर्ने ।
- स्थानीय शिक्षा योजनामा अपनत्व हुने गरी नगरवासीहरुको सहभागिताको सुनिश्चितता गराउने ।
- नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति, संघीय कानुन, प्रादेशिक कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन, १६ औ योजना र शिक्षासम्बन्धी निर्देशिकाहरुको पूर्ण पालना सुनिश्चित गर्ने।
- नगरको ५ वर्ष पछि प्राप्त हुने शैक्षिक अवस्थाको प्रक्षेपण गर्ने ।
- नगरका शैक्षिक सूचना एवं तथ्याङ्कहरु संकलन प्रशोधन र विश्लेषण गर्न गराउन सहजीकरण गर्ने ।
- नगरको दुरदृष्टि सहितको उद्धेश्यहरु तय गरी लक्ष्य निर्धारण सहित कार्यान्वियन योग्य कार्यक्रमहरु तय गर्ने ।
- नगरको शिक्षा योजनामा प्रतिविम्वित् कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक स्रोत साधनहरुको पहिचान र स्रोत सुनिश्चितताको लागि सहजीकरण गर्ने ।
- नगर भित्र क्रियाशिल संघ संस्थाहरुको शैक्षिक योजना निर्माण र कार्यान्वयनमा सहभागिता हुने वातावरण निर्माण गर्ने ।
- शैक्षिक सरोकारवालाहरुवाट प्राप्त राय सुझावहरुलाई ग्रहण गरी योजनामा समावेश गर्ने ।
- कार्य दलवाट पेश भएको योजनाको मस्यौदा अध्ययन गरी आवश्यक पृष्टपोषण दिने ।
- निर्मित योजनाको अन्तिमीकरण गरी विज्ञ समूहवाट योजनाको लेखाजोखा गराउने र प्राप्त सूझावलाई समायोजन गराउने ।
- निर्मित योजना कार्यपालिकावाट स्वीकृत र कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्ने ।
- योजना निर्माण कार्यदललाई आवश्यक मार्ग दर्शन प्रदान गर्ने ।

ख. स्थानीय शिक्षा योजना लेखन कार्यदल:

- शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख शंखरापुर नगरपालिका — संयोजक
- आर्थिक प्रशासन शाखा प्रमुख शंखरापुर नगरपालिका — सदस्य
- सासामुदायिक विद्यालयका शिक्षकहरु मध्येबाट श्री राघवकुमार झा वैरामहादेव आ वि — सदस्य
- प्याब्सन (नेपाल) शंखरापुरको प्रतिनिधि १ जना श्री ...प्रल्लाद वास्तोला... — सदस्य
- वरिष्ठ विद्यालय निरीक्षक शंखरापुर नगरपालिका — सदस्य -सचिव

उक्त समितिको वैठकमा आवश्यक्तानुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ । यस समितिको कार्य शर्त (ToR) निम्मानुसार हुनेछ ।

- स्थानीय शिक्षा योजनाको स्वीकृत ढाँचा वमोजिम योजना लेखन कार्य गर्ने ।
- विभिन्न शैक्षिक सरोकारवालाहरुको भेला वैठक र गोष्ठीवाट प्राप्त राय सुझावहरु लिपिवद्ध गर्ने ।
- संघ प्रदेश सरकारवाट जारी ऐन, कानुन र निर्मित योजनासँग तादत्मता हुने गरी योजना लिपिवद्ध गर्ने
- नगर भित्रको सूचना एवं तथ्याङ्कहरुको सुक्ष्म रुपले विश्लेषण गरी योजनालाई यथार्थपरक एवं कार्यान्वयन योग्य वनाउन जोड दिने ।
- शिक्षा योजनाको मस्यौदा तयार गरी स्थानीय शिक्षा योजना निर्माण मुल समितिमा पेस गर्ने र प्राप्त पृष्टपोषणलाई समायोजन गरी योजनाको अन्तिम रुप दिने ।
- शिक्षा योजनाको अन्तिमीकरण गरी स्थानीय शिक्षा योजना निर्माण समितिमा पेस गर्ने ।
- स्थानीय शिक्षा योजना निर्माण मुल समिति प्रति उत्तरदायी हुने ।
- निर्दिष्ट समय सीमा भित्र योजनाको मस्यौदा तयार गरी अन्तिमीकरण गरी पेस गर्ने ।

ग. स्थानीय शिक्षा योजना लेखाजोखा तथा मुल्यांकन समिति:

- प्रुमख प्रशासकीय अधिकृत शंखरापुर नगरपालिका — संयोजक
- महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख — सदस्य
- योजना विज्ञ १ जना — सदस्य
- योजना शाखा प्रमुख शंखरापुर नगरपालिका — सदस्य
- सामुदायिक विद्यालयका प्र.अहरुमध्येबाट सोनी रेग्मी, उग्रतारा मा वि वज्रयोगिनी — सदस्य
- प्रशासन शाखा प्रमुख शंखरापुर नगरपालिका — सदस्य- सचिव

उक्त समितिको वैठकमा आवश्यक्तानुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ । यस समितिको कार्य शर्त (ToR) निम्मानुसार हुनेछ ।

- स्थानीय शिक्षा योजना निर्माणमा स्थानीय तहको मूल नेतृत्व र विभिन्न सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता भए नभएको एकिन गर्ने ।
- योजनामा समावेश भएका रणनीति कार्यक्रम तथा क्रियाकलापहरु शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौती एवं शैक्षिक गुणस्तर सम्वन्धी मुख्य मुद्धालाई सम्वोधन गर्न पर्याप्त छ छैन पहिचान गर्ने ।
- शिक्षा योजना स्थानीय आवधिक योजना, राष्ट्रिय प्रदेश स्तरका योजनाहरुसँग तदात्म्यता छ छैन एकिन गर्ने ।
- शिक्षा योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन योग्य रहे नरहेको र स्रोत व्यवस्थापनमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्य र साझेदारी भए नभएको पहिचान गर्ने ।
- स्थानीय शैक्षिक सुचना र तथ्याङ्कहरु उपयोग गरी शैक्षिक सूचकहरु निर्धारण भए नभएको एकिन गर्ने ।
- स्थानीय शिक्षा योजनामा अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरे नगरेको एवं अनुगमन सूचकको प्रयोग भए नभएको र प्रतिवेदन प्रणाली एकिन गरिएको छ छैन पहिचान गर्ने

७ प्रस्ताव नं ७ माथि छलफल गर्दा स्थानीय शिक्षा योजना निर्माण र अनिवार्य तथा नि:शुल्क शिक्षा सुनिश्चितता भएको घोषणा कार्यक्रम कार्यान्वयन प्रयोजनका लागि शैक्षिक सरोकारवालाहरुको सहभागितामा कार्यक्रम अभिमुखीकरण यही २०८२ पौष ०७ गते भगवती मा वि साँखुमा गर्ने निर्णय गरियो ।

- उल्लेखित क्षेत्रहरु समेटी समग्र शिक्षा योजना विश्वसनीय, वस्तुनिष्ट, दिगो र लगानी योग्य छ छैन र कार्यान्वयन योग्य रहे नरहेको सुक्ष्म विश्लेषण गरी प्रतिवेदन पेस गर्ने ।

माथि उल्लेखित समितिहरुले विहान वेलुका समेत वैठक वसी कार्य गर्नु पर्ने हुँदा यस नगरपालिकावाट स्वीकृत कार्यसञ्चालन निर्देशिका २०७८ वमोजिमको वैठक भत्ता, खाना र खाजाको सुविधा उपलव्ध गराउने ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा नगरपालिकामा स्थानीय शिक्षा योजना निर्माणको कार्य सफल बनाउन प्राविधिक सहयोग अत्यन्त महत्वपूर्ण छ। यस योजनामा नगरपालिकाका कर्मचारीहरूले आफ्नै स्रोत र अनुभवमार्फत प्रायमिक तयारी गर्न सक्ने भए पनि, विगतमा अन्य नगरपालिकामा शिक्षा योजना निर्माण गरेका विज्ञ व्यक्तिहरूको विशेषज्ञता लिनाले योजना गुणस्तरीय, व्यवहारिक र दीगो सायै कार्यान्वयन योग्य वनाउन सहयोग पुग्दछ । जसका लागि काठमाण्डौ लैनचौर निवासी नेपाल सरकार शिक्षा सेवाका पुर्व उपसचिव (दशौ तह) श्री सुकदेव नेपाललाई विज्ञको रुपमा तपसिल अनुसारको कार्य शर्त TOR रहनेगरी सम्झौता गर्न शाखालाई निर्देशन दिने र सेवा प्रदान गरे बापत सेवाशुल्क वापत एकमुष्ठ रु ५०,०००।रु पचास हजार रकम कर सहित विज्ञलाई उपलव्ध गराउने निर्णय गरियो । विज्ञको कार्य शर्त निम्नानुसार हुनेछ ।

- स्थानीय शिक्षा योजना निर्माण मुल समितिलाई सहजीकरण गर्ने र योजना निर्माण कार्यदललाई प्राविधिक सहयोग गर्ने ।
- नगरले आयोजना गरेको शैक्षिक सरोकारवालाहरु वीचको अन्तर्क्रिया कार्यक्रममा आवश्यक सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- स्थानीय शिक्षा योजनाको स्वीकृत ढाँचा वमोजिम मस्यौदा तयार गर्न योजना निर्माण कार्यदललाई आवश्यक्ता अनुरुप प्राविधिक सहयोग गर्ने ।
- स्थानीय शिक्षा योजनाको मस्यौदा अघ्योपान्त अध्ययन गरी आवश्यक पृष्टपोषण उपलव्ध गराउने
- स्थानीय शिक्षा योजनाको लेखाजोखा र मूल्याङ्कन समितिको सदस्यको रुपमा कार्य गर्ने ।

३ प्रस्ताव न ३ माथि छलफल गर्दा स्थानीय शिक्षा योजनाको ढाँचा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको ढाँचामा तयार गर्ने निर्णय गरियो ।

## १०.२. नगर शिक्षा योजना निर्माण सम्बन्धी प्रारम्भिक छलफल र राय सुझाव सङ्कलनका झलकहरु

















## मस्यौदा शिक्षा योजना प्रस्तुतीकरण र राय सुझाव सङ्कलनका झलकहरु


















शंखरापुर नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
साँखु, काठमाडौं
शंखरापुर नगरपालिकाको
नगर शिक्षा योजनाको मस्यौदा प्रस्तुत र सुझाव संकलन
२०८३
प्रस्तुत कर्ता
